Raj Kishore
तन्त्रचर्चा परिवार

सनातन धर्ममा बलिको अपरिहार्यता

सम्पादक

सन्दीप सापकोटा

Raj Kishore

सनातन धर्ममा बलिको अपरिहार्यता

सम्पादक : सन्दीप सापकोटा
सम्पर्क नं. : ९८४५८९९२६५, ९८०८७२९४८८
sapkotasandip6767@gmail.com
प्रकाशक : तन्त्रचर्चा परिवार
आर्थिक सहयोग : सानु सापकोटा
सर्वाधिकार : प्रकाशकमा निहित
संस्करण : प्रथम (२००० प्रति : वि.सं. २०८०)
आवरण चित्रकला : रामप्रकाश श्रेष्ठ
विशेष धन्यवाद् : सरोजराज श्रेष्ठ (शिवशिष्य)
ले- आउट डिजाइन : जगदीश बाँस्कोटा
मूल्य : ३५०/-
ISBN : 978-9937-1-4600-5

Raj Kishore

उवाच तं मदोद्धूतमुखरागाकुलाक्षरम् ।
गर्ज गर्ज क्षणं मूढ मधु यावत्पिबाम्यहम् ॥

Raj Kishore

Raj Kishore

समर्पण

नेपाल शक्तिपीठकी अधिष्ठात्री, आगमेश्वरी, जगज्जननी
श्री श्री श्री गुह्येश्वरी माईका श्रीचरणमा
"सनातन धर्ममा बलिको अपरिहार्यता पुस्तक"
सर्वभावेन अर्पण गर्दछौँ ।

१०८ अण्डा सगुन (खैं सगँ), भक्ष्योपहार (समय डोँ),
महिष–छाग–मेष–हंस–कुक्कुट बलि (पञ्चबलि) दान,
नवचण्डी पाठ र यज्ञ चढाउँछौँ ।
स्वीकार होस् माँ ! रक्ष रक्ष कृपां कुरु !

तन्त्रचर्चा परिवारको तेस्रो वार्षिकोत्सव

२०८०/०५/२७ गते

भाद्रकृष्ण चतुर्दशी

Raj Kishore

Raj Kishore

प्राक्कथन

सनातन पूजा, अनुष्ठान, मंगलोत्सव लगायतका देवकार्य, पितृकार्य आदिमा निष्काम वा सकाम भावले प्रत्यक्ष जीव बलि वा प्रतीकात्मक अनुकल्पीय बलि चढाउने प्रथा शास्त्रीय पद्धति र लोक मर्यादा पनि हो। पुस्तकको नाम हेरेर अभिरुचि राखी वाक्यपङ्क्तिमा दौडिरहेको पाठकको मनोलयमा प्रश्नावलीको लामो सूची तयार भइसकेको कुराबारे म अवगत छु। शास्त्रीय मर्यादा र सनातनी नेपालीहरूको परम्परालाई उल्लङ्घन नगरीकन बलि सम्बन्धमा यथार्थवादको चर्चा गर्न उद्यत भएको छु।

बलिपूजाको शाश्वत तथ्यलाई आलोकित गर्नका लागि नेपाली संस्कृतिमा शक्ति आराधनाको अगाध गाम्भीर्यलाई दृष्टिगोचर गर्न वाञ्छनीय छ र यही विन्दुमा अडेर नेपाली सेरोफेरोमा सनातनाचारको नैगमिक र आगमिक मर्यादाको समवायलाई परिव्यक्त गर्न अपरिहार्य देखिन्छ। नेपाली संस्कृतिको प्रारम्भ र अमृतगर्भ आगम परम्परा हो। बलिपूजा यही अविच्छिन्न परम्पराको वैशिष्ट्य हो। सनातनदेखि अनवरत चलिआइरहेको बलि परम्परा शासक वा समाजका सम्भ्रान्त वर्गको अनुरञ्जनका लागि बसालिएको थिति होइन न त राजनैतिक उपक्रम वा सांस्कृतिक वर्चस्वको चेष्टा नै हो। यो शाश्वत प्रक्रिया र सृष्टिको सार्वभौम नियम हो। सनातन शास्त्रको रहस्यलाई अनुगमन नगरीकन कथमपि बलिको यर्थाथ र तात्पर्यलाई बुझ्न सकिने होइन। यसभित्र सन्निहित रहस्यलाई अनुसन्धान गर्न शास्त्र वचनका साथसाथै लौकिक परम्परामा भइ आएको प्रयोग पनि अनुशीलनीय हुन्छ र यसै विषयले यसलाई थप अनुसन्धेय बनाएको छ।

बलिपूजाको धार्मिक-सांस्कृतिक र ऐतिहासिक वैशिष्ट्यलाई एकापट्टी छोडेर तरल मनोभावनामा बगेको सम्मोहको औष्म्यले कदापि सनातनको प्रतीक बन्ने सामर्थ्य राख्न सक्दैन। बरु यसबाट सनातन शास्त्र र नेपाली संस्कृतिको

बहिर्मनस्क मर्मान्वेषक हो भन्ने कुरा बोध गराउँछ। त्यति मात्र होइन, यस तथ्यले सनातनी भएर पनि आफ्नो संस्कृतिमाथि घात गरेकै हो भन्ने सिद्ध गराउँछ।

सनातन मास्नलाई, सनातनी बन्दोवस्त र विश्वासलाई नै भत्काउनु पर्छ भनेर लागि पर्ने केही तत्त्वहरूले पुराण, तन्त्रदेखि लिएर अभ्यासमा बाँचेको बलिपूजासम्मैलाई विकृत भयो भन्दै त्यसको विरोधमा नानाभाँतिका षड्यन्त्र रचेको जोकोही संस्कृति र धर्मप्रेमीले थाहा पाएकै कुरो हो। पौराणिक आदर्शहरूलाई भत्काउन मूल ग्रन्थको यथार्थ रूपलाई नै विकृत गर्ने, अनुवादमा अनेकानेक विपरीतार्थी शब्दहरू पेश गर्ने र शास्त्रको प्रमाणप्रमेय भनी प्रस्तुत गर्ने अप्ठ्यारा कार्यहरू भई आएका छन् र कोहीकोही यसैमा अन्धानुकरण गरी लहसिएको अवस्था छ।

वेद, वेदाङ्ग, स्मृति, पुराण आदि शास्त्रहरूमा पशुयज्ञहरूको विधिविधान र वर्णन पाइन्छ। ऋग्वेदको एउटा सूक्तमा र शुक्लयजुर्वेदको एक अध्यायमा पशुयज्ञको वर्णन पाइन्छ।

लोकजीवनमा कतिका कुलदेवतालाई पुर्खाको अविच्छिन्न परम्पराले अद्यावधिसम्म चलेको बलि चढाउने दस्तुर छ, अचेलका केही युवापिँढी गौरवबोध गर्दै बलि रोकिदिएँ भनेर दंग पर्छन्। कतिपयले धर्मसंस्कृति नबुझीकनै बलि दिनुहुँदैन, यो पाप हो भन्दै चिच्याउँदै हिँडिरहेका छन्। धेरै मानिसलाई यसले भ्रमित पनि बनाइरहेको छ। यो हाम्रो सनातनशास्त्रविरुद्ध विषयवस्तुको आधुनिक बजारीकरण मात्र हो, पूर्वीय संस्कृतिलाई धराशायी बनाउने षड्यन्त्र मात्र हो। यस पुस्तकको लक्ष्य वा यस पुस्तकमा सङ्गृहीत लेखहरूका लेखकको लक्ष्य यससँग सम्बन्धित भम्रहरूको निराकरण गर्नुमा केन्द्रित छ। केवल सनातन शास्त्रको र नेपाली परम्पराको धरातलमा उभिएर यथार्थ चित्रण गरिएको छ।

नेपाली सनातनीहरूले किन महानिद्रिका सेवन गरेका हुन् ? विदेशी संस्कृतिको अन्धानुकरण गर्न आसक्त किन बनेका हुन् ? के हाम्रो मौलिकता छैन ? यो गहनतापूर्वक बुझ्नुपर्ने बेला आइसकेको छ। सम्बन्धित सबैको यतातर्फ ध्यानाकृष्ट होस्। नेपालीहरूलाई परमकरूणामयी शक्तीश्वरीले सद्बुद्धि दिऊन्।

सर्वप्रथम तन्त्रको दीक्षा र आशीर्वाद दिएर मेरो जीवनलाई सार्थक तुल्याउनु

Raj Kishore

हुने मेरा पूज्यपाद गुरुवर त्रिगुणातीत तन्त्रसाधक रत्न श्रीमान् महेश्वर जुजु राजोपाध्यायज्यूको श्रीचरणमा सहस्र वन्दना गर्दछु। उहाँकै मार्गदर्शनबाट तन्त्रचर्चा परिवार यस स्थितिसम्म आइपुग्न सफल भएको हो । पूज्य गुरुज्यूको अमूल्य पृष्ठपोषण र सहयोगका कारण नै यो पुस्तक पाठकको हातमा पर्न सफल भएको हो । मलाई घरायसी कामकाजबाट फुर्सद दिएर तन्त्रसाधनामा लाग्न सदैव प्रेरित गर्नुहुने र यस पुस्तक प्रकाशनको सम्पूर्ण व्ययभार वहन गरिदिनु हुने मेरी पूज्य मुमा इच्छाशक्ति प्रदायिनी श्रीमती सानु सापकोटाज्यूका चरणमा पनि कोटी वन्दना गर्दछु।

त्यस्तै बलिलाई वेद, उपनिषद्, मीमांसा, आगम, धर्मशास्त्र, इतिहास, पुराण, मानवशास्त्र, संस्कृति आदिका कोणबाट अनुशीलन गरी गहकिला लेख तयार गरिदिनुहुने विद्वान् लेखकहरूप्रति साधुवाद टक्र्याउँछु । साथै यो पुस्तक तयार गर्न प्रत्यक्ष-परोक्ष रूपमा सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरूमा हार्दिक कृतज्ञता जाहेर गर्दछु। अन्त्यमा, दृष्टिदोष एवं प्रमादवश कुनै पनि त्रुटि रहन गएमा त्यसप्रति सबैसँग क्षमायाचना गर्दछु।

यद्यत्र किञ्चित् स्खलितं प्रमादेन भ्रमेण वा ।
तन्त्रज्ञास्तच्छोधयन्तु कस्य न स्खलितं मनः ॥

– सन्दीप सापकोटा
सम्पादक
मिति : २०८०/०५/२७ गते

जीवबलिले कर्मबन्धनलाई काट्दछ, अतः जीवबलि दिनैपर्छ

– महेश्वर जुजु राजोपाध्याय
त्रिगुणातीत तन्त्र साधक रत्न

जलचरहरूको लागि विशाल समुद्र त बन्यो । माछा आदि जीवहरू खाएरै बाँचे । पानीमा नबस्ने वा बस्न नसक्नेहरूको लागि भूभाग चाहियो भनी महाकाली शक्तीश्वरीले मधु र कैटभको जीवबलि नारायणलाई चढाउनु भयो । ती दुवैको शरीर सडेरै माटो भयो, भूभाग बन्यो । ती दुवै जन्ममरणको बन्धनबाट मुक्तै भए । सिर्जनाको प्रारम्भमै वैष्णव धर्मका आराध्यदेवले जीवबलि लिनुभयो । अति नै पराक्रमी महिषलाई महालक्ष्मीले संहार गर्नुभयो । ऊ पनि मुक्त भयो । शुम्भ, निशुम्भलाई महासरस्वतीले पार लगाउनु भयो । यी कथाले प्रमाणित गऱ्यो – त्यत्तिकै मरेर जानुभन्दा आत्माको पनि आत्मा परमात्माको साथ जोडिन पुग्नु सद्गति हो । जीवबलिले यसरी कर्मबन्धन छिनाल्छ ।

योगेश्वर श्रीकृष्णले बोध गराउनुभयो – जन्मेपछि मनैपर्छ, मरेपछि पुनः जन्मनै पर्छ ।

जातस्य हि ध्रुवो मृत्युर्ध्रुवं जन्म मृतस्य च ॥ २७ ॥

यही जीवनचक्रलाई कर्मबन्धन भनियो । सत्त्व गुणको सिद्धिले बढीमा स्वर्गको एघारौं (अन्तिम) तह ब्रह्मलोकसम्म पुऱ्याउँछ । पुण्य भोगेर रित्तिए पछि पुनर्जन्म मृत्युमै फर्कान्छ । रजोगुणले संसार र तमोगुणले नरकै भोगाउँछ । यी तीनै कर्मबन्धन हुन् । यता न लागि शक्तिमाँको साधना गऱ्यौ भने मुक्त हुनेछौ –

त्रैगुण्यविषया वेदा निस्त्रैगुण्यो भवार्जुन ॥ ४५ ॥ गीता २ अध्याय

आब्रह्मभुवनात् लोकाः पुनरावर्तिनोऽर्जुन ।

मामुपेत्य तु कौन्तेय पुनर्जन्म न विद्यते ॥ १६ ॥ गीता ८ अध्याय

माम् = म कृष्णमा भन्नुभएका श्रीकृष्ण साक्षात् कालीमाँ हो । पूतनालाई, तृणावर्तलाई र कंसलाई संहारिणी काली नै बन्नु भई बलि लिनुभयो ।

वन्दती मुञ्च मुञ्चेति प्राणांस्तत्याज पूतना ॥१४॥

तस्या वक्षसि कृष्णस्तु विरेजे कालिकापरा ॥१६ ॥

स आगतस्तृणावर्तो नीत्वा गगनमास्थितः ॥ २४॥

कृष्णः स्मितस्तु तस्याङ्के स्थिताभूत्कालीरूपिणी ॥२५॥

ततस्यस्य शिरः काली खड्गेनहत्य वै पुनः ।

संभूय बालकस्तस्य स्थितो वक्षसि लीलया ॥ २७ ॥ अध्याय ५

दधार कालिकारूपं तं वीक्ष्य कृष्ण तच्क्षणात् ॥४३ ॥

कंसं धृत्वा दुरात्मानं खड्गेन शिर आच्छिनत् ॥ ४४ ॥ अध्याय ५४

शक्तीश्वरी महाकाली स्वयं श्रीकृष्ण बनी यसरी लीला गर्नुभयो र देवाधिदेव महादेव जो पशुको पनि प्रिय पति हुनुहुन्छ, उहाँ स्वयं पनि गोरी राधा बन्नुभयो । जय भोले ! राधे राधे !

साक्षाच्छम्भुः पुमान् पूर्णो राधा स्त्री रूपमाश्रितः ॥ २४ ॥ अध्याय ५३

काली च कृष्णरूपेण तथा जाता च सा क्षितौ ॥ ८ ॥ ९ ॥

अध्याय ४९ देवीपुराण

साधना गर्न सक्ने भएरै पनि दुष्ट बनेकाहरू राधाकृष्णद्वारा मारिएर बन्धनमुक्त भएभैँ साधना गर्न नजान्ने भोगयोनिका पशु पक्षीहरूको पनि चण्डिका भवानीको रसना (जिब्रो) मा पुगी जन्ममरणको बन्धनबाट मुक्त हुन्छन्, चामुण्डा माँ नै बन्दछन् बलिरूपी प्राणीहरू–

रसना त्वं चण्डिकायाः ह्रीं ह्रीं खड्गेति वन्दिता ॥

चामुण्डा बलिरूपाय बले ! तुभ्यं नमोऽस्तु ते ॥

धन छ, सघाउने जनहरू पनि छन् भने एक दुई होइन १०८ नै बलि चढाई भोगयोनिका मूक प्राणीहरूको पनि कर्मबन्धन छिनालौं ।

शतं अर्धशतं वापि तदर्धं वापथेच्छया ।

सुरासवपूर्णकुंभैस्तर्पयेत् परमेश्वरीम् ॥

महानवम्यां कर्तव्यं बलिदानं यथाविधि ॥ –निर्णयसिन्धु

महान् साधक धर्मादित्यले भक्भक् उमालेको तातो तेल मसलाको कराहीमा आफै डुबेर शक्तिश्वरी वज्रयोगिनीलाई तृप्तै पारे। कठोर समर्पणको सम्मान गर्नुभई राजालाई माँले सुन्दर, आकर्षक र बलियो शरीरको साथ पुनर्जीवन दिनुभई राज गर्ने आदेश दिनुभयो र राजाको ढुकुटीमै राज भई सघाउनुभयो। भारतको राजा विक्रमादित्यको दाल गलेन। माँको वात्सल्यको उदाहरण हो यो नेपाली इतिहास। त्यसरी नै चण्डिका माँको रसनाले चपाएरै बलिको कर्मबन्धन काट्नु हुन्छ र काखैमा लिनुहुन्छ। खसी पारेर खानु महापराध हो, बलि चढाएर प्रसाद खानु उपकार हो। उपकारले सबैको भलो गर्छ। चेतना राखौँ ! जय अम्बे !

Raj Kishore

विषयसूची

जीवबलिले कर्मबन्धनलाई काट्दछ, अतः जीवबलि दिनैपर्छ
(महेश्वर जुजु राजोपाध्याय) .... घ
वैदिक यज्ञ र पशुबलि तथा हिंसा र अहिंसाको विचार
(प्रा.डा. आमोदवर्धन कौण्डिन्न्यायन) १
मीमांसादर्शन, वैदिक पशुयज्ञ र पुराणोक्त पशुबलि
(प्रा.डा. प्रमोदवर्धन कौण्डिन्न्यायन)........................... २६
शास्त्रीय चिन्तनमा पशुबलि
(प्रा.डा. रामचन्द्र गौतम) ६०
बलिदान तान्त्रिक दृष्टिमा
(प्रा. विद्यानाथ उपाध्याय भट्ट)................................. ६७
शास्त्रमा बलि
(डा. महेशराज पन्त).. ७१
पशुबलि : पौराणिक आधार र परम्परा
(प्रा.डा. दिव्यप्रियंवदा काफ्ले) ८०
तन्त्रसाधनामा पशुबलि
(डा. माधवप्रसाद लामिछाने)..................................... ९५
देवकार्य र पितृकार्यको लागि बलिको शास्त्रीय सर्वस्वीकार्यता
(मृगेन्द्रराज सुवेदी) १०९
वेदमा अश्वमेध यज्ञ र पशुबलि
(पूर्णराम मुनंकर्मी).. १२८
छिन्नमस्ता – बलिरूपा, बलिदात्री र बलिग्रहणकारिणी
(आभास धरानन्द राजोपाध्याय)................................ १६७
बलि : शास्त्रीय विवेचन
(सन्दीप सापकोटा) १९३

Raj Kishore

वैदिक यज्ञ र पशुबलि तथा हिंसा र अहिंसाको विचार

– प्रा.डा. आमोदवर्धन कौण्डिन्न्यायन
शुक्लयजुर्वेदाचार्य, नेपाल संस्कृत विश्वविद्यालय

विषयप्रवेश

वेद सनातनधर्मका अनुयायीहरूका निम्ति अनादि, परम प्रामाणिक र अकाट्य शाश्वत ग्रन्थ हो। मनुस्मृतिमा स्पष्टसित यो कुरा भनिएकै पनि छ– **"धर्मं जिज्ञासमानानां प्रमाणं परमं श्रुतिः"** (२।१३)। अतः वेदमा निर्देश गरिएका विषयमा लौकिक तर्क गरेर अन्यथा व्याख्या गर्न मिल्दैन। वेद ऋषिहरूको निर्मल अन्तःकरणमा प्रस्फुटित भएको परमेश्वरको निश्वासबाट व्यक्त ज्ञान भएकाले अलौकिक र दिव्य ज्ञान मानिन्छ।

वेदमा बताइएका यज्ञहरूमध्ये कतिपय यज्ञमा पशुको विधिपूर्वक मारण गरिन्छ र पशुका विभिन्न अङ्गको अग्निमा हवन गरिन्छ। अनि यज्ञविधिअन्तर्गत नै यजमान र ऋत्विक्हरूले पशिवडाभक्षण (प्रसादस्वरूप मांसभक्षण) गर्ने निर्देशन पनि वैदिक शास्त्रमा दिइएको छ। कतिपय अवस्थामा भोजनका रूपमा पनि मांस खाने कुरासमेत वैदिक ग्रन्थमा आएका छन्। पुराणहरूमा पनि विष्णु, देवी इत्यादि देवतालाई पशुको बलि दिने विधान यत्रतत्र पाइन्छ। श्राद्धमा पितृलाई मांस दिने कुरा पनि शास्त्रमा उल्लिखित छ। देवपितृलाई चढाएको प्रसादस्वरूप मांस खाने शास्त्रीय विधिको पालन नेपाली समाजमा उहिल्यैदेखि भैरहेको देखिन्छ।

वेदमा विधान गरिएका पशुयज्ञमा हुने हिंसा वास्तविक हिंसा नै होइन, त्यो त वेदविधिको पालन मात्र हो भन्ने सिद्धान्त धर्ममीमांसाशास्त्रमा मानिएको छ। त्यसैले शास्त्रज्ञाताहरू **"वैदिकी हिंसा हिंसा न भवति"** भन्दछन्। यसै कुरालाई

Raj Kishore

आत्मसात् गरेकाले वैदिक सनातनीहरूमा पशुबलि दिने परम्परा अनादि कालदेखि चल्दै आएको हो। वैदिक शास्त्र सबै युगका ब्राह्मणादिका निम्ति हुन्, युगविशेषका निम्ति वा व्यक्तिविशेषका निम्ति हैनन्। पशुयज्ञ राजस वा तामस यज्ञ हैनन्।

तथापि हिजोआज मूल वैदिक शास्त्रको ज्ञान नभएका मानिसहरू पनि जबजब दसैँ नजिक आउँछ तबतब बलिका विषयमा चर्चा गर्ने गर्दछन्। यस विषयमा आस्तिक र नास्तिक दुवैथरी मानिसहरूले बोल्ने-लेख्ने गरेको देखिन्छ। बलिशब्दका विभिन्न अर्थ छन् तापनि एउटा अर्थ देवतालाई संमर्पण गर्न विधिपूर्वक मारण गरिएको पशु हो। परम्परागत पशुबलिको विरोध गर्नेहरू पनि आजभोलि देखा पर्दै छन्। तिनमा हाम्रा धार्मिक-सांस्कृतिक परम्परामा खोट लगाउन उद्यत विदेशी-विधर्मीका पोष्यपुत्रहरू र तिनकै लहैलहैमा नबुझीकन लाग्ने तथा आफ्ना पुर्खालाई मूर्ख वा दोषी ठान्न पनि नहिच्किचाउने कतिपय अविवेकी व्यक्तिहरू छन्। त्यसैले यस विषयमा शास्त्रमा श्रद्धा भएका र शास्त्रीय वस्तुस्थिति यथार्थ रूपमा बुझ्न चाहनेहरूका लागि सप्रमाण यहाँ केही लेखिँदै छ।

वेदको परिभाषा र महिमा

वेद अनादि (सनातन), अपौरुषेय (पुरुषद्वारा नरचिएको, परमेश्वरको वाणीलाई ऋषिहरूद्वारा अभिव्यक्त गरिएको), दोषरहित र सुव्यवस्थित शास्त्र हो। चाहेको कुरा प्राप्त गर्न र नचाहेको कुरा पन्छाउन अलौकिक उपाय देखाउने ग्रन्थ वेद हो भनी प्राचीन आचार्यहरूले बताएका छन्। वैदिक धर्मका चार पुरुषार्थमध्ये विशेष गरी धर्म र मोक्षका विषयमा र तिनका अनुकूल रूपमा अर्थ र कामका विषयमा पनि ज्ञान दिने, अनादि कालदेखि गुरुशिष्यका परम्पराले आएको, गुरुले उपनयन (व्रतबन्ध) गरेर शुद्धकुलीन द्विजातिलाई विधिपूर्वक पढाइने तथा ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद गरी चार प्रकारमा बाँडिएको शब्दराशि वेद हो। वेदको अर्थ ज्ञान हो। ज्ञान दिने शब्दराशि हुनाले त्यसलाई पनि वेद भनिएको हो। मुख्य कुरा ज्ञान भए पनि शब्दराशिकै आधारमा ज्ञान अनादि परम्पराबाट आएको हुनाले शब्दराशि पनि महत्त्वपूर्ण हुन्छ। वेदमा शब्द अर्थको वाचकका रूपमा मात्र नरहने अपितु त्यसमा अरू महत्त्वपूर्ण कुरासमेत निहित हुने हुनाले वेदमा शब्द र शब्दक्रम पनि अपरिवर्तनीय हुन्छन्।

मन्त्र र ब्राह्मण भन्ने प्रमुख दुई विभाग प्रत्येक प्रकारका वेदमा हुन्छन् । त्यसैले मन्त्र र ब्राह्मण वेद हो भन्ने पनि गरिन्छ – **"मन्त्रब्राह्मणयोर्वेदनामधेयम्"** (आपस्तम्बश्रौतसूत्र २४।१।३१, कातीयप्रतिज्ञासूत्र १।२)। प्रायः वैदिक कर्ममा प्रयोग गरिने वेदवाक्यलाई मन्त्र र त्यसको व्याख्या गरिएको वेदभागलाई ब्राह्मण भन्दछन्। मन्त्र ऋक् यजुः र साम गरी तीन प्रकारका छन्। छन्दोबद्ध मन्त्र ऋक्, गद्यवाक्य यजुः र गीति साम भनिन्छन्। वेदका मन्त्रसंहितामा विभिन्न कर्ममा प्रयुक्त हुने मन्त्रहरूको सङ्कलन हुन्छ भने ब्राह्मणग्रन्थमा वैदिक यज्ञहरूको विस्तृत विधान गरिएको हुन्छ। श्रौतसूत्रमा चाहिँ ती यज्ञहरूको प्रयोग गर्ने विधि र क्रम बताइएको हुन्छ। जन्मदेखि मृत्युसम्मका संस्कारहरूको र गृह्ययज्ञहरूको साङ्गोपाङ्ग विधि बताउने मूल शास्त्र गृह्यसूत्र हो। वैदिक सनातनीहरूका धार्मिक नियमहरूचाहिँ धर्मसूत्रमा बताइएका हुन्छन्। मुख्यतया वेद भन्नाले मन्त्रसंहिता र ब्राह्मणग्रन्थ बुझिने भए पनि कुनै एउटा वेदका शाखाभित्र वेदमन्त्रसंहिता, ब्राह्मणग्रन्थ, श्रौतसूत्र, गृह्यसूत्र, धर्मसूत्र, प्रातिशाख्य र परिशिष्टग्रन्थहरूको समूह हुन्छ।

विशेष गरी वेदको रक्षा गर्नका लागि ब्रह्माजीले ब्राह्मणहरूलाई वेद पढाएर, यज्ञ गराएर तथा दान लिएर समेत जीविका चलाउने अधिकार दिनुभएको हो भन्ने शास्त्रको भनाइ छ। तसर्थ शुद्धकुलीन ब्राह्मणहरूले वेदादिशास्त्रको अध्ययन, बोध, आचरण र प्रचारण गर्ने आफ्नो मूल कर्तव्यमा विशेष ध्यान दिनुपर्दछ। विधिपूर्वक शास्त्रीय नियमको पालना गरेर वेद पढ्ने र पढाउने, पौरोहित्य गर्ने र दान लिने अधिकार वर्तमान कालमा केवल शुद्धकुलीन र आचारनिष्ठ (योनि–विद्या–तपः–पूत=जन्म कर्म र वेदाध्ययनले शुद्ध) ब्राह्मणलाई मात्र छ। यस्ता ब्राह्मणले पनि वर्णधर्मको नियमअनुसार सदाचारको पालना नगरीकन वेद पढ्ने–पढाउने, पौरोहित्य गर्ने–गराउने तथा दान लिने–दिने गर्नाले वैदिक सनातन वर्णाश्रम धर्मको र त्यसका अनुयायीहरूको रक्षा हुन सक्तैन। साथै तिनको ऊर्ध्वगति नभएर अधोगति पनि हुन जान्छ। तसर्थ सनातन धर्मका अनुयायी सबैले आआफ्नो वर्णजातिधर्मको र सदाचारको पालनमा ध्यान दिनुपर्छ। यसैबाट सबैको इहलोकमा र परलोकमा पनि कल्याण हुन्छ। ब्राह्मणहरूले शिखा (टुप्पी) र सूत्रको (जनैको) धारण गर्ने, नित्य स्नान र सन्ध्योपासन गर्ने, भक्ष्याभक्ष्यका नियमहरूको पालन गर्ने इत्यादि सदाचारको अनिवार्य रूपमा पालन गर्नुपर्दछ।

वेदादिशास्त्र हाम्रो धार्मिक सामाजिक जीवनमा ओरत्रपरत्र सपार्ने र सन्मार्ग देखाउने शाश्वत ज्योति हो । त्यसैले गीतामा **"तस्माच्छास्त्रं प्रमाणं ते कार्याकार्यव्यवस्थितौ"** (१६।२४) भन्ने निष्कर्ष दिइएको हो । शास्त्रको महत्त्व **"वैदिक धर्म मूल रूपमा"** (प्र.सं.२०४५, द्वि.सं.२०६२), **"वैदिक हिन्दु धर्मसंस्कृति"** (२०६५) इत्यादि स्वाद्ध्यायशालाबाट प्रकाशित ग्रन्थमा विस्तृत रूपले देखाइएको पनि छ। शास्त्र हाम्रै कल्याणका निम्ति रचिएको हो। यसले इहलोक र परलोक दुवै सपार्न निर्देश दिन्छ। तसर्थ शास्त्रले हाम्रा कल्याणका लागि देखाएको मार्ग राम्ररी बुझ्नु, शास्त्रको प्रामाण्यको रक्षा गर्नु र मर्यादाको पालना गर्नु हाम्रो परम कर्तव्य पनि हो । शास्त्रको सर्वोच्चता स्वीकार गरेर शास्त्रमा बताइएको धर्मको पालन गरेमा नै धर्मले सबैको पालन गर्दछ, अन्यथा विनाश गर्दछ। त्यसैले मनुस्मृतिमा भनिएको पनि छ– **"धर्म एव हतो हन्ति धर्मो रक्षति रक्षतः"** (८।१५) । वेदमा बताइएका विषयलाई लौकिक बुद्धिले वा तर्कले राम्रो-नराम्रो भन्ने होइन । यस प्रसङ्गमा "राम्रो वा नराम्रो जे भए पनि हाम्रा लागि वेद नै परम प्रमाण हो" भन्ने स्कन्दपुराण (माहेश्वरखण्ड ४०।८२) को उक्ति (**"साधु वाऽप्यथवाऽसाधु प्रमाणं नः श्रुतिः परा"**) विशेष मननीय देखिन्छ।

वैदिक धर्मका प्रामाणिक ग्रन्थ

सामान्यतया उपनयन (व्रतबन्ध) गरेपछि पढिने आफ्ना शाखाका वेदमन्त्रसंहिता, ब्राह्मणग्रन्थ, श्रौतसूत्र, गृह्यसूत्र, धर्मसूत्र इत्यादि वैदिक परम्परागत मूल ग्रन्थहरू धर्मकर्ममा मुख्य प्रमाण मानिन्छन्। ती ग्रन्थका अनुगामी, अनुकूल र अविरोधी भएमा मात्र अरू ग्रन्थका वचन प्रमाण हुन्छन्। ब्राह्मणहरूले मुख्य रूपमा आफ्ना वेदशाखासूत्रअनुसार नै श्रौत र स्मार्त कर्म गर्नुपर्छ। इच्छा लागे आफ्ना शाखासूत्रका धर्मकर्ममा बाधा नपार्ने अरू थप धर्मकर्म पुराणअनुसार पनि गर्न हुन्छ। इच्छा नलागे त्यस्ता धर्मकर्म नगरे पनि हुन्छ। आफ्ना शाखासूत्रका कर्ममा बाधा पार्ने वा मेल नखाने धर्मकर्म त गर्न हुँदैन। यो मूल वैदिक धर्मकर्ममार्ग हो।

वैदिक धर्ममा गृह्यसूत्रको स्थान

आफ्ना शाखाका श्रौतसूत्र, गृह्यसूत्र र धर्मसूत्रसमेतका सूत्रग्रन्थहरू वेदमन्त्रसंहिता र ब्राह्मणग्रन्थजस्तै गुरुमुख गरी विधिपूर्वक अध्ययन गरिने हुनाले

Raj Kishore

वैदिक परम्परामा अरू शाखाका वेदभन्दा पनि बलिया प्रमाण मानिएका हुन् र संस्कार तथा आचारका मूल ग्रन्थका रूपमा अनुसरणीय भएका हुन्। शास्त्रग्रन्थको मर्यादाक्रम र मान्यताक्रम निश्चित भएको कुरा लौगाक्षिस्मृतिमा स्पष्ट पारिएको पनि छ (स्मृतिसन्दर्भ, भाग ६, पृ. २७५)।

उपनयन, विवाह इत्यादि संस्कारहरूको, विभिन्न श्राद्धहरूको र अन्य गृह्य कर्महरूको पनि पूर्ण विधि बताउने, कल्पशास्त्रअन्तर्गतको, वेदझैँ गुरुमुख गरेर पढिने तथा परम प्रामाणिक ग्रन्थलाई गृह्यसूत्र भन्दछन्। गृह्यसूत्रहरू चारै वेदका प्रत्येक शाखाका अनुयायीका निम्ति आआफ्ना हुन्छन् र व्यवस्थित छन्।

सबै वेद जाने–बुझेका मुनिहरूले आआफ्ना वेदशाखामा नभएका तर आवश्यक पर्ने कुराहरू र मन्त्रहरूसमेत अन्य शाखाका वैदिक ग्रन्थहरूबाट पनि लिएर गृह्यसूत्रहरू बनाउनुभएको हो। तसर्थ आफ्ना गृह्यसूत्रका विधानमा पुनः हामीले अरू शाखाका अथवा स्मृति र पुराणका कुनै पनि विधि थप्न पर्ने आवश्यकता नै पर्दैन भन्ने कुरा स्पष्ट छ।

शुक्लयजुर्वेदीहरूको गृह्यसूत्र पारस्करगृह्यसूत्र हो। कतिपय विषय पारस्करगृह्यसूत्रका परिशिष्टमा पनि छन्। विभिन्न वेदशाखाका विज्ञ पारस्कर मुनिले वेदका अहिले लुप्त भैसकेका समेत अनेक वेदशाखामा रहेका आवश्यक विषय समेटेर बनाउनुभएको गृह्यसूत्र शुक्लयजुर्वेदका अनुयायी हाम्रा लागि ऋग्वेदादि अन्य वेदभन्दा पनि बर्ता मान्य ग्रन्थ हो। तसर्थ पारस्करगृह्यसूत्रमा बताइएका कुरा वेदमा बताइएका कुरा नै हुन् भन्ने बुझ्नुपर्दछ। त्यसैले हामीले यसै गृह्यसूत्रअनुसार जन्मदेखि मृत्युसम्मका संस्कारहरू सम्पन्न गर्नुपर्दछ।

पारस्करगृह्यसूत्रमा विधि सङ्क्षेपमा बताइएको हुनाले त्यहाँ अपूर्णता छ, त्यसैले अरू शाखाका कुरा वा स्मृति–पुराणका त्यहाँ नभनिएका अरू कुरा पनि थपेर त्यसलाई पूर्ण गर्नुपर्छ भनेर ठान्ने कतिपय व्यक्तिले गृह्यसूत्रको स्वरूप र विशेषता नबुझेको देखिन्छ। आफ्ना शाखाका वेदको, स्वशाखासूत्रग्रन्थको र आफ्ना शाखाका परिशिष्टग्रन्थहरूको गम्भीर अध्ययन नभएमा यस्तो धारणा बन्न जान्छ। आआफ्ना गृह्यसूत्रमा बताएजति नै कर्म गर्ने हो, त्यसमा अनाकाङ्क्षित र नमिल्दा अरू ग्रन्थका कुरा थप्न हुँदैन भन्ने शास्त्रीय सिद्धान्त स्पष्ट छ। आआफ्ना वेदशाखासूत्रमा भनेभन्दा अतिरिक्त कुरा मिसाउन हुँदैन भनेर विभिन्न शास्त्रमा

Raj Kishore

भनिएको छ–

यावदुक्तं स्वस्वगृह्ये न कृतं तावदेव तत्।

परोक्तं वा विमिश्रं वा कृतमप्यकृतं भवेत्॥

—कातीय-मन्त्रभ्रान्तिहरसूत्र, श्लोक ९३।

वैदिक कर्ममा पौराणिक विषय नमिसाउने वा पौराणिक मन्त्र नपढ्ने निर्देश यसरी गरिएको पाइन्छ–

न वैदिकः पुराणोक्तैः कर्माणि मनुभिश् चरेत्।

वेदोक्तैरेव तैर् मन्त्रैर् निखिलानि समाचरेत्॥

कर्ममध्ये पुराणोक्तमन्त्रोच्चारणमात्रतः।

नश्येत् तु वैदिकं कर्म तस्मात् तु न तथाऽऽचरेत्॥

—आङ्गिरसस्मृति, पूर्वाङ्गिरस, श्लोक ५–६।

माथि भनिएका कुरा बुझ्न वैदिक वाङ्मयमा ग्रन्थहरूको बलाऽबल (कुन बलियो र कुन निर्बल भन्ने कुरा अर्थात् जेठकान्छी) केकस्तो छ भन्ने विषय पनि बुझ्न आवश्यक हुन्छ। यसका निम्ति आफ्ना शाखाका वैदिक ग्रन्थहरूको र मीमांसाशास्त्रको पनि अध्ययन आवश्यक हुन्छ।

धर्ममा प्रमाण र त्यसको बलाऽबल (जेठकान्छी)

वेदमन्त्रसंहिता, ब्राह्मणग्रन्थ, श्रौतसूत्र, गृह्यसूत्र, श्रौतसूत्रगृह्यसूत्रपरिशिष्यादि-परिशिष्टग्रन्थ, धर्मसूत्र, याज्ञवल्क्य-मनु-पराशरादि-स्मृति, अठार पुराण, वाल्मीकि-रामायण, महाभारत इत्यादि शास्त्रीय ग्रन्थहरू धर्म र अधर्म तथा सदाचार र अनाचार छुट्ट्याउने प्रमाण हुन्। शास्त्र भनेको धनिबलीहरूलाई (राजालाई) समेत सन्मार्गमा हिँड्न दबाब दिने, सुव्यवस्था गर्ने र परम कल्याणको मार्ग देखाउने पुरुषदोषरहित (कुनै पनि मनुष्यदोष नभएको) परम ज्योति हो। शास्त्र छोड्दा अव्यवस्थाले विशृङ्खलता आउँछ र विशृङ्खलताले कल्याणको मार्ग छेकेर मान्छेलाई पशुभावमा पुऱ्याई अज्ञानान्धकारमा डुबाउँछ। वैदिक शास्त्रहरूमा आगम (तन्त्र)भन्दा पुराण-रामायण-महाभारतहरू, पुराणादिभन्दा स्मृतिहरू र स्मृतिहरूभन्दा श्रुतिहरू (वेदहरू) बलिया प्रमाण हुन्। श्रुतिहरूमा पनि आफ्ना शाखाको श्रुति बढी

बलियो प्रमाण हो। स्मृति–पुराणहरूमा बताइएका पक्षमध्ये पनि आफ्ना शाखाका श्रुतिको बर्ता अनुकूल पक्ष प्रबल र ग्राह्य हो। याज्ञवल्क्यस्मृति स्वशाखावेदमन्त्र-संहिता-शतपथब्राह्मण-कात्यायनश्रौतसूत्र-पारस्करगृह्यसूत्रादि स्वशाखाग्रन्थहरूको बढी नजिकको हुनाले, स्वशाखागुरु याज्ञवल्क्यद्वारा उपदिष्ट हुनाले र प्राचीनतर विश्वरूपाचार्य–विज्ञानेश्वरप्रभृति–विद्वान्हरूले ठुला आदरले तथा प्रयासले व्याख्या गरिएको हुनाले पनि माध्यन्दिनीय–वाजसनेयि–शुक्लयजुर्वेदशाखाध्यायी ब्राह्मणहरूका निम्ति धर्ममा मनुस्मृति–पराशरस्मृतिहरूभन्दा बर्ता बलियो र परिग्राह्य प्रमाण हो।

अचेल मानवीय तर्कका आधारमा धर्म र अधर्मको निर्णय गर्नेतिर लाग्ने तथा शास्त्रको विचार नगर्ने व्यक्तिहरू लसुन–प्याजको सागचाहिँ खान नहुने, अर्काको हिंसा गरेर मात्रै प्राप्त हुने खसी–बोका–भेडा–च्याङ्ग्राहरूको मासुचाहिँ खान हुने भनेर कसरी मान्न सकिन्छ भनी प्रश्न गर्छन्। त्यसमा जो धर्मका र अधर्मका विषयमा पनि आफ्नो अल्पबुद्धिलाई मात्रै परम प्रमाण मान्छन्, वेद–स्मृति–पुराणादि शास्त्रलाई बाउनको लोकलाई ठग्ने जाल मात्रै हो भन्छन्, तिनीहरू त अत्यन्त नास्तिक हुनाले असम्भाष्य र उपेक्षणीय हुन्। ती अश्रद्धालु नास्तिकहरूले अश्रद्धारूप ठुलो पापको फल नरक भोगेर पापकटनी गर्लान्, अर्का जन्ममा तिनिहरूलाई पनि शास्त्रमा श्रद्धा लाग्ला र शास्त्रबाट धर्म–अधर्मको ज्ञान गरेर धर्ममार्गमा ती हिँड्लान्।

वैदिक यज्ञ तथा बलि

वेदका मन्त्रसंहिता, शतपथ–ब्राह्मणादि ब्राह्मणग्रन्थ र कात्यायनश्रौतसूत्रादि श्रौतसूत्रहरूमा विधान गरिएका सोमयाग, निरूढपशुबन्धयाग, अश्वमेध इत्यादि यज्ञमा जुन पशुहिंसा हुन्छ त्यसलाई अहिंसा नै मानिएको छ– **"वैदिकी हिंसा हिंसा न भवति"**। आजभोलि पनि भारतका महाराष्ट्र, आन्ध्रप्रदेश, केरल इत्यादि क्षेत्रका ठुला वैदिक ब्राह्मणहरू पशुयाग गर्छन्। वैदिक यज्ञको अनुष्ठानको सामान्य क्रम यस्तो छ– अग्न्याधान, अग्निहोत्र, दर्शपूर्णमास, आग्रयणेष्टि, चातुर्मास्य, निरूढपशुबन्ध, अग्निष्टोमसोमयाग इत्यादि। क्रमशः याग गर्नेले पशुबन्धयाग नगरीकन सोमयाग गर्न मिल्दैन। पशुबन्ध भनेको पशुयाग हो।

Raj Kishore

अग्निष्टोमसोमयागभित्र पनि अग्नीषोमीयपशुयाग, सवनीयपशुयाग र अनूबन्ध्या-(पशु)याग गरेर तीनओटा पशुयाग गर्नुपर्ने हुन्छ। ती यज्ञहरूमा छागादि (बोका इत्यादि) पशुको आलम्भन गर्ने र विधिपूर्वक पशुका अङ्गहरू होम्ने स्पष्ट विधान छ। पशुयाग गर्दा अनिवार्य रूपमा यजमान र ऋत्विक्हरूले पशिवडारूप मांस (प्रसादस्वरूप मांस) वेदीभित्रै बसी अवश्यै खानुपर्छ भन्ने वेदको विधान भएकाले त्यसरी मासु नखाएमा विधिलोप हुन गै यज्ञ नै सिद्ध हुँदैन। यज्ञमा उपयोग गरेर बाँकी रहेको प्रोक्षित पशुको मासु पनि शास्त्रअनुसार खान हुने, खान पर्ने र त्यसमा घृणा गर्न नहुने देखिन्छ।

प्राण सङ्कटमा पर्दा, श्राद्धमा, यज्ञमा पशु प्रोक्षित गरिएकामा र अर्घ्य आचार्य-ब्राह्मणादिका इच्छाले तिनलाई खुवाएर तथा देव-पितृलाई चढाएर मासु खाएकामा दोष लाग्दैन भन्ने आशयका धर्मशास्त्रीय वचनहरू पनि पाइन्छन्—

प्राणात्यये तथा श्राद्धे प्रोक्षिते द्विजकाम्यया।
देवान् पितॄन् समभ्यर्च्य खादन् मांसं न दोषभाक्॥

—याज्ञवल्क्यस्मृति १।१७९।

प्रोक्षितं भक्षयेन् मांसं ब्राह्मणानां च काम्यया।
यथाविधि नियुक्तश् च प्राणानामेव चाऽत्यये॥ —मनुस्मृति ५।२७।

यज्ञमा, श्राद्धमा वा अन्य देवकार्यमा नियुक्त वा आमन्त्रित जितेन्द्रिय संयमी ब्राह्मणले पनि मासु खानै पर्छ, नखाएमा ऊ जति पशुका रौं छन् त्यति वर्षसम्म नरक पर्छ, मरेपछि एक्काइस जुनीसम्म पशु हुन्छ र यसै जन्ममा पतितसमेत हुन्छ भन्ने कुरा धर्मशास्त्रमै भनिएको छ –

नियुक्तस् तु यतिः श्राद्धे दैवे वा मांसमुत्सृजेत्।
यावन्ति पशुरोमाणि तावन् नरकमृच्छति॥ —वासिष्ठधर्मसूत्र ११।३४।

आमन्त्रितश् च यः श्राद्धे दैवे वा मांसमुत्सृजेत्।
यावन्ति पशुरोमाणि तावन् नरकमृच्छति॥ —पद्मपुराण, स्वर्गखण्ड ५६।४२।

नियुक्तस् तु यथान्यायं यो मांसं नाऽत्ति मानवः।
स प्रेत्य पशुतां याति सम्भवानेकविंशतिम्॥ —मनुस्मृति ५।३५।

नाऽश्नीयात् ब्राह्मणो मांसमनियुक्तः कथञ्चन।

क्रतौ श्राद्धे नियुक्तो वा अनश्नन् पतति द्विजः॥ —वेदव्यासस्मृति ३।५९।

अतः वैध हिंसा गर्दा र वैध मासु खाँदा दोष लाग्दैन भन्ने शास्त्रीय सिद्धान्त स्पष्ट हुन्छ। धर्मसूत्र, स्मृति र पुराणमा भनिएका यी कुराहरू वेदमा प्रतिपादन गरिएकै कुराका व्याख्या र स्पष्टीकरण हुन्।

वेद–वेदाङ्गादिमा मांसहवन र मांसभोजनका प्रतिपादन

पशुयागमा मांसको हवन गर्ने, अष्टकाश्राद्धादिमा मांस दिने, मांस खाने इत्यादि विषयका असङ्ख्य वचनहरू ऋग्वेदसंहिता, माध्यन्दिनीय-वाजसनेयि–शुक्लयजुर्वेदसंहिता, मैत्रायणीयकृष्णयजुर्वेदसंहिता, अथर्ववेदसंहिता, ऐतरेयिब्राह्मण, तैत्तिरीयब्राह्मण, माध्यन्दिनीयवाजसनेयि-शुक्लयजुर्वेद-शतपथ-ब्राह्मण, पञ्चविंशब्राह्मण, कात्यायनश्रौतसूत्र, पारस्करगृह्यसूत्र, कौषीतकि-गृह्यसूत्र, आश्वलायनगृह्यसूत्र, आपस्तम्बगृह्यसूत्र, सत्याषाढगृह्यसूत्र, मानवमैत्रा-यणीयगृह्यसूत्र, काठकगृह्यसूत्र, कौशिकगृह्यसूत्र, पाणिनीयव्याकरण अष्टाध्यायी, पाणिनीयव्याकरणभाष्य इत्यादि वैदिकशास्त्रग्रन्थहरूमा सर्वत्र पाइन्छन्—

उक्षान्नाय वशान्नाय सोमपृष्ठाय वेधसे। स्तोमैर्विधेमाऽग्नये।

—ऋग्वेदमन्त्रसंहिता ८।४३।११, द्रष्टव्य- अथर्ववेदसंहिता ३।२१।६।

पीवानं मेषमपचन्त वीराः। —शैशिरीय-शाकल-ऋग्वेदमन्त्रसंहिता १०।२७।१७।

पचन्ति ते वृषभाँ अत्सि तेषाम्।—शैशिरीय-शाकल-ऋग्वेदमन्त्रसंहिता १०।२८।३।

यस्मिन्नश्वास ऋषभास उक्षणो वशा मेषा अवसृष्टास आहुताः।

कीलालपे सोमपृष्ठाय वेधसे हृदा मतिं जनय चारुमग्नये॥

—ऋग्वेदमन्त्रसंहिता १०।९१।१४; मा.वा.शुक्लयजुर्वेदसंहिता २०।७८।

स्वाहा च्छागमश्विभ्यां स्वाहा मेषं सरस्वत्यै स्वाह ऋषभमिन्द्राय सिंहाय सहस इन्द्रियम्। —मा.वा.शुक्लयजुर्वेदसंहिता २१।४०।

वह वपाञ्जातवेदः पितृभ्यो यत्रैतान् वेत्थ निहितान् पराके।

मेदसः कुल्या उप तान् स्रवन्तु सत्या एषामाशिषः सन्नमन्ताम्॥

—मा.वा.शुक्लयजुर्वेदसंहिता ३५।२०।

Raj Kishore

तद् य एवं विद्वानेकाष्टकायां गां हते संवत्सरायैव क्षुधं हते।

—मैत्रायणीयकृष्णयजुर्वेदसंहिता ४।२।३।

यं ते मन्थं यमोदनं यन् मांसं निपृणामि ते।

तेते सन्तु स्वधावन्तो मधुमन्तो घृतश्चुतः॥—शौनकि-अथर्ववेदसंहिता १८।४।४२।

अगस्त्यो मरुद्भ्य उक्ष्णः प्रौक्षत् ... तस्मादेत ऐन्द्रा मारुता उक्षाणः सवनीया भवन्ति। त्रयः प्रथमेऽहन्नालभ्यन्ते।

—तैत्तिरीयब्राह्मण २।७।११।१; द्र.—पञ्चविंशब्राह्मण २१।१४।५-१२।

तस्माद् धेन्वनडुहयोर् नाश्नीयात् तदु होवाच याज्ञवल्क्योऽश्नाम्येवाऽहमंसलं चेद् भवतीति।

—मा.वा.शुक्लयजुर्वेद-शतपथब्राह्मण ३।१।२।२१; द्र.-कात्यायनश्रौतसूत्र ७।२।२२-२४।

अथ या रोहिणी श्येताक्षी सा पितृदेवत्या यामिदं पितृभ्यो घ्नन्ति।

—शतपथब्राह्मण ३।३।१।१४।

याज्ञिकाः पठन्ति स्थूलपृषतीमाग्निवारुणीमनड्वाहीमालभेतेति।

—पाणिनीय-व्याकरण-भाष्य, प्रथम आह्निक।

अन्नमु पशोर् मांसम्। —मा.वा.शुक्लयजुर्वेद-शतपथब्राह्मण ७।५।२।४२।

मांसीयन्ति ह वै जुह्वतो यजमानस्याऽग्नयः।

—मा.वा.शुक्लयजुर्वेद-शतपथब्राह्मण ११।७।१।२।

एतदु ह वै परममन्नाद्यं यन् मांसम्।

—मा.वा.शुक्लयजुर्वेद-शतपथब्राह्मण ११।७।१।३।

यथा राज्ञे वा ब्राह्मणाय वा महोक्षं वा महाजं वा पचेत् तदह मानुषं हविः।

—मा.वा.शुक्लयजुर्वेद-शतपथब्राह्मण ३।४।१।२।

तद् यथैवादो मनुष्यराज आगतेऽन्यस्मिन् वाऽर्हत्युक्षाणं वा वेहतं वा क्षदन्ते।

-ऐतरेयि-ब्राह्मण ३।४(१।१५)।

मांसौदनं पाचयित्वा सर्पिष्मन्तमश्नीयातामीश्वरौ जनयितवा औक्ष्णेन वार्षभेण वा।

—मा.वा.शुक्लयजुर्वेद-शतपथब्राह्मण १४।९।४।१७; बृहदारण्यकोपनिषद् ६।४।१८।

मांसमिश्रमोदनं मांसौदनम् । तन्मांसनियमार्थमाह औक्षेण वा मांसेन । उक्षा सेचनसमर्थः पुंगवस् तदीयं मांसम् । ऋषभस् ततोऽप्यधिकवयास् तदीयमार्षभं मांसम् ।

—बृहदारण्यकोपनिषद्को शङ्करकृत व्याख्या ६।४।१८; (द्र.- बृहदारण्यकोपनिषद्, पदार्थसरलवाक्यार्थरूप नेपालीभाषानुवादसहित, माधवप्रसाद देवकोटा, नेराप्रप्र., प्र.सं., २०३१, पृ.४४२-४४३) ।

छागोस्रमेषाः पश्वभिधानाद् यथालिङ्गम् । —कात्यायनश्रौतसूत्र २०।७।१९ ।

मृतं ब्राह्मणान् भोजयेत् । —कात्यायनश्रौतसूत्र २३।४।२३ ।

नत्वेवाऽमांसोऽर्घः स्यात्, अधियज्ञमधिविवाहं कुरुतेत्येव ब्रूयात् ।

—पारस्करगृह्यसूत्र १।३।२९,३० ।

नाऽमांसो मधुपर्को भवति । —आश्वलायनगृह्यसूत्र १।२४।२६ ।

नाऽमांसोऽर्घः स्यात्, अधियज्ञमधिविवाहं कुरुतेत्येव ब्रूयात्, आचार्याया-ऽऽग्नेयः, ऋत्विजे बार्हस्पत्यः, वैवाह्याय प्राजापत्यः, राज्ञ ऐन्द्रः, प्रियाय मैत्रः, स्नातकायैन्द्राग्नः । —कौषीतकिगृह्यसूत्र २।१५ (३।१०।३१-३२) ।

एतावद् गोरालम्भनस्थानमतिथिः पितरो विवाहश् च ।

—आपस्तम्बगृह्यसूत्र (१)।३।१० ।

उत्सर्गेऽन्येन मांसेनाऽन्नं संस्कृत्याऽथाऽस्मै भूतमिति प्राह ।

—सत्याषाढगृह्यसूत्र १९।४।२८ ।

नाऽमांसो मधुपर्क इति श्रुतिः । —मानवमैत्रायणीयगृह्यसूत्र १।९।२२ ।

तामुत्सृष्टां (दृष्ट्वा) पशुमङ्गं वा (प्रतिनिदधीत), नाऽमांसो मधुपर्कः स्यादिति ह विज्ञायते, अपि वा घृतौदन एव स्यात् ।

—काठकगृह्यसूत्र २४।१९-२१ ।

नाऽलोहितो मधुपर्को भवति, नाऽनुज्ञानमधीमह इति कुरुतेत्येव ब्रूयात् ।

—कौशिकगृह्यसूत्र ९२।१६-१७ ।

दासगोघ्नौ सम्प्रदाने ।

—अष्टाध्यायी ३।४।७३ (आगताय तस्मै दातुं गां घ्नन्तीति गोघ्नः, अर्घार्होऽतिथिः ।— काशिका; अर्घः मधुपर्कः, तदङ्गत्वेन गोहननं विहितम्, एतावद् गोरालम्भनस्थानम् अतिथिः पितरो विवाहश् चेति ।-पदमञ्जरी) ।

औपासनमरण्यं हृत्वा वितानं साधयित्वा रौद्रं पशुमालभेत, साण्डम्, गौर्वा शब्दात्। —पारस्करगृह्यसूत्र ३।८।३-५।

एकादश्यामयुग्मान् ब्राह्मणान् भोजयित्वा मांसवत्, प्रेतायोद्दिश्य गामप्येके घ्नन्ति। —पारस्करगृह्यसूत्र ३।१०।४८-४९।

छागोस्रमेषानालभ्य क्रीत्वा लब्ध्वा वा, न स्वयम्मृतानाहृत्य पचेत्।

—कात्यायनश्राद्धकल्पसूत्र, कण्डिका ७, (भाष्यपञ्चकयुक्त पारस्करगृह्यसूत्र, पृ. ५१९)।

भक्ष्यौ तु धेन्वनडुहौ मेध्यौ वाजसनेयके विज्ञायेते।

—वासिष्ठधर्मसूत्र (वासिष्ठधर्मशास्त्र) १४।४६।

धेन्वनडुहयोर् भक्ष्यम्, मेध्यमानडुहमिति वाजसनेयकम्।

—आपस्तम्बधर्मसूत्र १।५।३।३०-३१ (द्र.- आपस्तम्बधर्मसूत्र, नेपाली अनुवादक- देवराज पौडेल, ने.रा.प्र.प्र., २०५८, पृ.८९-९०)।

अथाऽपि ब्राह्मणाय वा राजन्याय वाऽभ्यागताय महोक्षाणं वा महाजं वा पचेदेवमस्मा आतिथ्यं कुर्वन्तीति। -वासिष्ठधर्मसूत्र (वासिष्ठधर्मशास्त्र) ४।८।

यज्ञार्थं ब्राह्मणैर् वध्याः प्रशस्ता मृगपक्षिणः।
भृत्यानां चैव वृत्त्यर्थमगस्त्यो ह्याचरत् पुरा॥
बभूवुर् हि पुरोडाशा भक्ष्याणां मृगपक्षिणाम्।
पुराणेष्वृषियज्ञेषु ब्रह्मक्षत्रसवेषु च॥ -मनुस्मृति ५।२२,२३।

या वेदविहिता हिंसा नियताऽस्मिँश् चराचरे।
अहिंसामेव तां विद्याद् वेदाद् धर्मो हि निर्बभौ॥ —मनुस्मृति ५।४४।

तसर्थ देवतालाई हवन गर्न, देव-पितृलाई चढाउन र सामान्य भोज्य पदार्थका रूपमा खान पनि मांसको प्रयोग हुने कुरा माथि उल्लिखित वैदिक शास्त्रका वचनहरूबाट देखिन्छ। यसबाट धर्म-मोक्षका साधनाका दृष्टिले पनि मांसभक्षण सर्वथा वर्जनीय नहुने कुरा पनि स्वतः सिद्ध हुन्छ।

बरु लसुन, प्याज, छ्यापी, च्याउ इत्यादि शास्त्रले अभक्ष्य र पातित्यजनक (पतित बनाउने) भनेका पदार्थचाहिँ कहिल्यै पनि खान हुँदैनन्। किनभने धर्मशास्त्रमा सर्वत्र यी पदार्थलाई अभक्ष्य भनेर निषेध गरिएको छ—

Raj Kishore

पलाण्डुं विड्वराहं च च्छत्राकं ग्रामकुक्कुटम् ।
लशुनं गृञ्जनं चैव जग्ध्वा चान्द्रायणं चरेत् ॥ —याज्ञवल्क्यस्मृति १।१७६ ।

छत्राकं विड्वराहं च लशुनं ग्रामकुक्कुटम् ।
पलाण्डुं गृञ्जनं चैव मत्या जग्ध्वा पतेद् द्विजः ॥ —मनुस्मृति ५।१९ ।

लशुन–पलाण्डु–गृञ्जन–विड्वराह–ग्रामकुक्कुट–कुम्भीकभक्षणे द्वादशरात्रं पयः पिबेत् । —शङ्खधर्मसूत्रवचन, याज्ञवल्क्यस्मृति, मिताक्षरा १।१७६ ।

लशुन–पलाण्डु–क्याकु–गृञ्जन–श्लेष्मातक–वृक्षनिर्यास–लोहितव्रश्चन–श्वकाकाऽवलीढ–शूद्रोच्छेषणभोजनेष्वतिकृच्छ्रः ।

—वासिष्ठधर्मसूत्र (वासिष्ठधर्मशास्त्र) १४।३३ ।

कलञ्ज–पलाण्डु–परारीकाः (अभक्ष्याः) । —आपस्तम्बधर्मसूत्र १।५।३।२६ ।

किसलय–क्याकु–लशुन–निर्यासाः (अभक्ष्याः) ।—गौतमधर्मसूत्र २।८।३२ ।

लशुन–पलाण्डु–गृञ्जनैतद्गन्धि–विड्वराह–ग्रामकुक्कुट–वानर–गोमांस–भक्षणे च (चान्द्रायणं कुर्यात्) । —विष्णुधर्मसूत्र (विष्णुस्मृति) ५१।३ ।

पलाण्डु–कवक–लशुन–गृञ्जन–विड्जमनुक्तं मत्स्यमांसं च वर्जनीयम् ।

—वैखानसधर्मसूत्र २।१५ ।

कसैले कुनै ग्रन्थमा कतैकतै गन्ध पाइने कुनै रूपका अतिरञ्जनापूर्ण कुनै कुरालाई लिएर भारततिरका पण्डितहरूले र गेरुआवस्त्रधारीहरूले गरेका मिथ्या प्रचारका सुरमा "पहिलेका ऋषिमुनिले मांस काटेर हवन गर्थे र बाँकी रहेका हविश्शेषबाट जस्ताको तस्तै पशु बनाउँथे र पो मासु खान हुन्छ भन्थे" भन्ने खालको उडन्ते धारणा लिएको पनि पाइन्छ। किन्तु श्रुति–स्मृति–पुराणहरूका विधिवाक्य नै धर्मकर्ममा प्रमाण हुने र मानिने हुँदा त्यस्ता श्रुति–स्मृति–पुराण–वाक्यका विधानका विरुद्ध कुरा महामहोपाध्यायहरूले वा शङ्कराचार्यादिले भने पनि धर्ममा प्रमाण हुँदैनन् भन्ने कुरा बुझ्न आवश्यक छ । ईश्वर मानिएका श्रीकृष्णले पनि **"तस्माच्छास्त्रं प्रमाणं ते कार्याऽकार्यव्यवस्थितौ"** (गीता १६।२४) भनेको भन्ने कुरा सबैले सुनेकै छन्। तसर्थ धर्मकर्मादिमा श्रुति–स्मृति–पुराणका विधि–निषेधअनुसारै काम गर्नुपर्छ।

अन्नप्राशनमा शिशुलाई मांससहित भोजन

पहिलो पटक विधिपूर्वक अन्न खुवाउने कर्मलाई अन्नप्राशन, पास्नी वा भातख्वाइ भन्दछन्। जन्मेको छ महिनामा अन्नप्राशन संस्कार गर्ने विधान छ। यो संस्कार गर्दा कामनाअनुसार विभिन्न भक्ष्य (खान योग्य भनेर शास्त्रमा उल्लिखित) (पशु) पक्षी र माछाको मासुसहित शिशुलाई भोजन गराउने विधान विभिन्न वेदका गृह्यसूत्रहरूमा पाइन्छन्। शुक्लयजुर्वेदीहरूको गृह्यसूत्र पारस्करगृह्यसूत्रमा यस्तो उल्लेख छ–

प्राशनान्ते सर्वान् रसान् सर्वमन्नमेकत उद्धृत्याऽथैनं प्राशयेत्, तूष्णीं हन्तेति वा, हन्तकारं मनुष्या इति श्रुतेः, भारद्वाज्या मांसेन वाक्प्रसारकामस्य, कपिञ्जलमांसेनाऽन्नाद्यकामस्य, मत्स्यैर् जवनकामस्य, कृकषाया आयुष्कामस्य, आट्या ब्रह्मवर्चसकामस्य, सर्वैः सर्वकामस्य।–पारस्करगृह्यसूत्र १।१९।५-१२।

अर्थात्– संस्रवप्राशन गरिसकेपछि गुलियो इत्यादि सबै रसलाई र भक्ष्य सबै अन्नलाई एउटा भाँडामा झिकेर शिशुलाई खुवाओस्, चुपै लागेर अथवा हन्त भनेर खुवाओस्, किनभने **"हन्तकारं मनुष्याः"** भन्ने श्रुतिको वचन छ। बाबुले (पिताले) शिशु बोल्न सक्ने होस् भन्ने चाहना राख्छ भने भद्राई पक्षीको मासुसित भोजन गराओस्। बाबुले शिशु अन्न खान सक्ने होस् भन्ने चाहना राख्छ भने चातक वा सेतो तित्राको मासुसित भोजन गराओस्। बाबुले शिशु राम्ररी दौडन सक्ने होस् भन्ने चाहना राख्छ भने माछासित भोजन गराओस्। बाबुले शिशु चिरायु होस् भन्ने चाहना राख्छ भने कृकषाको (पक्षिविशेषको) मासुसित भोजन गराओस्। बाबुले शिशु ब्रह्मतेजले युक्त होस् भन्ने चाहना राख्छ भने आटीको (जलपक्षिविशेषको) मासुसित भोजन गराओस्। बाबुले शिशु एकै साथ उक्त सबै गुणले युक्त होस् भन्ने चाहना राख्छ भने माथि भनिएका सबैथरी मासुसित भोजन गराओस्।

कृष्णयजुर्वेदीको गृह्यसूत्र आपस्तम्बगृह्यसूत्रमा पनि तित्राको मांसले अन्नप्राशन गराउने कुरा आएको छ– **तैत्तिरेण मांसेनेत्येके** (६।१६।२)। ऋग्वेदका गृह्यसूत्रहरू आश्वलायनगृह्यसूत्र, शाङ्खायनगृह्यसूत्र र कौषीतकिगृह्यसूत्रमा पनि अन्नप्राशनमा विभिन्न पशु–पक्षी–माछाका मांसले अन्नप्राशन गराउने कुरा आएका छन्। अजको अर्थात् बोकाको, तित्राको र माछाको मासु खुवाउने विधि देखिन्छ–

Raj Kishore

षष्ठे मास्यन्नप्राशनम्, आजमन्नाद्यकामः, तैत्तिरं ब्रह्मवर्चसकामः, घृतौदनं तेजस्कामः । –आश्वलायनगृह्यसूत्र १।१६।१-४ ।

षष्ठे मास्यन्नप्राशनम्, आजमन्नाद्यकामः, तैत्तिरं ब्रह्मवर्चसकामः, मात्स्यं जवनकामः, घृतौदनं तेजस्कामः । –शाङ्खायनगृह्यसूत्र १।२७।१-५ ।

षष्ठे मास्यन्नप्राशनम्, आजमन्नाद्यकामस्य, तैत्तिरं ब्रह्मवर्चसकामस्य, मात्स्यं जवनकामस्य, घृतौदनं तेजस्कामस्य । –कौषीतकिगृह्यसूत्र १।१९।१-५ ।

उपर्युक्त उल्लेखबाट भोजनका रूपमा भक्ष्य मांस खाने वैदिक परम्परा रहेको स्पष्ट हुन्छ। अन्यत्र पनि मांसको हवन र भोजनका कुरा वैदिक ग्रन्थहरूमा यत्रतत्र पाइन्छन्। पशु, पक्षी र माछाहरूमा केही भक्ष्य र केही अभक्ष्य छन्। तिनको उल्लेख स्मृतिहरूमा गरिएको पाइन्छ।

मांसभक्षणका विषयमा युग, देश र ब्राह्मणहरूमा कुनै भेद छैन, सबै युगमा सबै देशका सबै ब्राह्मणहरूले यथाविहित मांसभक्षण गर्न सक्छन् भन्ने कुरा नै धर्मशास्त्रहरूमा देखिन्छ भनेर श्राद्धकाशिकामा बताइएको छ–

न युगानां न देशानां न विप्राणां द्विजोत्तमाः ।

धर्मशास्त्रेषु वै भेदो दृश्यते मांसभक्षणे ॥

–पारस्करगृह्यसूत्रको परिशिष्ट श्राद्धसूत्रको व्याख्या (पृ.४७३)।

वैदिक यज्ञका वा मांसभक्षणका शास्त्रीय वचन सत्ययुगका निम्ति हुन्, कलियुगका निम्ति हैनन् भन्ने धारणा कतिपय व्यक्तिको देखिन्छ। तर शास्त्रीय वचन सबै युगका निम्ति समान हुन्।

त्यसै गरी वेदमा वा कल्पसूत्रमा बताइएका पशुयज्ञहरू राजस वा तामस हुन्, त्यसैले ब्राह्मणले तिनको अनुष्ठान गर्न हुँदैन भन्ने भनाइ पनि कसैकसैको देखिन्छ। त्यो पनि भ्रमात्मक भनाइ हो।

वैदिक यज्ञको अनुष्ठान शुद्धकुलीन विद्वान् सदाचारी र सम्पन्न श्रेष्ठ ब्राह्मणहरूले नै गर्ने हो। कर्महरूमध्ये सबैभन्दा श्रेष्ठ कर्म यज्ञ हो भनेर शास्त्रमा बताइएको छ– **यज्ञो वै श्रेष्ठतमं कर्म** (शतपथब्राह्मण १।७।१।५)। मीमांसाशास्त्रमा पनि मुख्य रूपमा यज्ञको अनुष्ठान नै धर्म हो भनिएको छ।

वैदिक–सनातन–धर्ममा हिंसा र अहिंसाको अवधारणा र पशुबलिको परम्परा

वैदिक–सनातन–परम्परामा वेदको विधानअनुरूप विभिन्न यज्ञमा पशुको संज्ञपन (मारण) गरिएजस्तै वैदिक परम्परामा वेदको सिद्धान्तको पुष्टि गर्न बनेका श्रीमद्देवीभागवत–मार्कण्डेयपुराणजस्ता महापुराणको विधानअनुरूप देवीका निम्ति मेध्य पशुको बलि दिने गरिएको हो । नेपालका विभिन्न समुदायमा पनि यसै परम्पराअनुरूप विभिन्न अवसरमा पशुबलि दिने प्राचीन परम्परा रहेको छ । संसारमा जतासुकै कुनैनकुनै रूपमा पशुबलिको चलन रहेको पाइन्छ ।

चारै वेद ब्राह्मण बटुकहरूले वर्षौंसम्म ब्रह्मचर्याश्रममा रहेर कण्ठ पारेर नलेखीकन नै अनादिकालदेखि जस्ताको तस्तै सुरक्षित गरिएका ग्रन्थ हुन् र तिनमा कुनै कुरा पनि थपघट भएका छैनन् भन्ने कुरा पनि स्पष्ट छ। अतः पशुयज्ञका कुरा पनि पछि थपिएका होइनन्। कतिपय व्यक्ति मूढतावश वेदमा पनि थपघट भएको होला भन्ने ठान्दछन्। यो त ठुलै अज्ञान हो।

मार्कण्डेयमहापुराणअन्तर्गतको देवीमहात्म्यमा देवीले आफ्नो पूजामा उत्तम पशु, पुष्प, अर्घ्य, धूप, चन्दन, दीपजस्ता वस्तु चढाउने र ब्राह्मणभोजन, होम आदि गर्नुपर्ने कुरा बताउनुभएको छ–

सर्वं ममैतन् माहात्म्यं मम सन्निधिकारकम्।
पशुपुष्पार्घ्यधूपैश्च गन्धदीपैस्तथोत्तमैः ॥
विप्राणां भोजनैर्होमैः प्रोक्षणीयैरहर्निशम्।
अन्यैश्च विविधैर्भोगैः प्रदानैर्वत्सरेण या ॥
प्रीतिर्मे क्रियते साऽस्मिन् सकृदुच्चरिते श्रुते।
श्रुतं हरति पापानि तथाऽऽरोग्यं प्रयच्छति ॥ –दुर्गासप्तशती १२।२०–२२।

वेदमा नै यज्ञमा चढाइएका पशुको उत्तम गति प्राप्त हुने कुरा बताइएको छ। अरू स्मृतिपुराणहरूमा पनि त्यस्ता पशुलाई उत्तम गति प्राप्त हुन्छ भन्ने कुराको वर्णन गरिएको छ। लोककल्याणकारी रागद्वेषबाट मुक्त श्रद्धेय ऋषिमुनिले प्रज्ञाको प्रयोग गरी श्राद्ध, तर्पण, देवपितृको लागि यज्ञ आदिका प्रक्रिया वा विधिविधानको उपदेश गर्नुभएको हो । मानिसको साधारण बुद्धिले श्राद्ध, यज्ञजस्ता कर्मको नदेखिने अदृष्ट फल पाइने वास्तविकता बुझ्न नसक्ने भएकाले नै ऋषिमुनिको

Raj Kishore

ठुलो महत्त्व भएको हो र तिनको ऋण अर्थात् ऋषिऋण हामीले तिर्न पर्ने मानिएको हो। वास्तवमा हाम्रो दैनिक जीवनमा हिंसा व्याप्त छ भनेर पनि शास्त्रहरूले विस्तृत रूपमा बुझाएका छन्। रुखबाट आफैँ झरेका पातबाहेक जेसुकै काँचै वा पकाएर खाएमा वा पानी नै खाएमा पनि हिंसाको दोष लाग्छ। गृहस्थका जीवनमा नित्य प्रयोग हुने प्राणीको हिंसा हुने वधस्थलहरू चुलो, पिन्ने जाँतो आदि, कुचो, ओखल र पानीको घैँटो हुन् भनेर मनुस्मृतिमा बताइएको छ–

पञ्च सूना गृहस्थस्य चुल्ली पेषण्युपस्करः।

कण्डनी चोदकुम्भश्च वध्यते यास्तु वाहयन्॥३।६८॥

चामलको (धानको) वा अरू कुनै अन्नको प्रत्येक गेडामा पुनः उम्रन सक्ने एउटा जीव छ। सागपात सबै जीव नै हुन्। तिनको चेतनाको स्तर मात्रै फरक हो। चेतनाको स्तर पशुपशुमा पनि समान छैन। अतः आफ्नो अधिकारअनुसार नित्य पञ्चमहायज्ञ गरेर यो हिंसाको पापबाट र ऋषिऋण, देवऋण र पितृऋणबाट पनि मुक्त हुनुपर्छ भनेर हाम्रा शास्त्रले बताएका छन्। अतः पञ्चमहायज्ञ नगरी कुनै पनि अन्न खानाले पनि पाप लाग्छ। नित्य सदाचारको पालन नगर्नाले पनि पापभागी हुनुपर्छ। महाभारतमा (वनपर्व २०८।२३–२४ चित्रशाला–संस्करण, १९९।१९–२९ सातवलेकर–संस्करण) आएको धर्मव्याध (धार्मिक व्याधा वा सिकारी) को कथाले र वराहपुराणमा (अष्टम अध्यायमा) आएको धर्मव्याधको कथाले पनि यो कुरो स्पष्ट पार्दै देवपितृलाई नचढाई अन्न खाँदा पनि प्रत्येक अन्नको गेडामा रहेका जीवको हिंसाको पाप लाग्ने र चढाएर मांसभक्षण गर्नेलाई पाप पनि नलाग्ने पुण्य प्राप्त हुने कुरा साधारण मानिसले बुझ्ने गरी बताएका छन्। वि.सं. ५२० ज्येष्ठशुक्लप्रतिपदामा (शक संवत् ३८६) लिच्छविकालमा स्थापित शिलालेखमा पनि–

ईजे सत्पशुभिः सुराननुगुणैः सम्पन्नमन्त्रर्द्धिभिः।

यज्ञैः कर्मविशुद्धदेहहृदयश्चन्द्रद्युतिः पार्थिवः॥

भनेर धेरै उत्तम पशुहरूको यज्ञमा प्रयोग गरिएको कुराको उल्लेख पाइन्छ।

यो कुरा बुझ्न नपाएका र शास्त्रको ज्ञान नभएका अनि आफ्ना पिता–पुर्खा ऋषि–मुनिबाट आएको अनादि शास्त्रमा श्रद्धा नभएका, ऋषिमुनिको ज्ञानको महत्त्व बुझ्न पनि नपाएका वा नास्तिक भै प्रायोजित किसिमले हाम्रो सामाजिक धार्मिक

परम्परालाई निकृष्ट घोषित गर्नेहरूबाट सावधान भई विधिपूर्वक शास्त्रीय आचार-पूर्वक धर्मकर्म गर्नाले नै यस लोकमा र परलोकमा पनि कल्याण हुन्छ भन्ने कुरा बुझ्ने र बुझाउने गर्नु आवश्यक छ। पुर्खालाई र ऋषिमुनिलाई नै अज्ञानी वा मूर्ख भनेर गाली गर्ने पछि नपर्ने व्यक्तिसित शास्त्रीय छलफल गर्नुको कुनै औचित्य हुँदैन।

बाजे-बराजुका पालादेखि विभिन्न पन्थ मान्दै आएका मानिसहरूले आआफ्ना पन्थअनुसारका आचरण गर्नु छुट्टै कुरा हो। तर मूल सनातन-वैदिक-परम्पराका शास्त्रविहित र परम्पराप्राप्त कुराको र कुनै अर्को पन्थका विधिविधान र परम्पराको आलोचना गर्नु अत्यन्त अधार्मिक र निन्दनीय कार्य हो। शास्त्रमा ऋग्वेददेखि काव्य-साहित्यसम्ममा जतासुकै सर्वत्र पशुयज्ञको, पशुबलिको र मांसभक्षणको उल्लेख पाइन्छ। थुप्रै वचनको उल्लेख र कतिपय वचनको व्याख्यासमेत माथि नै गरिसकिएको छ। सङ्क्षिप्त अर्थसहित थप केही वचनहरू–

प्रजापतिका पुत्रहरूले मोटो भेडालाई पकाए भन्ने उल्लेख ऋग्वेदमा गरिएको छ–

पीवानं मेषमपचन्त वीराः। —ऋग्वेद १०।२७।१७।

अथर्ववेदमा प्रेतका (पितृका) तृप्तिका निम्ति मांस पनि दिन्छु भनिएको छ–

यं ते मन्थं यमोदनं यन् मांसं निपृणामि ते।
तेते सन्तु स्वधावन्तो मधुमन्तो घृतश्चुतः॥ —अथर्ववेद १८।४।४२।

कात्यायनश्रौतसूत्रमा वैदिक यज्ञमा बोका, भेडा इत्यादि पशुको प्रयोग हुने कुरा बताइएको छ–

छागोस्रमेषाः पश्वभिधानाद् यथालिङ्गम्। —कात्यायनश्रौतसूत्र २०।७।१९।

यज्ञमा ऋत्विक्‌लाई र विवाहमा वरलाई मधुपर्कले स्वागत गर्दा मांस नभईकन हुँदैन भन्ने गृह्यसूत्रका वचनहरू छन्–

न अमांसो मधुपर्को भवति। —ऋग्वेदको आश्वलायनगृह्यसूत्र १।२४।२६।

न अमांसः अर्घः भवति अधियज्ञमधिविवाहम्। —ऋग्वेदको कौषीतकिगृह्यसूत्र २।१५।

न अमांसो मधुपर्क इति श्रुतिः।

—कृष्णयजुर्वेदको मानवमैत्रायणीय गृह्यसूत्र १।९।२२।

न तु एव अमांसः अर्घः स्याद् अधियज्ञमधिविवाहम्, कुरुत इत्येव ब्रूयात्।

—शुक्लयजुर्वेदको पारस्करगृह्यसूत्र १।३।२९-३०।

न अलोहितो मधुपर्को भवति। —अथर्ववेदको कौशिकगृह्यसूत्र ९२।१६।

पाणिनीयव्याकरणका भाष्यमा पस्पशाह्निकमा "घरपालुवा कुखुरो र सुँगुर खान हुँदैन भन्ने निषेधले वनको कुखुरो र बँदेलचाहिँ खान हुन्छ भन्ने बुझिन्छ" भनेर बताइएको छ—

अभक्ष्यो ग्राम्यकुक्कुटः, अभक्ष्यो ग्राम्यशूकरः, गम्यत एतदारण्यो भक्ष्य इति।

—पाणिनीयव्याकरण-भाष्य।

वैदिक यज्ञमा पशुको प्राणवियोजन गर्ने शमिता छुट्टै ऋत्विक् नभएर सोह्र ऋत्विक्भित्रैकै एउटा हो भन्ने कुरा जैमिनीय धर्ममीमांसासूत्रमा बताइएको छ—

शमिता च शब्दभेदात्। —जैमिनीय-मीमांसासूत्र ३।७।२८।

वैदिक यज्ञमा हिंसा हुने भएकाले त्यसबाट अशुद्धि हुन्छ कि भन्ने शङ्का होला भनेर त्यस्तो होइन भन्ने आशय बादरायणीय ब्रह्ममीमांसासूत्रमा व्यक्त भएको छ—

अशुद्धमिति चेन्न शब्दात्। —ब्रह्ममीमांसासूत्र ३।१।२५।

पारस्करगृह्यसूत्रकै अभिन्न अङ्गरूप परिशिष्ट कात्यायन-श्राद्धकल्पसूत्रमा कुनकुन पशुपक्षीका मांसले पितृ कति समयसम्म तृप्त हुन्छन् भन्ने कुरा बताइएको छ —

...मासद्वयं तु मत्स्यैर् मासत्रयं तु हारिणेन चतुर औरभ्रेण पञ्च शाकुनेन षट् छागेन सप्त कौर्मेणाऽष्टौ वाराहेण नव मेषमांसेन दश माहिषेणैकादश पार्षतेन संवत्सरं तु गव्येन पयसा पायसेन वा वार्ध्रीणमांसेन द्वादश वर्षाणि। —कण्डिका ७।

गरुडमहापुराणमा पनि विभिन्न पशु-पक्षीका र माछाका मासुले पितृहरू धेरै कालसम्म तृप्त हुन्छन् भनिएको छ—

हविष्यान्नेन वै मासं पायसेन तु वत्सरम्।

मात्स्य-हारिण-कौरभ्र-शाकुन-च्छाग-पार्षतैः ॥

ऐण-रौरव-वाराह-शाशमांसैर्यथाक्रमम्।

मासवृद्ध्यापि तुष्यन्ति दत्तैरिह पितामहाः ॥ —गरुडपुराण १।९९।३७-३८।

Raj Kishore

वाल्मीकिरामायणमा पनि पाँचओटा नङ हुने कछुवा, खरायो, सालक इत्यादि पाँच पशु भक्ष्य (खान हुने) भनेर गनिएका छन्–

पञ्च पञ्चनखा भक्ष्या ब्रह्म-क्षत्रेण राघव।

शल्यकः श्वाविधो गोधा शशः कूर्मश्च पञ्चमः॥

–वाल्मीकिरामायण ४।१७।३७ (३९)।

महाभारतका अनुशासनपर्वमा वेदको विधि अनुसरण गरेर मांसभक्षण गर्दा कोही पनि दोषी हुँदैन भनिएको छ–

विधिना वेददृष्टेन तद् भुक्त्वेह न दुष्यति।

यज्ञार्थे पशवः सृष्टा इत्यपि श्रूयते श्रुतिः॥ – अनुशासनपर्व ११६।१४।

वैदिक कर्मकाण्डका संरक्षणमा अतुलनीय योगदान दिएका मीमांसक-शिरोमणि कुमारिलभट्टले जैमिनीय-धर्ममीमांसाशास्त्रको व्याख्या गर्दा "यज्ञका पशुहिंसाबाट ब्राह्मणहरू सन्तुष्ट हुन्छन् भने बौद्धहरूचाहिँ यसैबाट क्रुद्ध हुन्छन्" भनेका छन्–

पशुहिंसादिसम्बन्धे यज्ञे तुष्यन्ति हि द्विजाः।

तेभ्य एव हि यज्ञेभ्यः शाक्याः क्रुध्यन्ति पीडिताः॥ –श्लोकवार्त्तिक १।३।७।

श्रीमद्विष्णुभागवतमा "एउटा जीवको जीवन अर्को जीव नै हुन्छ, त्यसैले एउटा जीव अर्को जीवलाई नखाईकन बाँच्न सक्तैन" भनिएको छ–

अहस्तानि सहस्तानामपदानि चतुष्पदाम्।

फल्गूनि तत्र महतां जीवो जीवस्य जीवनम्॥ –विष्णुभागवत १।१३।४६।

श्रोत्रिय ब्राह्मणको हृदय यज्ञका वेलामा पशुमारणजस्तो दारुण कर्म गर्दा पनि अनुकम्पाले भरिएको हुन्छ भनेर महाकवि कालिदासकृत विश्वप्रसिद्ध अभिज्ञानशाकुन्तल नाटकमा यसरी उल्लेख गरिएको छ–

सहजं किल यद् विनिन्दितं न तु तत् कर्म विवर्जनीयकम्।

पशुमारणकर्मदारुणः अनुकम्पामृदुकोऽपि श्रोत्रियः॥

– ५ अङ्कको अङ्कावतार।

Raj Kishore

नवरात्र र दशमी

शरद् ऋतुको नवरात्रको सुरूमा घटस्थापना गरिन्छ। प्रतिपदाका दिन भूमि शुद्ध पारेर भुँइमा नै वा त्यहाँ भूमिमा राखिएका ठुला टपरीमा चोखिमाटीको वेदी बनाई त्यहाँ जौको र गहुँको जमरा राख्ने काम गरिन्छ। त्यसै वेदीमा कलशस्थापनका विधिले नयाँ घट स्थापित गरी त्यसैमा देवीको आवाहन गरी नौदिनसम्म नै सके प्रतिदिन त्रिकाल, नसके द्विकाल, त्यो पनि नसके एककाल मात्र भनेपनि चन्दन, अक्षता, फूल, धूप, दीप, नैवेद्य इत्यादि उपचारले पूजा गर्ने, देवीसूक्तपाठ गर्ने र देवीका प्रीतिका लागि दुर्गाकवच, अर्गलास्तोत्र र कीलकको पाठ गरी सप्तशतीस्तोत्र पाठ गरेर यथाशक्ति यथारुचि राँगो, भेडो, बोको, बिल्वफल, कुभिण्डो, उखु, माषान्न इत्यादिको बलि दिने विधान देखिन्छ। सबै दिन छागको अर्थात् बोकाको बलि दिन नसक्नेले अरू दिन कुभिण्डो आदिको बलि दिने र अष्टमीमा वा नवमीमा छागबलि दिने गर्छन्। अष्टमीमा भन्दा नवमीमा छागबलि दिनु उत्तम मानिएको छ–

अष्टम्यां बलिदानेन विपत्तिर्जायते नृणाम्।
दद्याद् विचक्षणो भक्त्या नवम्यां विधिवद् बलिम्॥

–ब्रह्मवैवर्तपुराण, प्रकृतिखण्ड ६५।८।

नौ दिनसम्म पूजापाठ गर्न नसके अष्टमी–नवमी दुई दिन गर्ने, त्यो पनि नसके अष्टमीका वा नवमीका दिन एक दिन मात्र पूजापाठ गर्ने अनुकल्प पनि देवीपुराणमा भएको बुझिन्छ। दशमीका दिन मान्यजनले देवीको प्रसाद कनिष्ठ व्यक्तिलाई लगाइदिने गर्छन्। यस अवसरमा कतिपय व्यक्ति आफ्ना गुरु–पुरोहित–ब्राह्मणहरूका हातबाट पनि प्रसाद ग्रहण गर्छन्। त्यसमा देवीको पूजन गरिएका वेदिकामा उम्रेका पहेँला जमराको विशेष प्रयोग गरिन्छ।

नेपालका तथा मिथिला, बङ्गाल इत्यादि क्षेत्रका ब्राह्मण, क्षत्रिय आदिले नवरात्रमा दुर्गापूजा गर्दा पौराणिक विधिले पशुको बलि दिन्छन्। कोही तन्त्रशास्त्रका पद्धतिले पशुबलि दिन्छन्। एक क्षेत्रको शास्त्रीय परम्पराका विषयमा अन्य क्षेत्रका हिन्दुहरूलाई जानकारी नहुनाले तथा वेद–वेदाङ्ग–स्मृति–पुराण शास्त्रको अध्ययन गर्ने अवसर नपाउनाले कसैकसैले जथाभावी बोल्ने गरेको पनि देखिन्छ। शास्त्रको तथा विविध स्थानका परम्पराको जानकारी सबै हिन्दुहरूले राख्नुपर्छ, विशेष गरेर ब्राह्मणलाई शास्त्रीय वचनहरूको आधिकारिक जानकारी पनि हुन उचित छ।

Raj Kishore

बलिका विषयमा प्रायोजित रूपमा बारम्बार कुरा उठ्ने वा उठाइने गरेको छ। सच्चा सनातनी हिन्दुमध्येकै कतिपय व्यक्तिलाई पनि यस विषयमा जिज्ञासा हुन सक्छ। "काम क्रोध लोभ इत्यादि दुर्गुणको पो बलि दिने हो, पशुको पनि बलि दिने हो र ? शास्त्रमा पशुको बलि दिने कुरा कतै पनि छैन" इत्यादि भनेर कसैकसैले पशुबलिको विरोध गरेको देखिन्छ। फेरि कोहीकोही बलिलाई "हिन्दुधर्मको विकृति" समेत भनेर प्रचार गर्दछन्। पढे–लेखेका वा विद्वान् ठानिएका कतिपय व्यक्तिले समेत यस विषयमा बहकिएर अशास्त्रीय कुरा बोल्ने गरेको पनि देखिन्छ। वैष्णव सम्प्रदायका आधुनिक व्यक्तिले बलिको र मासु खाने कामको अत्यन्त निन्दा गरेको पनि देखिन्छ। कतिपय बौद्धहरू पनि पशुयागको विरोध गर्दछन्। पशुयाग, बलि र मांसभक्षणको विवेचना माथि नै पनि गरिसकिएको छ।

हिन्दुधर्म भनेको वैदिक–सनातन–वर्णाश्रम–धर्मको नै लौकिक व्यावहारिक नाम हो। त्यसमा पनि वेदको र मूल वैदिक–सनातन–वर्णाश्रम–धर्मको विरोध नगर्ने र कुनैनकुनै रूपमा वेदमूलक देखिने विभिन्न पन्थहरू पनि लोकमा हिन्दुधर्मभित्रकै मानिन्छन्। तसर्थ हिन्दुधर्मभित्र विभिन्न प्रकारका अनुष्ठान र उपासनाहरू पर्दछन्।

वैदिकहरूका शाश्वत प्रकृतिका गम्भीर तत्त्वदर्शनका आधारमा चल्ने यज्ञहरू छन्। वेदमा हविर्यज्ञ, पशुयज्ञ र सोमयज्ञहरूको विधान पाइन्छ। मन्त्रसंहिता, ब्राह्मणग्रन्थ र श्रौतसूत्रहरूको अध्ययन गरेका व्यक्तिहरूले यो कुरा बुझेकै हुन्छन्। यज्ञमा संज्ञपन गरिएको अर्थात् विधिपूर्वक श्वासनिरोध गरेर प्राणवियोजन गरिएको पशु पशुयोनिबाट मुक्त भएर देवत्वमा पुग्दछ भनेर शुक्लयजुर्वेदका मन्त्रसंहितामा भनिएको छ–

न वा उ एतन् म्रियसे न रिष्यसि देवाँ इदेषि पथिभिः सुगेभिः।
यत्राऽऽसते सुकृतो यत्र ते ययुस् तत्र त्वा देवः सविता दधातु ॥२३।१६॥

अर्थात्– हे अश्व, तिमी मर्दा पनि मर्दैनौ र नष्ट पनि हुँदैनौ। तिमी देवताहरूका श्रेष्ठ मार्गबाट देवतां भएका ठाउँमा पुग्दछौ। जुन लोकमा पुण्यात्माहरू गएका छन् र जुन लोकमा पुण्यकर्ता बस्दछन्, त्यस लोकमा सविता देवताले तिमीलाई राखून्।

उक्त मन्त्र केही भिन्न रूपमा ऋग्वेदमन्त्रसंहितामा (१।१६२।२१), शुक्ल–यजुर्वेदसंहितामा (२५।४४), तैत्तिरीयसंहितामा (४।६।९।४) र तैत्तिरीयब्राह्मणमा (३।७।७।१४) पनि रहेको छ।

यस मन्त्रबाट यज्ञमा मारिएको पशु पशुयोनिबाट मुक्त हुन्छ भन्ने सिद्धान्त वेदमा नै उल्लिखित भएको कुरा स्पष्ट हुन्छ। नेपाली ब्राह्मणहरूका समेत कुलदेवताका पूजामा पनि बलि दिने परम्परा छ। मनुस्मृति याज्ञवल्क्यस्मृति इत्यादि स्मृतिहरूमा भक्ष्य र अभक्ष्य पशु, पक्षी र माछाहरूको उल्लेख पाइन्छ। तसर्थ वेदमा बताइएको सिद्धान्तको विरुद्ध गएर मनलाग्दि तर्क गर्नुको वैदिक धर्ममा कुनै स्थान छैन। वेदकै भनाइलाई पुष्टि गर्न मनुस्मृतिमा पनि यस विषयको व्याख्या गरिएको छ–.

यज्ञार्थं पशवः सृष्टाः स्वयमेव स्वयम्भुवा।

यज्ञश्च भूत्यै सर्वस्य तस्माद् यज्ञे वधोऽवधः॥५।३९॥

अर्थात्– स्वयम् ब्रह्माजीद्वारा नै यज्ञका लागि पशुहरूको सृष्टि गरिएको हो। यज्ञचाहिँ सम्पूर्ण जगत्को कल्याणका निम्ति हो। त्यसै कारणले यज्ञमा गरिने पशुको हिंसा अहिंसा नै हो। यो भनाइ मीमांसाशास्त्रको पनि सम्मत देखिन्छ।

ओषध्यः पशवो वृक्षास् तिर्यञ्चः पक्षिणस् तथा।

यज्ञार्थं निधनं प्राप्ताः प्राप्नुवन्त्युच्छ्रितीः पुनः॥५।४०॥

अर्थात्– ओषधि, पशु, वृक्ष, तिर्यक् जीव र पक्षी पनि यज्ञका निम्ति मरेका खण्डमा फेरि उन्नति गर्दछन् अर्थात् उत्कृष्ट योनिमा उत्पन्न हुन्छन्।

आफू मासु खानेले देवीलाई पनि पशुबलि दिनै पर्ने देखिन्छ। आफू भने मासु खान हुन्छ भन्ने र मासु खाने, देवतालाई शास्त्रले विधान गरेको वा कुलपरम्पराले प्राप्त भएको बलि दिने कुराको भने विरोध गर्ने व्यक्ति महानास्तिक ठहर्दछ। देवपितृलाई अर्पण नगरीकन आफूले मात्र मासु खाने कार्यलाई उचित मान्ने र शास्त्रअनुसार देवतालाई बलि दिने कार्यको भने विरोध गर्ने व्यक्तिहरू पनि नास्तिक तथा अविवेकी नै हुन् भन्ने बुझ्नुपर्छ। देवीभागवतमा पनि मासु खाने व्यक्तिहरूले देवीलाई राँगो, बोको वा बँदेलको बलि दिनुपर्ने कुरा र देवीका अगाडि बलि दिइएका पशु स्वर्ग जाने भएकाले बलि दिँदा हिंसाको दोष नलाग्ने कुरा बताइएको छ–

मांसाशनं ये कुर्वन्ति तैः कार्यं पशुहिंसनम्।

महिषा–ऽज–वराहाणां बलिदानं विशिष्यते॥

देव्यग्रे निहता यान्ति पशवः स्वर्गमव्ययम्।

न हिंसा पशुजा तत्र निघ्नतां तत्कृतेऽनघ॥ —देवीभागवत ३।२६।३२-३३।

वैदिकका यज्ञहरूभन्दा वैष्णवका मूर्तिपूजा-उपासनाहरू भिन्नै प्रकारका छन्। शैव-पाशुपतादिका लिङ्गपूजा, श्मशानसेवन आदि आफ्नै प्रकारका छन्। शाक्तहरूका पनि दक्षिणमार्ग, वाममार्ग इत्यादिका आआफ्नै आचरण, अनुष्ठान र उपासनाहरू छन्। तिनका आआफ्ना शास्त्र र ग्रन्थ पनि छन्। देवीका र भैरवका मन्दिरहरू मुख्यतया शाक्त पन्थका हुन्। त्यहाँ तिनले आफ्नै मार्गअनुसार कर्म गर्दछन्। त्यसमा सामान्य अवस्थामा अरू मार्गका व्यक्तिहरूले टीकाटिप्पणी गरेर हस्तक्षेप गर्नु उचित पनि हुँदैन। हाम्रा परम्परामा त विभिन्न मार्ग स्वीकृत छन्–

त्रयी साङ्ख्यं योगः पशुपतिमतं वैष्णवमिति,

प्रभिन्ने प्रस्थाने परमिदमदः पथ्यमिति च।

रुचीनां वैचित्र्यादृजुकुटिलनानापथजुषाम्,

नृणामेको गम्यस् त्वमसि पयसामर्णव इव॥ —शिवमहिम्नः स्तोत्रम्, श्लो.७।

यस्तो भनेर सबै पन्थका व्यक्तिहरूलाई आआफ्ना रुचिका सोझा वा बाङ्गा, सजिला वा अप्ठेरा मार्गबाट अर्थात् पद्धतिबाट ईश्वरको पूजा-आराधना गर्ने छुट दिइँदै आएको छ। कसैलाई देवीका वा भैरवका मन्दिरमा चल्ने अनुष्ठान मनपर्दैन भने ऊ विष्णुका वा शिवका मन्दिरमा वा ब्राह्मणगृहमा वा गुरुकुलमा वा तपोवनमा वा नदीतीरमा वा पर्वतशिखरमा वा अन्यत्र जान सक्छ। एक प्रकारका पन्थका अनुयायीहरूलाई अर्को प्रकारका पन्थको अनुष्ठान विकृतिजस्तो लाग्न पनि सक्छ। त्यत्तिकैमा एक पन्थका अनुयायीले अर्को पन्थको अनुष्ठानलाई विकृति भनेर परस्पर विरोध चर्काउनु उचित देखिँदैन।

प्राचीन कालमा त वैष्णवहरूले नै पनि विष्णुलाई मृगको, बोकाको र खरायोको मासुको नैवेद्य लाउने गर्दथे भन्ने कुरा वैष्णवहरूले विशेष मान्ने वराहपुराणमा पनि आएको तलको श्लोकबाट स्पष्ट हुन्छ–

मार्गमांसं वरं छागं शाशं समनुयुज्यते।

एतानि प्रापणे दद्यान् मम चैतत् प्रियावहम्॥ —वराहपुराण ११९।१२-१३।

ब्रह्मसूत्रका **"अशुद्धमिति चेन् न शब्दात्"** (३।१।२५) भन्ने सूत्रका व्याख्यामा

Raj Kishore

रामानुजादि वैष्णव भाष्यकारहरूले नै पनि वैदिक यज्ञको पशुहिंसालाई समर्थन नै गरेका छन्। आधुनिक वैष्णवहरूले यो कुरा नबुझेको देखिन्छ। देवदेवीलाई बलि दिने र तिनको मासु खाने कुरा पनि त्यस्तै हो। हिंसा र अहिंसाको विवेचना पनि सूक्ष्म ढङ्गले गर्न आवश्यक छ। स्थूल हिंसालाई मात्र हिंसा देख्ने सूक्ष्म हिंसालाई हिंसा नै नदेख्ने अवैज्ञानिक दृष्टि हटाउनुपर्छ। यस्ता विषयमा पढेलेखेका मान्छेले विचार गरेर विवेकपूर्ण कुरा मात्र लेख्न-बोल्न पर्छ।

अन्त्यमा प्रजापतिस्मृतिको वैदिक-सनातन-वर्णाश्रम-धर्मका अनुयायीका निम्ति सारै नै महत्त्वपूर्ण, प्रेरणास्पद र सर्वथा अनुसरणीय तलको वचनबाट यो लेख टुङ्ग्याइन्छ, जसमा "शास्त्रको विधिलाई अनुसरण गरेर काम गर्ने र निषेधलाई बुझेर त्यस कामबाट निवृत्त हुने गृहस्थ मुक्त हुन्छ" भनिएको छ–

प्रवृत्तिं वचनात् कुर्वन् निवृत्तिमपि कर्मणाम्।

एवं व्यवहरेन् नित्यं गृहस्थोऽपि हि मुच्यते॥ –प्रजापतिस्मृति, श्लोक १४६।

Raj Kishore

मीमांसादर्शन, वैदिक पशुयज्ञ र पुराणोक्त पशुबलि

–प्रा.डा. प्रमोदवर्धन कौण्डिन्न्यायन
मीमांसाचार्य, नेपाल संस्कृत विश्वविद्यालय

वैदिक सनातन धर्म

वेद र वेदाङ्गमा सनातन वर्णाश्रमधर्मको वर्णन छ। वर्णाश्रमधर्ममा विभिन्न प्रकारका कर्महरूको अनुष्ठान गर्नुपर्ने निर्देश पाइन्छ। वेदमा यज्ञहरूको विधान छ। कर्महरूमा मुख्य कर्म यज्ञ नै मानिएको छ। वेदमा नै "यज्ञ श्रेष्ठतम कर्म हो" भनिएको छ।[१]

प्राच्य विविध दर्शनको अनुसरण गर्ने प्रायः सबैले वेदमा पाइने आत्मज्ञान र ब्रह्मज्ञानलाई आधार मानेको देखिन्छ। वेदका मन्त्रसंहिता र ब्राह्मणग्रन्थमा तथा श्रौतसूत्र, गृह्यसूत्र र जैमिनीयधर्ममीमांसासूत्रमा मूल वैदिक यज्ञमार्ग बताइएको छ। पुराना विभिन्न मतका व्याख्याताहरूले वेदशाखाका मन्त्र, ब्राह्मण, श्रौतसूत्र, गृह्यसूत्रहरूमा र जैमिनीय–धर्ममीमांसासूत्रमा प्रतिपादित पशुयागको पनि समर्थन गरेपनि पछिपछिका तत्तन्मतानुयायीहरूले के के भएर हो किन हो पशुयागको प्रत्याख्यान गर्ने चेष्टा गर्न थालेको देखिन्छ।

जैमिनीयधर्ममीमांसासूत्रमा वैदिकपशुयागको विस्तृत विचार भएको छ र मीमांसाभाष्यकार शबरस्वामीबाट त्यसको व्याख्या भएको छ। मीमांसावार्त्तिककार कुमारिल भट्टपादबाट आफ्ना ग्रन्थहरूमा वैदिकपशुयज्ञका विरोधीहरूको प्रबल खण्डन गरिएको पाइन्छ। प्रभाकर मिश्रबाट प्रतिपादित गुरुमतका ग्रन्थमा पनि वैदिक पशुयागको विस्तृत रूपमा विचार गरिएको छ।

१. यज्ञो वै श्रेष्ठतमं कर्म। –मा.वा.शतपथब्राह्मण १।७।१।५।

मीमांसादर्शन

वेदमा हविर्यज्ञ, पशुयाग र सोमयागको विधान छ। मीमांसादर्शनमा पनि ती यज्ञको विवेचना गर्ने क्रममा पशुयज्ञको पनि विस्तृत विवेचना गरिएको छ। मीमांसाशास्त्रको संक्षिप्त परिचय दिएर मीमांसाशास्त्रमा विचारित पशुयज्ञको विवरण दिन उपयुक्त देखिएकाले यहाँ सर्वप्रथम मीमांसाशास्त्रको परिचय दिइन्छ।

जैमिनीय धर्ममीमांसाशास्त्र मीमांसादर्शनका नामले प्रसिद्ध छ। वेदार्थको विचार गर्ने मीमांसादर्शन वेदका सिद्धान्तमा आधृत दर्शन हो। छ वटा प्राच्य आस्तिक दर्शनहरूमा मीमांसादर्शनको प्रमुख स्थान छ। शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्दःशास्त्र र ज्योतिष यी छवटा वेदाङ्गशास्त्रहरूबाट समेत निर्धारित हुन नसकेका वेदवाक्यका अर्थको निर्णय गर्ने आधारहरू यस दर्शनमा बताइएका छन्। वेदका सन्दिग्ध वाक्यको अर्थ लगाउने त्यस्ता नियमहरू मीमांसाशास्त्रका अधिकरणहरूमा सङ्कलित छन्। मीमांसाशास्त्रका धर्ममीमांसा अर्थात् पूर्वमीमांसा र ब्रह्ममीमांसा अर्थात् उत्तरमीमांसा गरी दुई भाग छन्। उत्तरमीमांसा वेदान्तदर्शन र पूर्वमीमांसा मीमांसादर्शनका नामले प्रसिद्ध छन्। सनातनीहरूका परम्परामा वेदमन्त्रसंहिता, ब्राह्मणग्रन्थ, श्रौतसूत्र, गृह्यसूत्र तथा शिक्षा, व्याकरण, निरुक्त, छन्दःशास्त्र र ज्योतिष यी वेदाङ्गशास्त्रका सूत्रग्रन्थहरूका साथमा पूर्वमीमांसासूत्र र उत्तरमीमांसासूत्र पनि प्रतिदिन गरिने ब्रह्मयज्ञमा (स्वाध्यायाध्ययनमा) पढ्नुपर्ने नियम छ।[२] वेदको अर्थ निश्चित गर्न मीमांसाको उपयोगिता र महत्त्व रहेकाले यसलाई वेदका उपाङ्गहरूमा मुख्य उपाङ्ग मानिएको र नित्य अध्ययन गर्न पर्ने पनि मानिएको देखिन्छ।

कुनै पनि सुसमन्वित ग्रन्थका बिचमा आएका सन्देहग्रस्त वाक्य अथवा विषयमा निर्णय गर्न आवश्यक पर्ने सार्वभौम सिद्धान्तहरूको व्यवस्थित प्रतिपादन विश्वमै सर्वप्रथम यसै शास्त्रमा भएको देखिन्छ। मीमांसादर्शनमा वेदका वाक्यहरूको विचार भएको छ। उदाहरण दिँदा पनि वैदिक यज्ञसँग सम्बन्ध राख्ने सन्देहग्रस्त वेदवाक्यहरूको र वैदिक यज्ञसँग सम्बद्ध विविध पक्षहरूको नै दिइएको छ। त्यस्ता वाक्य र प्रकरणहरूका अर्थको निर्णय गर्ने आधार अथवा न्यायहरूको व्यवस्थित क्रममा प्रतिपादन गरिएको छ। वेद-वेदाङ्ग पढिसकेपछि

२. अथातो जैमिनेः सूत्रमथातो व्यासभाषितम्।—लौगाक्षिस्मृति, पृ. २९९।

Raj Kishore

मीमांसा पढ्नुपर्ने नियम छ। मीमांसाशास्त्रको विचारविषय धर्म हो। श्रौतयज्ञरूप धर्मका सम्बन्धमा मात्र हैन स्मृति र पुराणले बताएका धर्मका विषयमा सन्देह पर्दा पनि यिनै मीमांसाशास्त्रका न्यायहरूको प्रयोग गरी सन्देह हटाउने परम्परा छ।[३] मीमांसाशास्त्रमा सन्देहग्रस्त वाक्यको अर्थ लगाउन र वेदका प्रकरणहरूमा आएका त्यस्ता वाक्यहरूको तात्पर्यको निर्णय गर्नका निम्ति आवश्यक पर्ने धेरै सिद्धान्त स्थापित गरिएका छन्। यस्ता अधिकरण मीमांसाशास्त्रमा सबै गरेर १२०० भन्दा केही बढी छन्। यी सिद्धान्तहरू विभिन्न विधाका निम्ति उपयोगी छन्। वेदका वाक्यहरूको उदाहरण दिइए पनि प्रतिपादित न्याय भने सार्वभौम प्रकृतिका हुन्छन्। अतः यिनको प्रयोग वेद, धर्मशास्त्र, भाषाशास्त्र, कर्मकाण्ड, कानुन इत्यादि विविध विषयमा गर्न सकिन्छ।

जैमिनीय धर्ममीमांसासूत्र

जैमिनिमुनिबाट आफ्ना धर्ममीमांसासूत्रमा विभिन्न प्रसङ्गमा पुराना आत्रेय, आलेखन इत्यादि दश जना धर्ममीमांसाविज्ञ आचार्यहरूको उल्लेख भएको छ। वर्तमान कालमा जैमिनिमुनिद्वारा रचना गरिएको सूत्रग्रन्थ नै मीमांसादर्शनको मूल आधार ग्रन्थ हो। यो सूत्रबाहेक अन्य कुनै पनि मीमांसादर्शनको सूत्रग्रन्थ यस समय उपलब्ध छैन। जैमिनिमुनि बादरायण व्यासका शिष्य भएको कुरा मीमांसाको परम्पराले मानेको छ।[४] बादरायणमुनिद्वारा रचित ब्रह्ममीमांसासूत्र अथवा ब्रह्मसूत्र पनि जैमिनिमुनिद्वारा रचिएको धर्ममीमांसासूत्रको उपजीवी रहेको छ। **हानौ तूपायनशेषत्वात् कुशाछन्दस्तुत्युपगानवत् तदुक्तम्, द्वादशाहवदुभयविधं बादरायणोऽतः**[५] इत्यादि सूत्रले यो कुरा प्रमाणित गर्दछन्। पूर्वमीमांसादर्शनसूत्रमा १६ अध्याय छन्। तिनमा १२ अध्यायसम्मको भागलाई तन्त्रकाण्ड र त्यसपछिको चार अध्यायको भागलाई सङ्कर्षकाण्ड भन्दछन्। जैमिनीय धर्ममीमांसाका बाह्र अध्यायमा लगभग ९०७ अधिकरण एवम् २७४५ सूत्र छन्। धर्ममीमांसासूत्रका बाह्र अध्याय विशेष रूपमा प्रसिद्ध भएकाले **द्वादशलक्षणी मीमांसा** भन्ने प्रसिद्धि

---

३. नैपालधर्मशास्त्रिकृत–धर्मशास्त्रनिबन्धानां मीमांसान्यायदृष्ट्या संक्षिप्तं पर्यालोचनम्, प्रमोदवर्धन कौण्डिन्न्यायन, २०५५, पृ.७२।

४. दर्शनामृत, पं. बुद्धिसागर पराजुली, २०२५, पृ.८१–८२।

५. ब्रह्ममीमांसासूत्र (ब्रह्मसूत्र) ३।३।२६, ४।४।१२।

Raj Kishore

छ । ती प्रारम्भका बाह्र अध्यायहरूमा क्रमशः प्रमाण, कर्मभेद, शेषशेषित्व, क्रत्वर्थत्व–पुरुषार्थत्व, क्रम, अधिकार, सामान्य अतिदेश, विशेष अतिदेश, ऊह, बाध, तन्त्र र प्रसङ्ग यी मुख्य विषय विचारित छन्। धर्ममीमांसाशास्त्रको तेह्रौँदेखि सोह्रौँसम्मका चार अध्याय सङ्कर्षकाण्डका नामले प्रसिद्ध छन्। सङ्कर्षकाण्डमा धर्ममीमांसाकै फुटकर विषयहरूको विवेचना गरिएको हुनाले सङ्कर्षकाण्ड धर्ममीमांसाशास्त्रकै परिशिष्ट रूपको ग्रन्थ रहेको देखिन्छ। सङ्कर्षकाण्डमा ३५६ अधिकरण तथा ७०९ सूत्र छन्।

धर्ममीमांसासूत्रभाष्य

धर्ममीमांसासूत्रको आचार्य उपवर्षको वृत्ति धर्ममीमांसा र ब्रह्ममीमांसा दुवै भागलाई समेटेर बनेको थियो भन्ने बुझिएको छ। त्यसैले शबरस्वामीका मीमांसाभाष्यका साथै शङ्करभगवत्पादका ब्रह्ममीमांसाभाष्यमा समेत आचार्य उपवर्षको ससम्मान उल्लेख गरिएको पाइन्छ। पछिल्लो समयमा उपवर्षद्वारा रचित वृत्ति प्राप्त छैन। धर्ममीमांसाका सङ्कर्षकाण्डको अधिकांश भागमा देवस्वामीको भाष्य प्राप्त छ। यसका केही भागमा भने भवदासको भाष्य पाइएको छ।

शबरस्वामी ब्रह्ममीमांसासूत्रका भाष्यकार शङ्करभगवत्पादभन्दा प्राचीन हुन्। मीमांसादर्शनका इतिहासमा शाबरभाष्यको धेरै महत्त्व छ। यसमा धर्ममीमांसासूत्रको राम्रोसँग अर्थ लगाइएको छ। जैमिनिमुनिका सूत्रहरूको अर्थ बुझ्न शाबरभाष्य नै मूल आधार हुनुका साथै अन्त्यन्त उपयोगी पनि छ।

कुमारिलभट्टपाद र मीमांसावार्त्तिक

महान् चिन्तक र वैदिकसनातनधर्मका उद्धारक कुमारिलभट्टपादका श्लोकवार्त्तिक, तन्त्रवार्त्तिक र टुप्टीका पाइन्छन्। यिनै ग्रन्थहरू मीमांसावार्त्तिक भनिन्छन्। जैमिनीयधर्ममीमांसासूत्र र शाबरभाष्यको प्रथम अध्यायको प्रथम पाद (तर्कपाद) भागमा श्लोकवार्त्तिक नामक वार्त्तिकग्रन्थ बनेको छ। त्यसै गरी पहिलो अध्यायका दोस्रा पाउबाट तेस्रा अध्यायका समाप्तिसम्म फैलिएको शाबरभाष्यका भागमा तन्त्रवार्त्तिक नामले प्रसिद्ध गद्यपद्यमय वार्त्तिक छ। चौथो अध्यायको आरम्भबाट बाह्रौँ अध्यायको समाप्तिसम्म टुप्टीका नामले प्रख्यात लघुवार्त्तिक

छ । श्लोकवार्त्तिकमा वेदविरुद्ध दर्शनको विस्तृत रूपमा खण्डन भएको छ । तन्त्रवार्त्तिक र टुप्टीकामा वैदिक धर्मका विषयमा विस्तृत विचारहरू व्यक्त भएका छन् । तन्त्रवार्त्तिकमा सूत्र र भाष्यमा नभएका सदाचारको प्रामाण्य, बाह्यग्रन्थको (वेदबाह्य मतका ग्रन्थको) अप्रामाण्य इत्यादि धेरै कुराहरू विवेचनपूर्वक प्रतिपादित गरिएका छन् । भट्टपादका वार्त्तिकको उम्बेक, सुचरितमिश्र, पार्थसारथिमिश्र, सोमेश्वरभट्ट, परितोषमिश्र, वेङ्कटेश इत्यादिले व्याख्या गरेको पाइन्छ । पार्थसारथिमिश्रले शास्त्रदीपिका र न्यायरत्नमाला यी दुई स्वतन्त्र ग्रन्थ पनि भट्टमतको पुष्टि गर्न बनाएका छन् । नव्यमीमांसकहरूले पनि नवीन शैलीमा रचित ग्रन्थहरूद्वारा भाट्टमतको पुष्टि गरेका छन् । ती ग्रन्थमा विश्वेश्वर भट्ट (गागा भट्ट) को भाट्टचिन्तामणि तथा खण्डदेवको भाट्टकौस्तुभ, भाट्टदीपिका र भाट्टतन्त्ररहस्य विशेष उल्लेखनीय छन् ।

मण्डनमिश्रको मीमांसानुक्रमणिका र विधिविवेक, भट्टसोमेश्वरको न्यायसुधा (तन्त्रवार्त्तिकको टीका), चिदानन्द पण्डितको नीतितत्त्वाविर्भाव, माधवाचार्यको जैमिनीयन्यायमाला, नारायण भट्ट र नारायण पण्डितको मानमेयोदय, लौगाक्षिभास्करको अर्थसङ्ग्रह, आपदेवको मीमांसान्यायप्रकाश, वासुदेव दीक्षितको अध्वरमीमांसा-कुतूहलवृत्ति नामको मीमांसासूत्रको वृत्ति इत्यादि ग्रन्थहरूद्वारा मीमांसाशास्त्रका सिद्धान्तहरूको विस्तृत व्याख्या भएको छ ।[६]

प्रभाकरमिश्र र गुरुसम्प्रदाय

गुरुका नामले प्रसिद्ध प्रभाकरमिश्रको बृहती नामको शाबरभाष्यव्याख्या प्राप्त छ । यस व्याख्याले मीमांसादर्शनको गुरु-सम्प्रदाय अथवा प्रभाकर-सम्प्रदायको स्थापना गर्ने काम गरेको छ ।

प्रभाकरमिश्र गुरु नामले प्रख्यात छन् । प्रभाकरमिश्रले शाबरभाष्यका दुई टीका बृहती र लघ्वीको रचना गरेको उल्लेख पाइन्छ ।

प्रभाकरमतमा धेरै विशेषताहरू रहेका छन् । अध्ययन अध्यापनविधिद्वारा प्रयुक्त हो, मीमांसासूत्रको पहिलो अध्याय पूरै विधिप्रामाण्यपरक हो, वेदमा कार्यका रूपमा नियोग नै लिङ्लकारको अर्थ हो इत्यादि यस मतका सिद्धान्त छन् ।

---

६. दर्शनामृत, पं. बुद्धिसागर पराजुली, २०२५, पृ. ८४-८९ ।

त्यसै गरी अख्यातिवाद, अन्विताभिधानवाद, त्रिपुटीसिद्धान्त, अभावको अस्वीकार इत्यादि प्रभाकरमतका विशेषता हुन्।

गुरुमतका मुख्य व्याख्याता शालिकनाथ मिश्रले बृहतीको ऋजुविमला व्याख्या र लघ्वीको दीपशिखा व्याख्याको रचना गरेका छन्। त्यसै गरी गुरुमतका अनेक विषयको विचार गर्ने र मण्डन गर्ने प्रकरणपञ्चिका नामको प्रकरणग्रन्थ पनि रचेका छन्। नन्दीश्वरले प्रभाकरविजय नामको ग्रन्थद्वारा गुरुमतको पुष्टि गरेका छन्। भवनाथले ऋजुविमलाको नयविवेक नामको टीका र वरदराजले नयविवेकव्याख्यामा दीपिका टीका लेखेका छन्। गुरुसम्मत प्रमाण र प्रमेयहरूको निरूपण गर्न तन्त्ररत्न नामको ग्रन्थ बनाउने रामानुज इत्यादि अरू पनि प्रभाकरानुयायी विद्वान्हरू ख्यातिप्राप्त छन्।

मीमांसादर्शनका सिद्धान्तहरू

वैदिक यज्ञमा मूलतः आधिभौतिक, आधिदैविक र आध्यात्मिक पक्ष घुलमिल भएर रहेका छन्। यज्ञभित्र सामाजिक, राष्ट्रिय आदि पक्ष पनि छन्।[७] मीमांसादर्शनले धर्मका विषयमा विचार गर्दा वेदोक्त कर्म नै धर्म हो भनेको छ। लिङ्, लोट्, लेट्, तव्य जस्ता प्रत्ययले शाब्दी भावनाको बोध गराउँछन्। प्रवृत्तिको अनुकूल व्यापार लोकमा कुनै व्यक्तिमा रहेको अभिप्राय हो भने वेदमा कुनै व्यक्ति वा पुरुष नभएकाले लिङादिशब्दमा नै रहेको हुन्छ। शाब्दी भावनाको साध्य आर्थी भावना हो भने लिङ् इत्यादिको ज्ञान करण हो। यो काम प्रशंसनीय छ भन्ने ज्ञान इतिकर्तव्यता हो।[८] मीमांसादर्शनले शास्त्रद्वारा विधान गरिएका कर्मबाट नै अपूर्वनामक शक्तिको उत्पत्ति हुन्छ र त्यसद्वारा फल प्राप्त हुन्छ भनेर अपूर्वको स्थापना गरेको छ। यो मीमांसाशास्त्रको विशेषता पनि हो। मीमांसाशास्त्रको द्वितीय अध्यायको प्रथम पाउको दोस्रो अधिकरणमा यो विषय छ। यज्ञ नै फल प्राप्त गराउने साधन हो, तर यज्ञ क्षणिक हुनाले फल प्राप्त हुने समयसम्म रहँदैन। अतः यज्ञबाट सोझै फल पाइने नभई यज्ञबाट अपूर्वको उत्पत्ति हुन्छ र अपूर्वबाट उचित समयमा फलको प्राप्ति हुन्छ भन्ने मानिएको छ।[९] यसरी मीमांसादर्शनमा

७. वैदिकमन्त्रसङ्ग्रहः, शिवराज आचार्य कौण्डिन्न्यायन, २०५२, पृ. १२४।

८. मीमांसान्यायप्रकाशः, आपोदेव, पृ. ६-१६।

९. चोदना पुनरारम्भः। –जैमिनीय-धर्ममीमांसासूत्र २।१।१।

Raj Kishore

फलदाताले दिएर फल पाइने कुरा नमानी कर्मबाट नै फल पाइने कुरा मानिएको छ। त्यसैले भनिएको छ– **मीमांसकको कथनानुसार यज्ञ गर्दा देवताले पनि हामीलाई फल दिने होइनन्, किन्तु कर्म नै हामीलाई फल दिन्छ, मीमांसकका मतमा कर्मका देवता पनि मन्त्रमयी मानिन्छन्।**[१०] यसरी मीमांसादर्शनले कर्मले नै अपूर्वद्वारा फल दिन्छ भन्ने सिद्धान्त स्थापित गरी वैदिक कर्मको महत्त्व देखाएको छ।

वैदिक पशुयज्ञ

वैदिक पशुयज्ञहरूको प्रकृति निरूढ–पशुबन्ध अथवा सोमयागअन्तर्गतको अग्नीषोमीय–पशुयाग हो। अरू पशुयज्ञहरू यसैका विधिविधानअनुसार केही मात्र फरक पारी अनुष्ठान गरिन्छन्। निरूढपशुबन्ध वर्षा कालमा पूर्णिमा अथवा औँसी तिथिमा वर्षको एकपटक अथवा दक्षिणायनको र उत्तरायणको प्रारम्भ हुने समयको आसन्न (नजिकका) पूर्णिमाहरूमा अथवा औँसीहरूमा वर्षको दुई पटक गर्ने विधान छ।[११] अग्नीषोमीय–पशुयाग (अग्नि र सोम देवता भएको बोकोद्वारा गरिने याग) को अनुष्ठान चाहिँ सोमयागअन्तर्गत चौथो दिनमा हुन्छ।

निरूढपशुबन्धमा ब्रह्मा, होता, अध्वर्यु, मैत्रावरुण, प्रतिप्रस्थाता र अग्नीत् यी छ ऋत्विक् चाहिन्छन्। फराकिलो पूर्वतिर पानीढलो भएका ठाउँमा विहार बनाई यो याग सम्पन्न गरिन्छ। ब्रह्माको वरणपछि व्रतग्रहण गरिन्छ। अनि विधिपूर्वक यूप(मौलो)को छेदन र यूपतक्षण (मौलोको काठ ताछेर मौलो बनाउने काम) हुन्छ। यूपलाई यज्ञ गर्ने स्थलमा ल्याएर आज्यहोम गरेर पात्रासादन, पवित्रच्छेदन, प्रोक्षणसंस्करण इत्यादि गरिन्छन्। भोलिपल्ट यूप गाड्न खाल्टो उत्तरवेदीको पूर्वभागमा आधा वेदीभित्र र आधा वेदीबाहिर हुने गरेर खनेर यूपलाई प्रोक्षण गरेर यूप ठड्याई अन्य कर्महरू गरिन्छन्। त्यसपछि यूपमा पशुनियोजन गर्ने, पशुको समञ्जन गर्ने इत्यादि काम हुन्छन्।

---

१०. पूर्वमीमांसादर्शन, पं. जुननाथशर्मा, दर्शनप्रवेशिका, २०१३, पृ.७०।

११. पशिवज्या संवत्सरेसंवत्सरे प्रावृषि ॥ आवृत्तिमुखयोर्वा ॥–कात्यायन–श्रौतसूत्र ६।१।१–२।
अग्निहोत्रं च जुहुयादाद्यन्ते द्युनिशोः सदा।
दर्शेन चार्धमासान्ते पौर्णमासेन चैव हि॥
सस्यान्ते नवसस्येष्ट्या तथर्त्वन्ते द्विजोऽध्वरैः।
पशुना त्वयनस्याऽऽदौ समान्ते सौमिकैर्मखैः ॥–मनुस्मृति ४।२५,२६; द्रष्टव्य– याज्ञवल्क्य–स्मृति १।१२५।

Raj Kishore

यसपछि अध्वर्युले मैत्रावरुणलाई डुम्रीको दण्ड दिनुपर्छ। दश प्रयाजहरूको हवनपछि यथाविधि पशुको सञ्ज्ञपन (मारण) हुन्छ। त्यसपछि पत्नीलाई ल्याउने, यजमानपत्नीलाई **"नमस्त आतानानर्वा प्रेहि"**[१२] इत्यादि वेदमन्त्रको वाचन गराउने इत्यादि काम गरिन्छन्।[१३] त्यसपछि यजमान-पत्नीद्वारा **"वाचं ते शुन्धामि"**[१४] इत्यादि वेदमन्त्रहरूको उच्चारण गर्दै पानीले पशुका वाक्, प्राण, चक्षु इत्यादिको शोधन गर्ने काम गर्न पर्ने विधान छ–

अथ पशोः प्राणानद्भिः पत्नी उपस्पृशति। ... यत् पत्नी उपस्पृशति। योषा वै पत्नी योषायै वा इमाः प्रजाः प्रजायन्ते। तदेनमेतस्यै योषायै प्रजनयति तस्मात् पत्नी उपस्पृशति॥ –मा.वा. शतपथब्राह्मण ३।८।२।५

पशोः प्राणाञ्छुन्धति पत्नी॥ मुखं नासिके चक्षुषी कर्णौ नाभिं मेढ्रं पायुं पादान् संहृत्य वाचं ते शुन्धामीति प्रतिमन्त्रम्॥ –कात्यायनश्रौतसूत्र ६।६।२-३

त्यसपछि पशुको वपा निकाल्ने, वपालाई पकाउने इत्यादि काम गर्ने विधान छ। अनि प्रयाजहवन र आज्यभागयाग हुन्छन्। त्यसपछि वपाको हवन, वपाश्रपणीप्रासन, स्रुगासादन र मार्जन गरिन्छन्। अनि शमिताले पशुको विशसन गर्ने (काटेर अङ्ग छुट्याउने) विधान छ। मुटु, जिब्रो, ह्याकुलो, पछाडिको देब्रे नलीखुट्टो, करङका भाग, कलेजो, मिर्गौला, गुदनलिका, पछाडिको दाहिने फिलो, पछाडिको दाहिने नलीखुट्टो, ठुलो आन्द्रो, पुच्छदण्डिका, गलनाडिका, फियो, अध्यूध्नी, पुरीतत् (मुटुको खोल जस्तो भाग) यी अङ्गहरू निकाल्ने र तिनलाई विविध प्रकारले शामित्र नाम गरेका अग्निमा पकाउने विधान छ–

अङ्गान्यवद्यत्यभञ्जन्॥ हृदयं जिह्वां क्रोडं सव्यसक्थिपूर्वनडकं पार्श्वे यकद्-वृक्कौ गुदमध्यं दक्षिणा श्रोणिरिति जौहवानि॥ दक्षिणसक्थि-पूर्वनडकं गुदतृतीयाणिष्ठं सव्या च श्रोणिरित्यौपभृतानि॥ वर्षिष्ठमुपयड्भ्यः॥ अवदानकाले प्रभागः॥ वनिष्ठु-जाघनी चावद्यति ॥ क्लोम-प्लीहाध्यूध्नीपुरीततं चेच्छन् ॥ उदरमेदोऽवशिष्टं गुदे प्रास्यति कृशश्चेत्॥ श्वभ्र ऊवध्यमवधाय तस्मिल्ँ लोहितं रक्षसामिति॥ शूले हृदयं प्रतृद्य शामित्रे श्रपयति॥ पशुञ्चोखायाम्॥–कात्यायनश्रौतसूत्र ६।७।५-१५॥

---

१२. माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेद-मन्त्रसंहिता ६।१२।

१३. कात्यायन-श्रौतसूत्र ६।६।१।

१४. माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेद-मन्त्रसंहिता ६।१४।

Raj Kishore

त्यसपछि विधिपूर्वक वसा(बोसो)को होम हुन्छ । अनि पृषदाज्यहोम (दहीसहित घिउको हवन), पशुका हवन गरेर बाँकी रहेका अङ्गको इडाभक्षण (इडाभाग खाने काम) गर्ने विधान छ । त्यसपछि एघार अनुयाज, सूक्तवाकको पाठ, पत्नीसंयाज, वेदयोक्त्रको विमोक, समिष्टयजुर्होम यी कर्म हुन्छन् । अनि तलाउका भिजेको र सुकेको स्थानका सन्धिमा हृदयशूल गाड्ने काम हुन्छ । उदकोपस्पर्शनपछि यजमानले आहवनीय अग्निमा र यजमानपत्नीले गार्हपत्य अग्निमा समिदाधान गर्नुपर्ने विधान छ। त्यसपछि व्रतविसर्ग (लिएको व्रत छाड्ने काम) गर्ने, मध्यमाहवनीयमा आज्यहोम गर्ने र दक्षिणादान गर्ने काम हुन्छन्। श्रौत अग्निहरू (गार्हपत्य अग्नि, आहवनीयाग्नि र दक्षिणाग्नि) को विधिपूर्वक आधान गरेर निरूढपशुबन्धसम्मका कर्तव्य कर्म गर्ने व्यक्तिलाई पशुबन्धयाजी भन्छन् भने सोमयाग समेत गर्नेलाई सोमयाजी भन्दछन्।

"अग्नीषोमीयं पशुमालभेत"[१५] भनेर विहित अग्नीषोमीय पशु कुन हो? भन्ने विषयमा मीमांसादर्शनमा षष्ठ अध्यायको अन्तिम अधिकरणमा विचार गरिएको छ । यजुर्वेदमा यस प्रसङ्गमा आएका **"छागस्य वपाया मेदसोऽनुब्रूहि"**[१६] भन्ने मन्त्रमा छाग (बोको) भनेर भनिएकाले अग्नीषोमीय पशु छाग भएको कुरा स्पष्ट हुन्छ भन्ने मीमांसाशास्त्रको निर्णय छ–

पशुचोदनायामनियमोऽविशेषात् ॥ छागो वा मन्त्रवर्णात् ॥

—जैमिनीय-धर्ममीमांसासूत्र ६।८।३०-३१ ।

अग्नीषोमीय पशु, सवनीय पशु र आनुबन्ध्य पशुका निम्ति यूप (मौलो) चाहिँ एउटै हुन्छ, छुट्टाछुट्टै मौलो बनाउने होइन भन्ने निर्णय मीमांसादर्शनको एघारौँ अध्याय (तन्त्राध्याय) का तेस्रा पाउमा गरिएको छ–

यूपश्चाकर्मकालत्वात् ॥ एकयूपं च दर्शयति ॥

—जैमिनीय-धर्ममीमांसासूत्र ११।३।३-४ ।

अविशेषात् सर्वयूपापकर्षे सत्यकर्मकालत्वादगृह्यमाणविशेषो यूपः सर्वेषां तन्त्रम् ॥

—शास्त्रदीपिका ११।३।३, पृ. ८१९ ।

---

१५. तैत्तिरीयसंहिता ६।१।११ ।

१६. तैत्तिरीयब्राह्मण ३।६।८।१, द्र.-माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदसंहिता २१।४१ ।

Raj Kishore

यसै गरी द्रव्य र देवता व्यक्त हुनाले अग्नीषोमीय-यागमा इष्टिको विधिविधान अतिदेश भएर आउँछ। त्यसै गरी अग्नीषोमीय पशुको विधिविधान जस्तो छ धेरैजसो त्यस्तै विधिविधान सवनीय इत्यादि अरू पशुहरूमा पनि लागु हुन्छन् । ऐकादशिन पशुहरूका यागमा चाहिँ सवनीय-पशुयागका विधिविधान जान्छन्। त्यसै गरी अरू पशुगणहरूमा चाहिँ ऐकादशिन पशुको पद्धति जान्छ–

इष्टिषु दर्शपूर्णमासस्य प्रवृत्तिः स्यात् ॥ पशौ च लिङ्गदर्शनात् ॥ दैक्षस्य चेतरेषु ॥ ऐकादशिनेषु सौत्यस्य द्वैरशन्यस्य दर्शनात् ॥ तत्प्रवृत्तिर्गणेषु स्यात् प्रतिपशु यूपदर्शनात् ॥ – जैमिनीय-धर्ममीमांसासूत्र ८।१।५-८।

पशुबन्धमा साक्षात् पशुको नै मारण गरी विशसन गर्ने (काट्ने), अङ्गश्रपण गर्ने (अङ्ग पकाउने), अवदान गर्ने (छुट्टाएर लिने) र हवन गर्ने काम गरिन्छन् भन्ने कुरा वेदका मन्त्रसंहिता, ब्राह्मणग्रन्थ र श्रौतसूत्रहरूबाट स्पष्ट रूपमा बुझिन्छ। आत्माको अमरताको सिद्धान्तले, यज्ञमा मारिएको पशु देवताहरूमा पुग्छ भन्ने धारणा हुनाले, यज्ञिय पशुमारण पनि संसारमा प्रतिक्षण हुने जीवको तिरोभाव र आविर्भाव जस्तै हुनाले र शास्त्रका विधिको अनुसरणले राग, द्वेष, कृपा, असूया, भय, दुःख इत्यादि दोषको उन्मूलन हुन सक्ने हुनाले वैदिकधर्ममा यज्ञको पशुहिंसालाई अहिंसा नै मानिएको देखिन्छ।[१७]

पशुमारण गर्ने र पशुको विशसन गर्ने (अङ्गहरू काट्ने) काम गर्ने शमिता पनि ऋत्विक्हरूमध्येकै एक ऋत्विक् हुने कुरा कात्यायनश्रौतसूत्रमा बताइएको छ।[१८] मीमांसादर्शनसूत्रमा ब्राह्मण नै ऋत्विक् हुन सक्ने कुराको निर्णय गरिएको छ।[१९] सोह्र ऋत्विक्हरूमध्ये अध्वर्युगणको प्रतिप्रस्थातादि ऋत्विक् शमिता हुने कुरा मीमांसादर्शनको तेस्रो अध्यायको सातौँ पाउको तेह्रौँ अधिकरणमा बताइएको छ।[२०]

---

१७. वैदिक धर्म मूल रूपमा, शिवराज आचार्य कौण्डिन्न्यायन, २०६२, पृ. ५३३।

१८. ऋत्विजां वैकोऽप्रक्लृप्तत्वाच्छमित्रे। –कात्यायनश्रौतसूत्र ६।७।२।

१९. स्मृतेर्वा स्याद् ब्राह्मणानाम् ॥ फलचमसविधानाच्चेतरेषाम् ॥ सान्नाय्येऽप्येवं प्रतिषेधोऽसोमपीथिहेतुत्वात् ॥ चतुर्धाकरणे च निर्देशात् ॥ अन्वाहार्ये च दर्शनात्। –जैमिनीय-धर्ममीमांसासूत्र १२।४।४३-४७।
द्विजोत्तमानामार्त्विज्यं न तु क्षत्रिय-वैश्ययोः।
ब्राह्मणार्त्विज्यनियमः क्रत्वर्थेनाऽपि हि स्मृतः ॥ –शास्त्रदीपिका, पार्थसारथिमिश्र, १२।४।१६, पृ. ८८४।

२०. तत्राध्वर्योः "पराङावर्तेऽध्वर्युः पशोः सञ्ज्ञप्यमानात्" इति वचनेनाऽसामर्थ्यात् तत्पुरुषः प्रतिप्रस्थाता सञ्ज्ञपयेत्।–भाट्टदीपिका, खण्डदेव, ३।७।१३, भाग २, पृ. ५१।

Raj Kishore

धर्ममीमांसाशास्त्रका प्राचीन–अर्वाचीन सबै ग्रन्थमा पनि वैदिक पशुयागको विविध प्रकारले विवेचना गरिएको छ। पशुहिंसा हुने यज्ञबाट ब्राह्मणहरू सन्तुष्ट हुने कुरा मीमांसावार्त्तिककार कुमारिलभट्टपादका तन्त्रवार्त्तिकमा यसरी बताइएको छ–

पशुहिंसादिसम्बन्धे यज्ञे तुष्यन्ति हि द्विजाः।

तेभ्य एव हि यज्ञेभ्यः शाक्याः क्रुध्यन्ति पीडिताः॥

–तन्त्रवार्तिक १।३।७, पृ.१२५।

(पशुहिंसादिको सम्बन्ध भएका यज्ञमा ब्राह्मणहरू सन्तुष्ट हुन्छन्। तिनै यज्ञबाट शाक्यहरू पीडित भएर रिसाउँछन्।)

महाकवि कालिदासको अभिज्ञानशाकुन्तल नाटकमा एक प्रसङ्गमा श्रोत्रियब्राह्मणले वैदिकयज्ञमा पशु मार्ने कुराको उल्लेख गरिएको छ–

सहजं किल यद् विनिन्दितं न खलु तत् कर्म विवर्जनीयकम्।

पशुमारणकर्मदारुणः अनुकम्पामृदुरेव श्रोत्रियः॥

(यसलाई मूल रूपमा प्राकृत भाषामा यस प्रकार लेखिएको पाइन्छ – **शहजे किल जे विणिन्दिए ण हु दे कम्म विवज्जणीअए। पशुमालण–कम्म दालुणे अणुकम्पामिदु एब्ब शोत्तिए॥**)–अभिज्ञानशाकुन्तल, छैटो अङ्कको अङ्कावतार।

अग्निष्टोम–सोमयाग

सोमयागका सात संस्था हुन्छन्– अग्निष्टोम, उक्थ्य, षोडशी, अतिरात्र, अत्यग्निष्टोम, संस्थावाजपेय र अप्तोर्याम। अग्निष्टोम–सोमयागमा तीनवटा पशुयागहरू हुन्छन्– अग्नीषोमीय–पशुयाग, सवनीय–पशुयाग र आनुबन्ध्य–पशुयाग। अग्नीषोमीय–पशुयाग औपवसथ्य दिनमा (चौथो दिनमा) हुन्छ। सवनीय–पशुयाग पाँचौ दिनको सुत्याकालमा हुन्छ। आनुबन्ध्य–पशुयाग त्यसै पाँचौं दिनमा अन्त्यमा हुन्छ।

मीमांसाशास्त्रमा अनुष्ठानसादेश्यका उदाहरणका रूपमा पनि सोमयागअन्तर्गतको पशुयाग नै आएको छ। मीमांसाको प्रसिद्ध ग्रन्थ अर्थसङ्ग्रहमा भनिएको छ–

Raj Kishore

पशुधर्माणाम् अग्नीषोमीयार्थत्वम् अनुष्ठानसादेश्यात् । औपवसथ्येऽह्नि अग्नीषोमीयः पशुरनुष्ठीयते, तस्मिन्नेव दिने ते धर्माः पठ्यन्ते । ततस्तेषां कैमर्थ्याकाङ्क्षायामनुष्ठेयत्वेनोपस्थितं पश्वपूर्वमेव भाव्यत्वेन सम्बध्यते।

—अर्थसङ्ग्रह, पृ. १०५।

यसको अर्थ हो— पशुका उपाकरण, नियोजन इत्यादि धर्महरू (अङ्गहरू) अनुष्ठान-सादेश्यले (एउटै देशमा अनुष्ठान हुने हुनाले) अग्नीषोमीय पशुका निम्ति हुन्छन्। औपवसथ्य दिन (अग्निष्टोम सोमयागको चौथो दिन) मा अग्नीषोमीय पशुको अनुष्ठान हुन्छ। त्यसै दिनका प्रसङ्गमा उपाकरण, नियोजन आदि पशुका अङ्गकर्मको विधान गरिएको छ। त्यसैले ती अङ्गको कैमर्थ्याकाङ्क्षा (केका लागि हो भन्ने आकाङ्क्षा) हुँदा अनुष्ठान गर्न निर्देश गरिएको अग्नीषोमीय पशुबाट उत्पन्न हुने अपूर्वको त्यहाँ साध्यका रूपमा अन्वय हुन्छ।

पाँच दिनमा सम्पन्न गरिने सोमयागमा १. पहिलो दिन ब्रह्मा, उद्गाता, होता, अध्वर्यु इत्यादि ऋत्विक्हरूको वरण गर्ने आदि कर्म हुन्छन्, २. दोस्रो दिन सोमलता किन्ने काम, आतिथ्येष्टि इत्यादि कर्म हुन्छन्, ३. तेस्रो दिन सुब्रह्मण्याह्वान इत्यादि हुन्छन् ४. चौथो दिनमा प्रवर्ग्य उपसदिष्टि, सुब्रह्मण्याह्वान, प्रवर्ग्योत्सादन, उत्तरवेदिमा अग्निप्रणयन, औदुम्बरीमान, सदोमान, अग्नीषोमीय-पशुको तन्त्र इत्यादि हुन्छन् ५. पाँचौं दिनमा प्रातःसवन, माध्यन्दिन-सवन र तृतीय-सवन हुन्छन्। पाँचौं दिनमा सवनीय पशु र आनुबन्ध्य पशुको अनुष्ठान हुन्छ। यसरी चौथो दिनमा अग्नीषोमीय पशुको अनुष्ठान हुने हुँदा उपाकरण, नियोजन इत्यादि पशुका अङ्गकर्म पाठ-सादेश्यका आधारमा अग्नीषोमीय पशुका अङ्ग हुन्छन्।[२१]

त्यसै गरी साद्यस्क्र नामक सोमयागमा तीनवटै पशुहरूको सँगै अनुष्ठान गर्न पर्दा पहिले कुन पशुको अनुष्ठान गर्ने भन्ने कुराको निर्णय स्थानप्रमाणबाट हुन्छ—

स्थानं नामोपस्थितिः । यस्य हि देशे योऽनुष्ठीयते तत्पूर्वतने पदार्थे कृते स एव प्रथममुपस्थितो भवतीति युक्तं तस्य प्रथममनुष्ठानम्। अत एव साद्यस्क्रे अग्नीषोमीय-सवनीयाऽऽनुबन्ध्यानां सवनीयदेशे सहानुष्ठाने कर्तव्ये आदौ सवनीयपशोः अनुष्ठानमितरयोः पश्चात् । तस्मिन् देशे आश्विनग्रहणान्तरं

२१. अग्नीषोमीयधर्मत्वं तेषां स्थानात् प्रसिद्ध्यति।
द्वयोरितरयोः पश्वोः प्राप्यन्ते चोदकेन ते ॥—जैमिनीयन्यायमाला ३।६।७, श्लो. १५।

Raj Kishore

सवनीयस्यैव प्रथममुपस्थितिः। तथा हि ज्योतिष्टोमे त्रयः पशुयागाः– अग्नीषोमीयः, सवनीयः, आनुबन्ध्यश्चेति । ते च भिन्नदेशाः– अग्नीषोमीय औपवसथ्येऽह्नि, सवनीयः सुत्याकाले, आनुबन्ध्यस्त्वन्ते।

साद्यस्क्रो नाम यागविशेषः। स चाऽव्यक्तत्वाज् ज्योतिष्टोमविकारः। अतस्ते त्रयोऽपि पशुयागाः साद्यस्क्रे चोदकप्राप्ताः। तेषां च तत्र साहित्यं श्रुतं "सह पशूनालभेत"[२२] इति। तच्च साहित्यं सवनीयदेशे, तस्य प्रधानप्रत्यासत्तेः, स्थानातिक्रमसाम्याच्च । सवनीयदेशे ह्यनुष्ठानेऽग्नीषोमीयानुबन्ध्ययोः स्वस्वस्थानातिक्रमो भवति प्रधानप्रत्यासत्तिलाभश्च । अग्नीषोमीयदेशे त्वनुष्ठाने सवनीयस्य स्वस्थानातिक्रममात्रम्; आनुबन्ध्यस्य तु स्वस्थानातिक्रमः, सवनीयस्थानातिक्रमश्च स्यात् इति त्रयाणां स्वस्वस्थानातिक्रमः। एवमानुबन्ध्यदेशेऽग्नीषोमीयस्य द्रष्टव्यः स्थानातिक्रमः।

तथा च सवनीयदेशे सर्वेषामनुष्ठाने कर्तव्ये सवनीयस्य प्रथममनुष्ठानम्। आश्विनग्रहणानन्तरं हि सवनीयदेशः। प्रकृतौ "आश्विनं ग्रहं गृहीत्वा त्रिवृता यूपं परिवीय आग्नेयं सवनीयं पशुमुपाकरोति"[२३] इत्याश्विनग्रहणानन्तरं सवनीयो विहित इति साद्यस्क्रेऽप्याश्विनग्रहणे कृते सवनीय एवोपस्थितो भवति। अतो युक्तं तस्य स्थानात् प्रथममनुष्ठानम्, इतरयोस्तु पश्चादित्युक्तम्। —अर्थसङ्ग्रह, पृ. १२७।

यसको अर्थ– उपस्थितिलाई स्थान भन्दछन्। जुन देशमा (ठाउँमा) जुन कर्मको अनुष्ठान गरिन्छ, त्यसभन्दा अगाडिको कुनै पदार्थको अनुष्ठान गरिसकेपछि अरूभन्दा पहिला त्यसै ठाउँको कर्म उपस्थित हुन्छ, त्यस कारण त्यसै कर्मको पहिले अनुष्ठान गर्न उचित हुन्छ। त्यसैले साद्यस्क्र (एक प्रकारको सोमयाग) मा अग्नीषोमीय पशु, सवनीय पशु र आनुबन्ध्य पशु यी तीनवटा पशुको सवनीय पशुका स्थानमा सँगसँगै अनुष्ठान गर्नुपर्दा पहिला सवनीय पशुको अनुष्ठान हुन्छ अरू दुई पशुको अनुष्ठान पछाडि मात्र हुन्छ, किनभने यस देशमा (ठाउँमा) आश्विन ग्रहको (सोमरस भरिएको पात्रको) ग्रहण गरिसपछि सवनीय पशुको नै पहिले उपस्थिति हुन्छ।

यसलाई यसरी बुझ्न सकिन्छ– ज्योतिष्टोम यज्ञमा तीन वटा पशुयागहरू

---

२२. तैत्तिरीय-ब्राह्मण १।३।४।५, द्र.- कात्यायन-श्रौतसूत्र २२।३।२८

२३. आपस्तम्ब-श्रौतसूत्र १२।१८।१३।

Raj Kishore

हुन्छन् । तिनमा अग्नीषोमीय पशुयाग औपवसथ्य दिनमा (चौथो दिनमा) हुन्छ। सवनीयपशुयाग [पाँचौ दिनको] सुत्याकालमा हुन्छ। आनुबन्ध्य पशुयाग (त्यसै पाँचौँ दिनमा) अन्त्यमा हुन्छ। साद्यस्क्र भनेको सोमक्रयण (सोमलता किन्ने काम) इत्यादि एकैदिन तत्कालै हुने एक प्रकारको सोमयाग हो । त्यो याग अव्यक्त (विधिवाक्यमा द्रव्य-देवता स्पष्ट न बताइएको) याग हुनाले ज्योतिष्टोम (सोमयाग) को विकार (विकृतिभूत याग) हो । त्यसैले ती तीनवटै पशुयागहरू साद्यस्क्रमा अतिदेशद्वारा प्राप्त हुन्छन्। त्यहाँ ती तीनवटैको साहित्य (सँगसँगै अनुष्ठान) 'सह पशूनालभेत' (सँगसँगै पशुहरूको आलम्भन गर्नू) भन्ने वाक्यद्वारा निर्दिष्ट गरिएको छ। त्यो साहित्य सवनीय पशुका स्थानमा हुन्छ, किनभने त्यसो गर्दा प्रधानयागसँग प्रत्यासत्ति (समीपता) हुन्छ। साथै त्यसो गर्दा दुवैमा (अग्नीषोमीय र आनुबन्ध्यमा) आफ्नो स्थानको अतिक्रम (आफ्नो स्थान छाडेर अन्त पुग्ने काम) को समानता पनि हुन्छ । सवनीयका स्थानमा अनुष्ठान गर्दा अग्नीषोमीय र आनुबन्ध्यको आफ्नो-आफ्नो स्थानको अतिक्रमण मात्र हुन्छ। अग्नीषोमीयका स्थानमा अनुष्ठान गर्दा सवनीयको आफ्नो स्थानको अतिक्रम मात्र हुन्छ, तर आनुबन्ध्यको आफ्नो स्थानको अतिक्रमका साथै सवनीयका स्थानको समेत अतिक्रमण हुन्छ । यसै प्रकार आनुबन्ध्यका स्थानमा पशुहरूको आलम्भन गर्दा अग्नीषोमीयको आफ्नो स्थानको अतिक्रम र सवनीयको स्थानको समेत अतिक्रम हुने कुरा बुझ्नु पर्छ।

राजसूययज्ञ

शास्त्रीय अधिकार भएका शासकले अनुष्ठान गर्ने राजसूय यज्ञमा पनि पशुयागहरूको अनुष्ठान गर्नुपर्ने विधान पाइन्छ । राजसूय याग मूलतः एक प्रकारको सोमयाग हो। यो राष्ट्रका महत्त्वपूर्ण विविध पक्षसँग सम्बद्ध यज्ञ हो। यो शासक शुद्धकुलीन क्षत्रियले गर्ने याग हो ।[२४] मीमांसाशास्त्रमा राजसूयका विविध पक्षहरूमा विचार-विमर्श गरिएको छ ।[२५] राजसूययाग गर्न एक्काइस अथवा तिस महिना लाग्छ। यसको प्रारम्भ शिशिर ऋतुमा शुक्ल-प्रतिपदामा (फाल्गुन-शुक्ल-प्रतिपदामा) हुन्छ। यसमा विविध सोमयाग, विविध इष्टिहरू, राजसूयअन्तर्गत गरिने चातुर्मास्यका चारवटा पर्वहरू, पूर्णमासेष्टि, पिण्डपितृयज्ञरहित दर्शेष्टि इत्यादिको

२४. राज्ञो राजसूयः ।–कात्यायन-श्रौतसूत्र १५।१।१ ।
२५. जैमिनीय-धर्ममीमांसासूत्र ४।४।१-६, १०।१।५, ११।४।१-८ ।

अनुष्ठान हुन्छ। राजसूयमा रत्निहविनामक इष्टिहरू पनि हुन्छन्। यी इष्टिहरू गर्दा चतुर्थीका दिनदेखि एकएक दिन राज्यसँग सम्बद्ध एकएक अधिकारीका घरमा एकएकवटा इष्टि गर्नुपर्छ। अभिषेचनीय सोमयागमा सत्र प्रकारका जलले यजमानको अभिषेक हुन्छ। शौनःशेपाख्यान (हरिश्चन्द्रकथा) र अक्षक्रीडा पनि हुन्छन्। राजसूय यज्ञमा दुईवटा पशुयागहरू हुन्छन्।[२६]

अश्वमेधयज्ञ

अश्वमेध यज्ञ राजसूयभन्दा ठुलो यज्ञ हो। यसमा दिग्विजय गर्न समर्थ राजाको अधिकार हुन्छ। यस यज्ञमा विविध यागहरू गरी यज्ञिय घोडासँग अरू सयवटा घोडाहरूलाई रक्षकहरूसहित छोडिन्छ। एक वर्षसम्म यजमानले नियमको पालना गरेर विभिन्न यागहरू गर्नु पर्छ। वर्षदिन पूरा भएर घोडा फर्केर आएपछि अरू इष्टिहरू गरिन्छन्।

अश्वमेधमा धेरै पशुहरूको यूप(मौलो)मा नियोजन गरिन्छ। अश्व (घोडा), तूपर (सिङ नभएको पशु) र गोमृग तथा आग्नेय कृष्णग्रीव अज (बोको), सारस्वती मेषी (भेडी) इत्यादि बाह्र पर्यङ्ग्य पशुहरूको नियोजनका साथै अरू ३२० पशुहरूको (जम्मा ३३७ ग्राम्य पशुहरूको) २१ यूपहरूमा नियोजन गरिन्छ।[२७] कपिञ्जल, कलविङ्क, तित्तिरि, वर्तिका, ककर, विककर, क्रुञ्च, मद्गु, चक्रवाक, चाष, मयूर, लब, कौलीक, कुलीका, सीचापू, जतू, दात्यौह, पिक (कोइली) इत्यादि जातका पक्षी एवम् पृषत, कुलुङ्ग, गौरमृग, महिष, गवय, उष्ट्र, हस्ती, मर्कट (वानर), हलिक्ष्ण, क्रोष्टा, पिद्व, वृक इत्यादि जातका आरण्य पशु तथा शिशुमार, मकर, मत्स्य, मण्डूक, मशक, भृङ्ग इत्यादि प्राणी समेत गरी डेढ सयभन्दा बढी जातका आरण्य (वन्य) प्राणीको नियोजन गर्ने काम हुन्छ। २० वटा यूपान्तरालहरूमा (२१ वटा मौलोहरूका बिचबिचका भागमा) प्रत्येकमा १३-१३ प्राणी पर्ने गरी जम्मा २६० सङ्ख्याका वन्य प्राणीहरूको[२८] पिंजडा इत्यादि समुचित उपकरणले नियोजन गरिन्छ। तिनमा ग्राम्य पशुहरूको प्रोक्षण गरिन्छ र ती पशुहरूद्वारा याग गरिन्छ भने आरण्य पशुको वसन्तादिलाई उद्देश गरेर उत्सर्जन गरिन्छ।

---

२६. कात्यायनश्रौतसूत्रभूमिका, विद्याधरशर्मा, १९८७ वै., पृ. ६१।

२७. मा.वा. शुक्लयजुर्वेदसंहिता २४।१-१९।

२८. पूर्ववत् २४।२०-४०।

Raj Kishore

मीमांसादर्शनमा अश्वमेध यज्ञसँग सम्बद्ध विविध विषयमा विचार गरिएको छ।[२९] मीमांसादर्शनका नवौँ अध्यायका चतुर्थ पाउका प्रारम्भमा मन्त्रमा गरिने ऊहसँग सम्बद्ध विचार छ। त्यसमा अध्रिगुप्रैषमा एक पशु भएका यागमा "षड्विंशतिरस्य वङ्क्रयः" (यस पशुका छब्बिस करङ) इत्यादि भनिन्छ भने दुई पशु अथवा धेरै पशु भएका यागमा के भन्नुपर्छ सबै करङहरूको सङ्ख्या जोडेर भन्ने वा षड्विंशति (छब्बिस) लाई नै दोहोऱ्याउने भन्ने विचार गरिएको छ। त्यसमा पूर्वपक्षमा षड्विंशति-लाई नै दोहोऱ्याउन उचित होला भन्ने छ। सिद्धान्तमा चाहिँ दुई पशु भएकामा "द्विपञ्चाशदनयोर्वङ्क्रयः" (यी दुई पशुका बाउन्न करङ) र तीन पशु भएका यागमा "अष्टसप्ततिरेषां वङ्क्रयः" (यी तीन पशुका अठहत्तर करङ) भनेर जोडेर भन्नु उचित हुन्छ भनिएको छ। अश्वमेधमा तीन सवनीय पशु हुन्छन्— अश्व, तूपर र गोमृग। ती पशुमध्ये अश्वका चौतिसवटा करङ हुन्छन्।

वेदका मन्त्रमा नै घोडाका करङ चौतिस हुने कुरा आएको छ—

चतुस्त्रिंशद्वाजिनो देवबन्धोर्वङ्क्रीरश्वस्य स्वधितिः समेति।

—ऋग्वेद-संहिता १।१६२।१८, मा.वा.शुक्लयजुर्वेद-संहिता २५।४१।

(देवताको बन्धु घोडाका चौतिस करङहरूमा स्वधिति [छुरी] आउँछ)।

तूपर र गोमृगका करङ त छब्बिस-छब्बिस नै हुन्छन्। अश्वमा चाहिँ जोडेर भन्ने विकल्प भएकाले छयासी सङ्ख्या भन्ने कुरा विकल्पले हुन्छ—

पशुस्त्वेवं प्रधानं स्यादभ्यासस्य तन्निमित्तत्वात् तस्मात् समासशब्दः स्यात्॥ अश्वस्य चतुस्त्रिंशत् तस्य वचनाद् वैशेषिकम्॥

—जैमिनीय-धर्ममीमांसासूत्र ९।४।१६-१७

समस्य वङ्क्रयो वाच्याः समासोऽश्वे विकल्पितः।

—मण्डनमिश्रकृत मीमांसानुक्रमणिका ९।४।१-२, श्लो. १

अत्र सर्वत्र मुख्यानुसारेण पदान्तराण्यूहनीयानि। सङ्ख्येयानां वङ्क्रीणां मुख्यत्वात्। तासामियत्ता समस्य वक्तव्या। ततो द्विपञ्चाशदनयोर्वङ्क्रयः, अष्टसप्ततिरेषांवङ्क्रयःइत्येवंयथायोगमूहनीयम्।...ऋग्विशेषविधिपक्षेपृथग्वचनं कर्तव्यम्। तन्निषेधपक्षे चोदकप्राप्ते प्राकृतेऽध्रिगुप्रैषे प्रथमाधिकरणन्यायेन समस्य

---

२९. जैमिनीयधर्ममीमांसासूत्र १।३।२४-२९, ९।४।१७, ११।१।३८-४५।

Raj Kishore

वक्तव्यम्। तत्र तूपर-गोमृगयोः प्रत्येकं षड्विंशतित्वादश्वस्य चतुस्त्रिंशत्त्वात् समासेन षडशीतिरेषां वङ्क्रय इत्येवमूहनीयम्।

—जैमिनीय-न्यायमाला-विस्तर ९।४।१-३, श्लो. १-७

वाजपेययाग

वाजपेय यागहरूमध्ये एउटा वाजपेययाग सात सोमसंस्थामध्येको हो भने अर्को चाहिँ त्यसभन्दा भिन्न ठुलो वाजपेय याग हो। वाजपेय याग शरद् ऋतुमा गर्ने विधान छ। यस यागमा ब्राह्मणको र क्षत्रियको अधिकार मानिएको छ।[३०] राजसूय याग गर्ने व्यक्ति राजा भनिन्छ भने वाजपेययाग गर्ने व्यक्ति सम्राट् भनिन्छ भनेर बताइएको छ।[३१] वाजपेययागमा सत्र सङ्ख्याका धेरै कुराहरू हुन्छन्। यसका सत्रवटा दीक्षा हुन्छन्। सप्तदशारत्नि (सत्र मुडिहातजति अग्लो) यूप (मौलो) को छेदन हुन्छ। सवनीय पशु चाहिँ २२ हुन्छन्। दक्षिणा दिँदा १९८९ गाई, १७०० वस्त्र, १७०० बोका, १७०० भेडीहरू, १७ निष्ककण्ठी वृषलीहरू, १७ हात्तीहरू, १७ पालकीहरू, १७ ठुला गाडाहरू दिन पर्ने नियम छ। १७ वटा दुन्दुभिहरू (दमाहाहरू) बजाउनुपर्छ। आजिधावन पनि गर्नुपर्छ, जसमा १७ वटा रथहरू १७ इषुक्षेप सम्म (बाण हान्दा बाण पुगेर खसेको स्थानबाट फेरि हान्दा पुगेर खसेका स्थानबाट फेरि हान्ने गरी १७ पटक हान्दा जहाँसम्म पुग्छ त्यहाँसम्म) दगुराउने र देवयजनस्थलमा आउने काम हुन्छ। १७ वटा रथको दान पनि गर्नुपर्छ। यजमानको स्वोरोहण (यूपमाथि चढ्ने काम) तथा यजमानाभिषेक इत्यादि विशेष कर्म हुन्छन्। विभिन्न परियज्ञले युक्त वाजपेय याग गर्ने व्यक्ति नै वाजपेयी भनिन्छ। परियज्ञरहित वाजपेय यागको प्रयोग हुँदैन।

शाक्यानामयन

शाक्यानामयन भन्ने सत्र यज्ञमा भनिएको छ—

संस्थितेसंस्थितेऽहनि गृहपतिर्मृगयां याति। स यान् मृगान् हन्ति तेषां तरसा सवनीयाः पुरोडाशाः भवन्ति।

—आपस्तम्बश्रौतसूत्र २३।११।१२-१३

---

३०. वाजपेयः शरद्यवैश्यस्य।—कात्यायनश्रौतसूत्र १४।१।१।

३१. राजा वै राजसूयेनेष्ट्वा भवति सम्राड् वाजपेयेन।—मा.वा.शतपथब्राह्मण ५।१।१।१३।
सम्राडयमसावित्याह नामग्राहं त्रिरुच्चैः।—कात्यायनश्रौतसूत्र १४।४।४३

Raj Kishore

(यज्ञानुष्ठानका क्रममा एक दिनको अनुष्ठान सकिएपछि यजमान सिकारमा जानुपर्छ। त्यहाँ उसले जुन मृगहरूलाई मार्छ तिनको मांसमय पुरोडाश बनाएर याग गर्नुपर्छ।)

यहाँ मांसमय पुरोडाशको विधान छ। सबै पुरोडाशहरूमा मांसमयता हुन्छ कि सवनीय पुरोडाशमा मात्र मांसमयता हुन्छ? भन्ने विषयमा विचार जैमिनीयधर्ममीमांसासूत्रको तृतीय अध्यायको अष्टम पाउको अन्तिम अधिकरणमा गरिएको छ। पूर्वपक्षमा सबै पुरोडाश मांसमय हुनुपर्छ भनिएको छ भने सिद्धान्तमा **"तरसाः सवनीयाः पुरोडाशाः"** यस्तो सन्निधिले अनुगृहीत वाक्यले मांसमयत्व सवनीय पुरोडाशमा मात्र रहने कुरा सिद्ध हुन्छ भन्ने निर्णय गरिएको छ।

यो कुरा सूत्रकार जैमिनि मुनि यसरी भन्नुहुन्छ—

मांसं तु सवनीयानां चोदनाविशेषात्। —जैमिनीय-धर्ममीमांसासूत्र ३।८।४२।

माधवाचार्यरचित जैमिनीयन्यायमालामा भनिएको छ—

तरसाः सवनीयाः स्युरिति तत्सन्निधिः श्रुतः।
पुरोडाशस्य मांसत्वं तेष्वेवातो नियम्यते॥

—जैमिनीयन्यायमाला ३।८।२३, श्लो. ३४।

वायव्यपशुयाग

"वायव्यं श्वेतमालभेत भूतिकामः"[३२] भन्ने वेदवाक्यमा वायु देवता भएको सेतो पशुद्वारा याग गर्ने विधान छ। यसैको प्रशंसा **"वायुर्वै क्षेपिष्ठा देवता वायुमेव स्वेन भागधेयेनोपधावति स एवैनं भूतिं गमयति"** (वायु एकदमै छिटो गति भएका देवता हुन्, वायुलाई वायु देवताको भाग सेतो बोको लिएर पुग्छ, उनै वायु देवताले यस पशुयागका कर्तालाई ऐश्वर्य प्राप्त गराउँछन्) भन्ने अर्थवादले गरेको छ। यहाँ विधिवाक्यले वायव्यपशुयागको विधान गर्छ र त्यसको प्रशंसाको अपेक्षा गर्छ। अर्थवादवाक्यले लक्षणाद्वारा प्रशंसा बुझाउँछ। अर्थवादले आफ्नो सार्थकताका निम्ति पुरुषार्थ (पुरुषले चाहना गर्ने फल भएको) विधिको अपेक्षा गर्छ। यसरी दुवैको अपेक्षा हुँदा एकवाक्यत्व भएर "छिटो गति भएकाले छिटै फल दिने स्वभाव

३२. तैत्तिरीयसंहिता २।१।१।

Raj Kishore

भएका वायु यस पशुका देवता हुन्, अतः वायव्यपशुयाग गर्नुपर्छ" यस्तो अर्थ हुन्छ।[३३]

"वायव्यं श्वेतमालभेत भूतिकामः" भन्ने वेदवाक्यमा छुट्टै अर्कै कर्मको (यागको) विधान हुन्छ कि हुँदैन भन्ने सन्देहमा चाहिँ सेतो पशुरूप द्रव्यको देवता वायु भन्ने बुझिएकाले यागको रूप अवगत भएकाले छुट्टै यागको विधान हो भन्ने निष्कर्ष निस्कन्छ। ऐश्वर्यको इच्छा गर्नेले वायु देवता भएको सेतो पशुद्वारा याग गरोस् भन्ने विधि अर्थसिद्ध छ। द्रव्य र देवतासम्बन्धले कल्पित यागको लिङ् प्रत्ययले गर्नुपर्ने विधान भएपछि आलम्भधातुले चाहिँ अनुवाद गरेको मान्नु पर्छ।[३४]

त्यसै गरी उपर्युक्त वाक्यमा सेतो पशु कुन हो भन्ने विषयमा पनि मीमांसाशास्त्रमा विचार भएको छ र छाग (बोको) हो भन्ने निर्णय गरिएको छ। यो कुरा माधवाचार्यको जैमिनीयन्यायमालामा यसरी भनिएको छ–

वायव्यं श्वेतमित्यत्र यःकोऽपिच्छाग एव वा।
विशेषानुक्तितः कोऽपिच्छाग एवास्त्वबाधनात्॥

–जैमिनीयन्यायमाला १०।२।३०, श्लो. ३६।

मीमांसाशास्त्रमा पशुयज्ञको मीमांसा

"पशुना यजेत" (पशुद्वारा याग गर्नू) जस्ता वेदवाक्यको कसरी अर्थ लाग्छ भन्ने विषयमा मीमांसाशास्त्रमा विविध प्रकारले विवेचना गरिएको छ। अर्थसङ्ग्रहमा भनिएको छ–

"पशुना यजेत" इत्यत्रैकत्व-पुंस्त्वयोः समानाभिधानश्रुत्या कारकाङ्गत्वम्।

–अर्थसङ्ग्रह, पृ. ६८

अर्थात् **"पशुना यजेत"** (पशुद्वारा याग गर्नू) भन्दा एकत्व र पुंस्त्व (एउटा भन्ने र भाले भन्ने यी दुई कुरा) समानाभिधान-श्रुति प्रमाणले कारकका अङ्ग हुन्छन्।

विभक्तिश्रुतिका उदाहरणमा पनि पशुयागको विषय आएको छ–

तत्र विभक्तिश्रुत्या अङ्गत्वं यथा "व्रीहिभिर्यजेत" इति तृतीयाश्रुत्या व्रीहीणां यागाङ्गत्वम्। तदपि पुरोडाशप्रकृतितया। यथा पशोर्हृदयादिरूपहविःप्रकृतितया यागाङ्गत्वम्।

---

३३. जैमिनीय-न्यायमाला १।२।१।

३४. जैमिनीय-धर्ममीमांसासूत्र २।३।१२-१५, जैमिनीय-न्यायमाला २।३।५।

Raj Kishore

अर्थात् विनियोक्त्री श्रुति तीन प्रकारको छ– विभक्तिरूप, समानाभिधानरूप र एकपदरूप। १. श्रुति २. लिङ्ग ३. वाक्य ४. प्रकरण ५. स्थान र ६. समाख्या। यी ६ प्रमाणका सहयोगले विनियोगविधिद्वारा पारार्थ्य बुझाइन्छ।

तिनमा जसले अरू प्रमाणको अपेक्षा राख्दैन, त्यस्तो शब्दलाई श्रुति भन्दछन्। श्रुतिका तीन भेद छन्– (१) विधात्री (विनियोग गर्ने) (१) अभिधात्री (बताउने) र (३) विनियोक्त्री (विनियोजन गर्ने)। विधात्री श्रुति लिङ्, लोट् इत्यादिरूप हो। व्रीहि इत्यादि श्रुति अभिधात्री श्रुति हो। जसलाई सुन्दैमा अङ्ग र प्रधानको सम्बन्ध प्रतीत हुन्छ यस्तो श्रुति विनियोक्त्री श्रुति हो।

विनियोक्त्री श्रुति तीन प्रकारको छ– विभक्तिरूप, समानाभिधानरूप र एकपदरूप। तीमध्ये (१) विभक्ति श्रुतिद्वारा अङ्गत्वको उदाहरण **"व्रीहिभिर्यजेत"**[३५] (धानद्वारा याग गर्नू) भन्ने हो। यहाँ तृतीयाश्रुति ('भिः') द्वारा व्रीहि (धान) को यागाङ्गत्व हुन्छ। त्यो धानको पुरोडाश (एक प्रकारको हवि)का प्रकृति(स्रोत)का रूपमा यागाङ्गता हुन्छ। वेदमा पशुको हृदय, जिह्वा (जिब्रो), वक्षः (छाती) इत्यादि अङ्गरूप हवन गरिने हविहरूको अवदान गर्ने विधान छ–

हृदयस्याग्रे अवद्यति, अथ जिह्वायाः, अथ वक्षसः, दोष्णः अवदाय पार्श्वयोरवद्यति, यक्नो अवद्यति। मतस्नयोरवद्यति, श्रोण्या अवदाय गुदस्य अवद्यति एतानि एकादश अवदानानि –मैत्रायणीयसंहिता ३।१०।३

यी हविहरूको प्रकृति (स्रोत) पशु हुन्छ। अतः पशुको हविका प्रकृतिका रूपमा यागाङ्गत्व हुन्छ। यसको बोध तृतीयाश्रुतिरूप प्रमाणद्वारा हुन्छ।

वैदिक पशुयागका अनुष्ठानमा हृदयादिका अवदानको माथिका वेदवचनमा आएको क्रम पनि विवक्षित भएकाले जसरी वेदमा उल्लिखित छ त्यसरी नै अनुष्ठान गर्नुपर्छ भन्ने कुरा उदाहरणका रूपमा ब्रह्मसूत्रको शाङ्करभाष्यका प्रारम्भमा पनि आएको छ। जस्तै–

हृदयाद्यवदानानाम् आनन्तर्यनियमः क्रमस्य विवक्षितत्वात्।

–बादरायणीय-ब्रह्ममीमांसासूत्र-शाङ्करभाष्य १।१।१

---

३५. द्रष्टव्य– मा. वा. शतपथब्राह्मण ११।३।१।३

Raj Kishore

यज्ञमा हविको अवदान कुन साधनले गर्ने भन्ने विषयमा पनि मीमांसादर्शनमा विचार गरिएको छ। **"स्रुवेणावद्यति, स्वधितिनावद्यति, हस्तेनावद्यति"**[३६] (सुरोले अवदान गर्छ, स्वधिति [छुरी] ले अवदान गर्छ, हातले अवदान गर्छ) यी वेदवाक्य छन्। यहाँ स्रुव आदि जो साधन बताइएका छन् ती आज्य, मांस र पुरोडाशमा अव्यवस्थित रूपमा अवदान गर्ने साधन हुन्छन्? अथवा यहाँ यसले यसको, यसले यसको अवदान गर्नुपर्छ भन्ने कुनै व्यवस्था छ? भन्ने सन्देह उठ्छ। त्यसमा व्यवस्था बुझाउने कुनै शब्द नहुनाले स्रुव आदिले अव्यवस्थित रूपमा जुनले जेको पनि अवदान गर्न सकिन्छ भन्ने पूर्वपक्ष छ। सिद्धान्तमा चाहिँ यहाँ व्यवस्था बताउने कुनै शब्द नभएपनि शक्ति नै व्यवस्थापक हुन्छ। त्यसैले तरल पदार्थ आज्य (घिउ)का निम्ति स्रुव नै योग्य छ। काट्न पर्ने मांसका निम्ति स्वधिति (छुरी) नै योग्य छ र घनीभूत पुरोडाश (एक प्रकारको रोटी जस्तो हवि) का निम्ति हात नै योग्य छ। अतः त्यसत्यस साधनमा रहेको सामर्थ्यअनुसार व्यवस्था मानेर अनुष्ठान गर्नुपर्छ। माधवाचार्यकृत जैमिनीयन्यायमालामा भनिएको छ–

स्रुवेणाऽथ स्वधितिना हस्तेनाऽवद्यतीत्यमू।
आज्ये मांसे पुरोडाशे सङ्कीर्णा वा व्यवस्थिताः॥
व्यवस्थापकराहित्यात् स्रुवाद्या अव्यवस्थिताः।
व्यवस्थापकताशक्तेस्तद्वशेन व्यवस्थितिः॥

–जैमिनीयन्यायमाला १।४।२०, श्लो. ५५, ५६।

पशुयज्ञमा **"वनिष्ठुमस्य मा राविष्ट उरूकं मन्यमानाः"**[३७] भनेर वेदमा उरूक भनेको वपा भनेको हो[३८] र ठुलो आन्द्रालाई वपाजस्तो मानेर झुक्किएर जथाभावी नकाट्नू भन्ने यसको अर्थ हो। **"प्रशसा बाहू कृणुतात्"**[३९] भनेर बाहुको प्रशंसा गरिएको हो[४०] र प्रशस्त रूपमा अर्थात् अविकल रूपमा बाहु छुट्ट्याउनू भनिएको हो। **"श्येनमस्य वक्षः कृणुतात्"**[४१] भनेर पशुको छातिलाई श्येनपक्षीजस्तो आकार

३६. द्रष्टव्य– मैत्रायणीयसंहिता ३।१०।४।
३७. तैत्तिरीयब्राह्मण ३।६।६।३।
३८. वनिष्टुसन्निधानादुरूकेण वपाभिधानम्।–जैमिनीयधर्ममीमांसासूत्र ९।४।२२।
३९. तैत्तिरीयब्राह्मण ३।६।६।२।
४०. प्रशसाऽस्यभिधानम्। बाहुप्रशंसा वा।– जैमिनीयधर्ममीमांसासूत्र ९।४।२३-२४।
४१. तैत्तिरीयब्राह्मण ३।६।६।१।

Raj Kishore

नबिग्रने गरेर अविकल हविका रूपमा निकाल्नू भनेर वेदमा भनिएको हो भनी मीमांसादर्शनमा विचारपूर्वक अर्थनिर्णय गरिएको छ"[४२] । यस विषयमा प्रसिद्ध दार्शनिक मण्डनमिश्र भन्नुहुन्छ–

वनिष्ठुभावो नोलूके प्रशसा बाहुसंस्तुतिः ।

कृत्स्नोद्धृतौ श्येनवचः ॥ —मीमांसानुक्रमणिका ९।४।३–५, श्लो. १८–१९ ।

पशुयज्ञमा वसा (बोसो) निकालेर पकाएर हवन गर्ने पनि वेदमा विधान छ– **"याज्यार्धर्चान्ते वसाहोमं जुहोति ।"**[४३] यस विषयमा पनि मीमांसादर्शनमा विचार भएको छ। प्रजापति देवता भएका सत्रवटा पशुहरूको यागमा देवता एउटै हुनाले सबै पशुको बोसो एकै घडामा हालेर एकै पटक हवन गर्न पर्छ भन्ने निर्णय मीमांसादर्शनमा गरिएको छ–

वसाहोमस् तन्त्रमेकदेवत्येषु स्यात् प्रदानस्यैककालत्वात् ।

—जैमिनीय-धर्ममीमांसासूत्र ११।२।२३ ।

देवतैक्ये वसा तन्त्रम् । —मण्डनमिश्रकृत मीमांसानुक्रमणिका ११।२।५ ।

देवता फरक भएका पशुहरूका यागमा भने प्रत्येकका निम्ति वसाहोम छुट्टाछुट्टै गर्न पर्छ भन्ने निर्णय मीमांसादर्शनमा गरिएको छ–

कालभेदावृत्तिर्देवताभेदे । —जैमिनीय-धर्ममीमांसासूत्र ११।२।२३ ।

तद्भेदे तु वसा पृथक् । —मण्डनमिश्रकृत मीमांसानुक्रमणिका ११।२।६ ।

पशुहरूका अङ्गहरू पकाउने कुम्भी इत्यादि पात्र भिन्नभिन्न चाहिन्छन् कि एउटैले हुन्छ भन्ने विषयमा पनि मीमांसादर्शनमा विचार भएको छ। त्यहाँ धेरै पशु भए पनि एउटै जातका पशु भएमा अङ्ग र वसा एउटै कुम्भीमा पकाउन सकिने फरक जातका पशुका निम्ति मात्र फरक कुम्भीको प्रयोग गर्न पर्ने निर्णय जैमिनिमुनिले बताउनु भएको छ–

पशुगणे कुम्भी-शूल-वपाश्रपणीनां प्रभुत्वात् तन्त्रभावः स्यात् ॥ भेदस्तु सन्देहाद् देवतान्तरे स्यात् ॥ अर्थाद् वा लिङ्गकर्म स्यात् ॥ अयाज्यत्वाद्

---

४२. श्येन-शला-कश्यप-कवषोरुस्रेकपर्णेष्वाकृतिवचनं प्रसिद्धसन्निधानात् । कात्स्न्यं वा स्यात् तथाभावात् । अध्रिगोश्च तदर्थत्वात् ।– जैमिनीय-धर्ममीमांसासूत्र ९।४।२५–२७ ।

४३. द्रष्टव्य– तैत्तिरीय-संहिता ६।३।११, मैत्रायणीय-संहिता ३।१०।४ ।

Raj Kishore

वसानां भेदः स्यात् स्वयाज्याप्रदानत्वात् ॥ अपि वा प्रतिपत्तित्वात् तन्त्रं स्यात् स्वत्वस्याश्रुतिभूतत्वात् ॥ सकृदिति चेत् ॥ न कालभेदात् ॥ जात्यन्तरेषु भेदः पक्तिवैषम्यात् ॥ वृद्धिदर्शनाच्च ॥ —जैमिनीय-धर्ममीमांसासूत्र ११।४।३०-३८।

यसै मीमांसाशास्त्रको निर्णयलाई श्लोकबद्ध रूपमा प्रस्तुत गर्दै प्रसिद्ध मीमांसक मण्डनमिश्र भन्नुहुन्छ—

कुम्भ्येका पशुसंहतौ। एकैव भिन्नदैवत्ये

वसार्थमपि नो पृथक्। जातिभेदे पृथक् कुम्भी ॥

—मीमांसानुक्रमणिका ११।४।८-११, श्लो. १५-१६।

पशुयागको इडा-भक्षणमा वेदको **"अध्यूध्नीं होत्रे हरन्ति"**[४४] भन्ने निर्देशअनुसार एक ऋत्विक् होतालाई खानका निम्ति पशुका अङ्गहरूमध्ये अध्यूध्नी अङ्ग दिन पर्ने र **"वनिष्ठुमग्नीधे"**[४५] भन्ने निर्देशअनुसार अर्को ऋत्विक् अग्नीत्लाई चाहिँ वनिष्ठु अङ्ग दिन पर्ने पनि निर्देश छ—

अध्यूध्नी तु होतुस्त्र्यङ्गवदिडाभक्षविकारः स्यात् ॥

...अग्नीधश्च वनिष्ठुरध्यूध्नीवत् ॥ —जैमिनीय-धर्ममीमांसासूत्र १०।७।१२।१७।

यज्ञीय पशुका अङ्गहरू शामित्र अग्निमा पकाउन पर्ने वैदिक नियम रहेको छ।[४६] पशुतन्त्रकै बिचमा पर्ने पशुपुरोडाश भने शालामुखीय (पहिलेको आहवनीय अग्नि नै पछि शालामुखीय हुन्छ) अग्निमा पकाउन पर्ने निर्णय मीमांसाशास्त्रमा गरिएको छ।[४७]

वैदिक विहारमा रहने श्रौत अग्नि (गार्हपत्य, आहवनीय र दक्षिणग्नि) मा मांस चाहिँ नपकाउनू भन्ने कुरा वेदमा गरिएकाले लौकिक विविध पाक पनि यिनै त्रेताग्निमा हुने रहेछ कि भन्ने आशङ्का गरी यज्ञका बिचको मांस यी अग्निमा नपकाएर शामित्र अग्निमा पाकाउन पर्ने नियम रहेको, आहवनीयाग्निमा वपा पकाउने कुरा चाहिँ विहित पनि प्रतिषिद्ध पनि भएकाले विकल्प मान्नु पर्ने देखिएको हुँदा अरू लौकिक पाककार्य यी अग्निमा गर्ने होइन भन्ने पनि मीमांसादर्शनमा

४४. मैत्रायणीय-संहिता ३।१०।४।

४५. तैत्तिरीय-ब्राह्मण ३।६।६।३।

४६. शामित्रे श्रपयति।—भाट्टदीपिकामा उद्धृत वचन १२।१।५, भाग ४, पृ. २२६

४७. शामित्रे च पशुपुरोडाशो न स्यादितरस्य प्रयुक्तत्वात्।—जैमिनीय-धर्ममीमांसासूत्र १२।१।१२

Raj Kishore

निर्णय गरिएको छ–

विहारो लौकिकानामर्थं साधयेत् प्रभुत्वात्॥ मांसपाकप्रतिषेधश्च तद्वत्॥ निर्देशाद् वा वैदिकानां स्यात्॥ सति चोपासनस्य दर्शनात्॥ अभावादर्शनाच्च॥ मांसपाको विहितप्रतिषेधः स्याद् वाहुतिसंयोगात्॥ वाक्यशेषो वा दक्षिणस्मिन्ननारभ्य विधानस्य॥
—जैमिनीय-धर्ममीमांसासूत्र १२।२।१-७।

वेदादि शास्त्रमा पशुयज्ञसम्बद्ध विशिष्ट उल्लेखहरू

यज्ञमा मारिएको पशु वस्तुतः मर्दैन नष्ट पनि हुँदैन, किन्तु देवताहरूमा पुग्छ भनेर ऋग्वेद र यजुर्वेदका मन्त्रमा भनिएको छ–

न वा उ एतन् म्रियसे न रिष्यसि देवाँ इदेषि पथिभिः सुगेभिः।

—ऋग्वेदसंहिता १।१६२।२१; मा.वा.शुक्लयजुर्वेद-संहिता २३।१६।

ब्राह्मणग्रन्थमा अग्निहरूले मांसको चाहना गर्छन् भनिएको छ–

मांसीयन्ति ह वै जुह्वतो यजमानस्याऽग्नयः। —मा.शतपथब्राह्मण ११।७।१।२।

त्यही कुरा महाभारत वनपर्वमा पनि भनिएको छ–

अग्नयो मांसकामाश् च इत्यपि श्रूयते श्रुतिः।
यज्ञेषु पशवो ब्रह्मन् वध्यन्ते सततं द्विजैः॥ —वनपर्व २०८।११।

वैदिक पशुयज्ञबारे वेदाङ्गहरूमा र अन्यत्र विशेष विचार

वेदाङ्गनिरुक्तशास्त्रमा हिंसा गर्दै **"स्वधिते मैनं हिंसीः"** भनिएकाले अनुपपन्नार्थत्व (नमिल्दो) भयो भन्ने होइन किन भने वेदका वचनबाट अहिंसा नै प्रतीत हुन्छ भनिएको छ– **अथाऽप्यनुपपन्नार्था भवन्त्योषधे त्रायस्वैनं स्वधिते मैनं हिंसीरित्याह हिंसन् यथो एतदनुपपन्नार्था भवन्तीत्याम्नायवचनादहिंसा प्रतीयेत।**

—निरुक्त १।५।१-२।

पाणिनीयव्याकरणको महाभाष्यमा वैदिक पशुयज्ञबारे द्रव्य नै प्रधान हुने हुनाले सेतोलाई आलभन गर वा कालोलाई आलभन गर भन्दा पिठोको डल्लोको आलभन गरेर कृतार्थ भइँदैन भनिएको छ–

यत्र ह्यन्यतरद् द्रव्यमन्यतरो गुणस् तत्र यद् द्रव्यं तत् प्रधानम्, तद् यथा

Raj Kishore

शुक्लमालभेत कृष्णमालभेतेति न पिष्टपिण्डीमालभ्य कृती भवति अवश्यं तद्गुणं द्रव्यमाकाङ्क्षति। —पाणिनीय-व्याकरण-भाष्य २।१।५१।

भक्ष्य र अभक्ष्य विषयको एक उल्लेख पनि पतञ्जलि मुनिको व्याकरणमहाभाष्यका प्रारम्भमा नै आएको छ—

किं शब्दोपदेशः कर्तव्य आहोस्विदपशब्दोपदेश आहोस्विदुभयोपदेश इति। अन्यतरोपदेशेन कृतं स्यात्। तद् यथा भक्ष्यनियमेनाऽभक्ष्यप्रतिषेधो गम्यते। "पञ्च पञ्चनखा भक्ष्याः" इत्युक्ते गम्यत एतदतोऽन्येऽभक्ष्या इति। अभक्ष्यप्रतिषेधेन वा भक्ष्यनियमः। "अभक्ष्यो ग्राम्यकुक्कुटः, अभक्ष्यो ग्राम्यसूकरः" इत्युक्ते गम्यत एतद् आरण्यो भक्ष्य इति। एवमिहापि। — पाणिनीयव्याकरण-महाभाष्य, पस्पशाह्निक।

(के शब्दको उपदेश गर्नु ठिक हुन्छ? अथवा अपशब्दको उपदेश गर्नु उपयुक्त हुन्छ? अथवा दुवैको? दुइमध्ये एउटाको उपदेश गर्दा नै काम चल्छ। जस्तो कि भक्ष्यका नियमले अभक्ष्यको प्रतिषेध जानिन्छ। "पञ्च पञ्चनखा भक्ष्याः [पाँच नङ हुनेहरूमा पाँचवटा भक्ष्य छन्]" भनेमा यीभन्दा अरू अभक्ष्य हुन् भनेर जानिन्छ। अथवा अभक्ष्यको निषेधले भक्ष्यको नियम हुन्छ। "**अभक्ष्यो ग्राम्यकुक्कुटः, अभक्ष्यो ग्राम्यसूकरः** [घरकुखुरा अभक्ष्य हुन्छ, गाउँको सुँगुर अभक्ष्य हुन्छ]" भन्दा वनकुखुरा र वनको बँदेल भक्ष्य भन्ने जानिन्छ। यसै प्रकारले यहाँ पनि बुझ्नुपर्छ)

पशुना रुद्रं यजते पशुं रुद्राय ददातीत्यर्थः। अग्नौ किल पशुः प्रक्षिप्यते तद् रुद्रायोपह्रियत इति। —पाणिनीय-व्याकरण-महाभाष्य १।४।३२।

(पशुद्वारा रुद्रलाई याग गर्नु भनेको पशु रुद्र देवतालाई दिनु हो। अग्निमा पशु [का अङ्ग] होम गरी प्रक्षिप्त गरिन्छ, त्यो रुद्र देवतालाई उपहृत गरिन्छ।)

मनुस्मृतिमा भनिएको छ—

यज्ञार्थं ब्राह्मणैर्वध्याः प्रशस्ता मृगपक्षिणः।
वृत्त्यर्थं चैव भृत्यानामगस्त्यो ह्याचरत् पुरा॥ —मनुस्मृति ५।२२।

(ब्राह्मणहरूद्वारा यज्ञका निम्ति शास्त्रविहित पशु-पक्षीहरूको वध गरिनपर्छ। पोष्यवर्गका वृत्तिका निम्ति पनि ब्राह्मणहरूद्वारा शास्त्रानुमत पशु-पक्षीहरूको वध गरिन पर्छ, किनभने उहिल्यै अगस्त्य मुनिले यस्तो वध गरेका थिए।)

यज्ञमा पशुहिंसा गर्दा आफू र पशु दुवैलाई स्वर्ग पुऱ्याउने काम हुन्छ भनेर

Raj Kishore

मनुस्मृतिमा भनिएको छ–

मधुपर्के च यज्ञे च पितृ–दैवतकर्मणि।

अत्रैव पशवो हिंस्या नाऽन्यत्रेत्यब्रवीन् मनुः॥

एष्वर्थेषु पशून् हिंसन् वेदतत्त्वार्थविद् द्विजः।

आत्मानं च पशुं चैव गमयत्युत्तमां गतिम्॥ –मनुस्मृति ५।४१–४२।

(मधुपर्क, यज्ञ, पितृकर्म र देवकर्ममा पशुहरू हिंसा गरिन पर्छन्। अन्यत्र होइन। यी कार्यमा पशुहिंसा गर्दो वेदको तत्त्वार्थ जान्ने ब्राह्मणले आफूलाई र पशुलाई पनि उत्तम गतिमा लान्छ।)

या वेदविहिता हिंसा नियताऽस्मिँश् चराचरे।

अहिंसामेव तां विद्याद् वेदाद् धर्मो हि निर्बभौ॥ –मनुस्मृति ५।४४।

(यस जगत्मा जो वेदविहित यज्ञादिमा नियत हिंसा छ त्यसलाई अहिंसा नै जान्नू, किनभने धर्म के हो यो कुरा केवल वेदबाट नै प्रकाशित भएको छ।)

वेदले जुन कार्यलाई धर्म भनेको छ त्यही धर्म हो, धर्म अर्को प्रमाणद्वारा प्रकाशित हुन सक्तैन। यही कुरा धर्ममीमांसासूत्रमा भनिएको छ–

चोदनालक्षणोऽर्थो धर्मः। –जैमिनीय–धर्ममीमांसासूत्र १।१।२।

त्यसैले धर्ममीमांसकशिरोमणि कुमारिलभट्टले यसले कसैलाई अनुग्रह हुन्छ कि कसैलाई पीडा हुन्छ कि भन्ने आधारमा होइन वेदका विधि र निषेधबाट नै धर्मको र अधर्मको निर्णय गर्ने काम गर्न पर्छ भनेर बताउनुभएको छ। भट्टपादको भनाइ छ–

तस्मादनुग्रहं पीडां तदभावमपास्य च।

धर्माऽधर्मार्थिभिर्नित्यं मृग्यौ विधि–निषेधकौ॥

–श्लोकवार्तिक, चोदनासूत्र, श्लो.२४८–२४९।

महाभारतको शान्तिपर्वमा हिंसा, आरम्भ र द्रोहको भाव नलिईकन वैदिक विधिअनुसार यज्ञ अवश्य पनि गर्नु पर्छ भन्ने भावले यज्ञ गर्ने कुरा आएको छ–

न हिनस्ति नाऽऽरभते नाऽभिद्रुह्यति किञ्चन।

यज्ञो यष्टव्य इत्येव यो यजत्यफलेप्सया॥ –शान्तिपर्व २६८।३१।

Raj Kishore

(कत्ति पनि हिंसा पनि गर्दैन आरम्भ पनि गर्दैन अभिद्रोह पनि गर्दैन। यज्ञ गर्नु पर्छ भनेर फलको चाहना नराखी यज्ञ गर्छ।)

मखार्थं ब्रह्मणा सृष्टाः पशु-द्रुम-मृगौषधीः।

निघ्नन्नहिंसको विप्रस् तासामपि शुभा गतिः॥

—स्कन्दपुराण, काशीखण्ड ४०।१९।

(यज्ञका निम्ति ब्रह्माजीद्वारा पशु, रूख, मृग, ओषधिहरू सृष्टि गरिएका हुन्। अतः हनन गर्ने ब्राह्मण पनि अहिंसकै हुन्छ, तिनीहरूको पनि शुभ गति हुन्छ।)

पितृदेवक्रतुकृते मधुपर्कार्थमेव च।

तत्र हिंसाऽप्यहिंसा स्याद् हिंसाऽन्यत्र सुदुस्तरा॥

—स्कन्दपुराण, काशीखण्ड ४०।२०।

(पितृ, देवता, यज्ञका निम्ति र मधुपर्कमा गरिएको हिंसा पनि अहिंसा नै हुन्छ, अन्यत्र हिंसा दुस्तर हुन्छ।)

वैदिक यज्ञमा हिंसा हुने भएकाले अशुद्ध हो भन्ने होइन, किनभने त्यो वेदले नै बताएको हो भनेर बादरायणीय ब्रह्ममीमांसासूत्रमा भनिएको छ—

अशुद्धमिति चेन्न शब्दात्। —ब्रह्ममीमांसासूत्र (ब्रह्मसूत्र) ३।१।२५।

यस सूत्रको शाङ्करभाष्यमा पनि यस कुरालाई स्पष्ट रूपमा व्याख्या गरिएको छ।

वैदिक यज्ञका ऋत्विक्हरूको वरण गरेपछि मधुपर्कले अर्हण गर्न पर्ने विधान छ। यज्ञमा र विवाहमा मधुपर्क मांससहित नै हुन पर्ने नियम पारस्करगृह्यसूत्रमा बताइएको छ—

न त्वेवाऽमांसोऽर्घः स्यादधियज्ञमधिविवाहम्। —पारस्करगृह्यसूत्र १।३।२९

भगवद्गीतामा सात्त्विक, राजस र तामस वस्तुहरूको वर्णन गरिएको पाइन्छ। तर त्यहाँ पशुयज्ञलाई राजस वा तामस भनिएको छैन। साथै राजस-तामस वस्तुमा मांसलाई गनिएको पनि छैन।[४८]

वेदवेदाङ्गमा विहित पशुयज्ञलाई नै सङ्केत गर्दै विष्णुभागवतमा पशुयज्ञ

४८. भगवद्गीता १७।८-१४

Raj Kishore

गर्ने र यज्ञको इडास्वरूप (प्रसादस्वरूप) मांस र यज्ञशिष्ट (यज्ञ गरेर उब्रेको) मासु खाने वैदिक विधानको चर्चा आएको छ–

लोके व्यवाया–ऽमिष–मद्यसेवा नित्यास्तु जन्तोर्न हि तत्र चोदना।

व्यवस्थितिस्तेषु विवाह–यज्ञ–सुराग्रहैरासु निवृत्तिरिष्टा॥

–भागवत ११।५।११

विष्णुभागवतमा पनि मेध्य पशुको हिंसा गरिएको कुरा आएको छ–

चरन्तं मृगयां क्वापि हयमारुह्य सैन्धवम्।

घ्नन्तं ततः पशून् मेध्यान् परीतं यदुपुङ्गवैः॥ –भागवत १०।६९।३५।

साथै विष्णुभागवतमा श्राद्धका निम्ति शुद्ध मासु ल्याउन इक्ष्वाकुले छोरा विकुक्षिलाई अराए भन्ने श्राद्धमा मांसप्रयोग गर्ने कुराको कथा पनि आएको छ–

स एकदाऽष्टकाश्राद्धे इक्ष्वाकुः सुतमादिशत्।

मांसमानीयतां मेध्यं विकुक्षे गच्छ मा चिरम्॥ –भागवत ९।६।६

मांसभोजन नगर्ने र अविवाहित ब्राह्मण वैदिक यज्ञका निम्ति अधिकारी हैनन् भनिएको पनि पाइन्छ–

नाऽश्नाति यो द्विजो मांसं यस्य नो दारसङ्ग्रहः।

तावेतौ मुनिभिः प्रोक्तावनर्हौ मखदूषकौ॥ –श्राद्धकाशिका, पृ.४३७।

(जो ब्राह्मणले मांसभोजन गर्दैनन् र जसको विवाह भएको छैन ती दुवै यज्ञका निम्ति अनर्ह मख[यज्ञ]दूषक हुन्।)

कुमारिल भट्टपादले वेदविरोधीहरूको ग्रन्थको अप्रामाण्य सिद्ध गरिएन भने कलिकालको वा अन्य कुराको निहुले यज्ञमा बताइएको पशुहिंसा त्याग्ने भ्रान्तिमा मानिसहरू पुग्न सक्ने हुँदा तिनको खण्डन गरिएको हो भन्ने बताउनुभएको छ–

यदि ह्यनादरेणैषां न कल्प्येताऽप्रमाणता।

अशक्यैवेति मत्त्वाऽन्ये भवेयुः समदृष्टयः॥

शोभासौकर्यहेतूक्तिकलिकालवशेन वा।

यज्ञोक्तपशुहिंसादित्यागभ्रान्तिमवाप्नुयुः॥ –तन्त्रवार्तिक १।३।४।

Raj Kishore

(शोभा, सजिलो, हेतूक्ति, कलिकाल इत्यादिका निहुमा यज्ञमा वेदले बताएको हिंसाको त्याग गर्ने भ्रममा पर्न सक्ने हुँदा त्यस्तो भ्रम नहोस् भनेर वेदविरोधी कुराको खण्डन गर्नुपर्छ।)

भक्ष्य पशुपक्षी र अभक्ष्य पशुपक्षीको विवरण पनि धर्मसूत्र तथा स्मृतिहरूमा दिइएको हुन्छ। सर्वप्राचीन धर्मसूत्र मानिएको गौतमधर्मसूत्रमा पनि सत्राैं अध्यायमा यस विषयको विवरण दिइएको छ।[४९]

पुराणोक्त दुर्गापूजा

नेपाली परम्परामा लिच्छविकालमा पशुद्वारा देवताहरूको यजन गर्ने प्रचलन रहेको प्रमाण पाइन्छ। गत विक्रमसंवत् ५२० वृषमास (जेठ) मा (वर्तमान शकसंवत् ३८६ ज्येष्ठशुक्लप्रतिपदामा) स्थापित प्रथम मानदेवका शिलालेखमा[५०] राम्रा पशुहरूद्वारा देवताहरूको यजन गरिएको थियो भन्ने कुराको उल्लेख गरिएको छ–

ईजे सत्पशुभिः सुराननुगुणैः सम्पन्नमन्त्रर्द्धिभिः।

यज्ञैः कर्म्मविशुद्धदेहहृदयश्चन्द्रद्युतिः पार्त्थिवः॥

–नेपालका प्राचीन अभिलेख, पृ. ६।

मल्लकालमा पनि विभिन्न मन्दिरहरूमा पशुबलिको प्रथा रहेको इतिहास छ। त्यतिखेर धेरै मन्दिरहरूको स्थापना पनि गरिएको थियो। नेपालभर विभिन्न समुदायमा विभिन्न देवदेवीमन्दिरहरूमा पशुबलि दिने प्रथा रहेको छ। मिथिला र बङ्गालमा पनि ब्राह्मण, क्षत्रिय इत्यादि जातिमा पशुबलिको परम्परा रहेको पाइन्छ।

---

४९. गौतमधर्मसूत्र दोस्रो प्रश्नको आठौं अध्यायमा (सत्राैं अध्यायमा) भक्ष्याभक्ष्यनियम दिइएको छ (गौतमधर्मसूत्र, भावमीमांसा नेपाली व्याख्या सहित, २०६९ पृ. २२६–२३५)

५०. पूर्वलिच्छविसंवत् भनिने गरेको शकसंवत्को ३८६ ज्येष्ठशुक्लप्रतिपदाको यस अभिलेखको समय संशोधनमण्डलले कार्तिकादि संवत् मानी विक्रमसंवत् ५२२ ज्येष्ठशुक्लप्रतिपदा मानेको पाइन्छ (लिच्छवि संवत्को निर्णय, नयराज पन्त, २०४३, पृ.९६)। स्वाद्ध्यायशालाले यस अभिलेखको समय वि.सं. ५२० मानेको छ (कतिपय–नैपाल–संस्कृत–ग्रन्थकार–परिचयः, २०४८, पृ.१)। पूर्वलिच्छविसंवत् कार्त्तिकादि हुन नसक्ने देखिन्छ। यो कुरा मैले वि.सं २०५५ वैशाख १२ को गोरखापत्रमा प्रकाशित "वैदिक कालगणनापद्धतिका संरक्षणमा नेपालको योगदान" शीर्षकको लेखमा सप्रमाण सिद्ध गरेको थिएँ। साथै यो संवत् गतसंवत् नभएर वर्तमानसंवत् भएको कुरा पनि त्यहीं प्रकाशित गरेको थिएँ। त्यसैले यस अभिलेखको समय वि.सं. ५२२ नभई वि.सं ५२० ज्येष्ठशुक्लप्रतिपदा हो भन्ने प्रमाणित हुन्छ। अतः यस अभिलेखको समय वि.सं. ५२० दिइएको हो।

Raj Kishore

हाम्रा वेद, स्मृति र पुराणले बताएका कृत्यहरू अयन, ऋतु र तिथिअनुसार अनुष्ठान गर्न पर्ने कृत्य हुन् भन्ने कुरा वैदिक वाङ्मयका उल्लेखहरूको पूर्वापर विचार गरी गहिरिएर मनन गर्दा बुझिन आएको छ। पहिलेपहिले अयनका आरम्भको समय मानेर साउने सङ्क्रान्ति र माघे सङ्क्रान्तिमा पशुबलिको विशेष प्रचलन भएको पनि सुनिन्छ। यो वैदिक निरूढपशुबन्धको अनुकरण भएको बुझिन आउँछ। वसन्त ऋतुमा र शरद् ऋतुमा हुने देवीपूजामा पशुबलिको परम्परा पनि नेपालमा प्राचीन कालदेखि नै चल्दै आएको पाइन्छ।

शरद्ऋतुमा आश्विन महिनाको शुक्लप्रतिपदादेखि नवमीसम्म देवीको पूजा-आराधना गर्ने शारद-नवरात्रको विधान शाक्ततन्त्रमा र पुराणवचनहरूमा पाइन्छ। शरद् ऋतु भनेर तोकिएकाले शरद् ऋतुको दोस्रो नै महिना माने पनि अयन चलनले प्रत्येक २००० वर्ष जतिमा ऋतु एक महिना वर सर्ने निरन्तर चल्ने प्राकृतिक प्रक्रियाअनुसार भाद्र महिना नै शरद् ऋतुको द्वितीय महिना भएपछि आश्विनको सट्टा भाद्र महिनाको शुक्लपक्ष-प्रतिपदादेखि नवमीसम्म यो पूजा गर्नुपर्ने हुन्छ भन्ने पनि यी वचनहरूबाट बुझिन आउँछ। ऋतु र तिथिअनुसार अनुष्ठान गर्दा नक्षत्र गौण हुन्छ। यी ग्रन्थहरू आश्विन महिना शरद् ऋतुको महिना भएपछि बनेकाले यिनमा नक्षत्र बताउँदा आश्विन महिनालाई लक्षित गरी आश्विन महिनामा मिल्ने नक्षत्रको उल्लेख भएको बुझिन्छ। मार्कण्डेयपुराणका देवीमाहात्म्यमा शरद् ऋतुमा देवीपूजन गर्नू भनिएको छ–

शरत्काले महापूजा क्रियते या च वार्षिकी ।

–मार्कण्डेयपुराण ८९।११, सप्तशती चण्डी १२।११।

देवीभागवतमा शरद् र वसन्तमा चण्डीको पूजा गर्नुपर्छ भनिएको छ–

शरत्काले विशेषेण कर्तव्यं विधिपूर्वकम्।
वसन्ते च प्रकर्तव्यं तथैव प्रेमपूर्वकम्।
वसन्तशरदावेव सर्वनाशकरावुभौ ।
तस्मात् तत्र प्रकर्तव्यं चण्डिकापूजनं बुधैः॥ –देवीभागवत ३।२६।३-७ ।

वैदिक सनातन वर्णाश्रमधर्मका अनुयायी प्रायः सबै नेपाली ब्राह्मणहरू शारद नवरात्रमा मार्कण्डेयपुराणको देवीमाहात्म्यको विधानअनुसार सामान्य

Raj Kishore

पूजा, देवीसूक्तको पाठ, दुर्गासप्तशतीको पाठ र बलिदानहरू गर्छन् । नेपालमा मिथिला, बङ्गाल इत्यादिमा जस्तै शारदनवरात्रमा पशुबलिको पनि परम्परा छ। देवीभागवतमा मासु खानेहरूले पशुबलि दिन पर्ने निर्देश गरिएको छ–

मांसाशनं ये कुर्वन्ति तैः कार्यं पशुहिंसनम्।
महिषा-ऽज-वराहाणां बलिदानं विशिष्यते॥
देव्यग्रे निहता यान्ति पशवः स्वर्गमव्ययम्।
न हिंसा पशुजा तत्र निघ्नतां तत्कृतेऽनघ॥ –देवीभागवत ३।२६।३२-३३।

देवीसूक्तको दुर्गासप्तशतीका तेह्रौँ अध्यायमा (श्लोक १०) उल्लेख छ । विधिवत् वेद नपढेका मानिसले दुर्गासप्तशतीको पाँचौँ अध्यायभित्र पर्ने तान्त्रिक देवीसूक्त वा पौराणिक देवीसूक्तको पाठ गर्नु उचित मानिएको छ। नसक्नेले पनि प्रायः प्रथम चरित्रको र दोस्रो अध्यायदेखि चौथो अध्यायसम्मको मध्यम चरित्रको पनि पाठ गर्ने गर्दछन् । सक्नेले पाँचौँ अध्यायदेखि तेह्रौँ अध्यायसम्मको उत्तम चरित्रसमेत सम्पूर्ण देवीमाहात्म्यको पाठ गर्छन् । प्रतिपदाका दिन भूमिशोधन गरी भूमिमा वा भूमिमा राखिएका ठुला टपरीमा वेदीका बनाई जौको र गहुँको जमरा राख्ने काम गरेर वेदमा कलशस्थापन-विधिले नयाँ घट स्थापित गरेर त्यसैमा देवीको आवाहन गरी नौदिनसम्म प्रतिदिन चन्दन, अक्षता, फूल, धूप, दीप, नैवेद्य इत्यादि यथामिलित उपचारले पूजा गर्ने विधान देखिन्छ। साथै देवीसूक्तपाठ गर्ने र देवीका प्रीतिका लागि दुर्गाकवच, अर्गलास्तोत्र, कीलकको पाठ गरी सप्तशतीस्तोत्र पाठ गरेर यथाशक्ति यथारुचि राँगो, भेडो, बोको, बिल्वफल, कुभिण्डो, उखु, मास इत्यादिको बलि दिने विधान देखिन्छ । सबै दिन छागबलि दिन नसक्नेले अरू दिन कुभिण्डो इत्यादिको बलि दिने र अष्टमी अथवा नवमीमा छागबलि (बोकाको बलि) दिने गर्छन् । नवमीमा छागबलि दिनु उत्तम मानिएको देखिन्छ।[५१]

विजयादशमीका दिन राजा, सामन्त र क्षत्रियहरूले अपराजितापूजा, शमीपूजा, सीमोल्लङ्घन, लोहाभिसार इत्यादि कृत्य गर्ने विधान लघुस्मृति र पुराणमा पाइन्छ । विजया देवीको दशमी हुनाले यस दशमीलाई विजयादशमी

५१. अष्टम्यां बलिदानेन विपत्तिर्जायते नृणाम्।
दद्याद् विचक्षणो भक्त्या नवम्यां विधिवद् बलिम्॥–ब्रह्मवैवर्तपुराण प्रकृतिखण्ड ६५।८।

Raj Kishore

भनिएको बुझिन्छ । नवरात्रमा पूजा गरिएकी देवीको यस दिन प्रातःकालमा पूजा गरी विसर्जन गरेर कलशजल, निर्माल्यपुष्प, जमरा इत्यादि राखेर घडा, निर्माल्य इत्यादि चाहिँ जलाशयमा सेलाउने प्रचलन छ। त्यसपछि आफूभन्दा कान्छाहरूलाई टिको लगाईदिई देवीका फूलप्रसादहरू दिने र आफू पनि मान्यजनबाट टिको लगाई देवीका फूलप्रसादहरू ग्रहण गर्ने प्रचलन रहिआएको छ । नेपालमा देवीका पूजन-वेदिकामा उम्रेका पहेँला जमराको विशेष प्रयोग गर्ने परम्परा छ। यो टीकाको क्रम एकादशी-द्वादशीका दिनहरूमा पनि चल्दछ। पूर्णिमाका दिन कोजाग्रतपूर्णिमाव्रत गरी लक्ष्मीपूजा गर्ने प्रचलन छ।

उपसंहार

वेद र वेदाङ्गमा सनातन वर्णाश्रमधर्मको विधान छ। वर्णाश्रमधर्ममा विभिन्न प्रकारका कर्महरूको अनुष्ठानको निर्देश छ। वेदमा विभिन्न प्रकारका यज्ञहरूको विधान छ। कर्महरूमा यज्ञलाई श्रेष्ठ कर्म मानिएको छ। वेदमा पशुयज्ञहरूको विधान छ। मीमांसादर्शनमा वैदिक पशुयज्ञका विविध पक्षको विस्तृत विवेचना गरिएको छ। पुराणहरूले पौराण अनुष्ठानमा पशुबलिको विधान गरेका छन्। नेपालमा पनि परापूर्वकालदेखि नै पशुबलिको परम्परा रहिआएको छ।

सन्दर्भसामग्री

अभिज्ञानशाकुन्तलम्, महाकवि कालिदास, व्याख्याकार- वासुदेवकृष्ण शास्त्री, आगरा : महालक्ष्मी प्रकाशन, तृ.सं. सन् १९८१।

अर्थसङ्ग्रहः, लौगाक्षिभास्कर, शिवयोगिभिक्षुकृत मीमांसार्थकौमुदी संस्कृतव्याख्या तथा कामेश्वरनाथमिश्रकृत प्रकाशिका हिन्दी व्याख्या सहित, वाराणसी : चौखम्बा सुरभारती प्रकाशन, तृ.सं. सन् १९८९ ।

ऋग्वेदसंहिता, सायणव्याख्यासहित, पुणे : वैदिक-संशोधन-मण्डल, सन् १९७२ ।

कात्यायनश्रौतसूत्रम्, विद्याधरशर्मगौडविरचित सरला वृत्तिसहित, वि.सं. १९८७, पुनर्मु. दिल्ली : चौखम्बा संस्कृत प्रतिष्ठान, सन् १९९०।

गौतमधर्मसूत्र, भावमीमांसा नेपाली व्याख्या सहित, व्याख्याकार- प्रमोदवर्धन कौण्डिन्न्यायन, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६९ ।

जैमिनीय-धर्ममीमांसासूत्रम् (**श्रीमज्जैमिनिप्रणीतं मीमांसादर्शनम्**) तन्त्रवार्त्तिक-टुप्टीकासहित, पुणे : आनन्दाश्रम, सन् १९३४-१९७२।

जैमिनीयन्यायमाला, विस्तरसहित, माधवाचार्य, कलकत्ता : जीवानन्द विद्यासागर भट्टाचार्य, सन् १८८३ ।

तन्त्रवार्तिकम्, कुमारिलभट्टपाद, पुणे : आनन्दाश्रम, सन् १९७०-१९७२।

Raj Kishore

तैत्तिरीयब्राह्मणम्, सायणव्याख्यासहित [१-३ भाग], सम्पा.- नारायणशास्त्री गोडबोले, पुणे : आनन्दाश्रम; द्वि.सं. सन् १९३४ ।

तैत्तिरीयसंहिता, (आत्रेय-तैत्तिरीय-कृष्णयजुर्वेदसंहिता), भट्टभास्करविरचितभाष्य तथा सायणाचार्यविरचित भाष्य सहित, पुणे : वैदिक-संशोधन-मण्डल, सन् १९७० ।

दर्शनामृत (बुद्धिसागरका चौध रत्न), पं. बुद्धिसागर पराजुली, काठमाडौँ : लेखक स्वयम्, २०२५ ।

देवीभागवतम्, शैवनीलकण्ठकृत टीका युक्त, मुम्बयी : वेङ्कटेश्वर यन्त्रालय, १९६४ ।

निरुक्तम्,यास्काचार्य, दुर्गकृत वृत्ति सहित, नैघण्टुक काण्ड, कलकत्ता : मनसुखराय मोर, ई.सं. १९५२ ।

नेपालका प्राचीन अभिलेख, सम्पादक- हरिराम जोशी, काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०३० ।

नैपालधर्मशास्त्रिकृत-धर्मशास्त्रनिबन्धानां मीमांसान्यायदृष्ट्या संक्षिप्तं पर्यालोचनम्, प्रमोदवर्धन कौण्डिन्न्यायन, काठमाडौं : नेपाल संस्कृतविश्वविद्यालय (तात्कालिक महेन्द्र संस्कृत-विश्वविद्यालय) अनुसन्धानकेन्द्रद्वारा स्वीकृत, २०५५ ।

पाणिनीयव्याकरणमहाभाष्यम् (प्रथम नवाह्निक), सम्पादक एवम् अनुवादक- चारुदेवशास्त्री, मोतीलाल बनारसीदास, २०२५ ।

पारस्करगृह्यसूत्रम्, भाष्यपञ्चकयुक्त, मुम्बई : गुजराती मुद्रणालय, १९७३ ।

पूर्वमीमांसादर्शन, जुननाथशर्मा, दर्शनप्रवेशिका, काठमाडौँ : प्रकाशन विभाग, नेपाल दार्शनिक संघ, २०१३ ।

ब्रह्मवैवर्तपुराणम्, मुम्बयी : वेङ्कटेश्वरयन्त्रालय, १९६६ ।

ब्रह्मसूत्रम्, बादरायण वेदव्यास, शाङ्करभाष्य सहित, मुम्बई : निर्णयसागमुद्रणालय, सन् १९३८ ।

भाट्टदीपिका, खण्डदेव, [१-४ भाग], दिल्ली : राष्ट्रिय संस्कृत संस्थान ।

मनुस्मृतिः, सुपरिमार्जितकुल्लूकभट्टविरचित मन्वर्थमुक्तावली व्याख्या सहित, सम्पादक- शिवराज आचार्य कौण्डिन्न्यायन, वाराणसी : चौखम्बा विद्याभवन, सन् २००७ ।

महाभारतम्, नीलकण्ठव्याख्यायुक्त, पुना : चित्रशाला प्रेस, १९२९-१९३३ ।

मांसतत्त्वविवेकः, विश्वनाथन्यायपञ्चानन, वाराणसी, सन् १९२७ ।

मार्कण्डेयपुराणम्, कलकत्ता : जीवानन्द विद्यासागर भट्टाचार्य, सन् १८७९ ।

मा.वा. शुक्लयजुर्वेदसंहिता, उवटमहीधरकृतव्याख्याहित, मुम्बयी : निर्णयसागर मुद्रणालय, १९८५ ।

मा.वा. शतपथब्राह्मणम्, सायणव्याख्यायुक्त, मुम्बयी : गङ्गाविष्णु श्रीकृष्णदास, सन् १९४० ।

मीमांसाकुसुमाञ्जलि, उमेश मिश्र, वाराणसी : काशी हिन्दु विश्वविद्यालय, सन् १९६४ ।

मीमांसादर्शन का विवेचनात्मक इतिहास, गजाननशास्त्री मुसलगाँवकर, वाराणसी : चौखम्बा विद्याभवन, १९९२ ।

मीमांसादर्शन-शाबरभाष्यम्, शबरस्वामी, १-२ भाग, कलिकाता : जीवानन्द विद्यासागर भट्टाचार्य, सन् १८८३ ।

मीमांसानुक्रमणिका, मण्डनमिश्रकृत, गङ्गानाथझाशर्ममैथिलरचित मीमांसामण्डन सहित, सम्पा.- ढुण्ढिराजशास्त्री, वाराणसी : चौखम्बा संस्कृत सिरिज अफिस, १९८७ ।

Raj Kishore

मीमांसान्यायप्रकाशः, आपदेवप्रणीत, व्याख्याकार- वासुदेवशास्त्री अभ्यङ्कर, भाण्डारकर ओरियण्टल रिसर्च इन्स्टिट्युट, सन् १९७२।

मैत्रायणीयसंहिता, सम्पा.- श्रीपाद दामोदर सातवलेकर, पारडी, गुजरात : स्वाध्यायमण्डल।

याज्ञवल्क्यस्मृतिः, विश्वरूपविरचित बालक्रीडा व्याख्या सहित, सम्पादक- त.गणपतिशास्त्री, दिल्ली : मुन्शीराम मनोहरलाल, सन् १९८२ ।

लशुन-प्याज नखाने र मासु खाने नेपाली ब्राह्मणहरूका परम्पराको संक्षिप्त शास्त्रीय विवेचना, आमोदवर्धन कौण्डिन्न्यायन, काठमाण्डु : स्वाद्ध्यायशाला, २०६४।

लौगाक्षिस्मृतिः, स्मृतिसन्दर्भ, षष्ठ भाग, कलकत्ता : मनसुखराय मोर, २०१३।

वैदिक धर्म मूल रूपमा, शिवराज आचार्य कौण्डिन्न्यायन, काठमाण्डु : स्वाद्ध्यायशाला, द्वि.सं. २०६२ ।

वैदिक-मन्त्र-सङ्ग्रहः, शिवराज आचार्य कौण्डिन्न्यायन, काठमाण्डु : स्वाद्ध्यायशाला, २०५२ ।

शास्त्रदीपिका, पार्थसारथि मिश्र, सोमनाथप्रणीतमयूखमालिकाख्यव्याख्यासहित, सम्पा.- धर्मदत्त झा (बच्चाझा), पुनर्मु. वाराणसी : कृष्णदास अकादमी, २०४५।

श्राद्धे मांसप्रयोगस्तदीयवेदशास्त्रप्रामाण्यविचारश्च, शिवराज आचार्य कौण्डिन्न्यायन, सारस्वती सुषमा ६०।१-२, वाराणसी : सम्पूर्णानन्द-संस्कृत-विश्वविद्यालय, २०६२ ।

श्लोकवार्त्तिकम्, कुमारिलभट्ट, पार्थसारथिमिश्रविरचित न्यायरत्नाकर व्याख्या सहित, सम्पादक- द्वारिकादास शास्त्री, वाराणसी : तारा पब्लिकेशन्स, सन् १९७८।

स्कन्दपुराणम्, मुम्बयी : बैङ्कटेश्वरयन्त्रालय, १९६५-१९६७।

Raj Kishore

शास्त्रीय चिन्तनमा पशुबलि

–प्रा.डा. रामचन्द्र गौतम, धर्मशास्त्री
निवर्तमान अध्यक्ष, नेपाल पञ्चाङ्ग निर्णायक समिति

हिमाल पहाड मधेश तराईलाई आफूमा समाहित गरेको, वनजङ्गल, पाखापखेरा, उकाली ओराली आदिले मनोरम बनेको, अनेक नदनदी तीर्थस्थल, मठमन्दिर, शक्तिपीठ आदिको विद्यमानताले परमपावन हुन पुगेको छ नेपालभूमि। शान्त सुन्दर रमणीय सबैका निम्ति आकर्षक यो भूमि (देश) मा अनेक वर्ण, जाति, जनजाति, दलितजाति र विविध सम्प्रदायका मानिस बसोबास गर्दछन् र परस्परको स्नेह, सद्भाव, सहयोग, समन्वयका साथ आआफ्ना पूर्वजहरूद्वारा प्राचीनकालदेखि आचरित एवं परिपालित धर्म, कर्म, संस्कार, संस्कृतिको अनुसरण गर्दछन्। अनुसरण वा उपासना गरिने संस्कृतिहरूमा राष्ट्रलाई चिनाउने राष्ट्रियताको रूपमा रहेका प्रत्येक वर्ष जगदीश्वरी दुर्गा भवानीको पूजा आराधना गरेर मनाइने वडादसैँ जस्ता चाडपर्व र अन्य जात्रा–मात्रा, उत्सव आदि पर्दछन्। यी चाडपर्वहरू श्रद्धा, आस्था, उत्साह, उमङ्ग सबैले रामरमिताकासाथ मनाउने गर्दछन् । यसरी मनाइने वा पूजिने देवताहरूमा भैरव, भीमसेन आदि पर्दछन् भने देवीहरूमा काली, भद्रकाली, चण्डिका, चामुण्डा, कालरात्री आदि अनेक नामका दुर्गादेवीहरू पर्दछन्। समाराधित, सम्पूजित यी देवदेवीहरूलाई शास्त्रको निर्देशानुसार निष्ठाकासाथ आआफ्नो परम्पराअनुरूप बोका, भेडा, राँगा आदि पशुको र हाँस, कुखुरा आदि पन्छीको विधिपूर्वक बलि (भोग) पनि दिने गर्दछन्। यसरी पशुपन्छीको बलिदिने शास्त्रीय चलन आर्यावर्त (भारतवर्ष) को शीर्षस्थान आर्य तपोभूमि हाम्रो नेपालमा आदिमकाल देखिनै अविच्छिन्न चलेर आइरहेको छ।

देवतालाई जगत्पिता मानिएको छ भने देवीलाई जगन्माता । यस्ता पितृ–मातृका स्थानमा स्थापित देवदेवीले आफ्ना सन्तानका रूपमा रहेका पशुपन्छीको भोग कदापि खाँदैनन् । उनीहरूले नखाने वस्तुको भोग दिनु शास्त्र विपरीत हो,

Raj Kishore

धर्मविरुद्ध हो, पशुपन्छीको बाँच्न पाउने अधिकारको हनन गर्नु हो । त्यसकारण देवदेवीलाई पशुपन्छीको बलि दिने चलन तत्काल बन्द गर्नुपर्छ भन्ने तीव्र आवाज हाम्रै समाजका केही मानिसबाट चर्को रूपमा आइरहेको छ । यसरी एकथरी मानिसले पशुबलि दिने गरेका छन्, दिनुपर्छ भन्छन् भने अर्काथरी मानिस दिनुहुँदैन भनी विरोध गर्दै आएका छन् । यस्तो किन भइरहेको छ ? यसमा वास्तविकता के छ र शास्त्रीय निर्णय के कस्तो रहेको छ ? भन्ने कुराको यथार्थ जानकारी सर्वसाधारणलाई गराउनु नितान्त आवश्यक छ । यही विषयलाई ध्यानमा राखी शास्त्रीय निर्णयका आधारमा यो लेख लेखिएको छ ।

नेपालमा विशेषतः शैव, शाक्त, सौर, गाणपत, वैष्णव आदि विभिन्न सम्प्रदायका मानिस बसोबास गर्छन् । वैष्णव चाहिँ दुई प्रकारका छन्– वैष्णवीदीक्षा ग्रहण गरी विष्णु वा विष्णुका राम, कृष्ण आदि कुनै अवतार विशेषलाई मात्र प्रधानता दिने वैष्णव र वैदिक धर्मानुयायी वैष्णव । वैदिक धर्मानुयायीहरूमा केही स्मार्त छन् भने केही वैष्णव । त्यस्तै शाक्तहरूमा पनि दुईथरी नै छन्– दक्षिणाचार र वामाचार । जल, अर्घ, पञ्चामृत आदि सात्त्विक वस्तु समर्पण गरेर देवीको पूजा–उपासना गर्ने शाक्त दक्षिणाचारी हुन् भने रक्त, मांस, मद्य आदि राजस एवं तामस पदार्थ चढाएर देवीको अर्चना–उपासना गर्ने शाक्त वामाचारी हुन् । वामाचार बाहेकका शाक्तहरू र वैदिकेतर वैष्णवहरूले नै प्रायः पशुबलिको निषेध गरेको पाइन्छ । पशुबलिको निषेध गर्ने शाक्तहरू र निषेधन नगर्ने वैदिक धर्मावलम्बी वैष्णवहरू गणेश, सूर्य, देवी, शिव, विष्णु सबै देवताको पूजा गर्छन् । कसैले विष्णुलाई मुख्य मान्छन् भने कसैले शिव, कसैले देवी, कसैले सूर्य र कसैले गणेशलाई मुख्य मान्ने गरेको पाइन्छ । यी सबैको एकै ठाउँमा नित्य पूजा गर्दा जलचन्दनादि सात्त्विक वस्तुले मात्र गर्ने गरिन्छ । तिथि, बार, नक्षत्र, मास, पक्ष आदि विशेष पर्व पारेर देवीको मात्र पूजा गर्ने र कुलदेवताको पूजा गर्ने वैदिक धर्मानुगामी कसैले गन्धाक्षतपुष्पादि सात्त्विक पदार्थ मात्र चढाएर पूजा गर्छन् भने कसैले गन्धाक्षतादिका साथ आफ्नो कुल परम्पराअनुसार पशुपन्छीको बलि चढाएर राजस पूजा गर्छन् । शूद्रादि जाति, जनजाति, दलितजातिहरूले चाहिँ पशुपन्छीको बलि दिनुका साथै रक्सीसमेत चढाई तामस पूजा गर्ने गर्छन् ।

सात्त्विक, राजस, तामस यी तीन प्रकारका पूजामा ब्राह्मणले चाहिँ सात्त्विक

पूजामात्र गर्नुपर्ने शास्त्रीय विधान रहेको छ। तर ब्राह्मणहरू पनि उनीहरूको चरित्र, क्रियाकर्म, आचरण, पेसा आदिले गर्दा धेरै प्रकारका हुन्छन्। जस्तै- ब्रह्मसम, देवसम, ऋषिसम ब्राह्मण, अनुचान ब्राह्मण/क्षत्रियसम र वैश्यसम ब्राह्मण। त्यसपछि शूद्रसम, निषादसम, चाण्डालसम, म्लेच्छसम र पशुसम ब्राह्मण। यस्ता ब्राह्मणहरूमा ब्रह्मसमदेखि अनुचानसम्मका विशुद्ध ब्राह्मणहरूका निम्ति मात्र सात्त्विक पूजाको विधान हो। यो विधान पनि देवी र कुलदेवताको पूजा गर्दामात्र लागू हुने हो, सोमयाग निरूढ पशुबन्धयाग आदि महत्तम वैदिक यज्ञमा त यी विशुद्ध मानिने ब्राह्मणले पनि पशुवध (बलि) गर्नैपर्ने हुन्छ। वधमात्र गर्ने होइन, वध गरिएको पशुको मांसभक्षण यज्ञ गर्ने कर्ता र गराउने आचार्य, ऋत्विक् आदि ब्राह्मणले पनि गर्नैपर्छ। नगरेमा पाप भागी हुनुपर्छ भनी मनुवसिष्ठादि शास्त्र प्रवर्तकले ठोकुवा नै गरेका छन्।

क्षत्रियसम र वैश्यसम ब्राह्मणले देवीको राजस पूजा नै गर्नुपर्ने हुन्छ। शूद्रसमदेखि पशुसमसम्मका ब्राह्मणले चाहिँ आआफ्नो चलन अनुसारको राजस वा तामस जुन पूजा गर्दा पनि हुने देखिन्छ। त्यसपछि क्षत्रिय, वैश्य र मूर्धावसिक्तादि अनुलोम ३६ प्रकारका जातिका निम्ति राजस पूजाको मात्र निर्देश शास्त्रले गरेको छ। शूद्रसमेतका जाति, जनजाति, दलितजाति र सूतवैदेहकादि प्रतिलोम संकर जातिका निम्तिचाहिँ मासु र रक्सीसमेतको तामस पूजाको बलियो विधान शास्त्र प्रतिपादित छ। तर तामस पूजा गर्नुपर्ने जातिले मद्यविनाको राजस पूजा वा मद्यमांस दुवै नभएको पुष्पाक्षतादिले युक्त साधारण पूजा पनि गर्न सक्छन् र त्यो गर्ने चलन पनि छ। त्यस्तै राजस पूजामा अधिकार प्राप्तलाई सात्त्विक पूजामा पनि अधिकार हुन्छ।

सात्त्विक पूजामा नपर्ने राजस र तामस पूजाभित्र पर्ने पशुबलिको विस्तृत विधान सनातन धर्मको मूलस्थानमा प्रतिष्ठित वेद, वेदको व्याख्या स्मृति नामले प्रसिद्ध लोकधर्म प्रतिपादन गर्ने धर्मशास्त्रमा, शिवजीको मुखारविन्दुबाट निःसृत आगमसंज्ञा पाएको तन्त्रशास्त्रमा गरिएको छ। तन्त्रशास्त्र पनि धेरै प्रकारको छ। जस्तै शैवतन्त्र, शाक्ततन्त्र, सौरतन्त्र, गाणपततन्त्र आदि। सबै तन्त्रशास्त्रमा र धर्मको स्थान मानिएका कालिका पुराण, देवीपुराण, भविष्यपुराण, विष्णु धर्मोत्तरपुराण, सौरपुराण, मार्कण्डेय पुराण आदि अनगिन्ती पुराणले पनि बलिको विधान गरेका

Raj Kishore

छन् । यिनै शास्त्रले विधान गरेअनुसार गरिने पशुबलि कुनै विशेष तिथिबारादिमा, चैत्रशुक्ल, आश्विनशुक्ल आदि पर्वविशेषमा र निरुढ पशुबन्धयाग, सोमयाग आदि पूर्णवैदिक यज्ञमा गरिन्छ । विशेषतः नेपालमा दसैँमा बढी हुने गरेको देखिन्छ । दुर्गाको पूजोपासनाको निम्ति विशिष्टकाल दसैँ हो । यो पर्व बडादसैँ, शारदोत्सव, नवरात्र, दुर्गोत्सव आदि नामले पनि प्रसिद्ध छ । यस्तो पवित्रतम विविधनामले प्रख्यात दसैँ भगवती दुर्गा भवानीको तृप्तिका निम्ति पुण्यतम पर्व हो । यो पर्वमा उहाँको प्रसन्नता, तृप्तता, सबलता, सन्तुष्टता, अजेय शक्ति सम्पन्नताका निम्ति उहाँलाई पशुबलि दिनुपर्ने अकाट्य एवं अखण्डनीय विधान शास्त्रले गरेको छ।

यस्तो विधान गर्दागर्दै पनि केही मानिसले देवदेवीलाई पशुबलि दिनु सर्वथा गलत हो भनिरहेका छन् । त्यो भन्नु उनीहरूले शास्त्रको मर्म बुझ्न नसक्नु हो । देवीतत्त्व के हो र कसरी कुन शक्तिद्वारा दुर्वृत्तको विनाश गरी देवता, मनुष्य आदि सद्वृत्तको रक्षा गर्छिन् भन्ने कुराको ज्ञान गर्न नसक्नु हो । देवी चामुण्डाले दुष्टदानव रक्तबीजको रक्तपान गरी वध गरेको र उसबाट पीडित देवता, मनुष्य सबैको सर्वतः रक्षा गरेको शास्त्र प्रतिपादित कुरालाई भुल्नु हो ।

पशुबलि दिने कार्य बन्द गर्नुपर्छ भनी शाक्तेतर सम्प्रदायले पशुबलिको विरोधमा आवाज उठाई शक्तिका उपासकहरूको बलि दिन पाउने अधिकारमा रोक लगाउन खोज्नु अनुचित हो, वेदविरुद्ध हो । वेदको **'माहिंस्यात् सर्वाभूतानि'** वाक्यको ठीक अर्थ विनाविधि हिंसा नगर, विधि पुऱ्याएर मात्र जीवहिंसा गर भन्ने हो । वेदले सोमयाग, निरुढ पशुबन्धयागजस्ता विशिष्ट यज्ञको विधान गरेको छ । ती यज्ञमा पशुवध गर्नैपर्छ। वध गरिएको पशुको प्रत्येक अङ्गको मन्त्रपूर्वक यज्ञीय अग्निमा हवन गर्नुपर्छ र शेषमांस यज्ञमा बस्ने सबैले खानुपर्छ । यस्तो शास्त्रीय व्यवस्था छँदाछँदै पशुबलिको विरोध गर्नु भनेको वेदादिशास्त्रको अनास्था, अनादर एवं उपेक्षा गर्नु हो ।

जसले शक्तिकी अधिष्ठातृदेवी भगवती दुर्गाको उपासना गर्दैन, जजसले वैष्णवीदीक्षा लिएर वा नलिएर पनि विष्णु वा विष्णुका कृष्ण आदि कुनै अवतार विशेषलाई मात्र प्रधानता दिने गरेका छन्, जसको कुलमा देवदेवीलाई पशुबलि दिने परम्परा छैन, जो मानिस वेदमूलक नभएको निर्मूल धार्मिक सम्प्रदायमा लागेका छन्, त्यस्ता मानिसले, निवृत्तिमार्गमा लागेका योगी, सन्तमहन्त, महात्माहरूले र

आचरण, कर्म आदिद्वारा पूर्णरूपमा ब्राह्मणत्व संरक्षण गरिरहेका विशुद्ध ब्राह्मणले पनि यज्ञमा बाहेक देवीको पूजाआजामा पशुबलि दिनुपर्ने निर्देश शास्त्रले गरेको छैन ।

पशुबलि दिनुपर्ने आदेश शास्त्र प्रयोजकले ती मानिसलाई दिएका छन्, जो मानिसले पत्नीपुत्रादि घरपरिवार, धनसम्पत्ति, मानसम्मान, पदप्रतिष्ठा, भोगविलास आदिमा आशक्त भई गृहस्थाश्रममा बसी प्रवृत्ति मार्गलाई आत्मसात् गरेका छन् । त्यस्ताले र देश र जनताको हितका निम्ति राज्यले पनि पशुबलि शास्त्रीय मान्यताअनुसार दिनैपर्छ ।

राज्यले राज्य सुसञ्चालनका निम्ति प्रभुशक्ति, मन्त्रशक्ति, उत्साहशक्ति यी तीन उत्कृष्ट शक्तिको आर्जन गर्नु अत्यावश्यक हुन्छ । यिनीहरूको सञ्चयन भगवती दुर्गाको पशुबलिका साथ गरिएको पूजाउपासनाबाट मात्र हुनसक्छ भन्ने शास्त्र प्रणेताको दृढ धारणा रहेको छ । यही आधारमा नेपालमा जनताको उन्नति, प्रगति, सुस्वास्थ्य, सुरक्षा र सुखशान्तिका निम्ति दसैँजस्ता विशिष्ट पर्वमा राज्यका तर्फबाट संस्थापित तथा समाराधित भगवती दुर्गालाई र भद्रकाली, दक्षिणकालीलगायतका विभिन्न शक्तिपीठहरूमा पनि पूजाआजा गरी पशुपन्छीको श्रद्धा, आस्था र विश्वासका साथ विधिपूर्वक बलि चढाउने काम गरिन्छ, गर्नुपर्छ र गर्दैजानुपर्छ पनि । यसरी शास्त्रमा कसले बलि दिनुपर्ने कसले दिनु नपर्ने भन्ने स्पष्ट व्यवस्था हुँदाहुँदै पशुबलिका बारेमा शास्त्रसँग मेल नखाने अनेक टीकाटिप्पणी गर्नु, आलोचना गर्नु विरोध गर्नु भनेको पशुबलि दिने चलन गरेका मानिसमा भ्रम फैलाउनु मात्र हो । पशुबलि दिन पाउने शास्त्र निर्दिष्ट अधिकारको हनन गर्नु हो ।

दसैँजस्ता पर्वमा भुवनेश्वरी भगवती दुर्गाको जुन रितले पूजाआराधना गरिन्छ, त्यसलाई शास्त्र प्रवर्तकले सुख, शान्ति, प्रगति र इच्छापूर्तिको पूर्ण आधार महान यज्ञको रूपमा स्थापित गरेका छन् । यस्तै महनीय, गौरवशाली यज्ञमा बलि चढाउनको लागि नै जगत्कर्ता ब्रह्माजी आफैले पशुपन्छीको सृष्टि गरेका हुन् । त्यसैले यज्ञमा विधिपूर्वक गरिने पशुबलिलाई शास्त्रले हिंसा (वध) मानेको छैन । अहिंसा (अवध) मानिएकोले नै दुर्गापूजा आदिमा पशुबलि दिने चलन चल्दै आएको हो । यसको पुष्टि कालिका पुराणले यसरी गरेको छ–

Raj Kishore

यज्ञार्थे बलयः सृष्टाः स्वयमवेव स्वयंभुवा ।

अतस्त्वां धातयाम्यद्य तस्माद्यज्ञे वधो वधः ॥

मनुष्यले भगवतीलाई दिएको पशुबलिको अवलोकनबाट देवताहरूले पनि अति प्रसन्न एवं विश्वस्त हुँदै यस्तो उद्घोष गरेका छन्– अब पशुपन्छीको भोग प्राप्त गरेपछि भगवती दुर्गा शक्तिशालिनी बन्न पुग्छिन् र असुर, मनुष्य आदिमा जति पनि दुष्टहरू छन्, तिनीहरूको विनाश गरी वा तिनलाई सत्मार्गमा प्रवृत्त गराई देवता, सद्वृत्त एवं चराचर जगत्को नै सर्वतः संरक्षण गर्न समर्थ हुन्छिन् ।

जगतीतलमा समुद्भव प्राणी मात्रको एकमात्र अन्तिम उद्देश्य रहेको हुन्छ, यो दुःखरूपी संसारबाट मुक्ति प्राप्त गर्नु । विवेकशील प्राणी मनुष्यको मुक्तिका निम्ति जप, तप, तीर्थ, व्रत, दया, दान, उपकार आदि अनेक उपाय शास्त्रदर्शित छन् । तर विवेकहीन पशुपन्छीका निम्ति यी कुनै पनि उपाय सार्थक हुँदैनन् । उनीहरू मुक्त हुने एकमात्र उपाय भनेको देवदेवीको स्थानमा र यज्ञयज्ञादिमा विधिपूर्वक बलि हुन पाउनु नै हो । देवस्थल, यज्ञस्थल आदि पवित्रतम स्थानमा पूजोपकरणद्वारा सम्पूजित, सम्मानित, समादृत भई श्रवणीय (मोक्षप्रद) मन्त्र श्रवण गरी बलि हुन पाउनु उनीहरूका निम्ति सौभाग्य हो । विवेक, बुद्धि, विचारको अभावले गर्दा पशुपन्छीहरूमा कर्तव्याकर्तव्यको बोध हुनसकेको हुँदैन । त्यसैले गर्दा पशुपन्छीहरू आफ्नो क्रियाकर्मबाट सद्गतिमा प्राप्त हुनसक्दैनन् । उनीहरूलाई त्यस्तो परमगतिमा पुऱ्याउन सक्ने मानिस मात्र हुन् ।

मानिसहरूमा पनि सनातन धर्मानुयायीहरूको सर्वोच्च शास्त्र ब्रह्मरूप वेदलाई धर्मको मूल नमान्ने, गुरु परम्पराबाट प्राप्त उपदेशमात्र मान्ने कुनै सम्प्रदाय विशेषमा लागेका मानिसहरू र मोक्ष साधनमा संलग्न साधु, सन्त, महात्माहरूले मात्र पशुपन्छीहरूलाई बलिको माध्यमबाट उत्तम गतिमा पुयाउने काम गर्दैनन् । यी बाहेक पत्नीपुत्रादि पारिवारिक सुख, रत्नकनकधनधान्यादि ऐश्वर्यको उपभोग, इज्जत, प्रतिष्ठा, मान, मर्यादा आदि सांसारिक विषयवासनामा आसक्त भई प्रवृत्ति मार्गमा प्रवृत्त, घरबार गरेर बसेका क्षत्रियसमदेखिका ब्राह्मणादि वर्णहरू, विभिन्न जाति, जनजाति, राई, लिम्बु, किरात, दलित, म्लेच्छ आदि जुन कुनै पनि भूभाग (प्रदेश) मा बसेका दुर्गा भवानीप्रति श्रद्धा, आस्था र विश्वास राख्ने मानिस मात्रले पशुपन्छीको बलि प्रदान गरी देवी दुर्गाको पूजाआराधना गर्नसक्ने शास्त्रीय

Raj Kishore

व्यवस्था रहेको छ। यो अनुसार देवीको पूजा, अर्चना, वन्दना गर्ने स्तुत्य कार्यमा धर्मशास्त्रले कुनै वर्ण, जाति, जनजाति, दलितजातिप्रति भेदभाव राखेको छैन। सबैले पशुपन्छीको बलि दिई उनीहरूलाई मुक्त गराउन सक्दछन्।

यज्ञमा गरिने पशुबलिलाई शास्त्रले हिंसा (वध) मानेको छैन। अहिंसा (अवध) मानिएकोले नै दुर्गा पूजा आदिमा पशुबलि दिने चलन चल्दै आएको हो।

तस्यां ये ह्युपयुज्यन्ते प्राणिनो महिषादयः
सर्वे ते स्वर्गतिं यान्ति घतां पापं न विद्यते॥ – भविष्यपुराण

एवं हृष्टैर्निशां नीत्वा प्रभाते अरूणोदये।
घातयेन्महिषान्मेषानग्रतो नतकन्धरान्॥
शतमर्धशतं वापि तदर्धं वा यथेच्छया।
सुरासवधृतैः कुम्भै स्तर्पयेत्परमेश्वरीम्॥ – निर्णय सिन्धु पृ.२३५

व्रतं च जागरश्चैव नवम्यां विधिवद्बलिः।
पशुघातश्च कर्तव्यो गवयाजवधस्तथा॥ –देवीपुराण

बलिदान तान्त्रिक दृष्टिमा

–प्रा. विद्यानाथ उपाध्याय भट्ट
तन्त्रविद्या शिरोमणि

बलिदानको अभिप्राय

'बलिदान' यौटा संस्कृत शब्द हो। संस्कृतमा 'बल' शब्दको अर्थ दिनु भन्ने हुन्छ। त्यसैले 'बलि' शब्दको अर्थ दिइने पदार्थ हो। राजाले राष्ट्रबाट लिने भाग पनि 'बलि' नै हो। यस्तै पूजकले देवतालाई चढाउने पूजा सामाग्रीलाई पनि 'बलि' नै भन्दछन्।

पञ्चमहायज्ञ बलिवैश्वअन्तर्गत भूतयज्ञ (प्राणीमात्रलाई दिइने वस्तु) पनि बलि नै हो। यसरी देवता, प्राणीहरूलाई र भूतप्रेत पिशाचादिलाई पनि तृप्त गराउन प्रदान गरिने वस्तु 'बलि' हो र यसरी प्रदान गरिनु 'बलिदान' हो। अनि यसका साथै देवतालाई रगत वा मासु चढाउन काटिने पशुलाई पनि बलि (पशुबलि) भनिन्छ र यसरी गरिने वध पनि बलिदान हो।

सबैको स्पृहणीय विषय – बलि

'बलि' देवताहरूले ज्यादै रुचाउने गर्दछन्। देवयोनि मात्र होइन, काल, दिशा, महिना, संवत्सर, ऋृतु, पक्ष, अयन, दिन, रात, तिथि, प्रहर, संक्रान्तिसमेत पनि बलि चाहन्छन्। त्यतिमात्र होइन वनस्पति, ओषध, लहरा, रुख, पर्वत, पहरा, स्थावर –जङ्गम सबै बलि चाहन्छन्। यसरी बलि देवता, समस्त प्राणी, स्थावर –जङ्गम आदि सबैलाई बलि ज्यादै प्यारो हुन्छ।

बलिका भेद

बलि वैदिक र तान्त्रिक दुई प्रकारको हुन्छ। वैदिक बलि यज्ञहरूमा वैदिक मन्त्रहरूद्वारा देवतालाई प्रदान गरिन्छ र तान्त्रिक बलि चाहिं तान्त्रिक मन्त्रद्वारा

Raj Kishore

पशुको वध गरेर तिनका रगत र मासुद्वारा देवतालाई तृप्त गराउन पूजाविशेषमा प्रदान गरिन्छ। विभिन्न देवताका प्रिय हुने बलि पनि प्रायः बेग्लाबेग्लै हुने गर्दछ। महाकालसंहितामा कुलदेवताका निमित्त कुन बलिप्रिय हुन्छ भन्ने निर्देश व्यापकरूपमा गरिएको पाइन्छ। यही कुरा बृहत्पुरश्चर्यार्णव ग्रन्थमा पनि जस्ताको तस्तै उद्धृत गरिएको देखिन्छ।

यज्ञार्थ पशुहरूको सृष्टि

पशुहरूको सृष्टि नै यज्ञका लागि गरिएको हो, त्यसैले यज्ञमा पशुबलि गर्नु शास्त्रसम्मत नै हुन्छ। पशु र बलि यो शब्द देवताका ज्यादै प्रिय छन्, यसैले देवताका रुचिअनुसार उनीहरूको सन्तोषको लागि पशुको बलि दिनु पर्दछ। खास गरी नैमित्तिक पूजा (कुनै खास पर्वमा गरिने पूजा) मा पशुबलि प्रायः दिनुपर्दछ। बलि नदिई देवीले पूजा नै स्वीकार गर्दिनन् भन्ने कुराहरू खास गरी तन्त्रशास्त्रहरूमा धेरै ठाउँमा वर्णन गरिएको पाइन्छ।

बलिदानको उपादेयता

बलिदान गर्नाले आयु बढ्दछ, रोग शान्त हुन्छ, शत्रुमाथि विजय प्राप्त गरिन्छ, धन प्राप्त हुन्छ, सिद्धि पाइन्छ र स्वर्गप्राप्ति समेत हुन्छ र निष्काम भएर बलिप्रदान गरेमा मोक्षसमेत यसबाट प्राप्त हुन्छ भन्ने कुरा महाकालसंहितामा वर्णित छ।

मननीय विषय – पशुबलि

यहाँ यौटा कुरा मननीय छ – बलि (पशुबलि) देवतालाई अर्पण गर्ने विशेष विधि पनि तन्त्रमा बताइएको छ। कुन बलि दिनुहुन्छ, कुन हुँदैन (निषिद्ध) छ, कसले बलि दिनुहुन्छ, कसका लागि प्रतिबन्धित छ, बलिप्रदान गर्ने विधि कुन हो आदि कुरा जानेर मात्र अधिकारी व्यक्तिले विधिपूर्वक प्रदान गरिएको पशुबलिले राम्रो र चाहेजस्तो फल दिने हुन्छ। निषिद्ध बलि वा विधि नपुऱ्याईकन बलि दिएमा अनिष्ट पनि हुनजाने कुरातर्फ सावधान हुनु आवश्यक छ।

Raj Kishore

यज्ञमा गरिने पशुहिंसा हिंसा होइन

वास्तवमा तन्त्रशास्त्रले देवतालाई बलि चढाउनू भनी विधान गरेकोमा देवता पूजन यौटा यज्ञ नै हो, पशु यज्ञका लागि नै स्वयम्भू (विधाता)ले सृष्टि गरेका हुन्। यसैकारणले यज्ञमा, जहाँ पशुबलिको विधान छ, त्यहाँ विधिपूर्वक गरिएको पशुबलि वास्तविक वध होइन। देवताको खुशीका लागि र पशु स्वयंको पनि पशुत्व (पशुयोनि)को निवृत्तिका लागि हो भन्ने शास्त्रीय वचन पाइन्छ।

यसैले पशुबलिदान गर्दा पशुको पूजा गरेर, उसको कानमा पशुगायत्री मन्त्रको उच्चारण गरीकन 'तिमीलाई यज्ञका निमित्त विधाताले सृष्टि गरेका हुन्, त्यसैले देवताको तृप्तिका लागि म तिम्रो वध गर्दछु' भन्ने वाक्य सुनाएर मात्र वध गरिन्छ र उसको रगत र मासु देवतालाई समर्पित गरिन्छ। यसबाट देवता तृप्त भएर असल फल प्रदान गर्दछन् भन्ने शास्त्रोक्ति छ।

नेपालमा पशुबलि

नेपालमा शाक्तपीठहरूमा पशुबलि भएको जहाँपनि देख्न पाइन्छ। मानिसहरू देवतालाई खुशी पारेर आफ्नो कामना सिद्ध गर्न बलि चढाउँदछन्। दसैँमा त झन् पशुबलि जताततै भएको देखिन्छ। राजकीय पूजामा राँगो र बोकाको बलि नभै हुँदैन।

अष्टमातृकाका नाचमा पनि देवताको स्वरूप लिएर नृत्य गर्ने धामीले प्रत्यक्ष रगत पिएको देख्न सकिन्छ। देवीमात्र होइन, गणेश र नाट्येश्वरलाई पनि पशुबलि दिएको पाइन्छ । दसैँको कालरात्रि पूजामा (अष्टमीका दिन) र नवमीका दिन त धेरै धेरै बलि दिनू भन्ने शास्त्रीय वचनै छ। पशुपतिमा समेत भैरवमूर्तिमा पशुबलि चढाइन्छ। वत्सलादेवी, भुवनेश्वरी, गुह्येश्वरीमा त पशुबलि भै नै रहन्छन्।

पशुबलिको तात्पर्य- पशुत्वबाट मुक्ति

सप्तशती चण्डी देवी महात्म्यमा भगवतीले महिषासुरलाई मार्नुभएको वर्णन छ। त्यसैले परम्परामा आज पनि देवीलाई राँगोको बलि दिइने गरिन्छ। अरू पशु पनि दानवकै प्रतीक हो। उनको संहार पनि देवीद्वारा भएको उल्लेखले पशुबलि दिइने गरिएको हो। यसबाट दानवबाट मानवले त्राण पाउने र पशु पनि पशुत्वबाट

Raj Kishore

छुटकारा पाउने यसको मूल आशय हो। पशुबलि प्रत्यक्ष नदिनेले पनि अनुकल्प बलि चढाएर पशुबलिकै भावमा देवीपूजन गर्दछन्। नित्यपूजामा पनि अनुकल्प बलि दिइने नै विधान छ।

पशुबलिसम्बन्धमा शास्त्रीय निष्कर्ष

यो त भयो बलिको विधिसम्मत प्रयोगको कुरा। तर बलिप्रदान गर्न नहुने जीवहत्याबाट नरक जानुपर्ने र उस जन्ममा जसले पशुको हत्या गरेको छ, त्यसको हत्या अर्को जन्ममा तिनै पशुले गर्नेछन् भन्ने वचन पनि पुराणहरूमा पाइन्छ। सम्पूर्ण जीव विष्णुस्वरूप नै हुन्, एकले अर्को हत्या गर्नु भनेको स्वयं आफैँले आफ्नो पतन गराउनु हो, यसबाट जय होइन नरकको वास हुन्छ भन्ने वचन पद्मोत्तर खण्डको छ।

विद्वानहरूको विचारमा – वेद र तन्त्रमा यज्ञ र पूजामा जहाँ शास्त्र स्वयंले पशुहिंसाको विधान गरेको छ, त्यहाँ मात्र शास्त्रीय वचनअनुसार विधिपूर्वक पशुहिंसा गरिएकोमा त्यो हिंसा –हिंसा हुँदैन, अन्यत्र अन्यथा भएको पशुहिंसा चाहिँ हिंसा मानिन्छ र त्यसले मानवको कल्याण होइन अनिष्ट गर्दछ। यसैले **'याज्ञिकी वा वैदिकी हिंसा हिंसा न भवति'**, **'तस्माद् यज्ञे वधोऽवधः'** भन्ने निष्कर्ष निकाल्न सकिन्छ।

मासु खाने कुरा पनि शास्त्रानुसार बलि चढाएर भगवतीको प्रसाद रूपमा खाएको मासुले दोष लाग्दैन त्यो पनि मासु खानेले मात्र। नत्र आफ्नो इच्छाले किनेर ल्याएको मासु खानाले र खाने उद्देश्यले मात्र देवताको पूजा शास्त्रवचन बेगर सम्पन्न गरेर मासु खाँदा पाप लाग्दछ र त्यसको चोग मासु खानेले भोग्नै पर्दछ।

वस्तुतः देवता परब्रह्म परमात्मतत्व भएको र सम्पूर्ण स्थावरजङ्गम ईश्वरकै अंश भएको मात्र होइन कि जगत् नै ईश्वरको विराट् विग्रह भएकोले ईश्वरको पूजा सात्त्विक उपचारले नै गर्नु सर्वथा उचित हुन्छ। तैपनि आफ्नो श्रद्धा, परम्परा, अधिकार अनुरूप कसैले देवपूजाकै निमित्त पशुबलि गर्दछ भने शास्त्रीय निर्देशानुसार शास्त्रानुसार नै विधिपूर्वक गर्नुपर्दछ, अन्यथा होइन। तत्सत्।

Raj Kishore

शास्त्रमा बलि

–डा. महेशराज पन्त
इतिहासविद्, संशोधन–मण्डल

अहिले बडादसैंको माहौलले नेपाल पूरै ढाकिएको छ । एकथरी नेपालीहरूको लागि दसैं र मासु पर्याय बनेका छन्। दसैंमा देवीको पूजा हुने हुनाले मांसाहारी अर्थात् परम्परादेखि मासु खाँदै आएका जतिले बोको, भैंडो, राँगो, हाँस वा कुखुरा देवीलाई बलि चढाउने र सक्नेले यीमध्ये १ भन्दा बढीको बलि गर्ने गरेको पनि देखिएको छ। निरामिष अर्थात् परम्परादेखि मासु नखाइआएका जतिले पनि पशुबलिको प्रतीकस्वरूप कुभिण्डो आदि चढाई निर्वाह गर्ने गरेको देखिन्छ। यसकारण नेपालको शाक्त परम्परामा पशुबलि अनिवार्य भएर रहेको छ। यति मात्र होइन, शिवको अवतारविशेष भैरव र हुँदा हुँदा गणेशसम्मलाई पनि नेपालमा बलि चढाइन्छ । छोटकरीमा भन्नुपर्दा, यहाँका सनातनधर्मी र वज्रयानीको परम्परामा बलिप्रथा अभेद्य अङ्ग भएर रहेको छ।

बलिप्रथा हाम्रो धर्ममा मात्र होइन, अरू अरू धर्ममा पनि नभएको होइन। प्राचीन कालमा ग्रीकहरू बलि गरेर मात्र मासु खाने गर्थे। पछि यहूदी, क्रिस्तान र मुसलमानी धर्ममा बलिप्रथा भित्रिए। अहिले पनि यहूदी र मुसलमानी धर्ममा बलिप्रथा रहेकै छ।

हाम्रो यतातिर बलिप्रथा कति पुरानो हो भनी किटेर भन्न नसकिए पनि वेदमा नै बलिप्रथाको उल्लेख पाइन्छ। 'ऋग्वेद'मा बलिप्रथाको उल्लेखको रूपमा विद्वान्हरू पहिलो मण्डलका १६२ र १६३ सूक्त अघि सार्छन्। पहिलो सूक्तमा २२ ऋचा र दोस्रो सूक्तमा १३ ऋचा भएकाले ती सबैको विषयमा यस सानो लेखमा चर्चा गर्नु सम्भव छैन। यसो हुँदा १६२ सूक्तको दोस्रो ऋचा मात्र हरे पनि कुरा स्पष्ट हुन्छ– 'दिइने भनी लिइएको बोकोलाई चम्किलो सुनले ढाकिएको मुखअगाडिबाट

ऋत्विक्‌हरू लग्छन्। पूर्ण रूप भएको, अगाडि आएको, मारिन लागेको, म्याँम्याँ गरिरहेको बोको इन्द्र र पूषाको प्यारो ठाउँमा पुगोस्' (मेरो उल्था)।

यज्ञयागादिमा वैदिक कालमा देवताहरूलाई पशुबलि दिइने कुराको चर्चा श्रौतसूत्रहरूमा प्रशस्त पाइन्छ। यसको साधारण ज्ञानको लागि अर्‌थर बेर्‌रीडेल कीथ (वि.सं. १९३५-२००१)को 'द रिलिजन् यान्ड् फिलसअफि अफ द वेद यान्ड् उपनिषद्‌ज्' (हर्‌वर्ड यूनिभर्‌सिटि प्रेस, मासाचुसेट्‌स, ई.सं. १९२५, ३२४-३२६ पृ.) हेरे मात्र पनि पुग्छ।

वैदिक यज्ञयागादि कम हुँदै गएपछि अरू अरू सम्प्रदाय विकसित हुँदै जाँदा शाक्त सम्प्रदाय पनि बिस्तारै प्रबल हुँदै गयो र परिणामस्वरूप वैदिक यज्ञयागादिमा हुने पशुबलि शाक्त सम्प्रदायमा सऱ्यो। हामीहरूले मान्दै आएको दसैं पनि शक्तिको उपासना भएकोले वैदिक यज्ञको पशुबलिलाई यस चाडले केही मात्रामा भए पनि सम्झाइरहेछ। शाक्त सम्प्रदायको उपासनापद्धति आत्मयातनास्वरूपको छ भनी विभूतिभूषण मिश्रले लेखेको कुरा ('रिलिजअस् बिलीफ्ज् यान्ड् प्र्याक्टिसइज् अफ नर्थ् इन्डिआ ड्यूरङ् दि अर्‌लि मेड्इईभल् पीर्‌इअड्', ई.जे. ब्रिल, लाइडन, ई.सं. १९७३, ५२ पृ.) कता कता मलाई ठीक लाग्छ। सातौं शताब्दीका उत्तरभारतका राजा प्रभाकरवर्धन ज्यादै बिरामी हुँदा उनलाई सञ्चो होओस् भनी कुलपुत्र अर्थात् घरानियाँ युवकहरूले मातृमण्डल अर्थात् मातृका देवीहरूलाई खुशी पार्न बत्तीले आफ्नो शरीर पोलिरहेको, राजाका विश्वासिला मानिसहरूले लाग्ने छुराले आफ्नो मासु काटेर होम गरिरहेको कुरा प्रभाकरवर्धनका कान्छा छोरा हर्षवर्धनका दरबारिया कवि बाणभट्टले 'हर्षचरित' (५ उच्छ्वास)मा लेखेकाले यसलाई शाक्तसम्प्रदायमा आत्मयातनाको दृष्टान्तको रूपमा लिन सकिन्छ। त्यति मात्र होइन, राज्य हरिएका राजा सुरथले तथा आफ्नै स्वास्नी र छोराहरूले धनसम्पत्ति खोसेर घरबाट निकालिएका, धनी वैश्यको कुलमा जन्मेका समाधिले देवीलाई प्रसन्न पार्न आफ्नो शरीरको रगतको बलि ३ वर्षसम्म दिँदै रहेको कुरा हामीले दसैंमा पाठ गर्ने 'दुर्गासप्तशती' किंवा बोलीचालीमा 'चण्डी' भनिने पुस्तकमा लेखिएको (१३।१२)को सम्झना पनि यस प्रसङ्गमा हुन्छ।

बलिप्रथा प्राचीन कालदेखि चलेर आएको भए पनि उहिल्यै यसको विरोधमा चर्को स्वर नउठेको होइन। तैपनि **'वैदिकी हिंसा हिंसा न भवति'** अर्थात् 'वेदविहित

Raj Kishore

हिंसा हिंसा हुँदैन' भन्ने भनाइअनुसार बलिप्रथा चल्दै गयो। यस प्रथाको समर्थन हाम्रो सनातनधर्मको मेरुदण्ड भएर रहेका धर्मसूत्र र स्मृतिहरूमा पाइन्छ। त्यसमा सबभन्दा मुखर 'मनुस्मृति' देखिएकोले यस विषयमा केही खुलाएर लेख्नुपरेको छ।

'अहिंसक जीवहरूलाई आफ्नो सुखको इच्छाले जसले मार्छ, बाँध्दा पनि मर्दा पनि त्यसले कहीँ सुख पाउदैँन। जो मानिस प्राणीहरूलाई बन्धनमा राख्न, मार्न र दुःख दिन खोज्दैन, सबैको हित गर्ने त्यस मानिसले अत्यन्त सुख पाउँछ। जो मानिस कसैलाई मार्दैन, त्यसले जे कुराको ध्यान गर्छ, जे गर्छ र जेमा आफ्नो मन लगाउँछ, त्यो सजिलैसँग पाउँछ। प्राणीको हिंसा नगरीकन कहीँ पनि मासुको उत्पत्ति हुँदैन। प्राणी मारेर स्वर्ग गइँदैन, यस कारण मासु छोड्नू। मासुको उत्पत्ति तथा प्राणीको हिंसा र बन्धनको विषयमा राम्ररी विचार गरेर सबै प्रकारको मासु खानबाट निवृत्त हुनू' (५।४५–४९ को मेरो उल्था), 'मार्न अह्राउने, मारिएको पशुको अङ्गप्रत्यङ्ग छुट्ट्याउने, मार्ने, किनबेच गर्ने, पकाउने, पस्कने, खाने यी सबै हत्यारा हुन्' (५।५१ को मेरो उल्था) र १०० वर्षसम्म बर्सेनि अश्वमेध यज्ञ गर्नेले र मासु नखानेले पाउने पुण्यफल बराबर हुन्छ। चोखा फलफूल र कन्दमूल तथा मुनिहरूले खाने अन्नहरू खाएर पनि त्यो फल पाइँदैन, जुन फल मासु छोडेर पाइन्छ। जसको मासु यस लोकमा म खान्छु, त्यसले परलोकमा मलाई खान्छ। विद्वान्हरू मांस अर्थात् 'मां सः=मलाई त्यसले (खान्छ)' भनी अर्थ गर्छन् (५।५३–५५ को मेरो उल्था) भनी 'मनुस्मृति'मा लेखिएकोबाट यो स्मृति मूलतः मांसभक्षणको पक्षमा नभएको कुरा स्पष्ट हुन्छ।

'स्थिति यस्तो भए पनि पूजाआजा नगरीकन काटिएको मासु नखानू' (४।२१३ बाट मेरो उल्था), 'यज्ञमा नकाटिएका पशुका मासु नखानू' (५।७ बाट मेरो उल्था) भनी 'मनुस्मृति'मा लेखिएकोले देवतालाई चढाएको मासु खान नरोकेको स्पष्ट छ। 'जसले जसको मासु खान्छ, त्यो मानिस त्यसको मासु खाने भनी कहिन्छ। माछा खानेले सबैको मासु खाएको हुन्छ। त्यस कारण माछा नखानू' (५।१५ को मेरो उल्था) भनी लेखिएकोले पशुपन्छीका मासुको भन्दा यहाँ माछाको मासुको विरोध गरिएको स्पष्ट छ। 'पाठीन अर्थात् पोठिया र रोहित अर्थात् रोहू जातका माछा हव्य र कव्यमा अर्थात् देवकार्य र पितृकार्यमा चल्छन्। राजीव अर्थात्

बगरी, सिंहतुण्ड र कत्ला भएका अरू जातका माछा पनि खाए हुन्छ' (५।१६ को मेरो उल्था) भनी यहाँ लेखिएकोले धर्मकर्ममा माछाविशेष चल्ने देखिन्छ। 'खान हुने भनी तोकिएका पशुपन्छीहरू ब्राह्मणहरूद्वारा यज्ञको लागि मार्नू, पालनपोषण गर्नुपर्नेहरूको जीविकाको लागि पनि पशुपन्छी मार्नू। अगस्त्यले पहिले यस्तै गरेका थिए। पुराना ऋषियज्ञमा र ब्रह्मसव र क्षत्रसवमा खान हुने पशुपन्छीका पुरोडाश बनाइन्थे।' (५।२२-२३ को मेरो उल्था) भनी यहाँ लेखिएकोले यज्ञको लागि पशुहिंसाको अनुमति दिनुको साथै जीविकाको लागि जीवहिंसा गर्न छुट दिई अगस्त्यको कुरा उठाई इतिहासको दुहाई दिइएको देखिन्छ। 'मन्त्र पढी जलले सिँचेको र ब्राह्मणहरूको इच्छाद्वारा विधिपूर्वक काटिएको मासु खानू, अन्यत्र चाहिँ प्राणसङ्कटमा मात्र मासु खानू' (५।२७ का मेरो उल्था) भनी लेखिएकोले पहिल्यै भनिसकेको कुरा नै शब्दान्तरमा भनेर थप कुरा, ज्यानै जाने भयो भने मात्र मासु खाने अनुमति यहाँ दिइएको छ। 'यज्ञको लागि मासु खानु दैवी विधि कहिन्छ। यो बाहेक अन्यत्र मासु खानु राक्षस विधि कहिन्छ' (५।३१ को मेरो उल्था), 'मन्त्रहरूद्वारा असंस्कृत पशुहरू ब्राह्मणले कहिल्यै नखानू, सनातन नियममा रहेको ब्राह्मणले मन्त्रद्वारा संस्कृत पशुहरू मात्र खानू। मासुमा ज्यादै आसक्ति भएको खण्डमा घिउको वा पीठोको पशु बनाएर खानू, यसै पशु मार्ने इच्छा भने कदापि नगर्नू' (५।३६-३७ को मेरो उल्था) र 'विधिमा बाहेक जो मानिस पिशाचले जस्तो मासु खाँदैन, त्यो लोकप्रिय हुन्छ, त्यसलाई रोग पनि लाग्दैन' ('मनुस्मृति', ५।५० को मेरो उल्था) भनी यहाँ लेखिएकोले यज्ञकर्ममा मात्र मासु खाने अनुमति दिएको स्पष्ट छ। 'किनेर, आफैँले काटेर अथवा अरूले दिएको मासु देउता र पितृलाई पूजा गरेर खायो भने दोष लाग्दैन' (५।३२ को मेरो उल्था) भनी यहाँ लेखिएकोले पनि खान मन लागेर पशुहिंसा गरे पनि देउता र पितृलाई चढाएर मात्र खानू भनी नियम खुकुलो पारिएको छ। 'विधि जान्ने ब्राह्मणले आपत्काल नहुँदा विधानबिनाको मासु खायो भने मरेपछि ऊ विवश हुँदा जसको मासु उसले खाएको थियो, त्यसैले उसको मासु खान्छ। देवताहरूलाई नचढाएको मासु खाने मान्छे मरेपछि यस्तो पाप भोग्छ, त्यस्तो पाप त धनको लागि हिंसा गर्ने व्याधाले पनि भोग्दैन' (५।३३-३४ का मेरो उल्था), 'बिना यज्ञयागादि जसले पशु मार्छ, त्यो मानिस त्यो मारिएको पशुको जति रौँ हुन्छ, त्यतिपटक जन्मजन्मान्तरमा मारिन्छ' (५।३८ को मेरो उल्था),

Raj Kishore

'गृहस्थ, ब्रह्मचर्य र वानप्रस्थ आश्रममा बस्ने, आत्मवत्ता भएको ब्राह्मणले वेदमा अविहित हिंसा आपत्कालमा पनि नगर्नू' (५।४३ को मेरो उल्था) र 'जो मानिस पितृ र देवतालाई नचढाई अरूको मासुले आफ्नो मासु बढाउन खोज्छ, त्योभन्दा पापी अर्को मानिस छैन' ('मनुस्मृति', ५।५२ को मेरो उल्था) भनी यहाँ लेखिएकोले विधिविधानबिना मासु खानेलाई परलोकको निकै भय देखाइएको छ। 'मासु खानैपर्ने धर्मकर्ममा जो मानिस मासु खाँदैन, त्यो २१ जन्मसम्म पशु हुन्छ' (५।३५ को मेरो उल्था) भनी 'मनुस्मृति'मा लेखिएकोले यज्ञयागादिमा पनि मासु खाँदै नखानेलाई यहाँ राम्रो दृष्टिले हेरिएको छैन।

'यज्ञको लागि ब्रह्माजीले आफैँले पशुहरू सृष्टि गर्नुभयो। यज्ञ भनेको सबैको कल्याणको लागि हो। त्यस कारण यज्ञमा हुने वध अर्थात् हिंसा अवध अर्थात् अहिंसा हो। ओषधि अर्थात् फल लागेपछि सुक्ने बोट, रूख, पशुपन्छीहरू यज्ञको लागि मर्दा उनीहरूको जात्युत्कर्ष हुन्छ अर्थात् उनीहरू माथिल्लो जातमा जान पाउँछन्। मधुपर्कमा, यज्ञमा, पितृकर्ममा र देवकर्ममा मात्र पशुहरू मार्नुपर्छ। अन्यत्र होइन भनी मनुले भन्नुभयो। यी काममा पशुलाई मार्ने, वेदको तत्त्वको अर्थ बुझ्ने ब्राह्मणले आफूलाई र पशुलाई उत्तम गतिमा पुऱ्याउँछ' (५।३९-४२ को मेरो उल्था) र 'वेदमा विहित हिंसालाई यस चराचर जगत्मा अहिंसा नै भनी ठान्नू, किनभने धर्म भन्ने कुरा वेदबाटै प्रकाशित छ' (५।४४ को मेरो उल्था) भनी यहाँ लेखिएकोले **'वैदिकी हिंसा हिंसा न भवति'** भन्ने उक्तिको समर्थन गरिएको छ।

'मनुस्मृति'मा मांसाहारसम्बन्धी प्रकरणको अन्त्य 'मासु खानमा, रक्सी खानमा र मैथुनमा दोष छैन। यो त प्राणीहरूको प्रवृत्ति हो। यताबाट निवृत्त हुँदा महाफल मिल्छ' (५।५६ को मेरो उल्था) भनी गरिएको देख्दा मांसभक्षणतर्फ सर्वसाधारणको प्रवृत्ति स्वभावतः हुने भएकोले त्यसलाई हल्का रूपमा लिइएको छ भनी भनिरहनु नपर्ला। 'मासु खानेबारे 'मनुस्मृति' ५।२७-५६ मा गरिएको लामो विवेचनाबाट फरक फरक मनःस्थिति प्रकट हुन्छ' ('हिस्टरि अफ धर्मशास्त्र', १ ठली १ भाग, २ संस्करण, भाण्डारकरप्राच्यविद्यासंशोधन- मन्दिर, पूना, ई.सं. १९६८, ३३१ पृ.) भनी पाण्डुरङ्ग वामन काणे (वि.सं. १९३७-२०२९)ले लेखेको कुरा मलाई ठीक लाग्छ।

वि.सं. १९७९ मा शिवरात्रिमा भारतबाट आएका, बङ्गाली सच्चिदानन्द

Raj Kishore

स्वामीले श्री ३ चन्द्र (वि.सं. १९२०-१९८६, शासनकाल वि.सं. १९५८-१९८६) को रोहबरमा सिंहदरबारमा पशुबलि शास्त्रविहित होइन भनी बोल्दा पशुबलिको पक्षमा हेमराज पण्डित (वि.सं. १९३५- २०१०) र उनको पक्षका पण्डितहरूले बोले भनी त्यस सभामा उपस्थित राममणि आचार्य दीक्षित (वि.सं. १९३९-२०२८)ले लामो लेखेका छन् (केशव मणि आचार्य दीक्षितद्वारा सम्पादित 'पुराना सम्झना', काठमाडौँ, २०२९, २४१-२४४ पृ.)। त्यसै ताका यहाँ आएका राहुल सांकृत्यायन (वि.सं. १९४९-२०१९)ले पनि त्यस शास्त्रार्थको चर्चा गरेका छन् ('जिनका मैं कृतज्ञ', किताब महल, इलाहाबाद, ई.सं. १९५७, १३६-१३७ पृ.)। त्यो शास्त्रार्थ सुन्न पाएका बालकृष्ण सम (वि.सं. १९५९-२०३८)ले पनि यस विषयमा लेखेका छन् ('मेरो कविताको आराधना, उपासना २', साझा प्रकाशन, काठमाडौँ, २०२९, ६-८ पृ.)। त्यही सभामा दिव्यदेव पन्त (वि.सं. १९२०-१९९२)ले उठेर कराए– 'हाम्रो चलिआएको सनातन धर्मको विरुद्ध बोल्ने यस्ता पाखण्डी यहाँ अगि पनि धेरै आएका थिए, हाम्रो गुह्येश्वरी माईलाई नित्य रगतको भाग चाहिन्छ, त्यो बन्द गराउन खोज्नेलाई हामीले पिटेर धपाएका थियौँ, अहिले पनि यस्तो पाखण्ड' (उही ७ पृ.) भनी बालकृष्ण समले लेखेकाले पशुबलिको विरोधमा वि.सं. १९७९ भन्दा अगाडि पनि यहाँ कुरा उठेको देखिन्छ।

वि.सं. २००७ मा शासनपरिवर्तन भएपछि नेपालमा प्राचीन कालदेखि चल्दै आएको लोकयात्रामा क्रमशः असर पर्दै गयो । सनातनधर्मको मेरुदण्ड भएर रहेको जातिप्रथा नेपाली समाजमा क्रमशः हेय दृष्टिले हेरिन थाल्यो । यसैको परिणामस्वरूप जातिविशेषले मान्दै आएका धर्म अर्थात् नियम खुकुला हुँदै गए। पश्चिमा संसारले राम्रो भनेको कुरालाई राम्रो र नराम्रो भनेको कुरालाई नराम्रो भन्ने परम्परा बस्न गयो। यसको असर सामान्य जनजीवनमा मात्र होइन, धर्मकर्ममा पनि पर्न गयो। पश्चिमाहरूको शक्तिशाली र एकोहोरो प्रचारले गर्दा हाम्रो यहाँ परम्परादेखि चलिआएका चालचलन र रीतभाँत खराब हुन् भन्ने कुरा सर्वसाधारणले ठान्दै गए। उदाहरणको लागि, छाउपडीकै कुरा लिऊँ। रजस्वला भएकालाई अलग्गै राख्ने चलन हामीकहाँ छ, खास गरी पश्चिम नेपालमा यो चलन कडा रूपमा चलनचल्तीमा छ। रजस्वला हुँदा आरामको जरूरत हुँदा कसैसँग छूतछात नगरी अलग्गै राखे राम्रो हुने भएकोले छाउपडीको प्रथा चलेको हो जस्तो

Raj Kishore

मलाई लाग्छ । पछि जुनसुकै नियमकानूनमा पनि विकृति आउन थालेझैँ गरी यस प्रथामा पनि विकृति अवश्य आएको हो । तर उनीहरूलाई अलग्गै राख्नाको मतलब मूलतः उनीहरूलाई दुःख दिनु थिएन, अपितु उनीहरूलाई आराम दिनु थियो। छाउपडीप्रथामा आएको विकृति हटाई त्यसलाई मूल रूपमै फर्काउनुको साटो अहिले त्यही प्रथालाई नै निर्मूल पार्ने जुन अभियान चलेको छ, त्यो स्त्रीजातिको लागि हितकर छैन ।

उन्नाइसौँ शताब्दीको अन्त्य हुनुभन्दा अगाडिदेखि यूरोपमा पशुबलिको विरोध हुँदा हाम्रो यतातिर पनि त्यसको प्रभाव बिस्तारै पर्न थाल्यो । पशुपन्छीलाई दया गर्ने मनोवृत्ति भएकाहरूले यस्तो हिंसाको विरोध गरेकोमा मलाई केही भन्नु छैन । हाम्रा शास्त्रमा नै बलिको विरोध छ भनी भन्ने गरेको कुरामा भने मेरो विप्रतिपत्ति छ। हाम्रो यतातिर प्राचीन कालदेखि २ थरी अलग अलग विचारपद्धति चल्दै आएकाले कोही पशुबलिको विरोध गर्थे त कोही समर्थन। अहिलेको जस्तो मासुको खपत भने बढ्दै जाने, धार्मिक रूपले गरिने बलिको चाहिँ विरोध गर्ने ढोंगी समाज त्यति बेला थिएन जस्तो मलाई लाग्छ।

मलाई भीमनिधि तिवारी (वि.सं.१९६८-२०३०)ले लेखेको एउटा कहानीको याद यस बेला आइरहेछ। उनको 'नेपाली सामाजिक कहानी'को पहिलो भाग —— उनको भाषामा जेठो भाग —— राणाकालमै वि.सं. २००६ मा प्रकाशित भएपछि त्यसैको माहिलो भाग प्रजातन्त्र आएपछि वि.सं. २००८ मा प्रकाशित भयो। त्यस भागमा पहिलो कथाको रूपमा 'धारणा' शीर्षकमा एउटा कहानी छापिएको छ । पुराना विचारधाराका मामा र 'बाहुनको छोरा भएर टीका नलाउने, आमाको जीउ छँदा छँदै जुँघा काट्ने', नयाँ विचारधाराका भानिजको बीचमा भएको संघर्षको चित्रण गरी लेखिएको त्यस कथाको केही अंश यहाँ उद्धरण गर्न मन लाग्यो–

'मामा र भानिजको गरमागरम बहस भयो– मासु खाने कुरामा । सधैँ अलिअलि ठाकठुक परिरहन्थ्यो, आज निकै चर्काचर्की पर्‍यो । मामाको धारणा थियो– बगरेकहाँको र आफूले घरमा कटाएको मासु खानु पाप हो। यदि खानुपर्‍यो भने एउटा बोको किनेर, एक भाग पूजासामग्री हालेर कुनै देवीको मन्दिरमा पठाउनू र प्रसादको रूपमा त्यही मासु खानू। त्यसो गर्नाले देवी पनि प्रसन्न हुन्छिन्; बोको पनि मुक्त हुन्छ; आफूलाई पनि मासु प्रसाद भइहाल्यो । भानिजको धारणा ठीक

Raj Kishore

त्यसको उल्टो थियो— मासु खाँदै नखानू, यदि खानुपर्छ भने कि त बगरेकहाँबाट ल्याएर खानू कि आफ्नै घरमा कटाएर खानू। देवीको मन्दिरमा लगेर मूर्तिलाई अचानो बनाएर, रेटेर, मारेर नखानू। यसो गर्नाले कुकुरहरूले देवीको मूर्ति चाट्छन्, लाखौँ माखा भन्केर मूर्तिलाई फोहोर पारिदिन्छन्। देवीको मूर्तिमा दर्शन गर्न मानिसहरूमा अश्रद्धा बढ्छ, घृणा हुन्छ। ती मामा र भानिजको सिद्धान्त बिलकुल उल्टो थियो। मेल दक्षिण र उत्तर ध्रुवजति टाढा।' भन्नुपर्दैन, मामाको विचारले 'मनुस्मृति'को धारणाको प्रतिनिधित्व गरेको छ त भानिजको विचारले चाहिँ पाश्चात्त्य धारणाको।

भारतमा केरल राज्यको पञ्जलमा वि.सं. २०३१ चैत ३० गतेदेखि वि.सं. २०३२ वैशाख ११ गतेसम्म लुप्तप्रायः 'अग्निचयन' भन्ने याग भएको थियो। पाश्चात्त्य प्रभावमा पशुबलिको उग्र विरोध भएकोले अग्निचयनमा अपरिहार्य छागबलि अर्थात् बोकाको बलि त्यस यागमा भएन। क्यालिफोर्निया विश्वविद्यालयका प्रोफेसर फ्रित्ज स्टाल (वि.सं. १९८७-२०६८)को प्रबन्धमा नम्बुदिरी ब्राह्मणहरूले गरेको अग्निचयनमा छागबलि नभएकोले श्रौतमार्गका अनुयायी आन्ध्र ब्राह्मणहरूले यसको घोर विरोध गरेको कुराको सम्झना यस प्रसङ्गमा हुन्छ।

नेपालमा अहिले पशुबलिको उग्र विरोध चलिरहेछ। खास गरी त्यस्तो विरोध दसैँ ताका नै हुन्छ। ठाउँठाउँमा बलिको विरोधमा लेखिएका पट टाँस्ने र बलिप्रथाको विरोधमा कहिले कहिले जुलुस आउने गरेको पनि देखिन्छ। यस विरोध कार्यक्रमका अग्रणी गोविन्द टण्डन (वि.सं. २०१२ मा जन्म)ले बलिप्रथाको विरोधमा लेखेको कुराको उद्धरण गरेपछि केही टिप्पणी गरेर यो सानो लेख टुङ्ग्याउनुपरेको छ।

उनी लेख्छन्— 'दसैँको नौ दिन सांस्कृतिकरूपले महत्ताशाली भए पनि त्यसभित्रको गूढ रहस्यहरूलाई नबुझ्दा विकृतिले ग्रस्त छ। आफूमा भएका काम, क्रोध, लोभ, मोह, मद, मात्सर्यजस्ता दुर्गुणहरूलाई ईश्वरको चरणमा अर्पण अर्थात् बलि दिएर त्यसमाथि विजयप्राप्त गर्नु पर्नेमा 'पशुबलि'को नाममा पशुपक्षीको हत्या गरेर धर्मको धज्जी उडाएको अनुभव जतातत‍ै देखिन्छ। यसैले नौ दिन मेरा लागि अत्यन्त कष्टकर हुन्छ। यस्तै कष्टको अनुभव अरू कतिले गर्दा हुनन्। सकेसम्म नवरात्रिको नौ दिन बाहिर ननिक्लेको पनि अब त झण्डै चार-पाँच दशक भइसक्यो होला। त्यसमा पनि सप्तमी, अष्टमी र नवमीमा त बाहिर निक्लन

Raj Kishore

हुने अवस्थै पनि हुन्न । निरपराध, निरीह र अबोध पशुहरूको हत्या, काटमार आदिले जतातत्तै रक्तरञ्जित अवस्था ! जगज्जननी मानिने देवीका मन्दिरहरू त के भनौँ रगतको आहालले भरिएको हुन्छ । यो त एउटा दृष्टान्तमात्र हो । प्रत्येक दिन संसारभरि मारिने र काटिने पशुपक्षीको अन्तरकथा, तिनले पाउने पीडा र प्रताडना तथा प्रत्येक दिनको आँकडालाई हेर्ने हो भने मानवता नै कहाँ बचेको छ जस्तो लाग्छ ।' ('सर्वोत्कृष्ट जीवनका लागि शाश्वत चिन्तनहरू', काठमाडौँ, २०५६, 'आफ्नो भन्नु', ख–ग पृ.) ।

पशुबलिलाई 'धर्मको धज्जी उडाएको' भन्नु त एकलकाँटे कुराको राम्रो नमूना हो भनी भनिरहनु नपर्ला । मुख्य कुरा त कसलाई धर्म भन्ने, त्यो नै स्पष्ट छैन । अहिले मात्र होइन, पहिले पनि **'धर्मस्य तत्त्वं निहितं गुहायां महाजनो येन गतः स पन्थाः'** ('महाभारत', वनपर्व ११५ अध्याय, ११७ श्लोक) अर्थात् 'धर्मको तत्त्व गुफामा राखिएको छ, धेरै मानिस जहाँबाट जान्छन्, त्यही मार्ग हो' भनी भनेर आइरहेकै हो । आआफ्नो आस्था र विश्वासअनुसारको धर्मको अवलम्बन गरिइरहेको अवस्थामा मांसाहारचाहिँ नछोड्ने, देवतालाई चाहिँ बलि चढाउन भने छोड्ने कुराको समर्थन कदापि गर्न सकिँदैन ।

Raj Kishore

पशुबलि : पौराणिक आधार र परम्परा

–प्रा.डा. दिव्यप्रियंवदा काफ्ले
इतिहासपुराणाचार्य, नेपाल संस्कृत विश्वविद्यालय

विषयप्रवेश

शास्त्रविहित तथा परम्परागत नित्य र नैमित्तिक धर्मसंस्कारहरूले हाम्रा जीवन भोगाइका व्यवहारहरूलाई मार्गदर्शन गर्दछन्। मानवीय जीवनलाई शिष्ट र मर्यादित बनाउने काममा शास्त्रविहित धर्माचारको अनुपालन अत्यावश्यक छ। मानिसका जीवनमा गर्भप्रवेशदेखि मृत्युपर्यन्तका षोडशसंस्कारमध्ये अहिले कतिपय संस्कार गरिन्छन् र कतिपय लोप भैसकेका छन्। विश्वका मानवीय शिष्ट धर्मपरम्पराहरूमा सर्वप्राचीन एवं उच्च आदर्शमय मानिएको वैदिक (हिन्दु) धर्मग्रन्थमा उल्लेख गरिएको पाइने विधिविधानमा हाम्रा कर्महरूमा विभिन्न सामग्री आवश्यक हुन्छन्। देव, पितृ र मनुष्यलाई उद्देश्य बनाई गरिने कर्महरूमा भोजनसामग्रीहरू तयार गरी सम्बद्ध पात्र (देव, पितृ र मनुष्य)लाई अर्पण गरिन्छ। यो अर्पण गरिने सामग्रीमध्ये भोज्यपदार्थ दिइने कर्मलाई बलि भनिन्छ। देव, पितृ र मनुष्यलाई उद्देश्य बनाई गरिने कर्महरूमा सम्बद्ध पात्रलाई अर्पण गरिने पदार्थमध्ये भोज्यपदार्थ दिइने कर्म नै बलि हो। वेद पुराणादि शास्त्रविहित बलिप्रथामा अन्नबलिभन्दा पशुबलिलाई नै मुख्य रूपमा लिई विशेष विधान गरिएको पाइन्छ। त्यसमा पनि अन्नबलि र पशुबलिका भिन्नभिन्न विधिविधान छन्। वेद पुराणादि शास्त्रविहित बलिप्रथामा अन्नबलिलाई गौण मानेर मुख्यरूपमा पशुबलिकै विशेष विधान गरेको पाइन्छ। वैदिक निरुढपशुयाग, पौराणिक देवीदेवताहरूलाई पूजा गरिँदा चढाइने पशुबलि, पितृकर्ममा अर्पण गरिने मांसबलि (मांस स्थानापन्न मासवटक वा फुरौला, तराई र भारततिर माछाको प्रयोग), अतिथि (राजा, गुरु, वर वा जुवाइँ आदि अभ्यागत) लाई अर्पण गरिने समांस मधुपर्क लगायतका भोजनादि सबै बलि नै मानिएका छन्। यिनै कर्ममा अर्पण गर्ने प्रयोजनले कर्मस्थलमा पशुको शिरश्छेदन गरिने विधि वा

Raj Kishore

प्रचलनलाई नै पशुबलिका रूपमा लिने गरिएको बुझिन्छ। यहाँ यिनै पौराणिक शास्त्रीय मान्यताका आधारमा प्रचलित बलिप्रथाका बारेमा जानकारीमूलक चर्चा गरिएको छ।

पशुबलिका शास्त्रीय सन्दर्भ

वेदविहित यज्ञकर्ममा र पुराणमा उल्लेख गरिएका पूजाकर्ममा पशुबलिका सन्दर्भहरू विभिन्न शास्त्रहरूमा उल्लेख गरिएका छन्।

वेदशास्त्रीय आधार

पितृ, देवता र मनुष्यसम्बद्ध प्रमुख कर्महरूमा मांसप्रयोगका सन्दर्भमा पशुबलिका कुरा जोडिन्छन्। मानिसले गर्ने कर्ममा पितृकर्म, देवकर्म र मनुष्यकर्ममा प्रयोग हुने मासुका लागि पशुवध गरिने प्रथा पनि वैदिक कालदेखि नै चलिआएको बुझिन्छ । वैदिक पशुयज्ञमा साक्षात् पशुको नै आलम्भन, प्रोक्षणादि हुने कुराका सन्दर्भहरू ऋग्वेद, यजुर्वेद, निरुक्त, उपनिषदादिमा उल्लेख भएका छन्। कात्यायनश्रौतसूत्र, मनुस्मृति, याज्ञवल्क्यस्मृति इत्यादि ग्रन्थमा गरिएका विविध मांसप्रयोग र पशुप्रयोगका चर्चालाई पनि बलिप्रथाका आधारका रूपमा लिन सकिन्छ। मासु त शास्त्रले भनेको चाहिँ हो भने ब्राह्मणले पनि अनिवार्य रूपमा खानै पर्छ। वेदका मन्त्रसंहिता, शतपथब्राह्मणादि ब्राह्मणग्रन्थ र कात्यायनश्रौतसूत्रादि श्रौतसूत्रग्रन्थ इत्यादिमा निरूढपशुबन्ध, अग्निष्टोमसोमयाग इत्यादि यज्ञहरू गर्ने, ती यज्ञहरूमा छागादि (बोका इत्यादि) पशुहरूको आलम्भन (शास्त्रमा बताएका रीतिले मार्ने काम) गर्ने र विधिपूर्वक पशुका अङ्गहरू होम्ने स्पष्ट विधान छ। यज्ञमा यजमानले र ऋत्विक्हरूले पशुइडारूप मासु अवश्यै खानपर्छ भन्ने वेदको विधान भएकाले त्यसरी मासु नखाएमा विधिलोप हुन गई यज्ञ नै पूर्ण हुँदैन । यज्ञमा उपयोग गरेर बाँकी रहेको प्रोक्षित (यज्ञका निम्ति मारिएको) पशुको मासु पनि शास्त्रअनुसार खान हुने, खानपर्ने र त्यसमा घृणा गर्न नहुने देखिन्छ। त्यसमा घृणा गर्नेको र यज्ञमा शूद्रद्वारा पशुसंज्ञपन (पशुमारण) गर्नेको त वास्तवमा श्रौतकर्ममा अधिकारै हुँदैन । 'प्राण सङ्कटमा पर्दा, श्राद्धमा, यज्ञमा पशु प्रोक्षित गरिएकामा, ब्राह्मणादिको इच्छा भएकामा तथा देवतालाई र पितृलाई चढाएकामा मासु खानेलाई

Raj Kishore

दोष लाग्दैन' भन्ने वचन याज्ञवल्क्यस्मृतिमा पाइन्छ[१] । याज्ञवल्क्यस्मृतिको उपर्युक्त वचनको जस्तै आशय भएको वचन मनुस्मृतिमा पनि देखिन्छ[२] । 'यज्ञ गरेर उब्रेको मासु खानपर्छ' भन्ने वैखानसधर्मसूत्रको भनाई छ[३] । 'श्राद्धमा वा अन्य देवकार्यमा नियुक्त वा आमन्त्रित संयमशील ब्राह्मणले पनि मासु खानैपर्छ, नखाएमा ऊ त्यस पशुका जति राँ छन्; त्यति वर्षसम्म नरक पर्छ' भन्ने कुरा वासि धर्मसूत्रमा[४] र पद्मपुराणमा तथा विष्णुधर्मोत्तरपुराणमा[५] भनिएको छ। 'श्राद्धादिमा नियुक्त जो ब्राह्मण न्याय्य रूपमा प्राप्त मासु खाँदैन, त्यो ब्राह्मण एक्काइस जुनीसम्म पशु भएर जन्मन्छ' भनी मनुस्मृतिमा भनिएको छ[६] । व्यासस्मृतिमा[७] पनि 'यज्ञमा र श्राद्धमा नियुक्त भएको ब्राह्मण त्यस वेला मासु नखाँदा पतितै हुन्छ' भन्ने उल्लेख छ। ब्राह्मणले श्राद्धमा मासु खाने कुरा अरू ग्रन्थमा पनि छन्[८] ।

वैदिक वाङ्मयमा उल्लेख गरिएका र वैदिक कालमा प्रचलित पशुयज्ञका पृष्ठभूमिमा आधारित भएर पौराणिक कालमा बलिप्रथा प्रचलित भएको र यस विषयले पौराणिक वाङ्मयमा प्रवेश पाएको मान्न सकिन्छ । अचेल लोकमा

---

१. प्राणात्यये तथा श्राद्धे प्रोक्षिते द्विजकाम्यया ॥
देवान् पितॄन् समभ्यर्च्य खादन् मांसं न दोषभाक् ॥–याज्ञवल्क्यस्मृति १।१७९

२. प्रोक्षितं भक्षयेन् मांसं ब्राह्मणानां च काम्यया ॥
यथाविधि नियुक्तस् तु प्राणानामेव चाऽत्यये ॥–मनुस्मृति ५।२७

३. यज्ञशिष्टं मांसं भक्षणीयम्॥ –वैखानसधर्मसूत्र २।१५ (वैखानसगृह्यसूत्र ९।१५)

४. नियुक्तस् तु यतिः श्राद्धे दैवे वा मांसमुत्सृजेत्।
यावन्ति पशुरोमाणि तावन् नरकमृच्छति ॥–वासिष्ठधर्मसूत्र (वासिष्ठधर्मशास्त्र) ११।३४

५. आमन्त्रितश् च यः श्राद्धे दैवे वा मांसमुत्सृजेत्।
यावन्ति पशुरोमाणि तावन् नरकमृच्छति ॥–पद्मपुराण, स्वर्गखण्ड ५६।४२
मांसं नाऽश्नाति यः पङ्क्त्यां यथावद् विनियोजितम्।
स प्रेत्य नरकं याति नाऽत्र कार्या विचारणा ॥–विष्णुधर्मोत्तरपुराण १।१४०।५०

६. नियुक्तस् तु यथान्यायं यो मांसं नाऽत्ति मानवः।
स प्रेत्य पशुतां याति सम्भवानेकविंशतिम् ॥–मनुस्मृति ५।३५, द्रष्टव्य- कूर्मपुराण २।२२।६८

७. नाऽश्नीयाद् ब्राह्मणो मांसमनियुक्तः कथञ्चन।
क्रतौ श्राद्धे नियुक्तो वा अनश्नन् पतति द्विजः ॥–वेदव्यासस्मृति ३।५३-५४

८. न किञ्चिद् वर्जयेच् छ्राद्धे नियुक्तस् तु द्विजोत्तमः।
न मांसं प्रतिषेधेत न चाऽन्यस्याऽन्नमीक्षयेत् ॥

–औसनसस्मृति ५।६५, स्मृतिससन्दर्भ, पृ. १५८४; कूर्मपुराण २।२२।६७
निमन्त्रितस् तु यो विप्रो विधिवद् हव्यकव्ययोः।
मांसादीन्यपि भुञ्जानः प्रायश्चित्तीयते न च ॥–(वैष्णव)वृद्धगौतमस्मृति १४।७, स्मृतिसन्दर्भ, पृ. २०३२
व्याधेभ्यो मेध्यमांसानि ग्राह्याणि द्रव्यपर्ययैः।
पित्रर्थं स्वगृहे हिंसन् खादन् मांसं न पापभाक् ॥–प्रजापतिस्मृति, श्लो. १४३, स्मृतिसन्दर्भ, पृ.१६७७

Raj Kishore

वेदार्थप्रतिकूल भावनाका प्रचारले र सुदृढीकरणले वेदार्थलाई र वेदैलाई पनि अचर्चनीय गराएर लुप्तप्रायः गराउने गरी अनिष्ट परिस्थिति जन्माउने समेत हुन जान सक्ने हुँदा त्यस्तो अपलाप र अन्यथा व्याख्या गर्नु उचित हुँदैन[९]।

बलिप्रथाका पौराणिक सन्दर्भ

प्रसङ्गात् यहाँ पुराणको सङ्क्षिप्त चिनारी र महत्त्वबारे केही जानकारी प्रस्तुत गरी बलिविषयक चर्चा गर्नु उपयोगी र आवश्यक मानिएको छ।

पुराणको परिचय र महत्त्व

खासगरी सृष्टि, प्रलय, ऋषिवंश र राजवंशादि वंश, मन्वन्तर, ती वंशहरूमा जन्मेका विशिष्ट व्यक्तिहरूको चरित्र यी पाँच कुराको[१०] वर्णन भएका शास्त्रलाई पुराण भनिन्छ। यस्ता विषयको प्रतिपादन गरी वैराग्य जगाई आत्मचिन्तनतिर लोकलाई उन्मुख गराउने[११] र लोकको चित्तशान्ति गर्ने[१२]; जनमानसमा सुसमन्वय स्थापित गर्ने कार्यका लागि श्रुतिस्मृतिले बताएका धर्मको स्वरूप र प्रयोजन लोकलाई बुझाउने[१३]; श्रुतिस्मृतिको अनुकूल शिष्टाचारको मार्ग देखाउने काम समेत गरेर वेदको पुष्टि गर्ने[१४] पुराणहरू विशेष गरेर अशक्तहरूका लागि

---

९. वैदिक धर्म मूलरूपमा, शिवराज आचार्य कौण्डिन्न्यायन, २०६२, पृ. ३९१।

१०. सर्गश्च प्रतिसर्गश्च वंशो मन्वन्तराणि च।
वंश्यानुचरितं चैव पुराणं पञ्चलक्षणम्॥
—कूर्मपुराण १।१।१२, ब्रह्माण्ड.१।१।३७-३८, मत्स्य.५३।६४, मार्कण्डेय.१३४।१३, वायु.१।४।१०, विष्णु.३।६।२४

११. यः संसारार्णवं तर्तुमुद्योगं कुरुते नरः।
शृणुयात् स पुराणानि इति शास्त्रविभागकृत्॥—नारदीयपुराण १।९।९९
पापं सङ्क्षीयते नित्यं धर्मश्चैव विवर्धते।
पुराणश्रवणाद् ज्ञानी न संसारं प्रपद्यते॥—शिवपुराण ५।१३।३७
सर्वेषां श्रेयसां बीजं सत्कथाश्रवणं नृणाम्।
यस्तद्विहीनः स पशुः कथं मुच्येत बन्धनात्॥—स्कन्दपुराण ब्राह्मखण्ड ३।२२।९४

१२. तेन श्रुतेन ते राजन् चित्तशान्तिर्भविष्यति।
पितॄणां चाऽक्षयः स्वर्गः पुराणश्रवणाद् भवेत्॥—देवीभागवत २।१२।६४

१३. श्रौतं स्मार्तं हि वै धर्मं प्रोक्तमस्मिन् नृपोत्तम।
तस्माच्छ्रद्रैर्विना विप्रान् न श्रोतव्यं कथञ्चन॥—भविष्यपुराण १।१।७४
शूद्राणां पुरतो वैश्या वैश्यानां क्षत्रियः पुरः।
क्षत्रियान्ते सदा विप्राः शृणुयुश्चाग्रतः सदा॥—भविष्यपुराण २।१।७।११६

१४. इतिहासपुराणाभ्यां वेदं समुपबृंहयेत्। बिभेत्यल्पश्रुताद् वेदो मामयं प्रतरिष्यति॥।
—आदिपर्व १।२६७-२६८, वायुपुराण १।१।१८१, ब्रह्माण्डपुराण १।१।१७१, पद्मपुराण सृष्टिखण्ड २।५१।

Raj Kishore

र द्विजातिसङ्ग्गृहीतस्त्री-शूद्र-व्रात्य-पतितहरूका लागि[१५] मुनिहरूले रचेका बुझिन्छन् । तसर्थ चार वेद, वेदाङ्ग र वेदोपाङ्गका कुरालाई आधार मान्ने वैदिक धर्मानुयायीका लागि र अन्य लोकजीवनका लागि वेदानुकूल धर्मपरिपालनादि सदाचारीहरूका लागि पनि पुराणहरूको महिमा धेरै छ[१६] ।

पुराणहरूको लोकलाई धर्म-अर्थ-काम-मोक्ष चारै पुरुषार्थको शिक्षा दिनमा ठुलो स्थान छ[१७] । पुराणहरू नसुनिकन साधारण मानिसलाई श्रुतिस्मृतिले बताएको धर्मको र दर्शनको मर्म बुझ्न पनि गाह्रै पर्छ[१८] । श्रुतिस्मृतिमा स्पष्ट रूपमा नआएका धर्मदर्शनका धेरै कुरा पुराणमा आएका छन्[१९] । पुराण सुनाउने र सुन्ने पनि शास्त्रसम्मत विशेष व्यवस्था छ । वाचकसँगै वा वाचकभन्दा उच्च आसनमा बसेर पुराण सुन्न हुन्न । दान नगरिकन वा दक्षिणा नदिईकन पनि पुराण सुन्न हुँदैन[२०] ।

पुराणानि च सर्वाणि वेदार्थं प्रवदन्ति हि। वेदाः प्रणवसम्भूताः प्रणवार्थो महेश्वरः ॥—शिवपुराण ६।१।१६-१७
वेदार्थादधिकं मन्ये पुराणार्थं वरानने। वेदाः प्रतिष्ठिताः सर्वे पुराणेष्वेव सर्वदा ॥—नारदीयपुराण २।२४।१७

१५. अल्पायुषोऽल्पबुद्धींश् च विप्रान् ज्ञात्वा कलावथ। पुराणसंहितां पुण्यां कुरुतेऽसौ युगेयुगे ॥
स्त्रीशूद्रद्विजबन्धूनां न वेदश्रवणं मतम्। तेषामेव हितार्थाय पुराणानि कृतानि हि ॥—देवीभागवत १।३।२०-२१
धर्मशास्त्राणि राजेन्द्र शृणु तानि नृपोत्तम। विशेषतश्च शूद्राणां पावनानि महात्मनाम् ॥
अष्टादश पुराणानि चरितं राघवस्य च। रामस्य कुरुशार्दूल धर्मकामार्थसिद्धये ॥
यथोक्तं भारतं वीर पाराशर्येण धीमता। वेदार्थं सकलं योज्य धर्मशास्त्राणि च प्रभो ॥
कृपालुना कृतं शास्त्र चतुर्णामिह श्रेयसे। वर्णानां भवमग्नानां कृतं पोतो ह्यनुत्तमम् ॥—भविष्यपुराण १।१।५४-५७।

१६. तर्कस्तु वादहेतुः स्यान् नीतिस्त्वैहिकसाधनम्। पुराणानि महाबुद्धे इहाऽमुत्र सुखाय हि ॥
—नारदीयपुराण १।९।१००
यथा पापानि धूयन्ते गङ्गावारिविगाहनात्। तथा पुराणश्रवणाद् दुरितानां विनाशनम् ॥—स्कन्दप्रभास.२।२९।३६
इतिहासपुराणानि पञ्चमं वेदमीश्वरः। सर्वेभ्य एव वक्त्रेभ्यः ससृजे सर्वदर्शनः ॥—भागवत ३।१२।३९
यो विद्यात् चतुरो वेदान् साङ्गोपनिषदो द्विजः। न चेत् पुराणं संविद्यान् नैव स स्याद् विचक्षणः ॥
—वायुपुराण १।१।१८०,
पुराणं पञ्चमो वेद इति ब्रह्माऽनुशासनम्। यो न वेद पुराणं हि न स वेदाऽत्र किञ्चन ॥
—स्कन्द., आवन्त्य. ३।१।१८-१९
कलौ दुर्मेधसां पुंसां धर्माचारोज्झितात्मनाम्। हिताय विदधे शम्भुः पुराणाख्यं सुधारसम् ॥—शिवपुराण ५।१३।३३

१७. यस्य धर्मेऽस्ति जिज्ञासा यस्य पापाद् भयं भवेत्। श्रोतव्यानि पुराणानि धर्ममूलानि तेन वै ॥—स्कन्द., काशी.२।९९
धर्मार्थकाममोक्षाणां ये फलान्यभिलिप्सवः। शृणुयुस् ते पुराणानि प्राहुरित्थं पुराविदः ॥—नारदीयपुराण १।९।१०३-।
पुराणं सर्वदा विप्राः श्रोतव्यं पापनाशनम्। धर्मश्चाऽर्थश्च कामश्च मोक्षस्तत्रैव दृश्यते ॥—पद्म., पाताल.११३।२१

१८. अन्तङ्गतस्य वेदानां सर्वशास्त्रार्थवेदिनः। पुंसोऽश्रुतपुराणस्य न सम्यग् याति दर्शनम् ॥—पद्म., पाताल.१०३।२१
बहुशास्त्रं समभ्यस्य बहुवेदान् सविस्तरान्। पुंसोऽश्रुतपुराणस्य न सम्यग् याति दर्शनम् ॥—पद्म., पाताल.१०
९।१३

१९. यन् न दृष्टं हि वेदेषु न दृष्टं स्मृतिषु द्विजाः। उभयोर् यन् न दृष्ट हि तत् पुराणैः प्रगीयते ॥—स्कन्द., प्रभास.१।२।९२

२०. ब्राह्मणं च पुरस्कृत्य ब्राह्मणेनाऽनुकीर्तितम्। पुराणं शृणुयान् नित्यं महापापदवानलम् ॥—पद्म., स्वर्ग.६१।५८-५९
ब्राह्मणाद् वाचकाच् छ्राव्यं नाऽन्यवर्णसमुद्भवात्। अथ तान् ब्राह्मणान् सर्वान् भक्त्या शक्त्या च पूजयेत् ॥
—भविष्यपुराण १।४७।६८

Raj Kishore

पुराणादिको ज्ञान शूद्रले शूद्रलाई, वैश्यले वैश्य–शूद्रलाई, क्षत्रियले क्षत्रिय–वैश्य–शूद्रलाई र ब्राह्मणले ब्राह्मणादि सबैलाई दिन हुन्छ[२१] । ब्राह्मणले क्षत्रियादिबाट आपत्कालबाहेक अरू समयमा पुराणादिज्ञान लिन हुँदैन। यो पुराणशास्त्र वेदजस्तै अनादि हो । यस शास्त्रको उल्लेख अथर्ववेदमा, शतपथब्राह्मणमा, गोपथब्राह्मणमा, तैत्तिरीयारण्यकमा, बृहदारण्यकोपनिषद्मा, छान्दोग्योपनिषद्मा, आश्वलायन गृह्यसूत्रमा, आपस्तम्बधर्मसूत्रमा, गौतमधर्मसूत्रमा, कौटलीय अर्थशास्त्रमा, पाणिनीयव्याकरणमा र त्यसका पतञ्जलिकृत भाष्यमा पनि गरिएको छ, किन्तु यस्तो उल्लेख पुराणशास्त्रको हो तर वर्तमानकालमा पाइने ब्रह्मपुराणादि पुराणग्रन्थविशेषको हैन भन्ने कुरामा विवेक पुऱ्याउन पर्ने देखिन्छ। वर्तमानकालमा उपलभ्य ब्रह्मपुराणादि पुराणग्रन्थहरूको रचना भएपछि पनि वेदको जस्तो तिनको अध्ययन–अध्यापनको सुदृढ गुरुशिष्यपरम्परा चल्न नसककाले र पुराणमा शब्दको भन्दा तात्पर्यार्थको विशेष महत्त्व हुने हुँदा पुराणको मूल पाठका रक्षामा विशेष प्रयत्न हुन नसककाले पुराणहरूमा समयसमयमा विभिन्न अंश थपघट हुँदै आएको कुरा प्राचीन अर्वाचीन विभिन्न विद्वान्हरूले मानेका छन्[२२] ।

आप्त ब्राह्मणहरूबाट पुराणार्थ सुनेर त्यसको अनुसरणीय मार्गको अनुसरण गर्न पर्छ। यी पुराणहरू मुख्य रूपमा स्मृतिमा पर्दैनन् तापनि स्मृतिका कोटिका हुनाले स्मृति भनेर पनि कहिलेकहिले व्यवहृत हुन्छन् ।

पुराणहरू ३ वर्गमा बाँडिएका छन्। पहिलो वर्गमा महापुराणहरू, दोस्रो

ब्राह्मणं वाचकं विद्यान् नाऽन्यवर्णजमादरेत्। श्रुत्वाऽन्यवर्णजाद् वाचं वाचकान् नरकं व्रजेत्॥
—भविष्य. १।२१६।७४।

अपूज्यवाचकाद् यस् तु श्लोकमेकं शृणोति च। नाऽसौ पुण्यमवाप्नोति शास्त्रचौरः स्मृतो हि सः॥
—स्कन्दपुराण, प्रभासखण्ड १।२०८।४८

२१. ब्राह्मणो ब्राह्मणैः श्राव्यो राजन्यः क्षत्रियैस्तथा। वैश्यो वैश्यैस्तथा श्राव्यः शूद्रः शूद्रैर् महामनाः॥—शान्ति.२१०।११।

२२. तस्मादेतेषु सर्वेषु विद्याभेदेषु कृत्स्नशः।
उपदिष्टेषु विशयो नास्त्येव सुतरां खलु॥
नैवं स्मृतिषु सर्वासु पुराणेष्वखिलेषु वा।
तस्मात् तन्मध्यसंप्राप्तप्रक्षिप्तग्रन्थविस्तरैः॥
तानि सर्वाण्यप्रामाण्यकलङ्कितशरीरतः।
आचारसंशयेष्वत्र सम्यक् स्युर् न विधायकाः॥—स्मृतिसन्दर्भ, षष्ठ भाग, पृ.६६
मूलभूत पुराणों में कालान्तर में यत्रतत्र स्फुट श्लोक ही नहीं जोडे गए, प्रत्युत अध्याय का अध्याय जोडा गया है। अनेक पुराणों में प्रतिसंस्कार की मात्रा ने मूल स्वरूप को सर्वात्मना आच्छादित कर लिया है।
—पुराणविमर्श बलदेव उपाध्याय, सन् १९८७, पृ.५३० ।

Raj Kishore

वर्गमा उपपुराणहरू र तेस्रो वर्गमा औपपुराणहरू आउँछन् । कतिपय स्थानमा अरू नै प्रकारले पनि वर्गविभाजन गरेको पाइन्छ। त्यसमा १८ महापुराणहरू[२३] (ब्रह्म, पद्म, विष्णु, शिव, भागवत, नारद, मार्कण्डेय, अग्नि, भविष्य, ब्रह्मवैवर्त, लिङ्ग, वराह, स्कन्द, वामन, कूर्म, मत्स्य, गरुड र ब्रह्माण्ड) मूल पुराणहरू मानिन्छन्; उपपुराण र औपपुराणहरू महापुराणकै आधार लिएर तिनैको अर्थको र तात्पर्यको विस्तार गर्न मुनिहरूले बनाएका मानिन्छन्[२४] । कुन महापुराणको उपपुराण कुन चाहिँ हो भन्ने वर्णन पनि पुराणमा पाइन्छ।

पशुबलिविषयक शास्त्रीय आधार र नेपालको परम्परा

नेपाली समाजमा प्रचलित परम्परामा शारदीय नवरात्रमा दुर्गा भवानीलाई पूजा पाठ गरी बलि दिने गरिएको छ। बलि दिँदा पशुबलि तथा अन्य पदार्थको पनि बलि दिने चलन भएको पाइन्छ। दुर्गापूजा गर्नेहरूले आआफ्नो शक्तिअनुसार बलि दिने विधान छ। भनिएको पनि छ– खासमा मासु खानेहरूले महिष, अज र वराह आदिको बलि दिनु विशेष मानिन्छ[२५] ।

कतिपयले मासु खाँदा मात्रै हिंसा हुन्छ, सास फेर्दा, पानि खाँदा र दाल-भात-साग-पात खाँदा त हिंसा हुँदैन भन्ने ठानेको पनि पाइन्छ। किन्तु यस्तो ठान्नु न त शास्त्रसम्मत छ, न त विज्ञानसम्मत छ । कवल अविवेकले त्यस्तो ठानिएको हो । हिंसाका र अहिंसाका विषयमा विचार गर्दा महाभारतको वनपर्वमा बताइएको धर्मव्याधको कथा मननयोग्य छ । त्यस कथाको सारांश यस प्रकार छ। एक जना

---

२३. अष्यदश पुराणानि पुराणज्ञाः प्रचक्षते।
ब्राह्मं पाद्मं वैष्णवं च शैवं भागवतं तथा॥
तथाऽन्यन् नारदीयं च मार्कण्डेयं च सप्तमम्।
आग्नेयमष्टमं चैव भविष्यं नवमं स्मृतम्॥
दशमं ब्रह्मवैवर्तं लैङ्गमेकादशं स्मृतम्।
वाराहं द्वादशं चैव स्कान्दं चाऽत्र त्रयोदशम्॥
चतुर्दशं वामनं च कौर्मं पञ्चदशं स्मृतम्।
मात्स्यं च गारुडं चैव ब्रह्माण्डं च ततः परम्॥–विष्णुपुराण ३।६।२०–२३

२४. अन्यान्युपपुराणानि मुनिभिः कथितानि तु।
अष्यदश पुराणानि श्रुत्वा सङ्क्षेपतो द्विजाः॥–कूर्मपुराण १।१।१६
अष्यदशाभ्यस्तु पृथक् पुराणं यत् प्रदिश्यते। विजानीध्वं द्विजश्रेष्ठास् तदेतेभ्यो विनिर्गतम्॥
–मत्स्यपुराण ५३।६३; स्कन्दपुराण, प्रभासखण्ड १।२।८३

२५. मांसाशनं ये कुर्वन्ति तैः कार्यं पशु हिंसनम्। महिषाजवराहाणां बलिदानं विशिष्यते॥–देवीभागवत ३।२६।३६।

Raj Kishore

ब्राह्मण जनकद्वारा शासित मिथिलामा 'धर्मव्याध' नामका एक धार्मिक व्यक्ति छन् भन्ने सुनेर धर्मको तत्त्व जान्न उनैकहाँ गए। ती ब्राह्मणले मासुपसलमा बसेर मृगको र राँगाको मासु बेच्दै गरेका धर्मव्याधलाई भेटेर 'तपाईंजस्तो धर्मनिष्ठ व्यक्तिले यस्तो क्रूर कर्म गर्न सुहाउँदैन' भने। धर्मव्याधले ब्राह्मणको स्वागत सत्कार गरेर 'मैले आफ्ना बाबु-बाजेले पालापुर्खादेखि गर्दै आएको काम गरेको हुँ। आफ्नो कर्तव्यपालनामा म अत्यन्त सावधान छु, सत्यनिष्ठ छु, मिथ्या-व्यवहार गर्दिनँ, त्यसैले म निर्दोषै छु' इत्यादि भनी ब्राह्मणलाई धर्मको व्याख्या सुनाए। यसै प्रसङ्गमा उनले मासु बेच्नु-खानुलाई हिंसाकर्म भनेर अत्यन्त निन्दित ठान्ने ती ब्राह्मणलाई हिंसा नगरिकन कसैको पनि जीवनयात्रा नचल्ने कुरा पनि राम्ररी बुझाए। धर्मव्याधले ब्राह्मणलाई भनेका मुख्यमुख्य कुरा[२६] यस प्रकार छन्– 'हे ब्राह्मण ! मानिसहरू खेतीलाई उत्तम ठान्छन्, किन्तु त्यो पनि हिंसाले व्याप्त छ। पुरुषले हलो जोत्ने काम गर्दा भूमिमा बस्ने र अरू पनि धेरै प्राणीलाई मार्छन् । त्यसमा तपाईंलाई कस्तो लाग्छ?[२७] हे द्विजोत्तम ! धान इत्यादि अन्नका बीजहरू सबै प्राणयुक्त जीव हुन्। त्यसमा तपाईंलाई क लाग्छ?[२८] हे ब्रह्मन् ! रुखमा, फलमा र पानीमा पनि धेरै जीव हुन्छन्। तिनका विषयमा तपाईंलाई कस्तो लाग्छ?[२९] हे ब्रह्मन् ! प्राणीलाई मारेरै बाँच्ने प्राणीहरूद्वारा सबै ठाउँ व्याप्त छ। एक माछाले अर्को माछालाई खान्छ। यसमा तपाईंको क विचार छ?[३०] हे विप्र ! हिँड्दा मान्छेले खुट्टाद्वारा भूमिमा घस्रिने धेरै जीवलाई मार्छन्। यस विषयमा तपाईंको कस्तो सोचाइ छ?[३१] विस्मित भएका पुरुषले उहिल्यै 'अहिंसा' भनेर जो भने त्यसलाई बुझ्नपर्छ। हे द्विजश्रेष्ठ ! यस संसारमा कसले जीवलाई मार्दैन? धेरै विचार गर्दा एस संसारमा कोही पनि अहिंसक छैन[३२]। हे श्रेष्ठ ब्राह्मण ! जो संयमी(

---

२६. द्रष्टव्य– महाभारत, वनपर्व, २०८।२३-३४ (चित्रशालासंस्करण); १९९।१९-२९ (सातवलेकर संस्करण)

२७. कृषिं साध्वीति मन्यन्ते तत्र हिंसा परा स्मृता।
कर्षन्तो लाङ्गलैः पुंसो घ्नन्ति भूमिशयान् बहून्।
जीवानन्यांश् च बहुशस् तत्र किं प्रतिभाति ते॥

२८. धान्यबीजानि यान्याहुर व्रीह्यादीनि द्विजोत्तम॥ सर्वाण्येतानि जीवानि तत्र किं प्रतिभाति ते॥

२९. जीवा हि बहवो ब्रह्मन् वृक्षेषु च फलेषु च॥ उदक बहवश् चाऽपि तत्र किं प्रतिभाति ते॥

३०. सर्वं व्याप्तमिदं ब्रह्मन् प्राणिभिः प्राणिजीवनैः॥ मत्स्या ग्रसन्ते मत्स्यांश्च तत्र किं प्रतिभाति ते॥

३१. चङ्क्रम्यमाणा जीवांश्च धरणीसंश्रितान् बहून्॥ पद्भ्यां घ्नन्ति नरा विप्र तत्र किं प्रतिभाति ते॥

३२. अहिंसेति यदुक्तं हि पुरुषैर्विस्मितैः पुरा॥ क न हिंसन्ति जीवान् वै लोकेऽस्मिन् द्विजसत्तम॥
बहु सञ्चिन्त्य इह वै नाऽस्ति कश्चिदहिंसकः॥

Raj Kishore

हरू अहिंसामा तत्पर रहन्छन्, ती पनि जीवनयात्राका लागि हिंसा गर्छन्। किन्तु ती धेरै प्रयास गरेर थोरैभन्दा थोरै हिंसा गरेर काम चलाउन खोज्छन्[३३]।' यसरी त्यहाँ धर्मव्याधको कथाद्वारा हिंसाको सूक्ष्मतालाई प्रष्ट्याइएको पाइन्छ ।

महाभारतको शान्तिपर्वमा पनि हिंसाबिना त तपस्वीको पनि प्राण अड्दैन भन्ने देखाएर सृष्टिचक्रमा जीवनयात्राका लागि हिंसा अपरिहार्य छ भन्ने स्पष्ट पारिएको छ। त्यहाँ भनिएको छ– 'हिंसाबिना यस संसारमा कसैको पनि जीविका चल्दैन। दुर्बल प्राणीको हिंसा गरेर बलिया प्राणी बाँच्तछन्। न्याउरीमुसाले मुसो खान्छ, बिरालाले न्याउरीमुसो खान्छ, कुकुरले बिरालो खान्छ, चितुवाले कुकुर खान्छ, ती प्राणीलाई मान्छेले खान्छ, स्थावर–जङ्गम सबै प्राणका अन्न हुन्। यो ब्रह्माजीले बनाएको विधान हो। त्यसमा विवेकशील मान्छे अलमलमा पर्दैन। क्रोध र हर्षलाई हटाएका अल्पचेष्टा गर्ने वनमा बसेका तपस्वीहरू पनि वध नगरीकन प्राणयात्रा चलाउन सक्तैनन्। पानीमा धेरै प्राणीको वास छ, पृथ्वीमा र फलहरूमा पनि त्यस्तै छ। ती प्राणीलाई नमार्ने कोही छैन (पानी नखाने, पृथ्वीको उपभोग नगर्ने र फलफूलका बिउ नमार्ने को छ र ?)[३४]'

यस्तै एक जीव नै अर्को जीवको जीवनाधार भएकाले जीवहिंसा गर्नु जीवनयात्रामा अपरिहार्य कुरा हो भन्ने तथ्य मनुस्मृतिबाट[३५] र भागवतबाट[३६] पनि

---

३३. अहिंसायां तु निरता यतयो द्विजसत्तम।
कुर्वन्त्येव हि हिंसां ते यत्नादल्पतरा भवेत्॥ —महाभारत, वनपर्व २०८।३४

३४. न हि पश्यामि जीवन्तं लोके कञ्चिदहिंसया। सत्त्वैः सत्त्वा हि जीवन्ति दुर्बलैर बलबत्तराः॥
नकुलो मूषकानत्ति बिडालो नकुलं तथा। बिडालमत्ति श्वा राजन् श्वानं व्यालमृगस् तथा॥
तानत्ति पुरुषः सर्वान् पश्य धर्मो यथागतः। प्राणस्याऽन्नमिदं सर्वं जङ्गमं स्थावरं च यत्॥
विधानं देवविहितं तत्र विद्वान् न मुह्यति। यथा सृष्टोऽसि राजेन्द्र तथा भवितुमर्हसि॥
विनीतक्रोधहर्षा हि मन्दा वनमुपाश्रिताः। विना वधं न कुर्वन्ति तापसाः प्राणयापनम्॥
उदक बहवः प्राणाः पृथिव्यां च फलेषु च। न च कश्चिन् न तान् हन्ति किमन्यत् प्राणयापनात्॥
—महाभारत, शान्तिपर्व १५।२०–२५

अन्यत्र राजन् हिंसाया वृत्तिर्नेहास्ति कस्यचित्।
अप्यरण्यसमुत्थस्य एकस्य चरतो मुनेः॥ —शान्तिपर्व १३०।२८

३५. प्राणस्याऽन्नमिदं सर्वं प्रजापतिरकल्पयत्। स्थावरं जङ्गमं चैव सर्वं प्राणस्य भोजनम्॥
चराणामन्नमचरा दंष्ट्रिणामप्यदंष्ट्रिणः। अहस्ताश्च सहस्तानां शूराणां चैव भीरवः॥
नाऽत्ता दुष्यत्यदन्नाद्यान् प्राणिनोऽहन्यहन्यपि। धात्रैव सृष्य ह्याद्याश्च प्राणिनोऽत्तार एव च॥
—मनुस्मृति ५।२८–३०

३६. अहस्तानि सहस्तानामपदानि चतुष्पदाम्। फल्गूनि तत्र महतां जीवो जीवस्य जीवनम्॥
– श्रीमद्भागवतमहापुराण १।१३।४६।

Raj Kishore

स्पष्ट बुझिन्छ । हिंसाबिना यस संसारमा कसैको पनि जीविका चल्दैन; अरूको त के कुरा, वनको एकान्तमा रहेर विचरण गर्ने मुनिको जीविका पनि हिंसारहित छैन भन्ने कुरा महाभारत(शान्तिपर्व)मा उल्लिखित छँदै छ[३७]। यस कुरामा गहिरो विचार गर्ने हो भने आफैँ पनि बुझ्न सकिन्छ ।

कुन हिंसा हो र कुन अहिंसा हो भन्ने प्रसङ्गमा वराहपुराणका आठौँ अध्यायमा पनि धर्मव्याधको कथा आएको छ । त्यो कथा यस प्रकारको छः- मिथिलामा एउटा व्याधा बस्थे । उनी प्रतिदिन वनबाट एउटा पशु मारेर ल्याई त्यसको मासु देवतालाई चढाएपछि अतिथिलाई र आफ्ना कुटुम्बलाई ख्वाउँथे । पर्वपर्वमा पितृको श्राद्ध पनि गर्थे । उनी असाध्यै धर्मपरायण र सत्यनिष्ठ थिए । उनी 'धर्मव्याध' नामले चिनिन्थे । उनका एक छोरा र एक छोरी थिए । उनले 'अर्जुनका' नामकी आफ्नी छोरी मतङ्गका छोरालाई दिएका थिए । एक दिन अर्जुनकाकी सासुले 'यो जीवघातककी छोरीले के सद्व्यवहार गर्न जान्दथी? , के पतिको सेवाशुश्रूषा गर्न जान्दथी?' भनेर बुहारी अर्जुनकालाई होच्याएर बोलिन् । त्यो सुनेर उनी (अर्जुनका) माइत आइन् र बाबुलाई सासूको आक्षेप सुनाइन् । त्यसपछि धर्मव्याध आफ्ना सम्धी मतङ्गकहाँ गए र भोक लागेकाले केही खाने इच्छा प्रकट गरे । मतङ्गले 'मेरा घरमा अनेक प्रकारका अन्न छन्, के खानुहुन्छ?' भन्दा धर्मव्याधले ती अन्न हेर्न चाहे । मतङ्गले गहुँ, जौ, चामल इत्यादि अन्न देखाए । त्यो देखेर धर्मव्याध जुरुक्क उठेर हिंड्न खोजे । उनलाई रोक्तै मतङ्गले खान अनुरोध गरे । त्यसपछि मतङ्गलाई धर्मव्याधले भने– 'तपाईँ प्रतिदिन हजारन् करोडन् जीव मारेर देवता पितृलाई अर्पण नगरी खानुहुन्छ । यस्ता पापीको अन्न पनि कोही सत्पुरुषले खान्छ?[३८] यदि तपाईंका घरमा चेतना नभएको अन्न छ भने म त्यो खाउँला[३९] । म आफ्नो कुटुम्बको भरणपोषणका लागि दिनमा एउटा पशु मार्छु । त्यो पितृलाई चढाएर कुटुम्बका साथ खान्छु[४०]।' तपाईं त धेरै जीवलाई मारेर देवतापितृलाई नचढाई त्यसै आफ्ना कुटुम्बका साथ खानुहुन्छ । त्यसैले तपाईंको

---

३७. अन्यत्र राजन् हिंसाया वृत्तिर्नेहास्ति कस्यचित्।
अप्यरण्यसमुत्थस्य एकस्य चरतो मुनेः ॥–शान्तिपर्व १३०।२८ (चित्रशाला), १२८।२८ (सातवलेकर)

३८. सहस्रशः कोटिश्च जीवान् हंसि दिनेदिने ॥ अथेदृशस्य पापस्य कोऽन्नं भुञ्जति सत्पुमान् ॥–८।२६

३९. अचैतन्यं यदि गृहे विद्यतेऽन्नं सुसंस्कृतम् ॥ तदानीमस्मि सम्भोक्ता मत्वा तु स्वजनं तव ॥–८।२७

४०. अहमेकं कुटुम्बार्थे हन्म्यरण्ये पशुं दिने ॥ तं चेत् पितृभ्यः सत्कृत्य दत्त्वा भुञ्जामि साऽनुगः ॥-८।२८।

Raj Kishore

अन्न मेरा निम्ति अभोज्य हो[४१]। पञ्चमहायज्ञ (ब्रह्मयज्ञ, देवयज्ञ, भूतयज्ञ, पितृयज्ञ र मनुष्ययज्ञ) गरेर खाएमा मात्र अन्न शुद्ध हुन्छ। अन्यथा धानका एकएक गेडा पनि एकएक पशुपक्षी हुन्। ती दिने र खानेका निम्ति महामांस (मान्छेको मासु) मानिन्छन्[४२] इत्यादि कुराहरू भने ।

यस कथाले पनि जीवनयात्रामा हिंसा अपरिहार्य हुने स्पष्ट छ। हिंसा अपरिहार्य भए पनि अनावश्यक हिंसा नगरी, हुँदासम्म सानो र थोरै हिंसा गरी शास्त्रानुसार धर्माचरण गर्दै जीवनयात्रा चलाउनपर्छ भन्ने कुरा प्रष्टै छ।

सन्दर्भतः मासु खानेले बलि दिएर खानु पर्ने मानिन्छ। मासु नखानेले पशुबलि नदिएर कुभिण्डो, बेल, घिरौँला, नरिवलको बलि दिएर अथवा खीर, रोटी अर्पण गरेर पनि देवीको पूजा सम्पन्न गरिन्छ। देवीका अगाडि मारिएका पशुले दिव्य स्वर्ग पाउने र यो हिंसा पनि नमानिने कुराको उल्लेख देवीभागवत महापुराणमा पाइन्छ[४३]। बलि दिँदा सप्तमीमा र नवमीमा दिने गरिएको छ। पुराणमा भने नवमीमा नै छाग (बोको वा पाठो)को बलि प्रशस्त मानिएको छ[४४]।

आफ्नो आमोद प्रमोदको लागि मासु खानेले परम्परादेखि प्रचलित शास्त्रविहित बलिको विरोध गर्दा महानास्तिकता हुन जान्छ। बलिदानले दुर्गा प्रसन्न हुन्छिन्। यज्ञ र देवदेवीका पूजा आदिमा शास्त्रविहित बलिदान गर्नाले हिंसाजन्य पाप लाग्दैन। बलिदानमा संलग्न हुने सात थरि व्यक्तिहरू पापका भागी हुँदैनन् भन्ने उल्लेख पाइन्छ[४५]। ती सात थरी व्यक्तिमा उत्सर्गकर्ता, दाता, छेत्ता (वधकर्ता), पोष्या (पालनकर्ता), रक्षक, अग्रेनिबद्धा, पश्चात् निबद्धा गरी बलिदानमा संलग्नहरू पर्दछन्। यी सात थरी नै हिंसाजनित पापका भागी हुँदैनन्।

---

४१. त्वं तु जीवान् बहून् हत्वा स्वकुटुम्बेन साऽनुगः ॥ भुञ्जसे तेन सततमभोज्यं तन् मतं मम ॥–८।२९

४२. एते पञ्च महायज्ञा ब्रह्मणा निर्मिताः पुरा ॥ ब्राह्मणानां हितार्थाय इतरेषां च तन्मखाः।
इतरेषां तु वर्णानां ब्राह्मणैः कारिताः शुभाः ॥ एवं कृत्वा नरो भुक्त्वा तस्माद् वाऽन्नं विशुध्यति।
अन्यथा व्रीहयोऽप्येते एकैकं मृगपक्षिणः ॥ मन्तव्या दातृभोक्तॄणां महामांसं तु तत् स्मृतम्।–८।३१–३३

४३. देव्यग्रे निहता यान्ति, पशवः स्वर्गमव्ययम्। न हिंसा पशुजा तत्र निघ्नतां तत्कृतेनघ।–देवीभागवत ३।२६।३६।

४४. सप्तम्यां पूजनं कृत्वा बलिं दद्यात् विचक्षणः।... दद्यात् विचक्षणो भक्त्या नवम्यां विधिवत् बलिम्।
–ब्रह्मवैवर्तपुराण, प्रकृतिखण्ड, ६५।८–९।

४५. बलिदानेन विप्रेन्द्र दुर्गाप्रीतिर्भवेन्नृणाम्। हिंसाजन्यं न पापं च लभते यज्ञकर्मणि ॥
उत्सर्गकर्ता दाता चच्छेत्ता पोष्य च रक्षकः। अग्रे पश्चान्निबद्धा च सप्तैतेऽवधकारिणः ॥
–ब्रह्मवैवर्तपुराण, प्रकृतिखण्ड, ६५।१०–११

Raj Kishore

यिनलाई पशुहिंसाको दोष लाग्दैन[४६]। जसले जसको वध गर्छ त्यसैले नै अर्को जन्ममा उसलाई वध गर्छ भन्ने कुरा लागु नहुने बताइएको छ। दुर्गापूजा गर्दा जीवन सफल हुने मान्यता छ। दुर्गापूजा गर्नाले गोलोकमा पुगिने बताइएको छ। दुर्गापूजा तीन प्रकारको चर्चा गरी सात्त्विकी, राजसी र तामसी पूजा हुने कुरा उल्लेख गरिएको छ। यी पूजा उत्तम, मध्यम र अधम गरी तीन प्रकृतिको उल्लेख गरिएको छ। विष्णुलोक चाहने (वैष्णव)का लागि सात्त्विकी पूजा, शाक्तहरूका लागि राजसी पूजा र दीक्षारहित/अदीक्षितका लागि तामसी पूजाको विधान छ र सात्त्विकी पूजाले विष्णुलोक प्राप्त हुने, माहेश्वरी पूजाले शिवलोक, तामसी पूजाले त्रिदिव/स्वर्ग प्राप्त हुने कुरा बताइएको छ[४७]। बलिदानपछि दुर्गाको सभक्ति स्तोत्रपाठ गर्नुपर्ने विधान छ[४८]।

त्यसपछि शङ्खमा राखिएको अर्घ्यविधि बताइएको छ। जुन अर्घ्यमा गङ्गादिको निवासको आवाहन गरिन्छ। त्यसपछि अग्नि, वायु, चन्द्र, विष्णु, वरुण र शिवको षोडशोपचार (आसन, वस्त्र, पाद्य, स्नानीय जल, अनुलेपन, मधुपर्क, गन्ध, अर्घ्य, पुष्प, नैवेद्य, आचमनीय जल, ताम्बूल, रत्नभूषण, धूप, दीप, शय्या)ले पूजन गरी पुष्पाञ्जलि समर्पण गर्ने विधि छ। त्यसपछि आठ देवी नायिकाहरू– उग्रचण्डा, प्रचण्डा, चण्डोग्रा, चण्डनायिका, अतिचण्डा, चामुण्डा, चण्डा र चण्डवतीको एवं क्रमले अष्टभैरवहरू – महाभैरव, संहारभैरव, असितांगभैरव, रुरुभैरव, कालभैरव, क्रोधभैरव, ताम्रचूड भैरव, चन्द्रचूड भैरवको पूजा गर्नुपर्ने विधान छ[४९]।

---

४६. यो यं हन्ति स तं हन्ति नेति वेदोक्तमेव च। कुर्वन्ति वैष्णवीं पूजां वैष्णवास्तेन हेतुना॥
—ब्रह्मवैवर्तपुराण, प्रकृतिखण्ड, ६५।१२

४७. भारते भवतीपूज्यां दुर्गां यः पूजयेद् बुधः। सोऽन्ते याति च गोलोकं परमैश्वर्यवानिह॥
—ब्रह्मवैवर्तपुराण, प्रकृतिखण्ड, ६४।४३

कृत्वा च वैष्णवीं पूजां विष्णुलोकं व्रजेत् सुधीः। माहेश्वरीं च संपूज्य शिवलोकं च गच्छति॥
—ब्रह्मवैवर्तपुराण, प्रकृतिखण्ड, ६४।४४

सात्त्विकी राजसी चैव त्रिधा पूजा च तामसी। भगवत्याश्च वेदोक्ता चोत्तमा मध्यमाऽधमा॥
—ब्रह्मवैवर्तपुराण, प्रकृतिखण्ड, ६४।४५

४८. त्वमेव जगतां माता चतुर्वर्गफलप्रदा। सर्वशक्तिस्वरूपा च कृष्णस्य परमात्मनः॥
जन्ममृत्युजराव्याधिहरा त्वं च परात्परा। सुखदा मोक्षदा भद्रा कृष्णभक्तिप्रदा सदा॥
नारायणि महामाये दुर्गे दुर्गतिनाशिनी। दुर्गेति स्मृतिमात्रेण याति दुर्गं नृणामिह॥
—ब्रह्मवैवर्तपुराण, प्रकृतिखण्ड, ६४।४९–५१

४९. उग्रचण्डां प्रचण्डां च चण्डोग्रां चण्डनायिकाम्। अतिचण्डां च चामुण्डां चण्डां र चण्डवतीं तथा॥ ...

Raj Kishore

त्यसैगरी ९ थरी शक्तिहरू (ब्रह्माणी, वैष्णवी, रौद्री, माहेश्वरी, नारसिंही, वाराही, इन्द्राणी, कार्तिकी र सर्वशक्तिस्वरूपा (सर्वमङ्गला) को पूजा गरी त्यही घटमा देवगण – शंकर, कार्तिकेय, सूर्य, चन्द्र, अग्नि, वायु, वरुण, देवीकी दासी, बटुक, तथा ६४ योगिनीको यथाविधि पूजा सम्पन्न गरी यथाशक्ति बलिदान र स्तुति गर्ने कुराको विधान गरिएको पाइन्छ[५०] ।

यहाँ बलिदानको विशेष रूपमा उल्लेख गरिएको पाइन्छ। देवीलाई विभिन्न प्रकारका प्राणीको बलि दिने कुरा बताइएको छ। पौराणिक कालदेखि हालसम्मका बलिदानका प्रचलनमा पहिले र अहिलेसम्ममा कतिपय जीवको बलि दिने प्रथा विलुप्त भएको, निषेध गरिएको स्थिति छ भने कतिपय जीवको बलिदानको चलन रहिरहेको अवस्था पनि छ। यहाँ प्रचलनमा रहेका बलिदानमा : महिष (राँगो), छाग (बोको), मेष (भेडो), कुष्माण्ड, पक्षीहरू, हरिण, कृष्णसार, गैँडा, पिष्टपशु इत्यादिको बलिदान गर्ने कुरा बताइएको छ। त्यस्तो बलिदान गर्नाले देवी केकति समय तृप्त रहनुहुन्छ भन्ने चर्चा पनि गरिएको पाइन्छ। महिषबलिले सय वर्ष, छागबलिले दश वर्ष, मेषबलिले एक वर्ष, कुष्माण्ड, पक्षीहरू तथा हरिणको बलिले एक एक वर्ष, कृष्णसारमृगको बलिले दश वर्ष, गैँडाको बलिले हजार वर्ष, पिठोको कृत्रिम पशुबलिले छ महिना, उत्तमोत्तम पक्वफलको बलिले एक महिनासम्म दुर्गा प्रसन्न हुने बताइएको छ[५१]।

यसरी इतिहास र पुराणमा पशुबलिका र हिंसा र अहिंसाका सम्बन्धमा विभिन्न शैलीले उपदेश गरिएको पाइन्छ।

आदौ महाभैरवं च तथा संहारभैरवम्। असिताङ्गं भैरवं च रुरुभैरवमेव च॥
कालभैरवमप्येवं क्रोधभैरवमेव च। ताम्रचूडं चन्द्रचूडमन्ते वै भैरवद्वयम्॥

—ब्रह्मवैवर्तपुराण, प्रकृतिखण्ड, ६४।८२, ८४-८५

५०. ब्रह्माणीं वैष्णवीं चैव रौद्रीं माहेश्वरीं तथा। नारसिंहीं च वाराहीमिन्द्राणीं कार्तिकीं तथा॥
शङ्करं कार्तिकेयं च सूर्यं सोमं हुताशनम्। वायुं च वरुणं चैव देव्याश्चेष्टीं वटुं तथा॥
चतुःषष्टिं योगिनीनां सम्पूज्य विधिपूर्वकम्। यथाशक्ति बलिं दत्ता करोति स्तवनं बुधः॥

—ब्रह्मवैवर्तपुराण, प्रकृतिखण्ड, ६४।८७-९०

५१. बलिदानविधानं च श्रूयतां मुनिसत्तम। ... माहिषं छागं, दद्यान्मेषादिकं शुभम्।
साहस्रवर्षं सुप्रीता दुर्गा मायातिदानतः। महिषाच्छतवर्षं च दशवर्षं चच्छागलात्॥
वर्षं मेषेण कूष्माण्डैः पक्षिभिर्हरिणैस्तथा। दशवर्षं कृष्णसारैः सहस्राब्दं च गण्डकैः॥
कृत्रिमैः पिष्टनिर्माणैः षण्मासं पशुभिस्तथा। मासं सुपक्वादिफलैरक्षतैरिति नारद॥

—ब्रह्मवैवर्तपुराण, प्रकृतिखण्ड, ६४। ९२-९५

अन्त्यमा,

यस आलेखमा चर्चा गरिएका सबै कुराहरूबाट मानिसहरूले धर्मको मूलका रूपमा रहेको शास्त्रको आज्ञालाई शिरोधार्य गर्दै 'कुनै पनि कर्म शास्त्रको वचनबाट नै गर्ने र शास्त्रको निषेधबाट नै छोड्ने गरी सदैव व्यवहार गर्ने (आफ्ना रागद्वेषका आधारमा त्यसो नगर्ने, रागद्वेषरहित) गृहस्थ पनि मुक्त हुन्छ' भन्ने प्रजापतिस्मृतिका वचनको[५२] र यस्तै अन्य वचनको[५३] पनि सार बुझेर लसुन, प्याज, च्याउ, छ्यापी इत्यादि शास्त्रनिषिद्ध पतित बनाउने अभक्ष्य वस्तु नखाने र शास्त्रोक्त भक्ष्य मासु खाने गरेको रहस्य बुझ्न आवश्यक छ।

उपर्युक्त शास्त्रस्थितिबाट ब्राह्मणलगायतका सबै आस्तिक सज्जनहरूले शास्त्रको विधिनिषेध राम्ररी बुझेर शास्त्रानुकूल खानपान र आचारविचार गरेर शास्त्रको मर्यादा बचाएर चल्नु मुख्य कर्तव्य हो भन्ने बुझिन्छ। तसर्थ अघिपछि आफूखुसी वा देवतालाई बलि दिएका बेला मासु खाने व्यक्तिले श्राद्धमा पनि मासुको प्रयोग गर्नु र मासु खानु शास्त्रसम्मत र उचित देखिन्छ। नेपाली ब्राह्मणहरूको कुलदेवताको पूजामा छागादिबलि दिने परम्परा पनि छँदैछ। आफू भने मनपरि मासु खाने, शास्त्रानुसार देउतालाई बलि दिने[५४] कुराको भने आँखा चिम्लेर विरोध गर्ने पश्चिमाका चेलाहरूको काम सर्वथा शास्त्रविरुद्ध हुनाले अत्यन्तै

---

५२. प्रवृत्तिं वचनात् कुर्वन् निवृत्तिमपि कर्मणाम्।
एवं व्यवहरेन् नित्यं गृहस्थोऽपि हि मुच्यते॥–प्रजापतिस्मृति, श्लो. १४६

५३. एवं सर्वेन्द्रियाऽऽरम्भान् वेदपूर्वान् समाचरेत्।
ब्राह्मणो भूतिसम्पन्नो य इच्छेद् भूतिमात्मनः॥–हरिवंश ३।२४।१५
क्रिया च शास्त्रनिर्दिष्टा रागद्वेषविवर्जिता।
कर्तव्याऽहरहः श्रद्धापुरस्कारेण शक्तितः॥–मार्कण्डेयपुराण १६।५९(६०
प्रवृत्तौ च निवृत्तौ च श्रुतिशास्त्रोक्तमेव च।
आचरन्ति महात्मानस् ते नराः स्वर्गगामिनः॥–पद्मपुराण, भूमिखण्ड ९६।३६, पातालखण्ड ९६।८९(९०
ये नियोगाँश् च शास्त्रोक्तान् धर्माऽधर्मविमिश्रितान्।
पालयन्तीह ये वैश्य न ते यान्ति यमाऽऽलयम्॥–पद्मपुराण, स्वर्गखण्ड ३१।३९
तस्मादनुग्रहं पीडां तदभावमपास्य च।
धर्माऽधर्माऽर्थिभिर्नित्यं मृग्यौ विधिनिषेधकौ॥–श्लोकवार्तिक, चोदनासूत्र, श्लो. २४८–२४९

५४. मांसाशनं ये कुर्वन्ति तैः कार्यं पशुहिंसनम्।
महिषा–ऽज–वराहाणां बलिदानं विशिष्यते॥
देव्यग्रे निहता यान्ति पशवः स्वर्गमव्ययम्।
न हिंसा पशुजा तत्र निघ्नतां तत्कृतेऽनघ॥–देवीभागवत ३।२६।३२–३३

Raj Kishore

निन्दनीय र तिरस्करणीय पक्ष हो। सर्वथा मासु नखाने व्यक्तिले कुलदेवताका पूजामा समेत छागादिको (बोका इत्यादिको) बलि पनि नदिने र श्राद्धमा पनि मासुको प्रयोग नगरेर मासुको स्थानापन्न (प्रतिनिधिका रूपमा आउने) माषका फुरौलाको प्रयोग गर्ने गरे पनि हुने देखिन्छ। छागादिबलि नदिनेले, यज्ञ नगर्नेले र श्राद्धमा मासुको प्रयोग नगर्नेले भने अगिपछि मासु नखानु पनि उत्तमै र शास्त्रसम्मतै कुरा मान्न पनि सकिने देखिन आएको छ। त्यति भए पनि वेद–स्मृति–पुराणका विधानअनुसार यज्ञमा र श्राद्ध इत्यादिमा प्रयुक्त मासु खानु ब्राह्मणका निमित्त पनि उत्तम कुरा हो भन्ने बुझ्नु आवश्यक छ। लोकमा बलिका विषयमा मतभिन्नता देखिएको सन्दर्भमा सबैले आआफ्नो शास्त्र, धर्मप्रति आस्था, श्रद्धा र विश्वास राखेर संस्कारकर्म गर्नुपर्छ। धर्मको निन्दा गरिने कुरा शोभनीय हुँदैन। भनिएको पनि छ : आफ्नो धर्ममा रहेर मृत्युवरण गर्नु कल्याण हुन्छ परधर्म अनुसरण गर्नु त भयावह हुन्छ (**स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः**)। त्यसैले शास्त्रसम्मत कर्म गरेर सबै आआफ्नै कुलपरम्पराअनुसारको धर्ममा रहेको राम्रो हो।

Raj Kishore

तन्त्रसाधनामा पशुबलि

—डा. माधवप्रसाद लामिछाने
तन्त्राचार्य, नेपाल संस्कृत विश्वविद्यालय

तन्त्र एवं तन्त्रसाधना

विस्तार गर्नु वा फैलाउनु भन्ने अर्थमा प्रयोग हुने संस्कृतको 'तन्' धातुमा 'ष्ट्रन्' प्रत्यय लागेर तथा कुटुम्बको भरणपोषण गर्ने अर्थमा प्रयोग हुने 'तत्रि' धातुमा 'घञ्' प्रत्यय लागेर 'तन्त्र' शब्द बन्दछ (भट्टाचार्य, ई.सं. १९६२, ३२२३ पृष्ठ)। सर्वप्रथम 'तन्त्र' शब्दको प्रयोग ऋग्वेदमा पाइन्छ जहाँ उक्त शब्द धागो कात्ने चर्खाको अर्थमा प्रयोग भएको छ (ऋग्वेद, १०।७१।९)। अथर्ववेदमा पनि सोही अर्थमा 'तन्त्र' शब्दको प्रयोग गरिएको छ (अथर्ववेद, १०।७।४२)। आपस्तम्बश्रौतसूत्रले 'तन्त्र' शब्दलाई धेरै खण्ड भएको विधिको अर्थमा प्रयोग गरेको छ (आपस्तम्बश्रौतसूत्र, १।१५।१)। शाङ्खायनश्रौतसूत्रले 'तन्त्र'लाई त्यस्तो कर्मको अर्थमा लिएको छ जुन एकपटक गरेपछि त्यसले अन्य विभिन्न कर्महरूको उपयोगितालाई सिद्ध गर्दछ (शाङ्खायनश्रौतसूत्र, १।१६।१६)। यजुर्वेदमा गहनाविशेष, वस्त्रविशेष तथा यज्ञको अर्थमा 'तन्त्र' शब्दको प्रयोग भएको छ (यजुर्वेद, १९।८०)। शङ्कराचार्यले साङ्ख्यसिद्धान्तलाई साङ्ख्यतन्त्र तथा पूर्वमीमांसालाई प्रथमतन्त्र भनेका छन् (वेदान्तसूत्र, २।२।१ तथा ३।३।५३)। कालिकापुराणमा शुक्राचार्य एवं वृहस्पतिका राजनीतिविषयक ग्रन्थहरूलाई पनि तन्त्र भनिएको छ (८६।१३०)। श्रीमद्भागवतमहापुराणमा देवताविशेषको अनुष्ठान गर्ने पद्धतिका रूपमा 'तन्त्र' शब्दको प्रयोग भएको छ (८।२३।१६)। वाचस्पत्यनामक कोशग्रन्थले तन्त्र शब्दका बीसवटा अर्थहरू बताएको छ (भट्टाचार्य, ई.सं.१९६२, ३२२३ पृष्ठ)। उपर्युक्त उदाहरणहरूमा कतै पनि 'तन्त्र' शब्दको मध्यकालिक विलक्षण अर्थ पाइँदैन। त्यसैले तन्त्रसाहित्यको अर्थमा प्रयुक्त 'तन्त्र' शब्द सर्ग, प्रतिसर्ग, मन्त्रनिर्णय,

Raj Kishore

विभिन्न देवीदेवताका स्वरूप, तीर्थवर्णन, आश्रमधर्म, यन्त्रनिर्णय, व्रतवर्णन, शौचाशौचविवरण, स्वर्गनरक, राजधर्म, स्त्रीधर्म, पुरुषधर्म, अध्यात्म आदि विषयवस्तुहरूको समावेश रहेको शास्त्रविशेषको अर्थमा रूढ भएको देखिन्छ (पूर्ववत्, ३२२५ पृष्ठ) । मध्यकालमा विकसित भएका तन्त्रग्रन्थहरूमा यक्ष, यक्षिणी, भूत, प्रेत, पिशाच आदिलाई सिद्ध गर्ने रहस्यात्मक विधिविधान – मारण, मोहन, स्तम्भन, उच्चाटन, विद्वेषण र वशीकरण यी अभिचारात्मक षट्कर्मको विधि र प्रक्रिया; जादूटोना, झारफुक आदि विषयवस्तुहरूको वर्णन पाइने हुनाले त्यस्ता ग्रन्थहरू पनि तन्त्रका रूपमा परिचित हुन पुगे । कामिकागमका अनुसार -

तनोति विपुलानर्थान् तत्त्वमन्त्रसमन्वितान् ।
त्राणं च कुरुते यस्मात्तन्त्रमित्यभिधीयते ॥

(कामिकागम, वुडरूफ, ई.सं. १९५१, ५५ पृष्ठमा उद्धृत)

अर्थात् जसले तत्त्व एवं मन्त्रले युक्त विपुल ज्ञानराशिलाई विस्तार गर्छ र उक्त विस्तारित क्रियात्मक प्रयोगका माध्यमबाट साधकहरूको अभीष्ट पूर्ति गरी उनीहरूको रक्षा गर्छ त्यस शास्त्रविशेषलाई तन्त्र भनिन्छ । तन्त्रको उत्पत्तिका प्रसङ्गमा स्वच्छन्दतन्त्रमा लेखिएको छ–

गुरुशिष्यपदे स्थित्वा स्वयं देवः सदाशिवः ।
प्रश्नोत्तरपदैर्वाक्यैस्तन्त्रं समवतारयत् ॥

अर्थात् स्वयं भगवान् सदाशिव आफैँ गुरु र शिष्यका रूपमा बसेर प्रश्न र उत्तरको शैलीमा तन्त्रको अवतार गरे । यसबाट तन्त्रको उत्पत्ति स्वयं भगवान् सदाशिवबाट भएको देखिन्छ । तन्त्रको पर्यायका रूपमा आगम शब्दको ग्रहण हुन्छ । आगम शब्दको व्युत्पत्तिगत अर्थलाई हेर्दा पनि आगम वा तन्त्रको आविर्भाव स्वयं भगवान् शिवबाट नै भएको स्पष्ट हुन्छ । सर्वोल्लासतन्त्रमा आगम शब्दको व्युत्पत्ति यस प्रकार देखाइएको छ–

आगतः शिववक्त्रेभ्यो गतश्च गिरिजाननम् ।
मतो हि वासुदेवस्य तस्मादागम उच्यते ॥

अर्थात् शिवका मुखहरूबाट निस्किएर पार्वतीको मुख (तात्पर्यार्थमा कान)मा गएको र भगवान् वासुदेवको मत भएकोले आगम भनिएको हो । माथिको श्लोकबाट

Raj Kishore
मूलतः आगमशास्त्रअन्तर्गत शैव आगम, शाक्त आगम र वैष्णव आगमको गणना हुने कुराको संकेत मिल्दछ तर शैव, शाक्त र वैष्णव आगमका अतिरिक्त गाणपत्य, सौर, बौद्ध र जैन आगम वा तन्त्रको संख्या पनि प्रशस्त रहेको छ। त्यसैले आगम वा तन्त्रशास्त्रले निर्देश गरेको विधि वा पद्धतिको अवलम्बनद्वारा ऐहलौकिक अभीष्ट सिद्धि र परम पुरुषार्थस्वरूप मोक्ष प्राप्तिका लागि गरिने अभ्यास वा साधनालाई नै तन्त्रसाधना भनिन्छ।

तन्त्रसाधनामा पञ्चमकारअन्तर्गत मांसका लागि पशुबलिको विधान

तन्त्रसाधनामा आफ्नो इष्टदेवताको प्रीतिका लागि पञ्चमकारको प्रयोग गरिन्छ। मद्य, मांस, मत्स्य, मुद्रा र मैथुन यी पाँच मकारको समूहलाई नै पञ्चमकार भनिन्छ। वैदिक परम्परामा देवकार्यमा पञ्चामृत (दूध, दही, घिउ, मह र सखर वा चिनी)को प्रयोग अनिवार्य भएजस्तै तान्त्रिक परम्परामा पञ्चमकारको प्रयोग अनिवार्य मानिन्छ। वस्तुतः पञ्चामृत र पञ्चमकार दुवै पञ्चतत्त्व (पृथिवी, जल, तेज, वायु र आकाश)का प्रतीक हुन्। तन्त्रसाधनामा आफ्नो इष्टदेवतालाई समर्पण गरिने पञ्चमकारअन्तर्गत मांसका लागि पशुबलिको विधान तन्त्रशास्त्रमा पाइन्छ। यस विषयलाई गम्भीरतापूर्वक बुझ्नका लागि तन्त्रसाधनामा उपयोगी मुख्य तीनवटा आचारका विषयमा केही कुरा बुझ्नु आवश्यक छ। ती तीन आचारहरू हुन् – दक्षिणाचार, वामाचार र कुलाचार। यी तीनवटा आचारहरू क्रमशः पशुभाव, वीरभाव र दिव्यभावका आधारमा व्यवस्थित भएका हुन्।

दक्षिणाचार

श्रुतिस्मृति अनुकूलको आचार नै दक्षिणाचार हो। दक्षिणामूर्तिले सर्वप्रथम यस आचारअनुसार शक्तिसाधना गरेकाले यसको नाम दक्षिणाचार रहन गएको हो भन्ने वचन पाइन्छ। दक्षिणाचारलाई पश्वाचार पनि भनिन्छ। पशुभावमा स्थित साधकहरूको आचार भएकाले यसलाई पश्वाचार भनिएको हो। तन्त्रशास्त्रमा व्यक्तिलाई पशुभावापन्न बनाउने पाश आठ प्रकारको बताइएको छ। कुलार्णवतन्त्रमा भनिएको छ –

घृणा शङ्का भयं लज्जा जुगुप्सा चेति पञ्चमी।
कुलं शीलं तथा जातिरष्टौ पाशाः प्रकीर्तिताः॥ (१३ उल्लास ९० श्लोक)

Raj Kishore

अर्थात् घृणा, शङ्का, भय, लज्जा, जुगुप्सा, कुल, शील र जाति यी आठ प्रकारका पाशहरू हुन्। यिनै पाशहरूले बाँधिएको अवस्थामा जीवले आफूलाई शिवभन्दा भिन्न ठान्छ। यिनै पाशहरूलाई साधनाद्वारा काट्तै शिव वा पराशक्तिका साथ आफ्नो अभिन्नता बोध गर्नु नै साधनाको चरम लक्ष्य हो। जबसम्म साधक पशुभावले बाँधिएको हुन्छ तबसम्म उसले पश्वाचारकै अवलम्बन गर्नु श्रेयस्कर हुन्छ। उदाहरणका लागि जेलमा रहेका कैदीहरूले जेलका नियमहरूको पालना गर्नु नै उनीहरूका लागि श्रेयस्कर हुन्छ अन्यथा उनीहरूले थप कष्ट भोग्नुपर्ने हुन जान्छ। जबसम्म साधकमा पशुभाव विद्यमान रहन्छ तबसम्म उसले पशुभावभन्दा भिन्न तरिकाले उपासना गर्नै सक्तैन। पशुभावरूपी पाशलाई नछिनालेसम्म शक्तिसाधनाको यात्रामा दोस्रो सिँढीका रूपमा रहेको वीरभाव र उक्त भावअनुसार व्यवस्थित वामाचारमा उसले पाइला टेक्नै सक्तैन। अतः पशुभावमा रहेर साधना गर्दै जाँदा जब उसमा निहित पशुत्वको जालो नष्ट हुन्छ तब ऊ शक्तिसाधनाको यात्रामा वीर कहिन्छ। त्यतिखेर उसको आचार वीराचार वा वामाचार बन्न पुग्छ। अतः तन्त्रशास्त्रमा साधनाको प्रारम्भिक सोपानका रूपमा पशुभावलाई ग्रहण गरिएको छ। पशुभावमा स्थित साधकहरूको आचारका रूपमा व्यवस्थित दक्षिणाचार वा पश्वाचारमा साधकले सेतो वर्णको देवताको ध्यान, त्रिकाल सन्ध्या एवं देवपूजन, वेदपुराण आदि शास्त्रमा श्रद्धा, नित्य श्राद्ध, ब्रह्मचर्यको पालना, आत्मप्रशंसा र परनिन्दाको त्याग आदि आचारहरूको कट्टरतापूर्वक पालना गर्नुपर्ने उपदेश दिएको देखिन्छ (मेरुतन्त्र, ७।५–१०)। दक्षिणाचार वा पश्वाचारका मूलतः दुईवटा भेद रहेका छन्–

१. सभावपश्वाचार

२. विभावपश्वाचार।

सभावपश्वाचार

सभावपश्वाचारमा पञ्चमकारको प्रयोग सर्वथा निषिद्ध मानिन्छ। कुलार्णवतन्त्रमा भनिएको छ –

अनाघ्रेयमनालोक्यमस्पृश्यञ्चाप्यपेयकम्।
मद्यं मांसं पशूनान्तु कौलिकानां महाफलम्॥ (२ उल्लास १२४ श्लोक)।

Raj Kishore

अर्थात् सभाव पाशवकल्पका साधकहरूले मद्य र मांस सुँघ्न, हेर्न, स्पर्श गर्न र पिउन वा खान वर्जित छ। त्यही कुरा दिव्यभावमा स्थित कौल साधकका लागि भने महाफलप्रद मानिन्छ। सभावपाशवकल्पका साधकहरूका लागि मद्य वा सुराको दर्शनादि दोषनिवृत्तिको उपाय कुलार्णवतन्त्रमा यस्तो बताइएको छ –

सुरादर्शनमात्रेण कुर्यात् सूर्यावलोकनम्।

तत्समाघ्राणमात्रेण प्राणायामत्रयं चरेत्॥

आजानुभ्यां भवेन्मग्नो जले चोपवसेदहः।

ऊर्ध्वं नाभेस्त्रिरात्रन्तुमद्यस्य स्पर्शने विधिः॥

सुरापाने कामकृते ज्वलन्तीं तां विनिक्षिपेत्।

मुखे तथा विनिर्दग्धे ततः शुद्धिमवाप्नुयात्॥ (२ उल्लास १२७–१२९ श्लोक)।

अर्थात् सुरा देखियो भने मात्रै पनि सूर्यको दर्शन गर्नुपर्छ, त्यसको गन्ध नाकमा पऱ्यो भने तीन पटक प्राणायाम गर्नुपर्छ तथा शरीरको घुँडादेखि तलको भाग पानीमा डुबाएर दिनभरि उभिनुपर्छ, सुराको स्पर्श गऱ्यो भने नाभिदेखि तलको भाग पानीमा डुबाएर उपवासपूर्वक तीन रात उभिनुपर्छ, सुराको सेवन गरेमा सुरालाई उमालेर मुखमा कोचिदिनुपर्छ। सो उम्लिएको सुराले मुख डढेपछि मात्रै मद्यसेवनको दोष हट्तछ। यहाँ मद्य उपलक्षणका रूपमा आएको छ। मद्यका साथै मांस, मत्स्य, मुद्रा र मैथुनसमेत सभावपाशवकल्पका साधकहरूका लागि निषिद्ध ठहर्दछ। ब्रह्मचर्याश्रममा रहँदासम्म द्विजहरूले सभावपाशवकल्पबाट उपासना गरी गृहस्थाश्रममा प्रवेश गरेपछि शाक्त दीक्षा लिएर विभावपाशवकल्पबाट उपासना गर्नुपर्ने हुन्छ (ज.ब.रा., वि.सं. २०२०, पृ. ११२)। अतः ब्रह्मचर्याश्रममा रहँदासम्म द्विजहरूले वेदमाता गायत्रीको मात्रै उपासना गरे पुग्छ भन्ने कुरा स्पष्ट हुन्छ।

विभावपश्वाचार

विभावपश्वाचारमा भने पञ्चमकारको अनुकल्पीय प्रयोगद्वारा उपासना गरिन्छ। वेदोक्त मार्गबाट मद्य, मांस आदिको प्रतिनिधिस्वरूप अनुकल्पीय द्रव्यको प्रयोग गरी इष्टदेवताको पूजा गर्नु नै विभावपश्वाचार हो (ज.ब.रा., वि.सं. २०४६, पृ. ९)। विभावपश्वाचारमा खजूरीको रस, गाई र भैंसीको दूधमा चाकु र पानको

Raj Kishore

पातको धुलो मिलाएर पकाएको झोल, घिउमा नुन हालेर पकाएको आमान्नको तरकारी मद्यको अनुकल्प हुन्छ। गहुँ, हलेदो, अदुवा, सेतो तिल, शरद्कालमा पाक्ने अन्नको बिउ, रातो अन्नको बिउ र कुभिन्डो मांसको अनुकल्प हुन्छ। पोलेको नरिवल, बेल, अमला वा हर्रो मत्स्यको अनुकल्प हुन्छ। नुन र पानी नहाली भुटेको अन्नको बिउ मुद्राको अनुकल्प हुन्छ। विभावपश्वाचारमा मैथुनको अनुकल्पीय बाह्य द्रव्य नहुने भएकाले आफ्नो सहस्रारचक्रमा शिवशक्तिको समन्वय सम्झेर शिवशक्तिको सामरस्यजन्य अमृतले परदेवतालाई तर्पण गर्नु मैथुनको अनुकल्प हो (ज.ब.रा., वि.सं. २०२०, पृ. ११४–११५)।

यसप्रकार पश्वाचार वा 'दक्षिणाचारमा द्वैतभावको प्राधान्य रहने भएकाले यस आचारको अवलम्बनद्वारा गरिने कालीको पूजाउपासना अपरापूजाको कोटीमा पर्दछ। पशुभावअनुसार पश्वाचार वा दक्षिणाचारको अवलम्बन गरी उपासना गर्दै गएपछि पशुभावका बन्धनहरू शिथिल बन्दै जान्छन्। साधक सदा प्रसन्न, सन्तुष्ट, निर्द्वन्द्व, मात्सर्यरहित, कुलसम्बन्धी ज्ञानमा तत्पर, शान्त, कालीभक्त, कुलज्ञानको चर्चा गर्दा आनन्दातिरेकका कारण रोमाञ्चित हुने, हर्षले गद्गद् स्वर हुने, खुसीको आँसु खस्ने आदि लक्षणले युक्त बन्न पुग्छ। यी लक्षणहरू उत्तम कौलिकका लक्षणहरू हुन्। यसै प्रसङ्गमा कुलार्णवतन्त्रमा भनिएको छ–

निवृत्तदुःखसन्तुष्टा निर्द्वन्द्वा गतमत्सराः।
कुलज्ञानरताः शान्तास्त्वद्भक्तास्ते च कौलिकाः॥
अमदक्रोधदम्भाशाहङ्काराः सत्यवादिनः।
कौलिकेन्द्रा ह्यपचला ये नेन्द्रियवशानुगाः॥
कीर्त्यमाने कुले येषां रोमाञ्चो गद्गदस्वरः।
आनन्दाश्रु पतेद्देवि कथिताः कौलिकोत्तमाः॥ (९ उल्लास ८४–८६ श्लोक)।

उपर्युक्त लक्षणहरूले साधक वीरभावमा आरूढ भएको जनाउँछन्। यसपछि उक्त साधकको साधना वीरभावमा व्यवस्थित वामाचारबाट प्रारम्भ हुन्छ। वामाचारको चर्चा पशुबलिका सन्दर्भमा पछि गरिनेछ त्यसैले अब कुलाचारको विषयमा सङ्क्षेपमा प्रकाश पारिन्छ।

Raj Kishore

कुलाचार

सम्पूर्ण भेदप्रथालाई परिहार गर्न सक्षम निर्विकल्प दशामा आरूढ साधकमा जब आफू भन्ने भावसमेत हटेर दिव्यभावको उदय हुन्छ त्यस्तो निर्विकल्प दिव्यभावमा स्थित साधकको आचारलाई नै कुलाचार भनिन्छ। दिव्यभावमा स्थित साधकमा पूर्ण ज्ञानको उदय र राजाधिराजयोगसमेत सिद्ध भइसकेको हुन्छ त्यसैले त्यस्तो साधकले अपनाउने कुलाचारमा पञ्चमकारको प्रयोग प्राकृत रूपमा नभई अर्कै किसिमले अन्तर्यागद्वारा गरिन्छ। मद्यका विषयमा कुलार्णवतन्त्रमा लेखिएको छ –

आमूलाधारमाब्रह्मरन्ध्रं गत्वा पुनः पुनः ।
चिच्चन्द्रकुण्डलीशक्तिसामरस्यसुखोदयः ॥
व्योमपङ्कजनिस्यन्दसुधापानरतो नरः ।
सुधापानमिदं प्रोक्तमितरे मद्यपायिनः ॥ (५ उल्लास १०७–१०८ श्लोक)।

अर्थात् मूलाधारचक्रमा रहेकी चैतन्यरूपिणी कुण्डलिनीशक्ति त्यहाँबाट जागृत भएर ब्रह्मरन्ध्रमा अवस्थित सहस्रारचक्रमा पुगी परमशिवका साथ समरसभावमा प्राप्त हुँदा त्यहाँबाट चुहिएको अमृतपान गर्ने व्यक्ति नै वास्तविक सुधापान गर्ने व्यक्ति हो अरू त मद्यपान गर्नेहरू हुन्। मांसका बारेमा आगमसारतन्त्रमा भनिएको छ –

कामक्रोधसुलोभमोहपशुकांश्छित्वा विवेकासिना ।
मांसन्निर्विषयं परात्मसुखदं खादन्ति तेषां बुधाः ॥
ते विज्ञानपरा धरातलसुरास्ते पुण्यवन्तो नराः ।
नाश्नीयात् पशुमांसमात्मविमते हिंसां परं सज्जनः ॥

(आगमसारतन्त्र, ज.ब.रा., वि.सं. २०२०, पृ. १६ मा उद्धृत)।

अर्थात् विवेकी विद्वान् साधकहरू काम, क्रोध, लोभ र मोहरूपी पशुलाई विवेकरूपी तरवारले काटेर परम सुख प्रदान गर्ने निर्विषयरूप मासु खान्छन् । तिनीहरू नै परम रहस्यवेत्ता, पृथ्वीका वास्तविक देवता र पुण्यवान् हुन् । सज्जन व्यक्तिले आफ्नो तृप्तिका लागि प्रत्यक्ष पशुको मासु नखाओस्, त्यस्तो हिंसा

Raj Kishore

नगरोस्। मांसकै विषयमा कुलार्णवतन्त्रमा भनिएको छ –

पुण्यापुण्यपशुं हत्वा ज्ञानखड्गेन योगवित्।

परे लयं नयेच्चित्तं पलाशी स निगद्यते॥ (५ उल्लास १०९ श्लोक)।

अर्थात् योगवित् साधकले पुण्य र पापरूपी पशुलाई ज्ञानरूपी खड्गले काटेर चित्तलाई परम तत्त्वमा लीन गरोस्। त्यसो गर्ने व्यक्ति नै मांसभोजी भनेर चिनिन्छ। मत्स्यका विषयमा कुलार्णवतन्त्रमा लेखिएको छ–

मनसा चेन्द्रियगणं संयम्यात्मनि योजयेत्।

मत्स्याशी स भवेद् देवि शेषाः स्युः प्राणिहिंसकाः॥ (५ उल्लास ११०लोक)।

अर्थात् बाह्य विषयमा रमाइरहेका चञ्चल इन्द्रियसमूहलाई मनले नियन्त्रणमा लिएर बाह्य विषयवृत्तिबाट विरत सो मनलाई आत्मामा लगाउनू। यसो गर्न सक्ने साधक नै मत्स्यभोजी हो, अरू त प्राणीको हिंसा गर्ने हुन्। त्यसैगरी मुद्राका विषयमा कुलार्णवतन्त्रमा लेखिएको छ–

अप्रबुद्धाः पशोः शक्तिः प्रबुद्धाः कौलिकस्य च।

शक्तिं तां सेवयेद् यस्तु स भवेत् शक्तिसेवकः॥ (५ उल्लास १११ श्लोक)।

अर्थात् पशुभावमा स्थित साधकको शक्ति अप्रबुद्ध(सुषुप्त) अवस्थामा रहेको हुन्छ भने दिव्यभावमा स्थित कौल साधकको शक्ति प्रबुद्ध(जाग्रत) हुन्छ। जुन साधक यस्तो प्रबुद्ध शक्तिको सेवन गर्दछ त्यो नै शक्तिसेवक हो। मैथुनका विषयमा कुलार्णवतन्त्रमा भनिएको छ–

पराशक्त्यात्ममिथुनसंयोगानन्दनिर्भरः।

य आस्ते मैथुनं तत् स्यादपरे स्त्रीनिषेवकाः॥ (५ उल्लास ११२ श्लोक)।

अर्थात् पराशक्ति र आत्माको मिथुनभावस्वरूप संयोगसुखको शाश्वत आनन्दमा निमग्न हुनु नै वास्तविक मैथुन हो। त्यस अतिरिक्त दैहिक सुखोपलब्धियुक्त मैथुन त स्त्रीसेवन मात्रै हो। दिव्यभावमा स्थित साधकले पालना गर्ने कुलाचार परापूजाको कोटीमा पर्दछ जुन पराशक्ति कालसङ्कर्षिणीका साथ अद्वयबोध जगाउने बाह्य एवं आन्तर विषयमा आफ्नो चिन्मय स्वरूपलाई अभिन्नरूपले देख्ने उपासनापद्धति हो।

Raj Kishore

वामाचार एवं मांसका लागि पशुबलिको विधान

माथिको अध्ययनबाट के कुरा स्पष्ट भएको छ भने पशुभावमा स्थित तन्त्रसाधकका लागि विहित पश्वाचारमा पञ्चमकारको प्रयोग सर्वथा निषिद्ध मानिएको छ। त्यसैले त्यस्ता साधकहरूले पञ्चमकारका स्थानमा पञ्चामृतको प्रयोग गर्दछन् । त्यसैगरी दिव्यभावमा स्थित साधकहरूले अवलम्बन गर्ने कुलाचारमा मूलतः प्रत्यक्ष पञ्चमकारको प्रयोग नभई त्यसको प्रयोग अन्तर्यागको विधिद्वारा यौगिक भावमा गरिन्छ। मूलतः पञ्चमकारको प्रयोग वामाचारका लागि नै शास्त्रमा व्यवस्था गरिएको हो। वामाचारमा बायाँ हातले जप, पूजा होम आदि गरिन्छ र तत्त्वतर्पणचाहिँ दायाँ हातले गरिन्छ। कौल, वाम, चीन, सिद्धान्ती र शाबर गरी वाममार्गका पाँच भेद छन्। तीमध्ये कौल उत्तम हो भने शाबरचाहिँ अधम हो भन्ने मेरुतन्त्रको वचन छ (१।६०)। शाक्ताचार पनि यसअन्तर्गत पर्दछ। शक्तिबाहेक अन्य देवताको चिन्तन गर्दै नगर्ने वा सम्पूर्ण देवतामा आफ्नो इष्टदेवीको स्वरूप देख्ने र शक्तिसहित भएर पञ्चमयागको विधानबाट पञ्चमकारले शक्तिको पूजा गर्ने शाक्तको आचार नै शाक्ताचार हो। महाकालसंहिताले शाक्ताचारअन्तर्गत चारवटा आचार र तदनुरूप चारवटा सम्प्रदायको उल्लेख गरेको छ। ती हुन्– कापालिक, दिगम्बर, मौलेय र भाण्डिकेर । दक्षमार्गीका लागि वाममार्ग र वाममार्गीका लागि दक्षमार्ग निषिद्ध मानिएको छ। वामाचारको अवलम्बन गर्ने वाममार्गीले पश्वाचारको अवलम्बन गर्ने दक्षमार्गको अनुसरण गरेमा वा पश्वाचारको अवलम्बन गर्ने दक्षमार्गीले वाममार्गको अनुसरण गरेमा देवताले विघ्न पार्छन् र त्यस्ताले सिद्धि प्राप्त गर्दैन भन्ने मेरुतन्त्रको वचन छ (१।६३–६५)। अतः आआफ्नो कुलपरम्परा बुझेर वा गुरुको आज्ञाबाट मात्र कुनै एक मार्गमा प्रवृत्त हुनुपर्दछ।

वीरभावमा आरूढ साधकहरूले अवलम्बन गर्ने आचारलाई नै वामाचार भनिन्छ । वाम अर्थात् श्रेष्ठ आचार भएकाले यसलाई वामाचार भनिएको हो। निरुक्तमा 'वाम' शब्दको अर्थ 'प्रशस्य' भन्ने दिइएको छ –अस्रेमा, अनेमा, अनेद्यः, अनवद्यः, अनभिशस्ताः, उक्थ्यः, सुनीथः, पाकः, वामः, वयुनमिति दश प्रशस्यनामानि (श्रीतारानन्दतीर्थ : वि.सं. २०६२ : १६७)। प्रशस्य भनेको के हो भन्ने प्रश्नको उत्तरमा भनिएको छ– **य एव हि प्रज्ञावन्तस्त एव हि प्रशस्या भवन्ति** (पूर्ववत्) अर्थात् जो प्रज्ञावान् छन् तिनीहरू नै प्रशस्य हुन्छन्। अतः प्रज्ञावान्

Raj Kishore

प्रशस्य योगीलाई नै वाम भनिन्छ र उक्त योगीको आचारलाई नै वामाचार भनिन्छ। मेरुतन्त्रमा वामाचारको अधिकारीको लक्षण बताउने प्रसङ्गमा भनिएको छ –

परद्रव्येषु यो न्धश्च परस्त्रीषु नपुंसकः।

परापवादे यो मूकः सर्वदा विजितेन्द्रियः॥

तस्यैव ब्राह्मणस्यात्र वामे स्यादधिकारिता। (१०।४५)

अर्थात् जो परद्रव्य, परस्त्री एवं परापवादबाट विमुख छ त्यस्तो निर्लोभी, रागवर्जित, संयमी, जितेन्द्रिय ब्राह्मण (ब्रह्मसाक्षात्कार गर्न समर्थ) व्यक्ति नै वाममार्गमा अधिकारी हुन्छ। वेदशास्त्रको अर्थ एवं तत्त्वलाई जान्ने, बुद्धिमान्, जितेन्द्रिय, तन्त्रको गूढ रहस्य एवं भावलाई तर्कशक्तिद्वारा मन्थन गरेर उद्धार गर्न (प्रकाश गर्न) सक्षम ब्राह्मण (ब्रह्मसाक्षात्कार गर्न समर्थ) नै वाममार्गमा अधिकारी हुन्छ। त्यसबाहेक अन्य व्यक्ति यस मार्गमा दुःखभागी हुन्छ भनिएको छ –

ब्राह्मणो वेदशास्त्रार्थतत्त्वज्ञो बुद्धिमान् वशी।

गूढतन्त्रार्थभावश्च निर्मथ्योद्धरणे क्षमः॥

वाममार्गे धिकारी स्यादितरो दुःखभाग् भवेत्।

(भावचूडामणि : कल्याण, शक्तिउपासना अङ्क, पृ. १६७ मा उद्धृत)।

वामाचारअनुसार साधना गर्नका लागि दृढ भक्ति चाहिन्छ र त्यस्तो दृढ भक्तले नै यस मार्गमा सिद्धि प्राप्त गर्दछ। तन्त्रचिन्तामणिमा भनिएको छ –

निन्दन्तु बान्धवाः सर्वे त्यजन्तु स्त्रीसुतादयः॥

जना हसन्तु मां दृष्ट्वा राजानो दण्डयन्तु वा।

रोगदारिद्र्यदुःखाद्यैः पीडितो प्यनिशं त्वहम्॥

लक्ष्मीस्तिष्ठतु वा यातु न मुञ्चामि पथं त्विदम्।

एवं यस्य दृढा भक्तिः स वामे सिद्धिमाप्नुयात्॥

(१२ प्रकाश १७१–१७३ श्लोक)।

अर्थात् चाहे बन्धुबान्धवहरूले निन्दा गरून्, चाहे पत्नी तथा छोराछोरीहरूले साथ छोडून्, चाहे मलाई देखेर मानिसहरू हाँसून्, चाहे राजाहरूले दण्ड दिऊन्, चाहे म सधैँ रोग, दारिद्र्य, दुःख आदिले पीडित बनूँ, चाहे धन रहोस् वा नरहोस् तर

Raj Kishore

म यस मार्गलाई छोड्दिनँ भन्ने दृढ भक्ति जसमा हुन्छ त्यही व्यक्तिले वामाचारमा सिद्धि प्राप्त गर्दछ।

उपासनामा पञ्चमकार अर्थात् मद्य, मांस, मत्स्य, मुद्रा र मैथुनको उपयोग वीराचार अर्थात् वीरहरूले अवलम्बन गर्ने वामाचार हो र यो साधकका लागि साधनाको बीज हो। वीरभावमा पनि विभाववीर र सभाववीर गरी दुई प्रकारको भेद हुन्छ। विभाववीरहरूले मानसभावले पञ्चतत्त्वले अथवा पञ्चमकारको प्रतिनिधिका रूपमा अनुकल्पीय द्रव्यको प्रयोगद्वारा उपासना गर्दछन्। मानसभावले पञ्चतत्त्वको उपयोग गर्दा मांसका रूपमा पृथ्वीतत्त्व, मत्स्यका रूपमा जलतत्त्व, मद्यका रूपमा तेजतत्त्व, मुद्राका रूपमा वायुतत्त्व र मैथुनका रूपमा आकाशतत्त्वको उपयोग गरिन्छ। विभाववीरका लागि पञ्चमकारको अनुकल्पीय द्रव्य भने यसप्रकार रहेका छन् – गाईको दूध, पान, ताम्रकूट, गाँजा, ताड, अफिम, खजूरको चोप, धतुरो र भाँङ यति आठ थोक मद्यको अनुकल्प; नुन मिलाएको अदुवा, प्याज, तिल, गहुँ, मास र लसुन मासुको अनुकल्प; डढेको खाना मत्स्यको अनुकल्प; भुटेको चना वा भटमास मुद्राको अनुकल्प र हाँसको फुल मैथुनको अनुकल्प हुन्छ। कसैको मतमा गुरुले बताएबमोजिम तन्त्रोक्त मन्त्रोच्चारण गर्दै अपराजितापुष्प र करवीरपुष्पमा रक्तचन्दन र श्रीखण्ड मिसाएर भगलिङ्गामृत बनाई परदेवतालाई तर्पण गर्नु मैथुनको अनुकल्प हो (ज.ब.रा., वि.सं. २०२०, पृ. २८६–२८७)।

सभाववीरले चाहिँ पञ्चमकारको प्रत्यक्ष प्रयोग गर्दछन्। वामाचारमा कस्ता व्यक्तिहरूको अधिकार रहन्छ भन्ने विषयमा माथि उल्लेख गरिएको विवरणबाट यो आचार अत्यन्त कठिन र मर्यादित आचार हो भन्ने कुरा स्पष्ट भइसकेको छ। अल्पज्ञताका कारण प्राकृतजन (अदीक्षित व्यक्ति)हरूले सोचेजस्तो स्वच्छन्दरूपले पञ्चमकारको प्रयोग यस आचारमा हुँदैन। पञ्चमकारको प्रयोग वामाचारमा केवल साधनाका अवसरमा गरिन्छ। कुलार्णवतन्त्रमा भनिएको छ –

वृथा पानन्तु देवेशि सुरापानं तदुच्यते।
तन्महापातकं ज्ञेयं वेदादिषु निरूपितम्॥ (२ उल्लास, १२३ श्लोक)।

अर्थात् साधनाकालमा बाहेक अन्य समयमा गरिने मद्यपान निषिद्ध सुरापान कहिन्छ। त्यस्तो मद्यपान महापातक हो भनेर वेदादि शास्त्रमा निरूपण गरिएको छ। श्रीमद्भागवत महापुराणमा भनिएको छ –

Raj Kishore

लोके व्यवायामिषमद्यसेवा

नित्यास्तु जन्तोर्न हि तत्र चोदना।

व्यवस्थितिस्तेषु विवाहयज्ञ—

सुराग्रहैरासु निवृत्तिरिष्टा॥ (११ स्कन्ध, ५ अध्याय, ११ श्लोक)

अर्थात् संसारमा मैथुन, मांस र मद्यका प्रति प्राणीहरूको स्वाभाविक प्रवृत्ति रहेको देखिन्छ। जुन वस्तुप्रति स्वाभाविक प्रवृत्ति हुन्छ त्यसमा प्रवृत्त गराउनका लागि कुनै विधिको आवश्यकता पर्दैन। यस्तो स्थितिमा विवाह, यज्ञ र सौत्रामणि यज्ञमा मैथुन, मांस र मद्यको जुन व्यवस्था बताइएको छ त्यो वास्तवमा उच्छृङ्खल प्रवृत्तिलाई नियन्त्रण गर्नका लागि र त्यसमा मर्यादा स्थापनाका लागि नै गरिएको हो। त्यसमा निवृत्ति नै श्रुतिको अभीष्ट हो। अतः वामाचारमा पञ्चमकारको सेवनको व्यवस्था सोही उद्देश्यमा आधारित रहेको छ त्यसैले कुलार्णवतन्त्रमा भनिएको छ –

सेवेत स्वसुखार्थं यो मद्यादीनि स पातकी।

प्राशयेद्देवताप्रीत्यै स्वाभिलाषविवर्जितः॥ (५ उल्लास ८८ श्लोक)।

अर्थात् जसले आफ्नो सुखका लागि मद्य आदि द्रव्यको सेवन गर्दछ त्यो पातकी हो। साधकले आफ्नो तृप्तिका लागि नभई देवताको प्रीतिका लागि मद्य, मांस आदि द्रव्यको सेवन गर्नुपर्दछ। कुलार्णवतन्त्रमै अगाडि भनिएको छ –

मादिपञ्चकमीशानि देवताप्रीतये सुधीः।

यथाविधि निषेवेत तृष्णया चेत् स पातकी॥ (१० उल्लास ६ श्लोक)।

अर्थात् हे पार्वती ! बुद्धिमान् व्यक्तिले देवताप्रीतिका लागि शास्त्रोक्त विधिपूर्वक पञ्चमकारको सेवन गरोस्। यदि कुनै व्यक्ति तृष्णापूर्वक पञ्चमकारको सेवनमा प्रवृत्त हुन्छ भने त्यो पातकी कहिन्छ।

अब यहाँ पशुबलिका सन्दर्भमा केही चर्चा गरिन्छ। महाकालसंहितामा पशुबलिबाट आयु बढ्ने, रोग शान्त हुने, शत्रुमाथि विजय प्राप्त हुने र कामनारहित भएर पशुबलि दिएमा मोक्षसमेत प्राप्त हुने कुरा लेखिएको छ (महाकालसंहिता, गुह्यकालीखण्ड १२।१७९४–१७९६)। महाकालसंहितामा कुन देवताका लागि कुन पशुको बलि दिनु राम्रो हो भन्ने विषयमा विस्तृत चर्चा पाइन्छ (महाकालसंहिता,

Raj Kishore

गुह्यकालीखण्ड१२।१७४१–१७७८)। देवतालाई उद्देश्य गरेर गरिएको पशुबलिबाट हिंसाजन्य दोष लाग्दैन तर आफ्नो तृप्तिका लागि हिंसा नगर्नू भन्ने शास्त्रको स्पष्ट निर्देश छ। कुलार्णवतन्त्रमा भनिएको छ–

पितृदैवतयज्ञेषु वैधहिंसा विधीयते।
आत्मार्थं प्राणिनां हिंसा कदाचिन्नोदिता प्रिये॥ (५।४५)

उपसंहार

माथिको अध्ययनबाट के कुरा स्पष्ट हुन्छ भने देवतालाई उद्देश्य गरेर गरिएको पशुबलिबाट हिंसाजन्य दोष लाग्दैन। मांसका लागि पशुबलिको विधान मूलतः वामाचारमा मात्र ग्राह्य भएकोले पशुभावमा स्थित दक्षिणाचारी साधकले मांसको प्रयोग गर्नुहुँदैन। पशुभावबाट मुक्त वीरभावमा स्थित साधकले आफ्नो तृष्णापूर्तिका लागि नभई शास्त्रोक्त विधिपूर्वक देवताको प्रीतिका लागि मांसको सेवनद्वारा साधना गर्दै जाँदा उसमा इष्टदेव र आफूबीच ऐक्यबोध हुन जान्छ र ऊ साधनाको अन्तिम सोपानस्वरूप दिव्यभावमा प्रवेश गर्दछ। त्यतिखेर उसको साधना अन्तर्यागप्रधान बन्न पुग्छ जहाँ उसले पञ्चमकारलाई यौगिक अर्थमा ग्रहण गर्दछ र तदनुरूप भावना गर्दै जाँदा ऊ शिवका साथ एकाकार बन्न पुग्छ र शिवैक्यजन्य मोक्षानन्दको अनुभूति गर्न थाल्दछ। इति शिवम्।

सन्दर्भग्रन्थसूची

गौड, रामस्वरूप (सं.), (ई.सं.१९९०), **अथर्ववेद (सायणभाष्यसहित)**, वाराणसी : चौखम्बा विद्याभवन।

ज.ब.रा., धनशमशेर (वि.सं.२०२०), **प्रबुद्धसनातनरहस्यम्**, काठमाडौं।

ज.ब.रा., धनशमशेर (वि.सं. २०४६) **कुलार्णवरहस्य**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान।

झा, किशोरनाथ(सं.), (ई.सं.१९९३), **महाकालसंहिता (गुह्यकालीखण्ड)**, इलाहावाद : गङ्गानाथ झा केन्द्रीय संस्कृत विद्यापीठ।

तारानन्दतीर्थ (वि.सं. २०६४), **वाममार्गका यथार्थ स्वरूप** (कल्याण, शक्ति अङ्क), गोरखपुर : गीताप्रेस।

त्रिपाठी, मृत्युञ्जय (सं.) (ई.सं.२००३), **कालिकापुराण**, वाराणसी : नवशक्ति प्रकाशन।

बोडास, राजाराम र गोरै, शिवराम(सं.) (ई.सं.१९४५), **ऋग्वेद (सायणभाष्यसहित)**, बम्बई : बम्बई टेक्नोलोजिकल पब्लिकेसन फन्ड।

भट्टाचार्य(सं.), तारानाथ (ई.सं.१९६२), **वाचस्पत्य**, वाराणसी : चौखम्बा संस्कृत सिरिज अफिस।

मिश्र, परमहंस(सं.)(ई.सं.२००२), **कुलार्णवतन्त्र**, दिल्ली : चौखम्बा विद्याभवन।

Raj Kishore

वेदव्यास, भागवतमहापुराण, गोरखपुर : गीताप्रेस।

शतपथब्राह्मण -सायणभाष्यसहित), ई.सं.२००२ (द्वितीय संस्करण), दिल्ली : नाग पब्लिशर्स।

शास्त्री, जगदीशलाल(सं.) (ई.सं.१९७८), **यजुर्वेद (महीधरभाष्यसहित)**, दिल्ली : मोतीलाल बनारसीदास।

शास्त्री, रघुनाथ (सं.) (ई.सं.१९४०), **मेरुतन्त्र**, बम्बई : लक्ष्मीवैंकटेश्वर स्टीम प्रेस।

Hillebrandt, A. (Ed.) (1981). **Śāŋkhāyanaśrautasūtra**, New Delhi : Meharchand Lakshmandas Publications.

Raj Kishore

देवकार्य र पितृकार्यका लागि बलिको शास्त्रीय सर्वस्वीकार्यता

–मृगेन्द्रराज सुवेदी
श्रीतलेजू भवानी, भक्तपुरका पुजारी

आराध्य देवताकोमा बलि चढाउने दस्तुरको विरोध सनातनीहरूबाट हुनुहुँदैन भन्ने पक्षमा आफ्नो ठम्याई राख्दछु किनभने म सनातनी तन्त्राचारी हुँ। सनातनकै एउटा फाँटले सनातनकै शाक्ताराधना विधिको प्रथालाई विरोध गर्नुहुन्न। तर्कहरू अघि सारेर बलिप्रथाको विरोध गर्नुमा प्रगतिशीलता नहोला। आफूलाई प्रभावकारी चिन्तक देखाउन बलिप्रथाको विरोध गर्दा फाइदै होला तर त्यसले सनातनशास्त्रको पृष्ठपोषण गर्दैन, विरोध हुन पुग्दछ भन्ने मेरो ठम्याइ छ। सनातनको कुनै पनि शास्त्रमा बलिपूजा अर्चनाको विरोध भएको छैन। हिंसाको भने विरोध भएको पाइन्छ।

बलि विधि र हिंसा दुई बेग्लै विषय हुन्। बलिपूजामा पुण्य कमाउनकै लागि पशुलाई समेत देवत्व दिएर पूजा सम्पन्न गरिन्छ। स्वेष्ट देवताको आराधनाको लागि आवश्यक पर्ने परिकार जुटाउनका खातिर नै बलिपूजा अपरिहार्य रहेको छ। दसैंपूजामा देवीको सानिध्य चढाइने बलिमा हुने पशु–छेदन र खर्खन्नामा पानी तताउन लगाएर बजार गई किनेर ल्याएको खसीलाई ख्याच्च मार हान्ने छेदनमा फरक छ। पहिलो पशुबलि हुन्छ, पशुले देवत्व नै प्राप्त गर्दछ भने दोश्रोमा हिंसा हुन्छ। पशुले प्रेतत्वैकरण प्राप्त गर्नुपर्ने हुन्छ। यही कारण बलि चढाइनु ठीक हो भन्छु। हिंसा गर्नु महापाप हो। पहिलोमा बलि चढ्ने पशु भाग्यशाली छ। किनभने पशुहरू त्यसै सद्गत हुन्नन्। बलिपूजामा चढ्ने पशुले मोक्ष प्राप्त गर्दछ। बलिपूजामा नचढी त्यसै मर्ने पशुहरू सद्गत हुन्नन्। मान्छे जन्म नलिई

Raj Kishore

जीव मुक्त हुनै सक्दैन भनी शास्त्रहरूमा चर्चा भएको पाइन्छ। बलि चढ्ने पशुले संस्कार पाउँछ अनि देवतामा चढाइन्छ त्यो मोक्ष हुन्छ। अरू पशुहरू त्यसै मर्छन्। त्यसले मानिसले झैँ सद्गत कर्म पाउँदैन र अरू योनिमा प्रवेश गर्छ वा अधोगति मै जान्छ। त्यो पशु यही अर्थमा भाग्यवान् छ जसले बलि चढ्न पाएको हुन्छ। भगवान् स्वयम्भूले आज्ञा गर्नु हुन्छ –

यज्ञार्थे पशवः सृष्ट स्वमाह स्वयंभुवा।

विधिवत् कालि कालीति जप्त्वा खड्गेन घातयेत्॥

– बलिदान विधि, निर्णयसार संग्रह

अर्थात् पशुहरूलाई बलि चढाउनैको लागि सृष्टि भएको हो। यो कुरा स्वयं भगवान् स्वयम्भूबाट आज्ञा भएको हो। विधि पुऱ्याएर काली काली जपेर खड्ग प्रहार गरी बलि चढाइयोस्।

तस्यं ये हृदयुपयुच्चे प्राणि महिषादियः॥

सर्वे ते स्वर्गीन्तिं यान्ति हन्यात् पापं नविद्यते॥

– बलिदान विधि, निर्णयसार संग्रह

अर्थात् देवीको पूजामा राँगो अथवा जुन पशुलाई बलि चढाइन्छ, त्यो पशु फेरि पशुको योनीमा फर्कँदैन। त्यसकारण बलि चढाउने साधकलाई पनि पाप लाग्दैन।

स्वात्मार्थ पशुमारक।

– सारोद्धार गरुडपुराण

अर्थात् आफ्नो लागि भनेर खाने उद्देश्यले पशुलाई काट्दा भने पापको भागी हुन्छ। यस्ता छेदन नै हिंसा हो; बलि होइन। बलि र हिंसा एउटै देखाएर शास्त्रीय सम्मतिहरूलाई इमान्दार सनातनीले अशास्त्रीय कुलाई भाँचकुँच पारेर बलि दिनै हुन्न भनेर बहस गर्दै तर्कलाई शास्त्र बनाउन त खोज्लान्। तर्कहरू झिकेर शास्त्रीय निर्देशहरूलाई नै बङ्ग्याई–टिङ्ग्याई आफ्नो अनुकूलका तर्कहरू राख्न सकिएला। त्यो तर्क धर्मशास्त्रहरूकै विरोधमा जाँदाजाँदै लोकप्रिय पनि होला। पौराणिक आख्यानमा वेण नाउँ गरेको एकजना राजाले अन्न होम गर्नुहुन्न भन्ने उर्दी जारी गरेको कुरा श्रीमद्भागवत महापुराणमा पढ्न पाइन्छ। तिनको तर्कमा ६/६ महिनामा परिश्रम गरेर उब्जाइएको अन्न एउटा जीवित बीज हो। त्यो होम्नु हुन्न।

Raj Kishore

राजा वेणले अन्न होमलाई जीव हिंसा देख्यो। रगत बगाएर गर्ने बलिजस्तै देख्यो। अनि उसले उर्दी जारी गर्यो – अन्न सखाप पार्ने यज्ञ गर्न निषेध छ।

न यष्टव्यं न दातव्यं न होतव्यं द्विजाः क्वचित्।

– श्रीमद्भागवत चतुर्थ स्कन्ध १४ अध्याय ६ श्लोक

अर्थ– ब्राह्मणहरूलाई दान नदिइयोस्, तिनीहरूले पूजा अर्चना नगरून् र होम पनि नगरून्।

राजा वेणको उर्दी र अहिलेको देखापरेको बलिप्रथाको विरोध हेर्दा तात्त्विक अन्तर केही देखिएको छैन। वेणले भन्यो जिउँदो अन्न (जसलाई रोप्दा टुसाउँछ) लाई होमगर्दा बिउ मर्छ। आदि आदि ....। हो, बलिप्रथाको विरोध गर्नेहरूले जीवलाई नमार भनेका हुन्। आजभोलि धानको बोक्रालाई छोडाउनुलाई जीव मारेको मान्न त्यो पक्षले मतलब राखेको हुन्न। रातो रगत बगाउनुलाई मात्रै बलि देखेर त्यसको विरोध गरेको पाइयो। रेशम उत्पादनमा हुने हिंसालाई त्यसले देख्न नसकेको प्रष्टिन्छ। यस्ता हिंसा धेरै छन्। मासु पसल र स्लटर हाउस बन्द गर्ने प्रयास कतै छैन। मन्दिरको बलिप्रथाको विरोध हुँदैछ। यो त्रुटी नै हो। त्रुटी देख्न नसक्नु कमजोरी हो। कमजोरीयुक्त चिन्तन र दर्शन सर्वमान्य हुँदैन। आफैमा नभएको जवाफले पूर्ण दर्शन बोध गर्न सक्दैन वा त्यो युक्तिसंगत हुन्न। सनातन शास्त्र तर्क र युक्तिहरूको आधारमा चल्ने गर्दैन। सनातनको सर्वमान्य शास्त्र भनेकै निगमागम ग्रन्थहरू, ऋषि वचन र परम्परा हुन्। त्यही परम्परा शास्त्रीय आधार हुन्। त्यो सनातनै हो। अझ सनातनको दर्शन भनेकै गीता दर्शन हो। गीता दर्शनले परम्परा नाउँको शास्त्रलाई छोड्न नहुने जिकीर गरेको छ। त्यसमा भगवान् श्रीकृष्ण भन्नुहुन्छ –

स्वे-स्वे कर्मण्यभिरतः ससिद्धिं लभते नरः।

– श्रीमद्भगवद्गीता, अध्याय १८, श्लोक ४५

अर्थः आआफ्ना कर्म–परम्परामा लागि राखियो भने सिद्धि प्राप्त हुन्छ भन्ने गीताको उर्दी निर्वाह गरेर तन्त्राचारीहरूले बलिप्रथालाई निरन्तरता दिँदै आएका छन्। त्यो गीताको निर्देशसम्मत पनि छ। गीताको सम्मतिमा हिंडेको बलिप्रथाको विरोध हुनु त्यो निर्देश विपरीत जानु हो। किनभने बलिप्रथामा हिंसाको गन्धै छैन।

हिंसा नगर्नू भन्ने शास्त्रको उक्तिले बलि नचढाउनू भनेको हो भनेर अर्थ्याउनु तर्क मात्रै हो। शास्त्र होइन। जुन कुरा शास्त्र होइन, त्यसलाई स्वीकार गर भन्नु गीताको निर्देश विपरीत लक्षित हुनु हो। गीताको विपरीत लक्षित तर्कलाई कोही सनातनीले पनि मान्ने कुनै कुना नै छैन। बलिप्रथाको विरोधलाई गीता दर्शनका पक्षपातीहरूले मान्दैनन्।

सनातनी धर्मशास्त्रले बलिपूजाको महत्तालाई जोड दिएर हिंसालाई भने दुत्कारेकै छ। सन्दर्भलाई शास्त्रसम्मत भएर अगाडि जाने पाटो पहिल्याउने आधारहरूलाई खोजी गर्न बलिप्रथाको निर्देशक शास्त्रोक्तिहरूलाई यहाँनेर सम्झना गरौँ। किनभने यी कुराहरू सनातनको वैदिकशास्त्रहरूमा पनि पाइन्छन् भने तन्त्रशास्त्रहरूमा पनि भेट्टिन्छन्। ती कुराहरू खोतल्ने क्रममा बलिअर्चना शास्त्रसम्मत क्रिया हो भने केही वैदिक शास्त्रहरूको उक्तिलाई यहाँ सम्झने जमर्को गरौँ।

श्रीम्दभागवत अहिंसाको वकालत गर्ने सनातनी वैदिक ग्रन्थ हो। त्यसैले पनि बलि दिनु ठीक हो भनेकै छ। तर हिंसालाई चाहिँ बिलकुलै अमान्य ठहराएको छ।

तीर्थेषु प्रतिदृष्टेषु राजामेध्यान पशून वने।
यावदर्थमलं लुब्धो हन्योदिति नियम्यते॥
य एवं कर्म नियतं विद्वान कुर्वीत मानवः।
कर्मणा तेन राजेन्द्र ज्ञानेन न स लिप्यते॥
अन्यथा कर्म कुर्वाणे मानरुढो निवध्यते।
गुणप्रवाहपतितो नष्टप्राज्ञो वज्रत्यधः॥

– श्रीमद्भागवत चतुर्थस्कन्ध अध्याय २६ श्लोक ६–८

अर्थः शास्त्रमा पशु हिंसाको निम्ति कुनै विधि छैन। (यहाँ बलिको निम्ति विधि छैन भनेको होइन। हिंसाको निम्ति छैन भनेको मात्र हो। – लेखक) बरु मानिसको स्वभाविक प्रवृत्ति रोक्नैलाई मात्र यस्तो नियम बनाइएको हो। मासुमा आशक्ति हुने राजाले श्राद्धादिको अवसरमा वनमा गई आवश्यकता अनुसार निषेध नगरिएका पशुहरूको वध गरोस्। तर चाहिने भन्दा बढ्ता नमारोस्। जो विद्वान्

Raj Kishore

मानिसले यस्तो पशुवध सम्बन्धि शास्त्रीय बन्दोबस्तलाई बुझेर त्यही अनुसार निष्काम भावले (स्वादको लागि होइन) पशुवध गर्दछ, त्यसलाई वध गरेको पाप लाग्दैन। अहङ्कारले गर्दा यस बन्दोबस्तलाई नाघेर मनपरी पशुवध गर्ने मानिस नर्कको बन्धनमा पर्छ र संसार चक्रमा परेर विवेक बुद्धि नष्ट भई अधम योनीमा जन्मन्छ।

त्यसले बुझ्ने गरी बतायो– पितृकार्य र यज्ञको निम्ति चाहिए जति मात्रै पशु काट्नुपर्छ। चाहिने भन्दा बढी पशु काट्नु अत्यन्त गर्हित छ। श्रीमद्भागवत कथा वाचेर पण्डित भई खाने वैदिक व्यक्तित्वले श्रीमद्भागवतकै निर्देशलाई भाँचकुँच गरी पशुबलि चढाउनु हुन्न भनेर कराई हिँड्नु खुदै रहस्यमय विषय हो। उहाँहरूले शास्त्रको सम्मतिलाई भाँचेर पशुबलिको विरोध गरेको हो भन्ने कुनै जग्गा छैन। यसमा दुराशा छैन भनेर अर्थ्याउने कसरी ?

श्रीमद्भागवतले बलिपूजालाई निषेध नगरेको अर्को उक्तिलाई फेरि हेरौँ –

ते मे मतमविज्ञाय परोक्षं विषयात्मकाः।

हिंसायां यदि रागः स्याद् यज्ञ एव न चोदना॥

हिंसाविहारा ह्यालब्धैः पशुभिः स्वसुखेच्छया।

यजन्ते देवता यज्ञैः पितृभूतपतीन् खलाः॥ – श्रीमद्भागवत महापुराण

अर्थः मेरो मत (भगवान् श्रीकृष्णको मत) सर्वथा हिंसा विरुद्ध छ भन्ने कुरा विषयमा चुर्लुम्म आशक्त पुरुषहरू बुझ्दैनन्। हिंसा (अर्थात् मांसभक्षणमा) कोहीले विशेष प्रवृत्ति राख्दछ भने त्यस प्रवृत्तिलाई नियन्त्रण गर्नको लागि अरू बेला जीवहिंसा नगर यज्ञमा मात्र गर्नु भनेर वेदले व्यवस्था गरेको हो। तसर्थ वेदको यो नियमले बलिपूजालाई प्रश्रय दिएको हो। तर यसको ख्याल नराखी हिंसामा रमाउने दुष्टहरू आफ्नो इन्द्रिय सुखको इच्छाले पशुबलि दिएर देवता, पितृ र भूपतिहरूको यज्ञद्वारा यजन गर्ने ढोँग गर्छन्।

माथिको चर्चाले बलिपूजाको विरोध गर्नु अशास्त्रीय छ; अशास्त्रीय कुरा सनातन हुनै सक्दैन र असनातनी रोइकराइलाई सनातनीहरूले टेरपुच्छर लाउँदैन भन्ने कुरा निक्यौंल लगाएको छ। सन्यास ग्रहण गर्नु मोक्ष हुन्छ र गृहस्थ त्याग्नु पर्छ भनिएको पनि यस्तै हो। बलिपूजा सनातनी शाक्तहरूको परम्परा हो। पहिल्यैदेखि

Raj Kishore

चलिआएको लोकचलन आफै शास्त्र हो। सनातनमा त्यसैलाई धर्मशास्त्र मान्ने भएकाले कुलाचार, पाठाचार र देशाचार आफै शास्त्रको निर्देशले मान्यता दिएको उर्दी मान्ने गरिन्छ। भनिएको पनि छ –

जिज्ञासा धर्म मानानां प्रमाणं परमं श्रुतिः।

द्वितीयं धर्मशास्त्रन्तु तृतीयंलोकसंग्रह :॥

अर्थात् सनातनले श्रुतिलाई पहिलो धर्म मानेको छ भने शास्त्रीय उर्दीलाई दोश्रो आधार मान्ने गरेको छ। तेश्रोमा लोकमान्यताको चरण रहेकोले यिनैलाई शास्त्रीय आधार मान्ने गरिएको छ। अब धर्मशास्त्रहरूमा बलि विषयलाई कस्तो मान्यता दिइएको छ भन्ने बारेमा यहाँ तन्त्रशास्त्रहरूको निर्देशलाई धर्मशास्त्रकै निर्देशको रूपमा हेर्न तल चर्चा गरिएको छ।

शास्त्रले वर्गीकरण गर्ने क्रममा बलि तीन प्रकारको हुने उल्लेख गरेको छ। मेरुतन्त्रले यस बारेमा लेखेको छ –

बलिस्तु त्रिविधः प्रोक्तस्तान्त्रिः स्मार्त एव च।

वैदिकश्चेति तत्रादौ तान्त्रिकोस्त्रिविधः स्मृत॥ – मेरुतन्त्र दशम प्रकाश, ४०१

अर्थात् बलि ३ प्रकारका छन्। पहिलो वैदिक बलि, दोश्रो स्मार्त बलि, तेश्रो तान्त्रिक बलि।

कुष्माण्डं नरिकेलञ्च श्रीफलं चेक्षुमेव च।

वस्त्रसंवेष्टितं कृत्वा छेदयेच्छुरिकादिभिः।

एष स्मार्तो वलि प्रोक्त धर्मशास्त्रानुगामिभिः॥

–मेरु तन्त्र दशम प्रकाश ४५१, ४५२

अर्थात् धर्मशास्त्रले बताएअनुसार कुभिण्डो, नरिवल, बेल र उखु आदि स्मार्त बलि हुन्। कुभिण्डो, उखु, बेल आदिलाई छुरा प्रहार गरी काटेर स्मार्त बलि चढाइन्छ।

वैदिकं तु बलिं दद्यात् ओदन स्विन्नमाषवत्। –मेरु तन्त्र दशम प्रकाश ४१८

अर्थः माथिको उद्धरणले नरिवल बलिलाई शाक्त बलि होइन स्मार्त बलि हो भनेको पाइयो। स्मार्त बलिको औचित्य सनातनीहरूलाई जुट्दैन। सनातनीहरूले

Raj Kishore

एकादशीको व्रत बस्दा पनि अघिल्लो दिन नबसेर भोलिपल्ट बस्ने गर्छन्। पञ्चाङ्ग पात्रोमा पनि अपराह्न द्वादशी नलागेको एकादशी परेकोमा अघिल्लो एकदिन स्मार्तहरूको लागि र त्यसको भोलिपल्ट वैष्णवहरूको लागि भनेर लेखेको देख्न सकिन्छ। त्यसबेला स्मार्तहरूले एकादशी अघिल्लो दिनमा र सनातनी वैष्णवहरूले भोलिपल्ट मान्ने गर्दछन्। हामी त्यस्तोमा भोलिपल्ट एकादशी व्रत बस्छौं। यसकारणकी हामी स्मार्त होइनौं।

एकादशी व्रत बस्दा "वैष्णवानाम्" लेखिएको दिनलाई सकार्ने अनि बलिको भावमा नरिवल चढाएर (फोडेर) स्मार्त बलि स्वीकोर्ने नयाँ दस्तुर आफैं विवादास्पद अभ्यास हो। हिजो सनातनीहरूले नरिवल फोडेर बलि चढाउँदैनथे भने अहिले पशुबलिको सट्टा स्मार्तबलि (नरिवल) फोड्ने दस्तुर अंगाल्न पुगेको देख्न पाइन्छ। यो नरिवल बलि क्रिया सनातनीहरूको निम्ति न हाँसको चाल न कुखुराको चाल भएका छन्। नरिवल फोडेर नरबलिको अनुकल्प निर्वाह गरेका हुन् वा सनातनलाई नसमेट्ने बलि दिन पुगेको हुन्। हेर्नै पर्ने कुरा भएका छन्।

हो, शक्तिपूजामा बलि अनिवार्य मानिन्छ। तब आफ्नो बन्दोवस्त अनुसार जे जुर्यो त्यही अनिवार्य चढाउनु पर्दछ। शारद पूजामा बलि चढाइएन भने देवी क्रुद्ध हुन्छिन् भन्ने छ। यही सेरोफेरोमा औकात अनुसार कुनै न कुनै बलि अवश्य चढाउनु भन्ने सहमति तन्त्रको छ। यही कुरा बताउने ब्रह्मयामल तन्त्रले अगाडि लेखेको छ –

यथालाभो पशुं छित्वा तथालाभो फलं लभेत्।
तत्पशुं जीवमुक्तन्तु सद्य सायुजयमाप्नुयात्॥
पशुरोमेषु मल्पं वा स्वर्गलोके महीयते।
सर्वरोम समाप्तेषु पश्चात् सायुज्यमाप्नुयात्॥
कृतेषु गजमेवोक्तं त्रेतायां अजमुच्यते।
द्वापरे उष्ट्रमेवोक्तं कलौ महिषमेव च॥

भावार्थः भेट्टिए अनुसार बलिमा ने जुर्यो त्यसैलाई चढाउनु पर्दछ। उत्तम बलि चढाई बढी पुण्य मिल्दछ। त्यहाँ चढाइएको बलिको पशु पनि जीवन्मुक्त भएर सद्गत हुन्छ। अझ देवत्वै प्राप्त गर्छ। बलिको पशुको शरीरमा जतिवटा रौँ

Raj Kishore

हुन्छन् त्यत्ति नै संख्याको कल्पसम्म स्वर्गमा वास पाउने छ। त्यो रौँको संख्याको पूरा भोग स्वर्गमा एकएक वटा रौँको एकएक कल्पका हिसाबले साधकले स्वर्ग भोग्न पाउनेछ। रौँको संख्या अनुसारको स्वर्ग भोगेपछि देवत्व नै प्राप्त गर्नेछ। सत्य युगमा हात्तीलाई नै बलि चढाइन्छ। त्रेतायुगमा बोकोलाई, द्वापर युगमा उँटलाई र कलियुगमा राँगोलाई नै बलि चढाइन्छ।

शास्त्रमा बताइएको माथिको प्रमाणले जीवलाई मोक्षसम्म पुर्‍याउने र बलि चढ्ने पशुले पनि सद्‌गत पाउने बलिपूजा शास्त्रको सम्मति अनुसारै चल्दै आएको दसी यसरी भेट्टिएको छ।

तस्याभावे बलिं चैव अण्डं विष्फोटयेत्तदा।

तस्मादण्डप्रदानेन ब्रह्माण्डं दानमुत्तमम्॥ –रुद्रयामल पूर्वखण्ड

अर्थः उल्लेख भएका कुनै बलिको पशु भेट्टिएन भने एउटा अण्डै भए पनि फोडेर बलि दिनू। यसरी बलि चढाउनाले ब्रह्माण्डै दान गरेको पुण्य प्राप्त हुन्छ।

पशुबलिको महत्ता प्रकाश पार्ने रुद्रयामल तन्त्र हरगौरी संवादमा लेखिएको छ :

बलिभिर्वर्द्धते ह्यायु बलिभिस्साम्यते पूजा।
जपात्परानिं बलिभिः बलिभिः प्राप्यते धनम्॥
बलिभिः सिद्धिमाप्नोति बलिभिस्त्रिदिवं ब्रजेत्।
निस्कामतां बलिदत्ते प्राप्यमोक्षे पि यज्ञवत्॥
बलिदानं बिना देवि !पूजने नास्ति वै फलम्।
पूजा सारं महादेवि ! बलिदानं यथा विधम्॥
बलिदानं भवेद् भावं पूजने ज्ञानवान् सुधिः।
अतएव महादेवी ! बलिदद्यात् प्रयत्नतः॥
बलिदान विधानेन किं न सिद्धन्ति भूतले।
देवोद्देश्य बिना भद्रे ! हिंसासर्वत्र वर्जयेत्।
कृतायां वेध हिंसायां नरः पापैर्न लिप्यते॥
देव्योद्देश्ये घातनञ्च नास्तिपातकमम्बिके !

Raj Kishore

अन्यथा घातनाद्देवि ! रौरवं नरकं व्रजेत् ॥

पितृदेवं यज्ञेषु वेदेहिंसा विधीयते।

आत्मार्थ प्राणिनाहिंसा कदाचिन्नोदिता प्रिये !

अनिमित्तं तृणावापि छेदयेन्नकदाचन।

बलिदान विधौ देवि ! विहीत पुरुष पशुः।

स्त्रीपशुर्नहन्तव्यम् यत्र शाम्भव शासनात् ॥

महावाक्येन- चोत्सृज्य कृताञ्जलीपुटो वदेत् ॥

यथोक्तेन विधानेन तुभ्यमस्तु समर्पितम् ॥

इत्थं निवेद्य पशुं भुमि संस्था तु कारयेत् ॥

देवी भावो परो भूत्वा हन्यात्तीव्र प्रहारतः ॥

बलिं चैव बिनाद्देवि पूजां किं करोति यः।

तस्य पूजां फलं चैव नश्यतेव नशंसय।

तत्रप्युभौ प्रशस्यस्ते महीष छाग एव च ॥ – रुद्रयामल हरगौरी संवाद

भावार्थः बलि चढाउनाले आयु बढ्छ। बलिद्वारा नै पूजा पूर्ण हुन्छ। बलि चढाउनाले बल, धन र सिद्धि प्राप्त हुन्छ। बलि जपभन्दा ठूलो छ। बलिबाटै स्वर्ग प्राप्त हुन्छ। निष्काम बलि चढाउनाले मोक्षै पनि प्राप्त हुन्छ। बलि बिना कुनै पूजाको फल प्राप्त हुँदैन। विधिपूर्वक बलि चढाउँदा ज्ञान पनि प्राप्त हुन्छ। पूजाकै सार भन्नु बलि अर्पण गर्नु हो। त्यसैले हे महादेवि ! जसरी पनि बलि चढाएर पूजा गरियोस्। देवताको पूजा बाहेक अन्यत्र हिंसा वर्जित गरिएको छ। विधिपूर्वक हुनेमा पाप लाग्दैन। देवीपूजामा हुने बलिमा पापको भागीदार हुनु पर्दैन। अरू हिंसामा भने पाप भोग्नु पर्ने हुन्छ, रौरव नरकै भोग्नु पर्ने हुन्छ। पितृको निम्ति, देवताको निम्ति र यज्ञमा चढाइन बलि आदि कुरा वेदमा पनि उल्लेख छ। आफ्नो निम्ति (मांसभोजनको निम्ति भने) कहिल्यै हिंसा नगर्नू। बेकाममा सानो घाँसको त्यान्द्रो उखेलेर विरुवा समेत मार्नु हुन्न। बलिमा भाले पशुनै बलि चढाउनू। देवीको आज्ञा छ– बलिपूजामा पोथी पशु कहिल्यै नचढाउनू। महावाक्य पढेर संकल्प गरेपछि मात्र बलिलाई ठड्याइयोस्। देवी भावमा अपर भएर पशुमा छुरा प्रहार

Raj Kishore

गरोस्। यस प्रकार बिना बलि देवता पूजा चाहिँ व्यर्थ हुन्छ। बलिको पशु चाहिँ दुई थरि अत्युत्तम मानिन्छ। त्यो हो, राँगो र बोको।

अब यस्तै पशुबलिको अनिवार्यता जिकीर गर्ने शास्त्रीय पर्वहरू बारे पनि दृष्टि पुऱ्याऔँ। हाम्रा सबै पर्व विधिहरू सनातनी शास्त्रमा निर्दिष्ट छन्। तर्क र समवेदनामा डोरिएका छैनन्। तर्क र संवेदनशील विषय छलफलले शास्त्र र सनातनलाई मोड्नु कदाचार हुन्छ भन्ने कुरा सबै सनातनीको विश्वास हो। हाम्रो हिन्दुत्व यसरी नै सनातनी रही आएको छ। सनातनकै वैदिक ग्रन्थहरूले बलि विधिलाई नदुत्कारेको – अझ अङ्ग बनाएको छ तर त्यसमा चुलुर्म्म डुबेर नबस, मोक्षको बाटोमा लाग्ने क्रममा सबै त्याग गर। त्यस्ता भोगहरूबाटै निर्लिप्त रहनू भनेको छ। यसैलाई आधार बनाएर त्याग्नू भनेको कुरामा जोड दिएर बलिप्रथाको विरोधमा मात्रै केन्द्रीत हुन खोज्नु दुराशा हो। कुनै प्रकारको भोगमा चुर्लुम्म नडुब्नु भन्ने उर्दीलाई परिवारमा पनि नडुब्नु भनेको हो भन्न नचाहनु दुराग्रह हो।

सनातनाचार शास्त्रहरूको निर्देशको ठेली हो। त्यो आचार तन्त्रशास्त्र र पुराण–वेदहरूद्वारा निर्दिष्ट रहँदै आएको छ। यी आचार माथिको विश्वास भन्नु शास्त्रहरूमा गरिने विश्वास हो। शास्त्रमाथिकै विश्वास भन्नु सनातनमाथिकै विश्वास हो। अनि ती शास्त्रहरूमाथिको अविश्वास यसरी गरेको पाइन्छ।

न मांसभक्षणे दोषे नमद्ये न च मैथुने। प्रवृत्ति रेषा भूतानां निवृत्तिस्तु महाफल॥

–मनुस्मृति

अर्थः रक्सी र मासु सेवन र मैथुनमा लाग्नु दोष होइन। यसमा जीवहरू लाग्न पुग्छन्। तर सबैलाई छोड्नू भन्नु सनातनकै विरोध हो। यस अर्थमा के बलिप्रथाको विरोध गर्नु सनातन कै विरोध भएन ? त्यो त्यागमा पुण्य छ भन्दै सबैलाई त्याग्दा गृहस्थ धर्म बाँच्छ त ? त्यो सनातन कै विरोध ठहर्दैन ? सनातनको विरोधसँग सनातनी बलिप्रथाको विरोधले यसरी जुरेको ठहर भएपछि त्योसँग आत्तिने वा उद्विग्न हुनुपर्ने कुनै तुक रहन्न। कलियुगको धर्मशास्त्र मनुस्मृतिले मनाही नगरेको बलिपूजाको मांसभक्षण शास्त्र विमत छैन।

यसलाई थप पुष्टि गर्ने आधार वैदिक, पुराण, ग्रन्थहरूमा भेट्टिएकोलाई यहाँ केलाई हेरौँ। श्रीमद्देवीभागवत महापुराण अनुसार चलेको बलिप्रथाको पक्षमा जारी निर्देशलाई यहाँनेर पढी हेरौँ।

Raj Kishore

मांसाशनं ये कुर्वन्ति तैः कार्यं पशुहिंसनं।

महिषाजवराहाणां बलिदानं विशिष्यते।

देव्यग्रे निहता यान्ति पशवः स्वर्गमव्ययम्।

न हिंसा पशुजा तत्र निघ्तां तत्कृतघ्नः॥

– श्रीमद्देवीभागवत महापुराण, तृतीय स्कन्ध २६ औँ श्लोक

माथि उल्लेख भएको उपरोक्त उद्धरणमा राँगो र बँदेल उत्तम भएको र देवीको पूजामा जन्मेजय (युधिष्ठिरको पनाति)ले चढाएको र पशुले पनि स्वर्ग प्राप्त गरेको उल्लेख छ। वैदिक ग्रन्थहरूले समेत यसरी वकालत गरेको पशुबलिको विरोध क्रिया अवैदिक रोइकराइ हो। दायाँबायाँ, अगाडिपछाडिबाट हिन्दूधर्मको विरोध चर्केको बेला पशुबलिको विरोध सनातनकै विरोधको सिलसिला अगाडि जान लागेको कुरा आजको टड्कारो प्रश्न हो। मन्दिर मन्दिरमा चल्दै आएको बलिपूजामा देवता सानिध्य बलि नगराउने (फोहोर भयो भनेर), बाहिर लगेर बलि चढाउने अनि कालान्तर बाहिरै पनि बलि चढाउन नदिने र सनातनै समाप्त पार्ने कुचक्रको सिलसिला यसमा लुकेको कतैबाट ओझेल छैन। रुख झाङ्गिन बिउ छरे पुग्छ। सनातन समाप्त पार्ने कुचक्रमा यो कदम सहायक सिद्ध हुन्छ। कलियुगमा पाखण्ड मत प्रचार हुन्छ भनेर श्रीमद्देवीभागवत बाह्रौँ स्कन्ध तेश्रो अध्याय ३१ औँ श्लोकमा चर्चा गरिएको छ। त्यो यसरी छ –

दस्यूत्कृष्टा जनपदा वेदापाखण्ड दूषिता ः

अर्थात्– पाखण्डीहरू नयाँ मत प्रचार गरेर वेदको अपव्याख्या मनपरी गर्छन्। हो, सनातनले त्यसी पुष्टि गरेको बलिप्रथाको विरोधमा संवेदनशील कुरा घोलेर विरोध गर्नु नयाँ मतको प्रचारै हो। विरोध गर्नु उनको स्वतन्त्रता मात्रै हो। तर कसैको स्वतन्त्रता साँध्दैमा कुरा मीठो गर्नेहरूको अनुरूप हुनुपर्छ भन्ने त छैन होला। श्रीमद्भागवत महापुराणले उल्लेख गरेझैँ शास्त्रपुष्ट बलिपूजालाई विरोध गर्दै संवेदनशील तर्कहरूद्वारा शास्त्र धमिल्याउने प्रचारबाजी आजभोलि चलेको बलि विरोधी पाखण्ड मत हो।

हाम्रो मुलुकमा आजभोलि अशास्त्रीय रूपमा सनातनको बलिप्रथालाई व्यापक विरोध गरिँदै छ। विद्वान् भनाउँदा सनातनीहरू नै बलिलाई मध्ययुगीन

Raj Kishore

हिंसाको सिलसिला हो भन्दै वक्तव्य टोपल्न थालेको पाइन्छ। आफूलाई सनातनी हुँ भन्नेले सनातनकै परम्परालाई किन विरोध गर्न थाल्दै छन् रहस्यमय छ। विरोधको तुक जहाँबाट प्रसारित भएको होस् तापनि शास्त्रीय पृष्ठभूमिमा बलि दिनै हुन्न भन्ने कुनै आधार पस्कन तिनीहरूले सकिराखेका छैनन्। त्यहाँ बलि र हिंसा दुवैलाई एउटै देखाउन जिउ छोडेर लागेको देख्न पाइन्छ भने बलिशास्त्र सम्मत कर्म हो तर हिंसा गर्नै नहुने क्रिया हो भन्ने विषयलाई ओझेलमा पारिँदै छ।

भनि हालियो, शास्त्रीय आधार कुनै नभएको चिन्तनलाई शास्त्रकै विरोधक्रम ठड्याइँदै छ। तर्कको आधारमा संवेदनशील अभिव्यक्ति पस्केर बलिपूजालाई गर्न नहुने क्रिया भन्दैछन्। शास्त्र निर्दिष्ट बलिपूजाको विरोधलाई शास्त्रको विरोध गरेका छैनौँ भन्दै छन्। विद्वान् भनाउँदाहरूले नै मीठामीठा भाषामा शास्त्रको निर्देशलाई विरोध गर्न थालेपछि त्यसको प्रभाव पर्नु पनि स्वभाविकै हुने भयो। जसको परिणाम सनातनको यौटा फाँट अर्थात् शाक्ताचारमा बलियो झापड मारिँदै आएको छ। अन्ततः सनातनको पृष्ठभूमिमै विरोध गाडिँन पुगेको छ। विद्वान्हरूले मीठो साहित्यमा आक्रमण गर्न थाले भने त्यो प्रहार प्रभावकारी हुनु पनि स्वभाविकै भयो। अशक्त भाषामा प्रहार हुँदा सशक्त चोट नपुग्ने कुरामा विवाद गर्नु नपर्ला। तर सशक्त भाषामा झुठे कुरा प्रचार गरिए पनि त्यो प्रभावकारी हुने कुरा यहीसँगै आउने विषय हो भन्नै पर्दछ। दोस्रो विश्वयुद्ध ताका हिटलरको एकजना मन्त्रीले झुट्ठा कुरालाई पनि धेरै प्रचार गरेर प्रभावकारी बनाउन सकिन्छ भनेर जिरह गरेको कुरालाई यहाँ सम्झनु प्रासाङ्गिकै होला।

बलिप्रथाको विरोधमा विद्वानहरूले आजभोलि बलि र हिंसालाई फरक नदेखाइ प्रसार गरि हिंडेका अभिव्यक्तिहरू त्यही भागमा गडेकोलाई थप चर्चा गर्नु नपर्ला। वैदिक साहित्यले पनि शास्त्रले पनि दुत्कार्न नसकेको बलिपूजा प्रथालाई बलि र हिंसालाई एउटै दर्जामा राखेर बेइमानी पूर्वक प्रसार गरि हिंडेकालाई सनातनकै विरोध गर्ने कुचक्रको सिलसिला हो भन्नै पर्ने हुन्छ। यो रोइकराइ, सनातनमाथिको क्रिष्तानी आक्रमणको सदृशतासँग ठ्याक्कै जुरेको देख्न सकिन्छ।

सनातन धर्मकै विरोध हुने तर्कलाई स्थान दिइनु पर्छ भन्ने कुरै उठ्दैन। परम्परामाथिको र शास्त्रमाथिको विश्वास नै धर्मको मूलाधार हुने गर्दछ। किनभने धर्म विश्वास हो। त्यसलाई कुनै प्रमाण चाहिन्न। ऋषिहरूको वचन र शास्त्रको ऊर्दी

Raj Kishore

नै धर्मको आधारस्तम्भ हुन्छ। त्यहाँ ऋषिहरूको उक्तिलाई काट्नु र शास्त्रहरूको उद्धरणलाई आलोचना हुनु धर्म विरोधी अभिव्यक्ति नै मानिन्छ। धर्माचारीहरको विश्वासमा अशास्त्रीय ढङ्गले ठेस पुऱ्याउनु नास्तिक रोइकराइ हो भन्ने निक्यौंल लाग्छ। किनभने धार्मिक अनुष्ठान विधिहरू विश्वासमा अडेका हुन्छन्। व्यक्तिको पिता, पिताको पनि पिता अनि त्यही क्रममा माथिल्ला पुस्ताहरू भएकै हुन्छ भन्ने विश्वासमा तर्क झिक्नु आवश्यक पर्दैन र विश्वासले काम गर्छ, त्यही पृष्ठभूमिमा धार्मिक विश्वास पनि बिना तर्क जीवन्त रहन्छ। त्यहाँ तर्कले पुष्टि गर्नु पर्यो भने अशास्त्रीय कुरा नै जीवन्त हुन पुग्दछन्। यी सेरोफेरोमा बलिपूजाको विरोधमा हुने मीठामीठा भाषाका आक्रमणहरू तिनै अशास्त्रीय मासमा जखडिनु पर्दछ भन्ने म ठान्छु। किनभने आजभोलि हुन लागिएका बलिप्रथाको विरोध धर्मकै जरा काट्ने पाइला मध्येका सिलसिला हुन्। यत्तिखेर हुँदै गरेको बलिपूजा विरोधी तर्कहरूले शास्त्रीय निर्देशनलाई विरोध गरेको छ। अशास्त्रीय भाषामा शास्त्रीय निर्देशनहरूको विकृत विरोध हुँदैछ। अर्थात् शास्त्रकै विरोध भएको छ अनि धर्मकै विरुद्ध खनिएर लागेको छ। यसलाई राम्रो तर्क हो भन्नुभन्दा पनि शास्त्रको विरोध हुँदैछ भन्ने बुझ्न सके त्यसले धर्म निर्वाह गर्यो भन्ने ठाउँ प्रशस्त हुन्छ।

श्राद्धमा मांसादि प्रयोग हुनु शास्त्र सम्मत रहेको विषयलाई यहाँनेर उठान गरि सन्दर्भलाई विस्तारित बनाउने चेष्टा गरिदैंछ।

दशमेहनि मांसेन पिण्डं दद्यात् खगेश्वर।

माषेन तन्निषेधाद्वा कलौ न पलपैतृकम्॥ – सारोद्धार गरुडपुराण ११। ३७

अर्थात् दशौं दिनमा मासुकै पिण्ड दिइनु पर्दछ। तर कलियुगमा मासुको पिण्डदान वर्जित हुँदा मासको पिण्ड दान गर्नू।

यो अंश 'सारोद्धार गरुड पुराण' भनिएको ग्रन्थ, जुन गरुडले भगवान् विष्णुबाट सुनेको अंश होइन, व्यासले लेख्नु भएको 'गारुड महापुराण' पनि होइन, त्यो उद्धरण अर्थात् त्यो अंश कुनै पुराणको उद्धरण होइन। यो अंश विष्णु वचनको एउटा उद्धरण पनि होइन र गरुडले सुनेको पुराणको अंश पनि होइन। हजारौं हजार वर्ष अघि वेदव्यासले लेखन गरी तयार पारेको अठार महापुराण वा अठार उपमहापुराणमा उल्लेख भएको देव वाणी हुँदै होइन। बरु, त्यो अंश चाहिँ भारतको जयपुरको झुंझुनु गाउँको सुखलाल झाको छोरो नवनिधि नाउँ भएको एक जना

विद्वान्ले तयार पारेको करिब १५० वर्ष अगाडि लेखिएको टिपोट संग्रह – जसलाई सारोद्धार गरुड पुराण भनेर आज भोलि मान्छे मर्दा वाचन गर्न लगाइन्छ, त्यसको उद्धरण हो। प्रष्ट छ – त्यो पाठ बलात् पुराण बनाइएको कथाको एउटा श्लोक हो। यति भन्दा सारोद्धार गरुड पुराण कुनै पुराणै पो रहेनछ र त्यसलाई आजभोलि व्यास लिखित पुराण भनेरै वाचन गर्न थालिएको छ भन्ने कुरा यहाँ प्रस्तुत भयो। माथिको उद्धरण त्यही व्यक्तिद्वारा बनाइएको पुराणको श्लोक हो। शास्त्रको उक्ति होइन।

आजभन्दा ५०/५५ वर्ष अगाडिसम्म नेपालमण्डलका निगमागम दीक्षित ब्राह्मण वर्ग राजोपाध्यायहरूको मृत्यु संस्कारको क्रियाविधिमा गारुड महापुराणको प्रेतकल्पको अंश पाठ गर्ने चलन रहेको कुरा यहाँनेर स्मरणीय छ। सारोद्धार गरुड पुराण (जुन पाठ व्यासको रचना होइन) लाई हाम्रो समाजमा यही ५०/६० वर्ष दाँयाबायाँ मात्रै और्ध्वदैहिक क्रियाकर्ममै वाचन गराउने दस्तुर प्रभावकारी हुँदै गएको कुरालाई यहाँ सम्झना गर्नुपर्ने हुन्छ। माथि उल्लेख भएको सुरुको त्यो संस्कृत श्लोक पनि कुनै शास्त्रीय प्रमाण नरहेको र कलियुगमा मांसको पिण्डदान गर्न नहुने भन्ने आधार त्यो श्लोकलाई बनाउन नसकिने भनेर चर्चिन थालिएको कुरा यहाँ विशेष रूपमा स्मरणीय हुन्छ।

यो जिकिर अगाडि सार्नलाई सारोद्धार गरुड पुराणलाई त्यसको लेखक नवनिधिले आफ्नो त्यो संग्रहलाई यता उताको ग्रन्थहरूबाट टिपटाप गरी पुस्तक बनाएको र त्यसको महत्तालाई विद्वान्हरूले मात्रै बुझ्ने भनेर लेखकीय भनाइमा उल्लेख गरेको यहाँ थप स्मरणीय छ। लेखक आफूले गरुडपुराण भनेर दाबी नगरेको त्यो संग्रहलाई भारत वाराणसीको यौटा गल्ली – कचौडीगल्लीबाट विष्णु वचन भन्दै वेदव्यास प्रणीत गरुडपुराण भन्ने सम्मै उल्लेख गरी वि.सं. २०४४ मा त्यो प्रतिलाई पुनः प्रकाशन गर्दै आएको पढ्न सकिन्छ। त्यो प्रकाशनले लेखक नवनिधिको भनाइ प्रकाशन गर्न छोडेर लेखककै दाबी विपरीत त्यो ग्रन्थ १८ महापुराण मध्येकै गरुडपुराण हो भनेर देखाउन खोजेको प्रष्टिन्छ। अहिले आएर यो कुचक्र किन भयो भन्ने कुरा तपसिलको तथ्यले उजागर भएको यहाँ प्रस्तुत छ।

सनातन धर्म मास्नलाई सनातनी बन्दोवस्त र विश्वासलाई नै भत्काउनु पर्छ भनेर लागि पर्ने केही तत्त्वहरूले पुराणदेखि लिएर अभ्यासको बलिपूजा सम्मैलाई विकृत भयो भन्दै त्यसको विरोधमा लाग्न थालेका छन्। पुराणका आदर्शहरूलाई

Raj Kishore
भत्काउन मूल ग्रन्थको प्रकाशनका छापाहरूमा तिनीहरूलाई अप्ठेरो पर्ने पौराणिक प्रस्तुतिहरूका अंश र सामग्री नै हटाएर छाप्ने र अनुवाद गर्दा अर्कै अर्कै शब्दहरू पेश गर्ने र विकृत पार्ने आदि कुचक्रमा ती तत्त्वहरू लागि परेका छन्। गारुड महापुराणको प्रेतकल्पको सट्टा सारोद्धार गरुड पुराण पाठ गरिनु आदि त्यसैका सिलसिला हुन्।

यो प्रस्तुतिको प्रथम हरफमा उल्लेख भएको मांसको पिण्डद्वारा कलियुगमा श्राद्ध गर्नु हुन्न भन्ने रोइकराइ सारोद्धार गरुड पुराणको नाउँमा लेखिएको भूठो र पाखण्डपूर्ण भनाइ हो। सारोद्धार गरुड पुराण भनिएको नवनिधि शर्मा विरचित रचना आफैं गरुड पुराणै होइन भने यसले पस्केको कति फतूरहरू संस्कृतमा लेखिएका अशास्त्रीय अभिव्यक्ति नै भएका टुंगो लागेका छ। कति श्लोकहरूलाई सारोद्धार गरुडपुराण भनिएको त्यो टिपोटमा अन्य ग्रन्थहरूबाट सारेर भाँचकुच पारेर आफ्नो ढङ्गले प्रयोग गरिएका छन्। त्यसको यौटा उदाहरणलाई हेरौं।

हित्ता हितं न जानन्तो नित्य मुन्मार्ग गामिन :।

कुक्षिपूरण निष्ठा ये ते नरा नारका खग॥ – सारोद्धार गरुडपुराण १६। २५

कुलार्णव तन्त्रको प्रथम उल्लासको ६८ औं श्लोकमा यसलाई उल्लेख गरिएको छ। माथिल्लो श्लोकमा त्यसरी सम्बोधन गरिएको छ भने तल्लो श्लोकमा भगवान् शिवले पार्वतीलाई सम्बोधन हुँदा पिये शब्द प्रयोग गराइएको छ। यस्तै सारोद्धार गरुड पुराणका धेरै श्लोकहरू अन्यत्रबाट सारिएर जोडिएको छ भनेर माथि नै बताइसकियो। लेखक नवनिधि शर्मा आफैले स्वीकारेको यताउताबाट सारेर तयार पारेको हुँ भनेर स्वीकारेकोलाई विष्णुको आज्ञा भनेर गलत ढङ्गले अमल गर्न खोज्नु धर्मशास्त्रकै विरोध हो र शास्त्रप्रति हुने अशास्त्रीय बेइमानीको सिलसिला हो। श्रीमद्भागवत महापुराण द्वादशस्कन्धको तेस्रो अध्यायको ३१ औं श्लोकमा कलियुग लागेपछि पाखण्डीहरूले नयाँ मत प्रचार गरेर वेदलाई नै अपव्याख्या गर्छन् र वेदलाई नै दूषित पार्न खोज्छन् भनिएको छ। त्यो श्लोकमा भनिएको छ –

दस्यूत्कष्टा जनपदा वेदा पाखण्ड दूषिता।

श्रीमद्भागवत महापुराणले सचेत गराएभैं सारोद्धार गरुडपुराणको पनि

Raj Kishore

पाखण्डीहरूद्वारा शास्त्रलाई दूषित पार्न खोजिएको यो यौटा उदाहरण हो। श्राद्धमा मांस प्रयोग गर्न हुन्न भन्ने गरिएको सिलसिला अहिले सनातन मिहिन कुचक्र भएको देख्न पाइएको छ। त्यस्ता थुप्रै कुराहरूद्वारा आजभोलि सनातनलाई नै दूषित पार्न खोजिएको यत्रतत्र सर्वत्र देख्न पाइएको छ। कुनै धार्मिक कोष, विकास कोष आदिको अध्यक्ष, सदस्यसचिव भनेर टोपलिनेहरूले शास्त्राचारीहरूलाई जथाभावी बौलठीपूर्ण आक्रमण गरी धर्मद्रोहीको कल्की लगाइदिने गरेको पनि देख्न पाइएको छ। त्यति मात्र नभई अन्यत्रबाट परिचालित यी कुतत्त्वहरूले सदियौँदेखि अविच्छिन्न चलिआएको गुठीको परम्परागत लगत अनुसारको बलिपूजा पनि रोकेको देख्न पाइएको छ। यस्ता आक्रमणहरूमा नेवारहरूको पितृकार्यमा मांसादि प्रयोग हुनुलाई मुद्दा बनाउन थालिएको देख्न र सुन्न पाइएको छ।

'हिन्दु हि, हे, ... नेवारहरूले पितृ श्राद्ध गरेर पनि मांसादि खान्छन्।' यो उक्ति नेवारको चलनलाई व्यङ्ग्य गर्नेहरूको भनाइ हो। यिनीहरूले प्रचार गर्ने गरेको यो विषयको चूरो चाहिँ सनातन र धर्मलाई दूषित पार्ने सिलसिलाको भाग मात्रै हुन्। श्राद्धमा मांसादि प्रयोग हुनु शास्त्रीय कुरो हो। शास्त्रहरूमा श्राद्धादि क्रिया गर्दा मांस पनि प्रयोग हुनै पर्छ भनेर उल्लेख भएको पाइन्छ। श्राद्धादिमा मधु, मांस प्रयोग हुनुहुन्न भनियो भने शास्त्रकै उक्तिको विरोध हुन्छ। शास्त्रको यस्तो विरोधले सनातनलाई नै विरोध हुन पुग्छ, पृष्ठपोषण गर्दैन।

हो, नवनिधि शर्माको सारोद्धार गरुड पुराणमा उल्लेख भएको कलियुगमा मांसद्वारा पिण्डदान गर्न हुन्न भन्ने कुरा कुनै शास्त्रमा उल्लेख भएको कुरा होइन। सारोद्धार गरुड पुराणमा मात्रै प्रयोग भएको कुरा हो। सारोद्धार गरुडपुराण आफै कुनै व्यक्तिको आफ्नो टिपोट हो भने त्यसको अशास्त्रीय प्रस्तुति आफै शास्त्र विरोधी रोइकराइ हो, ओकल्याइ हो। किनभने सारोद्धार गरुडपुराणलाई भगवान् विष्णुकै वचन हो भनेर कसैले प्रमाणित गर्न सक्दैन। बरु त्यस संग्रहमा ८० प्रतिशत भन्दा बढी अंश अन्यत्रबाट सारसुर पारि जम्मा गरिएको चाहिँ साबितै भएको कुरा हो। कसैको व्यक्तिगत टिपोटलाई शास्त्रै देख्नु, व्यासकै रचना ठान्नु अन्धानुसरण हो। अन्धानुसरणले शास्त्रीय उत्साहलाई निर्वाह गर्न सक्दैन।

सन्दर्भलाई अब शास्त्रीय सेरोफेरोमा डोऱ्याऔं। पितृकार्यमा मद्यमांस प्रयोग हुनुपर्छ भन्ने जिकीर चाहिँ शास्त्रहरूमा ब्रगेल्ती मात्रामा पाइन्छ। सबभन्दा पहिले

Raj Kishore

श्रीमद्भागवत महापुराणलाई नै पल्टाएर पढौँ। यो ग्रन्थलाई हिंसाविरोधी ध्वजा नै मान्ने गरिन्छ। त्यो महापुराणले बलि कर्मलाई भने अमान्य भनेकै छैन। हिंसा र बलि दुई बेग्लै सन्दर्भ भएकोले श्रीमद्भागवत महापुराणले हिंसालाई मात्र दुत्कारेको हो भन्ने ठाउँ प्रशस्त भएको छ। निश्चय पनि बलि भगवान्लाई चढाइने अर्पण हो। बलि पशुमुक्ति र भगवत्प्रीतिको निम्ति चढाइने भएकोले त्यसको शास्त्रीय महत्ता उच्चै मानिएको देखिन्छ। श्रीमद्भागवत महापुराणको एकादश स्कन्धको २१ अध्यायको २९ औँ र ३० औँ श्लोकमा भगवान् श्रीकृष्णले उद्धवलाई आज्ञा गर्नुभएको वचन छ – वेदले पनि बलिपूजालाई विरोध गरेको छैन। मांसभोजनको निम्ति पशुको मारकाट विधि सम्पादन गर्नु हिंसा हो। त्यो गर्नुहुन्न। यज्ञकै निम्ति मात्र बलि चढाउनु भनेर वेदले व्यवस्था गरेको छ। देवयज्ञ देवतार्चन हो भने पितृयज्ञ श्राद्धकर्म हो। यी क्रियाहरूमा पितृ तृप्तिको निम्ति मांस चढाइनै पर्छ भन्ने छ।

कृत्वा लब्ध्वा वा स्वयं वाथ मृतानाहृत्य वा द्विजः।

दद्याच्छ्राद्धे प्रयत्नेन तदस्याक्षयमश्नुते॥

काटिराखिएको पशुको मांस वा आफ्नै अनुरोधमा पशु काट्न लगाएर अथवा किनेको मासु ल्याइकन परिश्रमपूर्वक श्राद्धमा मांस प्रयोग गरोस्। त्यसले पितृलाई अक्षय तृप्ति र श्राद्ध गर्नेलाई अक्षय पुण्य प्राप्त हुन्छ।

बिना मांसेन यच्छ्राद्धं कृतमण्यकृतं भवेत्।

निर्णय सिन्धुको यो उक्तिको अर्थ छ – मांसबिना गरिएको श्राद्ध नगरेकै सरह हुन्छ अर्थात् त्यो श्राद्ध कर्म नै व्यर्थ हो। यहाँनेर वशिष्ठ स्मृतिमा पनि दृष्टि पुऱ्याऔँ :

नाकृत्वा प्राणिणं हिंसा मांस मुत्पद्यते कृवचित।

अर्थात् पशुलाई नकाटिकन मांस प्राप्ति हुन्न। यसरी देव कार्य र पितृ कार्यको निम्ति पशुबलि गर्दा पाप बोक्नु पर्ने हो कि भन्ने प्रश्नको उत्तर मनुमहाराज स्वयम्भूले दिएको कुरा बलिदान विधि निर्णयसार संग्रहमा दिएकोलाई यहाँनेर स्मरण गर्नु उपयुक्तै हुनेछ। त्यहाँ भनिएको छ।

यज्ञार्थे पशवः सृष्ट स्वयमाह स्वयम्भुना।

विधिवत् कालिकालीति जप्त्वा खड्गेन घातयेत्॥

तस्यां ये हृद्युपयुच्चते प्राणि वा महिषदयः ।

सर्वे ते स्वर्गीतिं यान्ति हृन्यात् पापं न विद्यते ॥

पशुहरू बलिमा चढ्नैको निम्ति सृष्टि भएका हुन् भनि मनुमहाराज स्वयम्भूले आज्ञा गरेका छन्। विधि पुऱ्याएर 'काली काली' जपेर पशुलाई रेटोस्। त्यसरी बलिमा जाने राँगो आदिले पुनः फर्केर पशु योनीमा जन्म लिनुपर्ने छैन। सद्गत् हुन्छन्। तिनीहरू स्वर्गै जान्छन्। त्यसरी बलिको निम्ति पशुलाई रेट्दा कुनै पाप पनि भोग्नुपर्ने छैन। शास्त्रमा यति धेरै ठाउँमा श्राद्धको निम्ति बलिको मांस प्रयोग गर्नू भनेको हामीले पढ्यौं। कलियुगमा पितृको लागि मासु चल्दैन भन्ने भारत जयपुरको नवनिधि शर्माको उद्धरण टिपोटलाई शास्त्र मान्ने आधार छैन। उनले लेखेको सारोद्धार गरुडपुराणै त पुराणको दर्जामा चढेको संग्रह होइन भने त्यसको खबरदारीलाई मानेर शास्त्रीय आज्ञा र परम्परालाई छोडेर श्राद्धमा मांस छोड्नुको कुनै औचित्य हुन्न।

श्राद्धमा पितृलाई रक्सीले तर्पण गर्नु भनेर वेदैले उल्लेख गरेको कुरा पनि यही सिलसिलामा उल्लेख हुनु अझ प्रासाङ्गिक हुनेछ। शुक्लयजुर्वेदको दोस्रो अध्यायको चौंतिसौं कण्डिकामा यही कुरा उल्लेख भएको छ। त्यो यस प्रकार छ -

ऊर्ज्जं वहन्तोरमृतं घृतं पयः कीलाले परिस्रुतम्। स्वधास्थ तर्पयेत मे पितृन्।

अर्थात् हे जल ! अन्न, अमृत, घिऊ, दूध, रस (मह विशेष) र रक्सी बहाएर तर्पण गर्दै छु। तपाईं स्वधाको रूप बन्नुहोस्। हाम्रा पितृहरूलाई प्रत्यक्ष गराई दिनोस्। पितृहरूलाई तर्पण गर्दै छु।

हाम्रो श्राद्धमा दूधले तर्पण गर्दा यो वैदिक कण्डिका पढेर तर्पण गर्ने कार्य हुँदै आइरहेको छ। यसमा पितृलाई रक्सीले तर्पण गरैं भन्ने छ। अब पितृलाई वेदको आज्ञा अनुसार परिस्रुत (रक्सी) द्वारा तर्पण गर्नु भन्ने गरेकोलाई हामी सम्झन्छौं। वेदको यो वचनले साथ दिएको तर्पण -विधिलाई हेलोहोंचो गरी नेवारको दस्तुर भनेर निन्दा गर्नुको कुनै औचित्य रहन्न। वेदलाई मानेसम्म वेदको आज्ञालाई मान्नुपर्छ भन्ने आइहाल्छ। यस्तो वेदको सम्मतिलाई नेवारको चलन भनेर हेला गर्नु नपर्ने थियो भनेर यहींनेर सम्झना गरिन्छ।

श्रीमद्भागवत महापुराणको राजकुमार ककुद्मको आख्यानमा मृगमांस

Raj Kishore

ल्याएर पितृश्राद्धमा ब्राह्मण भोजनको निम्ति ल्याउन अह्राइएको इतिवृत्त उल्लेख भएकोलाई पनि यहीनेर स्मरणीय हुन्छ। मार्कण्डेय महापुराणको रूचीकृत पितृस्तोत्रमा खगमांसले तर्पण गर्नू भनेर उल्लेख भएको कुरा पनि यहाँनेरको अर्को स्मरणीय अंश हुन्छ। विष्णुपुराणमा उल्लेख भएको पितृ तर्पणमा हुनु पर्ने अंश भनेर चर्चा गरिएको अंशलाई पनि उल्लेख हुन अरू वाच्छनीय हुन्छ। त्यहाँ भनिएको छ –

खगमांस मातिवात्र कालशाकं तथा मधु।

सस्तानि कर्मण्यन्त्र तृप्तिदानि खगेश्वर।

पौराणिक आख्यानहरूसँगै श्राद्धमा मांस प्रयोग गर्न भनेर आज्ञा दिने गारुड महापुराण प्रथम खण्डको ९६ औँ अध्यायको एउटा श्लोक स्मरण गर्दै विश्रान्ति दिऔँ :

श्राद्धे देवान् पितृन् प्रार्च्ये खादन्मांसं नदोष भाक्।

अर्थात् – श्राद्धमा देउता र पितृलाई मासु चढाएर आफूहरूले मांसभोजन गर्दा दोष लाग्दैन। के यति पढे नेवारले श्राद्धमा मांसभोजन गर्छन् भनेर व्यङ्ग्य गर्नु शास्त्रकै निन्दा गर्नु हो भन्ने टुँगो लागेन र ?

सन्दर्भसामग्री

- आपस्तम्ब धर्मसूत्र
- श्रीपद्ममहापुराण
- श्रीमद्भागवत महापुराण
- महाभारत
- वाल्मीकि रामायण
- शुक्ल यजुर्वेद संहिता
- याज्ञवल्क्य स्मृति
- शतपथ ब्राह्मण
- श्रीमद्भगवत् गीता
- सारोद्धार गरुड पुराण
- बलिदान विधि, निर्णयसार संग्रह
- मेरूतन्त्र
- रुद्रयामल तन्त्र, हरगौरी संवाद आदि।

Raj Kishore

वेदमा अश्वमेध यज्ञ र पशुबलि

–पूर्णराम मुनंकर्मी
संस्कृतिविद्

विषयप्रवेश

वेदमा दर्श–पूर्णमास, पितृयज्ञ, अग्निहोत्र, उपस्थान, पशुयाग, चातुर्मास्य याग, अग्निष्टोम, वाजपेय, राजसूय, सौत्रामणि र अश्वमेध यज्ञ र यज्ञसँग सम्बन्धित मन्त्रहरू उल्लेख भएका छन्। यी मध्ये यस लेखमा प्रमुखतयाः अश्वमेध यज्ञ र सोसँग सम्बन्धित मन्त्रहरू र त्यसैको सेरोफेरोमा यज्ञमा पशुबलि दिनुपर्ने वा नपर्नेबारे वेद र वैदिक शास्त्रको आधारमा छलफल गरिने छ। विषयप्रवेश गर्नु भन्दा अगाडि अश्वमेध यज्ञ के हो? के को लागि गरिन्छ? कसले गर्ने? सम्बन्धमा संक्षिप्तमा चर्चा गर्न आवश्यक देखिन्छ।

धार्मिक ग्रन्थहरूमा वर्णन गरेअनुसार काम्य पूरा गर्न, दिग्विजय गर्न, ब्रह्महत्यादि पापबाट मुक्त हुन राजाहरूले अश्वमेध यज्ञ गरेका छन्। रामायणमा राजा दशरथ, राजा राम र महाभारतमा राजा युधिष्ठिर, राजा जन्मेजयले अश्वमेध यज्ञ गरेको उल्लेख छ। यस बाहेक धर्म ग्रन्थहरूमा अन्य राजाहरूले पनि अश्वमेध यज्ञ गरेका छन्।[१] हामी यिनै तीन राजाले गरेका अश्वमेध यज्ञ र त्यसमा लेखिएका श्लोक तथा अश्वमेध यज्ञको स्रोत वेद तथा त्यस अन्तर्गतका ग्रन्थहरूमा केन्द्रित हुनेछौं।

ऋग्वेद

संसारका सबैभन्दा प्राचीन ग्रन्थमा पहिलो नाम ऋग्वेद कै आउँछ। विभिन्न विद्वान्हरूको मतअनुसार ऋग्वेद ३५०० देखि ६००० वर्ष पुरानो मानिन्छ।

१. लिखित इतिहास अनुसार मौर्यवंशलाई हराई शुंगवंशका पुष्यमित्रले मगधको सत्ता सम्हालेपछि, चालुक्य राजा पुलकेशीले पनि अश्वमेध यज्ञ सम्पादन गराएको अभिलेख पाइन्छ (एपिग्राफिका कर्नाटिका, जिल्द १०, कोलर संख्या ६३)।

Raj Kishore

'ऋक्' वा 'ऋच्' शब्दको अर्थ हुन्छ – देवताको स्तुति गर्ने मन्त्र 'ऋच्यते स्तूयतेऽनया इति ऋक्' (द्विवेदी, २००० :४४)। ऋग्वेदमा भएका सबैजसो मन्त्र विभिन्न देवताको स्तुतिमा रचिएका छन्। साथै ऋग्वेदलाई होतृवेदको रूपमा पनि लिइन्छ। ऋग्वेदका मन्त्रलाई ऋचा भनिन्छ अर्थात् स्तुतिका मन्त्र। यसमा मुख्यतया इन्द्र, अग्नि, सूर्य, वायु, वरुण, रुद्र, विष्णुका स्तुति छन्। त्यसमध्ये अधिकांश सूर्य (अग्नि), इन्द्रका छन्। अग्निलाई प्रसन्न गर्नका लागि विभिन्न स्तुति र कार्य उल्लेख छन्। अग्नि सर्वभक्षणकारी भएकोले अग्निलाई गर्ने होमको महत्त्व र वर्णन यसमा छ।

होम क्रिया हो। क्रियाको लागि केही विधिविधान हुन्छ। ऋग्वेद, यजुर्वेदमा उल्लेख भएका कार्यको लागि विधिविधानको रूपमा त्यस पश्चात निर्माण भएका विभिन्न ब्राह्मणग्रन्थ र श्रौतसूत्रहरू छन्। ऋग्वेदीय ब्राह्मण संहिताको रूपमा ऐतरेय-ब्राह्मणलाई लिइन्छ।

यजुर्वेद

चार वेदमा ऋग्वेद पछि महत्त्वपूर्ण वेदमा यजुर्वेदलाई लिइन्छ। आचार्य यास्कका अनुसार 'यजुर्यजतेः' अर्थात् यज्ञसँग सम्बन्धित मन्त्रलाई 'यजु' भनिन्छ। कर्मकाण्डका लागि यजुर्वेद नै प्रमुख मानिन्छ। यजुर्वेद दुई किसिमका छन् – १. शुक्लयजुर्वेद र २. कृष्णयजुर्वेद।

यजुर्वेदीय ब्राह्मण संहिताको रूपमा शतपथ-ब्राह्मणलाई लिइन्छ। यस ग्रन्थमा विभिन्न प्रकारका यज्ञको लागि साङ्गोपाङ्ग विवरण उल्लेख भएको पाइन्छ; अश्वमेध यज्ञ गरेका प्राचीन राजाहरूमध्ये राजा जनक, दुष्यन्त, जन्मेजयको समेत उल्लेख भएको पाइन्छ।

शुक्लयजुर्वेदको एक मात्र श्रौतसूत्र कात्यायन श्रौतसूत्र देखिन्छ (त्रिपाठी, २००३) प्रस्तावना १२।

ऋग्वेदमा अश्वमेध यज्ञ

ऋग्वेदको प्रथम मण्डलको १६२ औँ र १६३ औँ ऋचामा अश्वमेध यज्ञबारे उल्लेख भएका छन्। ऋग्वेदका यी मन्त्र अध्ययन गर्दा अश्वमेध यज्ञ ऋग्वेदको

Raj Kishore

रचना पूर्वदेखि चलिआएको परम्परा भन्ने स्पष्ट बुझिन्छ। घोडालाई कतिपय स्थानमा सूर्यको प्रतिनिधिको रूपमा वर्णन गरिएको पाइन्छ र स्वर्गको लागि चाहिने प्रमुख साधनको रूपमा पनि वर्णन गरिएको पाइन्छ। अश्वमेध यज्ञमा बलि दिएका घोडा सिधै स्वर्गमा जाने र बलि दिने राजाको सम्पूर्ण ब्रह्महत्या लगायतका सम्पूर्ण पाप नाश र कामना समेत पूर्ण गरि स्वर्ग प्राप्ति हुने उल्लेख पटक पटक गरिएको छ।

ऋग्वेदको प्रथम मण्डलको १६२ को तेश्रो र १६३ को बाह्रौं ऋचामा उल्लेखित मन्त्रमा भनिएको छ –

एष च्छागः पुरो अश्वेन वाजिना पूष्णो भागो नीयते विश्वदेव्यः।
अभिप्रियं यत् पुरोडाशमर्वता त्वष्टेदेनं सौश्रवसाय जिन्वति ॥[२]

(सान्तबलेकर, १९४०)१२२।

उप प्रागाच्छसनं वाज्यर्वा देवद्रीचा मनसा दीध्यानः।
अजः पुरो नीयते नाभिरस्यानु पश्चात् कवयो यन्ति रेभाः ॥[३]

(सान्तबलेकर, १९४०)१२४।

यजुर्वेदमा अश्वमेध यज्ञ

यजुर्वेदमा अश्वमेध यज्ञबारे ऋग्वेदभन्दा केही बढी मन्त्र छन्। अध्याय २२ देखि २५ सम्मका मन्त्रमा अश्वमेध यज्ञको विविध विषय उल्लेख छ। विभिन्न पशु कुन देवताका हुन् स्पष्ट गरेको छ। जस अनुसार घोडा स्वयं प्रजापतिको लागि र देवहरू वायु, इन्द्र, अग्नि, विश्वेदेवहरू र अन्य देवको लागि । घोडालाई जब

---

२. भाव – यो बोका जब अत्यधिक बलशाली तथा वेगवान घोडाभन्दा अगाडि (घोडा अगाडि राख्नु पर्ने कुरालाई ऋग्वेद कै १।१६३।१२ मा पनि उल्लेख गरेको छ) राखेर लैजान्छ (अश्वमेध यज्ञ पश्चात् घोडा स्वर्गमा जाँदा घोडाको अगाडि बोका हुन्छ) तब श्रेष्ठ पुरुष (अश्वमेध यज्ञ गर्ने याजक, यजमान। जसले अश्वमेध यज्ञको लागि पृथ्वीमा दिग्विजय प्राप्त गरेको छ) यो चञ्चल घोडाका साथ बोकालाई पनि र सबै (देवताहरू) को प्रिय पुरोडाश (यज्ञमा अर्पण गरिएका बलि लगायतका हवि) को भाग दिएर उत्तम कीर्ति तथा यश प्राप्त गर्छ।

३. भाव – यशस्वी, मनको वेगझैं छिटो कुद्न सक्ने तथा गतिशील, तेजस्वी घोडा (यज्ञमा दिएको हविको प्रभावले) माथि माथिको देवमार्ग पक्रेर (स्वर्ग तर्फ) बढ्छ। बोका (यज्ञमा हविको रूपमा बलि दिएको) अगाडि अगाडि हुन्छ। सूक्ष्म हविको मुख्य भाग (जुन बलिलगायत अन्य हवि यज्ञमा होम गर्दा निस्केको धुवाँ अर्थात कृष्णवर्ण) ले अगाडि गएका (बोका र घोडा) को अनुगमन गर्छ। त्यसको पछि पछि मन्त्रको पाठ गर्ने स्तोता (मन्त्रको पाठ होता ऋत्विज् र गराउने यजमान) लाग्छ।

अश्वमेध यज्ञमा बलि दिइन्छ, बलि दिने स्वयं प्रजापति हुन्छ। बलि दिइसकेपछि घोडाले स्वर्ग, अन्तरिक्षलोक एवं पृथ्वी समेत पाउँछ। घोडाको प्रत्येक अङ्गप्रत्यङ्गले शान्ति पाउँछ आदि कुरा त्यसमा उल्लेख भएका यजुर्वेद २३ का केही मन्त्र यहाँ उद्धृत गर्न चाहन्छु –

RajKishore

न वा उ एतन्म्रियसे न रिष्यसि देवाँ २॥ इदेषि पथिभिः सुगेभिः। यत्रासते सुकृतो यत्र ते ययुस्तत्र त्वा देवः सविता दधातु ॥१६॥ अग्निः पशुरासीत्तेनाजयन्त स एतं लोकमजयद्यस्मिन्नग्निः स ते लोको भविष्यति तं जेष्यसि पिबैता अपः। वायुः पशुरासित्तेनायजन्त स एतं लोकमजयद्यस्मिन्वायुः स ते लोको भविष्यति तं जेष्यसि पिबैता अपः सूर्यः पशुरासित्तेनायजन्त स एतं लोकमजयद्यस्मिन्सूर्यः स ते लोको भविष्यति तं जेष्यसि पिबैता अपः ॥१७॥ कस्त्वाऽऽच्छ्यति कस्त्वा विशास्ति कस्ते गात्राणि शम्यति। क उ ते शमिता कविः ॥३९॥ ॠतवस्त ॠतुथा पर्व शमितरो विशासतु। संवत्सरस्य तेजसा शमीभिः शम्यन्तु त्वा ॥४०॥ देव्या अध्वर्यवस्त्वाच्छ्यन्तु वि च शासतु। गात्राणि पर्वशस्ते सिमाः कृण्वन्तु शम्यन्तीः ॥४२॥ शं ते परेभ्यो गात्रेभ्यः शमस्त्ववरेभ्यः। शमस्थभ्यो मज्जभ्य शम्वस्तु तन्वै तव ॥४४॥[४]

४. भावार्थ– हे अश्व ! यह जो तुम हमारे द्वारा काटे जा रहे हो, वह तुम मरोगे नहीं और न नष्ट ही होगे। अब तो तुम सुगम देवयान मार्गों से देवों को प्राप्त होगे। जहाँ पर पुण्यवान् निवास करते हैं और जहाँ वे गए हैं, वहाँ तुम्हें सवितादेव धारित करें ॥१६॥ पूर्व काल में स्वयं अग्नि ही पशु था। देवों ने उस अग्नि पशु से यजन किया था। उसने इस पृथ्वीलोक को विजय कियां, जिसमें स्वयं अग्नि अधिपति देवता है। हे अश्व ! यज्ञ में मारे जाने पर यह पृथ्वीलोक तुम्हारा लोक होगा। तुम उस पृथ्वीलोक की ही विजय करोगे। तुम इन प्रोक्षणी जलों को पियो। (प्रोक्षणी जलों को अश्व के मुख में लगाना।) वायु पशु था। उससे देवों ने यजन किया। उसने इस अन्तरिक्षलोक को विजय किया, जिसमें वायु अधिपति देवता है। हे अश्व ! यज्ञ में मारे जाने पर यह अन्तरिक्षलोक ही तुम्हारा लोक होगा। तुम उसे विजय करोगे। इन प्रोक्षणी जलों को पियो। सूर्य पशु था। उससे देवों ने यजन किया। उसने इस द्युलोक को विजय किया, जिसमें वह सूर्य ही अधिपति देवता है। हे अश्व ! यज्ञ में मारे जाने पर वह द्युलोक ही तुम्हारा लोक होगा। तुम उसे ही विजय करोगे। तुम इन प्रोक्षणी जलों को पियो ॥१७॥ हे अश्व ! स्वयं प्रजापति ही तुम्हें काटता है। प्रजापति ही तुम्हारी त्वचा को पृथक् करता है। प्रजापति ही तुम्हारे अंगों को काटता है। विद्वान् प्रजापति ही तुम्हारा काटने वाला है, अन्य नहीं ॥३९॥ हे अश्व ! संवत्सर के तेज से ॠतु के अनुसार ॠतुएँ तुम्हारी अस्थि-ग्रन्थियों को काटें। वे कर्मों के द्वारा तुम्हें हविः भाव प्राप्त करावें ॥४०॥ दैवी अध्वर्यु अश्विनौ तुम्हें काटें और हविः रूप प्रदान करें। संस्कृत करती हुई पर्वशः सीमारेखाएँ वे देव तुम्हारे शरीर में बनावें ॥४२॥ हे अश्व ! तुम्हारे शिर-प्रभृति उत्तम अंगको शान्ति मिले; अन्य छोटे अंगों को शान्ति मिले और अस्थि मज्जा के लिए शान्ति होवे। अधिक क्या, हे अश्व ! तुम्हारे शरीर मात्र को ही शान्ति प्राप्त होवे ॥ ४४ ॥ (शास्त्री र., २००७) ५७३, ५७४, ५८२ र ५८३।

Raj Kishore

अश्वमेध यज्ञमा घोडा बाहेक अन्य पाल्तु पशु, पक्षी, जलचर र जंगली पशु पनि बलि दिने वा यज्ञमा ल्याएर यज्ञ परिक्रमा गराएर पुन वनमा नै लगेर छाड्नु पर्ने पनि हुन्छ ।[५]

थरीथरीका पशु कुन कुन यूपमा बाँध्ने र ती पशु कुन देवतासँग सम्बन्धित छ, ती बलि के प्रयोजनको लागि गर्ने भन्ने बारे यजुर्वेद २४ औँ अध्ययनमा पूरै (१-४० मन्त्र) वर्णन गरिएको छ। ती मन्त्रहरूमा इन्द्र, रुद्र, विष्णु, सोम, अरूण, वरुण लगायत सबै जसो देवतालाई उल्लेख गरेको छ। त्यसमा बलि दिनु पर्ने पशुमा जंगली बँदेल, सिंह, गैँडा, अजिंगर, जंगली भैँडा, चितुवा, मयूर, मृग, भालु, अर्ना, हात्तीदेखि घरपालुवा खानयोग्य सबै जीव र जलचरमा कछुवा, भ्यागुता, सर्प, माछा आदि पनि समावेश गरेको छ (लेख लामो हुने भएकोले सबै विवरण यहाँ उल्लेख गरिएको छैन)। अश्वमेध यज्ञमा बलि दिनुपर्ने ग्राम्य पशु जम्मा ३२७ हुन्छ। त्यस बाहेक बलि दिन नपर्ने तर बाँध्नु पर्ने[६] जंगली पशु २६०, अन्य पक्षी र जलचर २२ गरेर जम्मा ६०९ संख्यामा यज्ञमा प्रयोग हुन्छ।[७]

यजुर्वेद अध्याय २५ को मन्त्र १ देखि ९ सम्म यज्ञमा बलि दिएका घोडाका विभिन्न अङ्गहरू देवताहरूलाई होम गरेको पाइन्छ। त्यसपछिका सोहि अध्यायका मन्त्रमा यजमान लगायतलाई भगवान्‌बाट प्राप्त गर्नुपर्ने धनधान्य लगायत यश, कीर्ति, बल, पराक्रम, आयु, वंशवृद्धि, स्वास्थ्य, कल्याण, शत्रु क्षय आदि र अहिंसाको लागि प्रार्थना गरिएको छ। यसको साथै यज्ञमा बलि दिएका बोकालाई अगाडि राखेर घोडा स्वर्गमा प्रवेश गरेको समेत यसै अध्यायमा रहेको छ। सनातनीहरूले

---

५. जंगली पशुलाई वनमा लैजानु पर्ने कारणवारे पादटिप्पणी संख्या ६ मा उल्लेख गरिएको छ।

६. वनमा रहने पशुलाई पनि अश्वमेध यज्ञको यूपमा राख्नु पर्छ जस्तो बाघ (खोरमा राखेर) तर कुनै पनि जंगली जन्तुलाई यज्ञमा बलि नदिई, यज्ञ परिक्रमा गराई यज्ञ सकिएपछि यथास्थानमा लगेर छोड्नु पर्ने विधान रहेको छ भने गाउँठाउँका (पालिएका) पशुलाई बलि दिइन्छ– अपशुर्वाऽएष यदारण्यो नैतस्य शोतव्य ... ..., ... ह्यारण्या पशवो यन्न जहुयाद्यज्ञवेशस स्यादिति ... ... पर्य, ग्राम्यै सस्थापयति ... ... (श०ब्रा० १३।२।४।३)। यसको कारणमा यही ग्रन्थमा भनिएको छ – जंगलका पशुको हिस्सा जंगल नै हो। उनीहरूलाई यज्ञमा बलि दिएमा उनीहरू पहिले जहाँ बसेको हो त्यही ठाउँमा यजमानलाई मृत्यु पछि स्थान दिन्छ। यजमान जंगलमा रहनु पर्ने हुन्छ त्यसैले बलि नदिई यज्ञमा घुमाएर जंगलमा लगेर छोड्नु पर्छ। यसो गरेमा यज्ञमा त्रुटि नहुने र यजमान पनि मृत्यु पछि जंगल जान नपर्ने हुन्छ– न यजमानमरण्य मृत हरन्ति न यज्ञवेशस भवति श०ब्रा० १३।२।४।३॥

७. एवं षष्ट्यधिकं शतद्वयमारण्याः पशव उक्ताः। अत्र द्वाविंशतिरेकादशिनः सप्तविंशत्यधिकानि त्रीणि शतानि अश्वादयः सौर्यान्ताः षष्ट्यधिकं शतद्वयं कपिञ्जलादयः पृषतान्ता आरण्याः पशवः सर्वे मिलित्वा षट्शतानि नवाधिकानि पशवो भवन्ति। श्लोकश्च। षट् शतानि नियुज्यन्ते पशूनां मध्यमेऽहनि। अश्वमेधस्य यज्ञस्य नवभिश्चाधिकानि चेति। तेष्वारण्याः सर्वे उत्स्रष्टव्या न तु हिंस्याः ॥४०॥ (महीधर, १९२९) ४५५।

Raj Kishore

गर्ने शुभकार्यमा वाचन गर्ने प्रसिद्ध मन्त्र "स्वस्ति न इन्द्रो वृद्धश्रवाः" लगायतका मन्त्र पनि यही अध्याय (१९) मा रहेको छ।

यजुर्वेदमा अश्वमेध यज्ञ गर्दा घोडाका विभिन्न अङ्गप्रत्यङ्गहरू कुन कुन देवतालाई बाँडफाँड गर्ने र हविको रूपमा चढाउने बारे उल्लेख गरेका छन्। ती मन्त्र र तिनका भावलाई हेरौँ–

अग्नेः पक्षतिर्वायोर्निपक्षतिरिन्द्रस्य तृतीया सोमस्य चतुर्थ्यदित्यै पञ्चमीन्द्राण्यै षष्ठी मरुता७सप्तमी बृहस्पतेरष्टम्यर्यम्णो नवमी धातर्दशमीन्द्रस्यैकादशी वरुणस्य द्वादशी यमस्य त्रयोदशी॥

इन्द्राग्न्यो पक्षतिः सरस्वत्यै निपक्षतिर्मित्रस्य तृतीयापां चतुर्थी निर्ऋत्यै पञ्चम्यग्नीषोमयोः षष्ठी सर्पाणा७सप्तमी विष्णोरष्टमी पूष्णो नवमी त्वष्टुर्दशमीन्द्रस्यैकादशी वरुणस्य द्वादशी यम्यै त्रयोदशी द्यावापृथिव्योर्दक्षिणं पार्श्वं विश्वेषां देवानामुत्तरम् ॥ मरुता७स्कन्धा विश्वेषां देवानां प्रथमा कीकसा रुद्राणां द्वितीयादित्यानां तृतीया वायोः पुच्छमग्नीषोमंयोर्भासदौ क्रुञ्चौ श्रोणिभ्यामिन्द्राबृहस्पती ऊरुभ्यां मित्रावरुणावल्गाभ्यामाक्रमण७स्थूराभ्यां बलं कुष्ठाभ्याम् ॥ पूषणं वनिष्ठुनान्धाहीन्स्थूलगुदया सर्पान्गुदाभिर्विहरुत आन्त्रैरपो वस्तिना वृषणमाण्डाभ्यां वाजिन७शेपेन प्रजा७रेतसा चाषान्पित्तेन प्रदरान्पायुना कूश्माञ्छकपिण्डैः ॥ इन्द्रस्य क्रोडोऽदित्यै पाजस्यं दिशां जत्रवोऽदित्यै भसज्जीमूतान्हृदयौपशेनान्तरिक्षं पुरीतता नभ उदर्येण चक्रवाकौ मतस्नाभ्यां दिवं वृक्काभ्यांगिरीन्प्लाशिभिरूपलान्प्लीहनावल्मीकान्क्लोमभिर्ग्लौभिर्गुल्मान्हिराभिः स्रवन्तीर्ह्रदान्कुक्षिभ्या७ समुद्रमुदरेण वैश्वानरं भस्मना ॥ विधृतिं नाभ्या धृत रसेनापो यूष्णा मरीचीर्विप्रुड्भिर्नीहारमूष्मणा शीनं वसया प्रुष्वा अश्रुभिर्ह्रादुनी दूषीकाभिरस्ना रक्षा७सि चित्राण्यङ्गैर्नक्षत्राणि रूपेण पृथिवीं त्वचा जुम्बकाय स्वाहा॥[८] शु०य० २५।४–९॥ (शास्त्री र., शुक्लयजुर्वेदसंहिता, २००७) ६०६–१०।

८. (घोडें की बगल की हड्डियों को 'बंक्रि' कहते हैं। यह संख्या में छब्बीस होती हैं – तेरह एक ओर और तेरह दूसरी ओर। इन क्रियों का देवता– (विभाग इस प्रकार है–) अग्नि की प्रथम कि, वायु की निचली वंक्रि, इन्द्र की तृतीय, सोम की चौथी, अदिति के लिए पाँचवीं, इन्द्राणी के लिए छठी, मरुतों की सातवीं, बृहस्पति की आठवीं, अर्यमा की नवमी, धाता की दशवीं, इन्द्र की ग्यारहवीं, वरुण की बारहवीं और यम की तेरहवीं वंक्रि होवे (= इस इस संख्यक बंक्रि से इस इस देवता को प्रीणित करता है) ॥ ४ ॥
(द्वितीय पार्श्व की) प्रथम बंक्रि इन्द्र–अग्नि की है। सरस्वती की निचली (=दूसरी), मित्र की तृतीया, निर्ऋति के लिए चौथी, पाँचवीं अग्नि–सोम के लिए, छठी सर्पों की, सातवीं विष्णु की, आठवीं पूषा की, नवीं त्वष्य की, दशवीं इन्द्रकी, ग्यारहवीं वरुण की, बारहवीं यम की, तेरहवीं द्यावापृथिवी की दक्षिण पार्श्वस्थ सब बंक्रियाँ तथा विश्वेदेवों की वामपार्श्वस्थ सब अस्थियाँ हैं ॥ ५ ॥

Raj Kishore

वेदमा भएका व्यवस्था वा धारणालाई अन्य पश्चातकालीन ग्रन्थले खण्डन गर्न सक्दैन, गरेमा मान्य नहुने सर्वमान्य सिद्धान्त छ। वेदका ती भावनालाई अन्य ग्रन्थले समर्थन गरेर त्यसको कार्यलाई विस्तारित रूपमा बताउने गर्छ, ब्राह्मणग्रन्थ र यज्ञ विधिबारे श्रौतसूत्र र वेदका दर्शनलाई उपनिषद्ले यस्तै व्याख्या र विधि प्रस्तुत गरेका छन्।

वेदले भनेका कुरालाई ब्राह्मणग्रन्थमा के कस्तो भनेको छ त्यस तर्फ हेरौँ–

अश्वमेध यज्ञमा उत्सर्ग गर्न घोडालाई प्रयोग गर्ने अस्त्र सुनको हुनुपर्छ। अन्य केहीको लागि तामा र धेरैको लागि फलामको अस्त्र हुनुपर्छ। दशरथको यज्ञमा यी तीन किसिमका हतियार स्वयं कौशल्याले चलाएकी थिइन्। युधिष्ठिरले गरेको यज्ञमा भने भीमसेनले चलाएका थिए। हतियारबारे शतपथब्राह्मणमा भनिएको छ–

हिरण्मयो श्वसय शासो भवति ... लोहमयाः पर्यङ्ग्याणामायसा इतरेषां...

(श०ब्रा० १३।२।२।१६) (शास्त्री, दँ मदु) १७००।

घोडालाई यज्ञ मण्डपको उत्तरमा रहेको नरकुलको आसनमा राखेर वध गरी अङ्ग काट्नुपर्छ–

वतस इटसुन उत्तरतो श्वस्यावद्यन्त्यानुष्टुभो ...

(श०ब्रा० १३।२।२।१९)। (शास्त्री, दँ मदु) १७०१।

(अन्य अंगों के देवता –) मरुतों के स्कन्ध, घोडे की पूँछ पर की प्रथम अस्थिपंक्ति कीकस विश्वेदेवों की, रुद्रों की द्वितीय, आदित्यों की तृतीय, वायु की पूँछ, अग्नि–सोम के चूतड़, दक्षिण– बाम कटियों से ऋुञ्चों को, ऊरुओं से इन्द्र–बृहस्पति को, मित्र– वरुण को ऊरुसन्धियों से, नितम्ब के स्थूल भागों से आक्रमण को तथा नितम्बस्थ कूपकों से बल को प्रीणित करता हूँ॥ ६ ॥

पूषा को वड़ी आँत के द्वारा, अन्धसर्पों को स्थूल गुदा के द्वारा, गुदादामों के द्वारा विहृत को, वस्ति के द्वारा आप को, अण्डकोषों से वृषण को, शेप से वाजी को, रेतस् से प्रजा को, पित्त से चापों को, पायु से प्रदरों को और विष्यपिण्डों से कूश्मान देवों को प्रीणित करता हूँ॥ ७ ॥

इन्द्र का क्रोड, अदिति के लिए पाजस्य, दिशाओं की जत्रु, अदिति के लिए भसत् (=लिङ्गाग्र), हृदयस्थ मांस से जीमूतों को, हृदय को आच्छादित करने वाली आँत से अन्तरिक्ष को, उदरस्थ मांस के द्वारा नभ को, मतस्नाओं के द्वारा चक्रवाकों को, वृक्क से दिव को, शिश्न के मूलाग्र भाग में स्थित प्लाशी नाडियों के द्वारा गिरि को, प्लीहा के द्वारा उपलों को, क्लोम से वल्मीकों को, नौ नाडियों के द्वारा गुल्मों को, शिराओं से स्रवन्ती को, कुक्षियों से हृदों को, जठर से समुद्रको और अंगोत्थ भस्म से वैश्वानर देव को प्रीणित करता हूँ॥ ८ ॥

नाभि से विधृति को, रस से घृत को, पक्वान्नरस से आपः को, वसा–बिन्दुओं से मरीचि देवों को, शरीरगत ऊष्मा से नीहार को, बसा से शीन को, आँसुओं से फ्प्वा को, आँखों की कीचड़ से ह्रादुनी को, रुधिर से राक्षसों को, अनुक्त अंगों से चित्रदेवों को, रूप से नक्षत्रों को तथा चर्म से पृथ्वी को प्रीणित करता हूँ। जुम्बक वरुण के लिए स्वाहा॥ ९ ॥ (शास्त्री र., शुक्लयजुर्वेदसंहिता, २००७) ६०६–१०।

Raj Kishore

अश्वमेध यज्ञमा घोडा र घोडासँगै अन्य पशु पनि बलि दिनुपर्छ, घोडा स्वयं प्रजापतिको हो र प्रजापतिले नै बलि दिन्छ। जुन माथि उल्लेख भइसकेको छ। घोडालाई प्रजापतिले ग्रहण गर्दा घोडासँगै अन्य पन्ध्र पशुलाई पनि ग्रहण गर्छ। घोडा बलि दिइसकेपछि अन्य पशुलाई पनि बलि दिन्छ भन्ने प्रमाण यसबाट स्पष्ट हुन्छ। बलि दिएका यी पन्ध्र पशु भनेका चन्द्रमाका १५ कला हुन् अर्थात् एक चान्द्रपक्ष हो। घोडाको मेघबाट एक चान्द्रपक्ष हुन्छ। दुवै चान्द्रपक्षले एक पूर्ण चान्द्र महिना हुन्छ। यसबारे शतपथब्राह्मणको निम्न श्लोकले भनेको छ–

> प्रजापतिरश्वमेधमसृजत । सोऽस्मात्सृष्ट पराङैत् स पङ्क्तिर्भूत्वा संवत्सरं प्राविशत् तेऽर्ध्दमासा अभवन् तं पञ्चदशिभिरनु प्रायुङ्क्त तमाप्नोत् तमाप्त्वा पञ्चदशिभिरवारुन्ध अर्द्धमासानां वा एषा प्रतिमा यत्पञ्चदशिनः यत्पञ्चदशिन आलभते अर्द्धमासानेव तैर्यजमानोऽवरुन्धे ॥१३।१।१४।१॥[९] (उपाध्याय, १९७०) १७०३।

यजुर्वेद अध्याय २४ अनुसार अश्वमेध यज्ञमा २१ यूपको यज्ञशाला बन्छ। त्यसमध्ये मध्यम यूप जसलाई अग्निष्ठ भनिन्छ, त्यसमा बलिको लागि १५ पशु बाँधिन्छ। अन्य २० यूपमा भने प्रत्येकमा त्यसमा स्थापित देवता अनुसार १५ वा १६ को दरले पशु बाँधिएका हुन्छन्। प्रजापतिको लागि घोडा र अन्य १५ पशु भयो। यी पशुधनको कारणले मानिसले स्वर्ग, विजय, शतायु प्राप्त गर्छ। यज्ञमा दिने बलिबाट प्राप्त हुने विविध कुराबारे शतपथब्राह्मणले भन्छ –

> ...प्रजया पशुभिर्ऋध्यतेऽप स्वर्गं लोक राध्नोति योऽन्यत्रैकादशिनेभ्यः संवत्सर तनुतऽ इत्येष वै सम्प्रति स्वर्गो लोको यदेकादशिनी प्रजा वै पशवऽएकादशिनी यदैकादशिनान्पशूनालभते न स्वर्गं लोकमपराध्नोति प्रजया पशुभिर्व्यृध्यते ॥१३।२।५।२॥ (शास्त्री, दँ मदु) १७०४।[१०]

---

९. भावार्थ – प्रजापति ने अश्व का मेघ बहा दिया। यह इससे बह कर पांच रूपो मे संवत्सर में प्रविष्ट हो गया। वे अर्ध मास हो गये। उसने उसको पन्द्रह पशुओं द्वारा ग्रहण किया। ये जो पन्द्रह पशु है वे अर्धमासो की प्रतिमा है। पन्द्रह पशुओं का आलभन अर्धमासो की प्राप्ति के लिये है॥
यसमा उल्लेख भएका केही शब्द जस्तो मेध, आलभनको अर्थको लागि तल शब्दार्थ हेर्नु हुन अनुरोध।

१०. भावार्थ – जो प्रजा पशु (धन) हुँदैन, उसलाई स्वर्ग लोक प्राप्त हुन सक्दैन। यी जुन एघार पशुको बलिको कुरा छ, यो बलि साक्षात स्वर्ग हो। एघार पशुको बलि नै प्रजा हो, पशु हो। जसले एघार पशुको (विधि पूर्वक) बलि

Raj Kishore

यद्दशिन आलभते विराजमेव तैर्यजमानो वरुन्द्धे शतमालभते शतायुर्वै पुरुषः ... ॥१३।२।५।३॥ (शास्त्री, दँ मदु) १७०४।[११]

अथर्ववेद

माथि ऋग्वेद र यजुर्वेदमा भएका अश्वमेध यज्ञमा पशुबलिबारे उल्लेख भएका प्रमाण प्रस्तुत भयो। चतुर्वेदमध्ये अथर्ववेद पनि एक हो र त्यसमा पनि पशुबलिबारे उल्लेख भएका प्रमाण प्रस्तुत गर्न अनुमति माग्दछु। अथर्ववेद काण्ड २ सूक्त ३४ मा उल्लेखित मन्त्र हेरौँ–

य ईशे पशुपतिः पशूनां चतुष्पदामुत यो द्विपदाम्। निष्क्रीतः स यज्ञियं भागमेतु रायस्पोषा यजमानं सचन्ताम् ॥ प्रमुञ्चन्तो भुवनस्यरेतो गातुं धत्त यजमानाय देवाः। उपाकृतं शशमानं यदस्थात् प्रियं देवानामप्येतु पाथः ॥ ये बध्यमानमनु दीध्याना अन्वैक्षन्त मनसा चक्षुषा च। अग्निष्टानग्रे प्र मुमोक्तु देवो विश्वकर्मा प्रजया संरराणः ॥ ये ग्राम्याः पशवो विश्वरूपा विरूपाः सन्तो बहुधैकरूपाः। वायुष्टानग्रे प्र मुमोक्तु देवः प्रजापतिः प्रजया संरराणः ॥ प्रजानन्तः प्रति गृह्णन्तु पूर्वे प्राणमङ्गेभ्यः पर्याचरन्तम्। दिवं गच्छ प्रति तिष्ठा शरीरैः स्वर्ग याहि पथिभिर्देवयानै ॥ (उल्लेख नभएको, १९५७) १८।[१२]

दिन्छ, दिने प्रजा कहिले पनि पशु धनवाट विमुख हुन पर्दैन र न त स्वर्गलोकबाट नै वञ्चित हुनु पर्छ।

११. भावार्थ – दश पशुलाई बलि दिएमा (अगाडिको एघार बाहेकको अन्य यूपमा बाँधिएको) यजमानलाई विराज पद प्राप्त हुन्छ। सय पशुलाई दिएमा पुरुष (मानिस) लाई सय वर्षको आयु प्राप्त हुनेछ।

१२. यो मन्त्र आचार्य सायणको भाष्यको आधारमा गर्नु भएको भनी यसका अनुवादकर्ता गंगा सहाय शर्मोले लेखकीय मन्तव्यको अन्तमा भन्नु भएको छ। प्रस्तुत छ सायण भाष्यको आधारमा गंगा सहाय शर्माको हिन्दी अनुवाद –

भाव – जो पशुपति रुद्र चार पैरों वाले पशुओं और दो पैरों वाले मनुष्यों के स्वामी हैं, उन के पास से प्राप्त किया हुआ यह यज्ञ के योग्य पशु यज्ञ का भाग बने एवं यजमान को धन की समृद्धियां प्राप्त हो॥ हे देवो ! इस मारे जाते हुए पशु को त्याग कर जाते हुए चक्षु, प्राण आदि इसे यजमान के लिए वीर्य के द्वारा पुण्य लोकों में जाने का मार्ग बनाएं। इस पशु में देवों का प्रिय जो मांस है, वह भी इसे प्राप्त हो॥ इस यज्ञीय पशु के समूह के जो पशु इसे मारा जाता हुआ देख कर दुखी होते हैं और दुखी मन से इसे प्रेम भरे नेत्रों द्वारा देखते हैं, अग्नि देव उन सब के लिए प्रेम का फंदा खोल दें। अपनी सृष्टि के साथ शब्द करते हुए विश्वकर्मा भी इसे मुक्त करें॥ जो ग्रामीण पशु सभी रूपों से युक्त एवं विविध रूप वाले हो कर भी प्रायः एक रूप वाले हैं, उन सब को वायु देव सब से पहले मुक्त करें। अपनी प्रजा के साथ एकमत होते हुए प्रजापति भी बाद में इस पशु को मुक्त कराएं॥ हे पशु ! इस यज्ञ में तेरे माहात्म्य को जानते हुए अन्तरिक्ष में स्थित देव तेरे अंगों की सेवा करते हुए सभी ओर से निकल कर सामने आते हुए तेरे प्राणों को ग्रहण करें। इस के पश्चात तुम देवों के द्वारा गृहीत हो कर स्वर्गा में जाओ तथा वहां दिव्य भोगों के प्रति स्थित बनो। इस यज्ञ के बाद तुम देवों के मार्ग से स्वर्ग में जाओ॥ (शर्मा,

Raj Kishore

यज्ञमा जे जति पशु बलि दिइन्छ, ती पशुका सम्पूर्ण अङ्गप्रत्यङ्ग भगवान्मा समर्पण गर्ने हो। भगवान् बाहेक राक्षसादिलाई पनि समर्पण गर्नु पर्ने देखिन्छ। सबै अङ्ग अग्निमा होम गर्ने होइन, ती अङ्ग प्रसादको रूपमा यज्ञ गर्ने १६ जना ऋत्विज् र यज्ञकर्ताको भागमा पनि प्रसादको रूपमा बाँडफाँड गरिन्छ। यस कुरालाई अथर्ववेदीय ब्राह्मण गोपथब्राह्मणमा सविस्तार भनेको छ। ऋत्विज्हरूमध्ये कसको भागमा के के पर्छ र यज्ञ गराउनेको भागमा के के पर्छ भन्ने विवरण –

अथातः सवनीयस्य पशोर्विभागं व्याख्यास्यामः। उद्धृत्यावदानानि-हनू सजिह्वे प्रस्तोतुः कण्ठः सकाकुद्रः प्रतिहर्तुः श्येनं वक्ष उद्गातुः, दक्षिणं पार्श्वं सांसमध्वर्योः, सव्यमुपगातृणाम, सव्योंऽसः प्रतिप्रस्थातुः, दक्षिणा श्रोणिरथ्यास्त्री ब्रह्मणः, अवरसक्थं ब्राह्मणाच्छंसिनः ऊरुः पोतुः, सव्या श्रोणिर्होतुः, अवरसक्थं मंत्रावरुणस्य, ऊरुरच्छावाकस्य, दक्षिणा दोर्नेष्टुः सव्या सदस्यस्य, सदं चानूकं च गृहपतेः, जाघनी पत्न्याः, तां सा ब्राह्मणेन प्रतिग्राहयति, वनिष्ठुर्हृदयं वृक्कौ चाङ्गुल्यानि दक्षिणो बाहुराग्नी स्य, सव्य आत्रेयस्य, दक्षिरणौ पादी गृहपतेर्व्रतप्रदस्य, सव्यौ पादी गृहपत्न्या व्रतप्रदायाः सहैर्वैनयोरोष्ठः। तं गृहपतिरेवानुशिनष्टि, मणिकाश्च स्कन्ध्यास्तिस्रश्च कीकसा ग्रावस्तुतः, तिस्रश्चैव कीकसा अर्धं चापानस्योन्नेतुः अत ऊर्ध्वं चमसाध्वर्यूणाम्, क्लोमा शमयितुः शिरः सुब्रह्मण्यस्य। यः श्वः सुत्यामाह्वयते तस्य चर्म। तथा खलु षट्त्रिंशत् संपद्यन्ते ... ॥१।३।१८॥ (त्रिवेदी, १९९३) १६७।[१३]

डा. गंगा सहाय, २०१५)१०६।

१३. कण्डिका १८ ॥ पशुरूप वेदवाणी की सूक्ष्मता का विचार ॥
अब यहाँ यज्ञ योग्य पशु के खण्डो को निकाल कर विभाग की हम व्याख्या करेंगे। जिह्वा सहित दोनो जावडे प्रस्तोता (ऋत्विज्) के है १ , तालु सहित कण्ठ प्रतिहर्ता का है २, श्येन पक्षी के आकार वाली छाती उदगाता की है ३, कन्धे सहित दाहिना पाजर अध्वर्यु का है ४, बायाँ (पाजर) उपगाताओं का है ५, बायाँ कन्धा प्रतिप्रस्थाता का है ६, दाहिना कूल्हा अध्यास्त्री (?) ब्रह्मा का है ७, नीचे वाली पिंडली ब्राह्मणाच्छसी की है ८, जाँघ पोता ऋत्विज् के है ९, बायाँ कूल्हा होता का है १०, नीचे वाली पिंडली मैत्रावरुण की है ११, बाँयी जाँघ अच्छावाक की है १२, दाहिना भुजदण्ड नेष्ट्य का है १३, बायाँ भुजदण्ड सदस्य का है १४, पीठ का बास (रीढ) और मूत्र की थैली गृहपति की है १५, १६ पूछ पानी की है, उसको वह ब्राह्मण (ब्रह्मज्ञानी) से स्वीकार कराती है १७, वनिष्ठु (भितरली मल की मोटी आत), हृदय, दो अण्डकोश, अंगुलियो के जोड और दाहिनी भुजा आग्रीध की है १८, १९, २०, २१, २२, बायीं भुजा आत्रेय (सदा ज्ञानी परमेश्वर के उपासक ऋत्विज की है २३, दोनों दाहिने पांव गृहपति के भोजन देने वाले के है २४, दोनों बायेंपाव गृहपत्नी के भोजन देने वाले के है २५, ओंठ मिल

Raj Kishore

ऐतरेय-ब्राह्मण

ऋग्वेदीय ब्राह्मण संहिताको रूपमा ऐतरेय-ब्राह्मणलाई लिइन्छ। ऋग्वेदीय ब्राह्मण ग्रन्थ ऐतरेय-ब्राह्मणको सातौँ पञ्चिकाको प्रारम्भको खण्डमा पशुअङ्गको विभक्ति-प्रक्रियाका विवरण दिइएको छ। द्वितीय पञ्चिकाको छैठौँ खण्डमा उल्लेखित केही श्लोकहरूमा बलि दिएका पशुका विभिन्न अङ्ग विभिन्न देवतालाई बाँडफाँड गरेको पाइन्छ।

उदीचीनाँ अस्य पदो निधत्तात् सूर्यं चक्षुर्गमयताद् वातं प्राणमन्ववसृजतादन्तरिक्षमसुं दिशः श्रोत्रं पृथिवीं शरीरमित्येष्वेवैनं तल्लोकेष्वादधाति ॥ एकधाऽस्य त्वचमाच्छ्यतात् पुरा नाभ्या अपि शसो वपामुत्खिदतादन्तरेवोष्माणं वारयध्वादिति पशुष्वेव तत्प्राणान् दधाति ॥ श्येनमस्य वक्षः कृणुतात् प्रशसा बाहू शला दोषणी, कश्यपेवांसाऽच्छिद्रे श्रोणी कवषोरू स्रेकपर्णाऽष्ठीवन्ता षड्विंशतिरस्य वङ्क्रयस्ता अनुष्ठ्योच्च्यावयताद् गात्रं गात्रमस्यानूनं कृणुतादित्यङ्गान्येवास्य तद्गात्राणि प्रीणाति ॥ २।६।६।१३-१५॥ (उमेशप्रसादसिंहः, २०१६) २६५-६७।[१४]

करके ही इन दोनों भोजन देने वाले या देने वाली का है, उसको गृहपति ही बांटता है २६, मणिका (मणि समान् मांस खण्ड और स्कन्धो के अवयव और तीन कीकसायें ग्रावस्तोता (शास्त्र बताने वालों की स्तुति करने वाले) के है २७, २८, २९, तीनो ही कीकसायें और अपान उन्नेता के हैं ३०, ३१, उससे ऊपर वाला (आधा अपान) और चमसा (अङ्ग विशेष) सब अध्वर्यु का है (३१+०.५, ३२, ३३ क्लोम ; फेफड़ो के अवयव) शान्तिकर्ता के हैं ३४, शिर सुब्रण्य का है ३५, और जो सुत्या (सोम निचो की क्रिया) को बुलाता है उसका धर्म है ३६। इस प्रकार से ही छत्तीस भाग बनते हैं।... (त्रिवेदी, १९९३) १६८-६९।

१४. (षष्ठ भाग को कह कर उसका व्याख्यान कर रहे हैं —) इस (संज्ञपनीय पशु) के पैरों को उत्तर दिशा में स्थापित करो, नेत्र को सूर्य देवता के लिए प्राप्त कराओ, प्राण को वायुदेवता के प्रति प्राप्त कराओ, जीव को अन्तरिक्ष के प्रति, श्रोत्र को दिशाओं के प्रति और शरीर को पृथिवी के प्रति प्राप्त कराओ; इस (संज्ञपनीय पशु) को इन लोकों में प्रतिष्ठित करता है।

(सप्तम भाग को कह कर उसका व्याख्यान कर रहे हैं—) एक प्रकार से विच्छेदरहिता से इस (मेध्य पशु) के त्वचा को सभी ओर से उतार लो (इसके शरीर से अलग कर लो), (नाभि को काटने) से भी पहले इसकी वपा (अतडियों) को निकाल लो और (इसकी) सांस को (इसका मुख बन्द करके) भीतर हो रोक दो। इस (पाठ) से पशुओं में ही प्राणों की प्रतिष्ठापित करता है।

(अष्टमभाग को कह कर व्याख्यान कर रहे हैं—) इस (पशु) के वक्ष को पक्षी के आकार वाला बना दो, दोनों बाहुओं को कुल्हाड़ी के आकार वाला, (पीछे के दोनों पैरों) को भाले की नोक के आकार वाला, दोनों कन्धों को कच्छप के आकार वाला, दोनों श्रोणी (कूल्हे) को छिद्ररहित, दोनों जङ्घाओं को (तलवार के) ढाल के आकार वाला, दोनों घुटनों को कनैर वृक्ष के पतों को आकार वाला, कर दो। इसकी पसली की छब्बीस हड्डियाँ हैं, उनको क्रमानुसार निकाल लो, इस (पशु) के प्रत्येक अङ्गको सम्पूर्ण रूप से रखो। इस (पशु के) शरीरावयवरूप अङ्गों

Raj Kishore

पशुलाई यज्ञमा बलि दिइसकेपछि बलि दिएका पशु स्वर्ग जान्छ भन्ने कथन छ। यो कुरा पनि ऐतरेय–ब्राह्मणमा लेखेको छ –

> पशुर्वै नीयमानः स मृत्युं प्रापश्यत् स देवान्नान्वकामयतैतुं तं देवा अब्रुवन्नेहि स्वर्गं वै त्वा लोकं गमयिष्याम इति स तथेत्यब्रवीत् तस्य वै मे युष्माकमेकः पुरस्ताद्वैत्विति तथेति तस्याग्निः पुरस्तादैत् सोऽग्निमनु प्राच्यवत ॥ २।६।६।द्र॥ (उमेशप्रसादसिंहः, २०१६) २६४।[१५]

ऐतरेय–ब्राह्मणको प्रमुख भाष्यकारमा सायणलाई लिइन्छ । सायणको भाष्यलाई विभिन्न विद्वान्हरूले अनुवाद गरेका छन् । त्यसमध्येका एक उमेशप्रसादसिंहको अनुवाद अनुसार यज्ञभूमिमा भएका पशुबलिको कारणले मृतक पशु र भएका अन्य कुनै अप्रासङ्गिक कुरा भएमा सोको लागि प्रायश्चित गर्ने विधान उल्लेख छ।[१६]

ऐतरेय–ब्राह्मणमा ऋग्वेदले भने जस्तै जम्मा ३३ देवतालाई माने पनि त्यसमध्ये प्रमुखको रूपमा अग्निलाई र परम देवताको रूपमा विष्णुलाई मानेको छ। यिनै दुइको बिचमा सबै देवता समावेश हुने कुरा उल्लेख छ –

को प्रसन्न करता है। (उमेशप्रसादसिंहः, २०१६) २६५-६७।

१५. (अग्नि को पहले लाने के विषय में आख्यायिका को कह रहे है–) (शमित्र स्थान को ले जाये जाने वाले) उसः पशु ने प्रकृष्ट रूप से मृत्यु को देखा। वह देवताओं के पीछे जाने के लिए इच्छा नहीं किया। तब देवताओं ने उस (पशु) से कहा कि हे पशु ! तुम्हारे साथ हम लोग स्वर्गलोक को जाएंगे। उस (पशु) ने (स्वीकार करते हुए कहा कि) ठीक है। अग्नि उस (पशु) के आगे–आगे गमन किया। वह (पशु) अग्नि के पीछे–पीछे चला। (उमेशप्रसादसिंहः, २०१६) २६४।

यसमा नेवार तान्त्रिकहरूले बलिसहितको तान्त्रिक पूजामा अग्नि प्रज्वलित गरि यज्ञ नभएको अवस्थामा पनि पशुलाई अग्नि संस्कार गरी स्वर्ग गमन गराउने गर्छन्। त्यसको लागि बलिको पशुलाई पर्साउनु अगाडि पूजा गर्छ र बत्ती दिएर अग्नि साथै भएको देखाउँछ, बत्ती बलिको अगाडि राख्छ। बलि दिइसकेपछि पनि पुनः पूजा गरी तान्त्रिक आराधनासहित स्वर्ग गमनको लागि सहज गर्न स्वयं बलिको टाउकोमा अलि ठूलो मोटो बत्तीको अग्नि राखेर त्यसमाथि कुलद्रव्य खन्याएर तेजिलो पार्छ र (स्वर्गगमनको सहजताको लागि) एकछिन त्यस ठाउँलाई एकान्त गर्छ। यो ऐतरेय–ब्राह्मणले बताएको विधि अनुरूप नै हुनुपर्छ।

१६. सप्तम पञ्चिका में श्रौत हविर्द्रव्य के रूपमें छाग (अज) को ग्रहण किया गया है। उस छाग के किन–किन अङ्गों को कौन–कौन देवता ग्रहण करते हैं, इसको सविस्तार वर्णित किया गया है। यज्ञ में समागत समस्त ऋत्विजो द्वारा अथवा दीक्षित यजमान अथवा उनकी पत्नीद्वारा यज्ञ कर्म में होने वाले प्रमादों के प्रायश्चित्त का भी उल्लेख किया गया है। इसी प्रकार यज्ञभूमि मार्जार आदि पशुओं के मृत होने पर अथवा यजमान के परिवार में किसी स्त्री के प्रसूता होने आदि विविध प्रकार के अप्रासङ्गिक कर्म होने पर उसकी निवृत्ति के लिए विभिन्न देवताओं को उद्देश्य बनाकर तज्जन्य दोष–निवृत्ति का विधान है। (उमेशप्रसादसिंहः, २०१६) भूमिका पेज १०।

Raj Kishore

ॐ अग्निर्वै देवानामवमो विष्णुः परमस्तदन्तरेण सर्वाः अन्याः देवताः[१७]

(उमेशप्रसादसिंहः, २०१६)१।

युधिष्ठिरले गर्नु भएको अश्वमेध यज्ञमा बलि दिएको घोडा भगवान् श्रीकृष्णको मुखमा प्रवेश गरेको र सिङ्गो टाउको सूर्यमा प्रवेश गरेको महाभारतमा उल्लेख छ । माथि उल्लेखित श्लोकले अग्निको मुखबाट भगवान् विष्णुले अग्निमा होम गरेको हव्य ग्रहण गर्नु हुन्छ भन्ने बोध हुन्छ । महाभारतमा उल्लेख अश्वमेधयज्ञको घोडाको तेज र टाउकोको प्रवेशले विष्णु लगायतका सबै देवता यज्ञमा दिइको पशुबलि र पशुका अङ्ग हविको रूपमा ग्रहण वा भोजन गर्नुहुन्छ भन्ने कुरा स्पष्ट भएको छ। यसले कुनै पनि देवताले बलि दिएको पशुलाई हविको रूपमा ग्रहण गर्नुहुन्छ भन्ने पनि ज्ञात हुन्छ।

ऋग्वेदीय श्रौतसूत्र

ऋग्वेदीय श्रौतसूत्रको रूपमा निम्न तीन वटालाई मानिन्छ – १ आश्वलायन श्रौतसूत्र, २. साङ्ख्यायन श्रौतसूत्र र ३. कौषीतकि श्रौतसूत्र । (त्रिपाठी, २००३: प्रस्तावना १२)।

वैदिक परम्परागत यज्ञकार्य तथा कर्मकाण्डमा ऋग्वेद तथा यजुर्वेद दुवै वेदको प्रयोग र यज्ञमा कुशकण्डिका भने कात्यायनश्रौतसूत्र सबैभन्दा बढी प्रयोगमा देखिन्छ। नेपाल र भारतमा हुने कर्मकाण्डमा यिनै ऋग्वेद तथा शुक्लयजुर्वेद त्यसका ब्राह्मण ग्रन्थहरू ऐतरेय-ब्राह्मण, शतपथ-ब्राह्मण, कात्यायन श्रौतसूत्र, आश्वलायन श्रौतसूत्र तथा यससँग सम्बन्धित ग्रन्थहरूमा अश्वमेध यज्ञबारे उल्लेख भएका छन्।

शतपथ-ब्राह्मण

यज्ञ आरम्भ गर्नु अगाडि यज्ञको लागि सामग्रीको जोरजाम आवश्यक हुन्छ। यज्ञको सामग्रीमा मुख्यतया आहुति दिने वस्तु, समिधा लगायत पशु पनि एक हो। किनकि पशु अग्नि भएको वस्तु भनि शतपथब्राह्मणले भन्छ –

तत्सम्भाराणाꣳसम्भारत्वं यत्रयत्राग्नेर्न्यक्तं ततस्ततः सम्भरति तद्यशसेव

---

१७. यो श्लोक ऐतरेय-ब्राह्मणको पहिलो पञ्चिका, पहिलो खण्डको पहिलो श्लोक हो।

Raj Kishore

त्वदेवैनमेतत्समर्धयति पशुभिरिव त्वन्मिथुनेनेव त्वत्सम्भरन् २।१।१।१॥[१८]

(उपाध्याय, १९७०) २०६।

यज्ञमा यूप हुन्छ नै। यूप राख्नु नै पशुलाई बाँध्नु र बलि दिनको लागि हो। यज्ञको एक प्रमुख हवि नै पशु हो। पशुलाई हविको रूपमा अग्निमा होम गर्नु नै अग्निको नियम हो, प्रतिष्ठा हो भन्ने कुरा शतपथब्राह्मणमा यसरी वर्णन गरेको पाइन्छ–

पशुश्च वै यूपश्च। न वा ऋते यूपात्पशु मालभन्ते कदा चन तद्यत्तथा न ह वा एतस्मा अग्रे पशवश्चक्षमिरे यदन्न मभविष्यन् यथेद मन्नं भूता यथा हैवायं द्विपात्पुरुष उच्छ्रित एव हैव द्विपाद उच्छ्रिताश्चेरुः॥ ततो देवा एतं वज्रं ददृशुः। यद्यूपं त मुच्छिश्रियुस्तस्माद्भीषा प्राव्लीयन्त ततश्चतुष्पादा अभवंस्ततोऽन्नमभवन् यथेद मन्नं भूता एतस्मै हि वा एतेऽतिष्ठन्त तस्माद्यूप एव पशु मालभन्ते नर्ते यूपात्कदा चन॥ अथोपाकृत्य पशुम्। अग्निं मथित्वा नियुनक्ति तद्यत्तथा न ह वा एतस्मा अग्रे पशवश्चक्षमिरे यद्धविरभविष्यन् यथैनानिद७हविर्भूतानग्नौ जुह्वति तान्देवा उपनिरुरुधुस्त उपनिरुद्धा नोपावेयुः॥ ते होचुः। न वा इमेऽस्य यामं विदुर्यदग्नौ हविर्जुह्वति नैतां प्रतिष्ठा मुपरुध्यैव पशूनग्निं मथित्वाग्नावग्निं जुहवाम ते वेदिष्यन्त्येष वै किल हविषो याम एषा प्रतिष्ठाग्नौ वै किल हविर्जुह्वतीति ततोऽभ्यवैष्यन्ति ततो रातमनस आलम्भाय भविष्यन्तीति॥ त उपरुध्यैव पशून्। अग्निं मथित्वाग्नावग्नि मजुहवुस्तेऽविदुरेष वै किल हविषो यामः एषा प्रतिष्ठाग्नौ वै किल हविर्जुह्वतीति ततोऽभ्यवायंस्ततो रातमनस आलम्भायाभवन्॥ तथो एवैष एतत्। उपरुध्यैव पशुमग्निं मथित्वाग्नावग्निं जुहोति स वेदैष वै किल हविषो याम एषा प्रतिष्ठाग्नौ वै किल हविर्जुह्वतीति ततोऽभ्यवैति ततो रातमना आलम्भाय भवति तस्मादुपाकृत्य पशुमग्निं मथित्वा नियुनक्ति॥ तदाहुः। नोपाकुर्यान्नाग्निं मन्थेद्रशना मेवादायाञ्जसोपपरेत्याभिधाय नियुञ्ज्यादिति तदु

१८. यही (भिन्न भिन्न आवश्यक) वस्तुओं का इकट्ठा करना तैयारी है। जिस जिस वस्तु में अग्नि रहता है उसी उसी वस्तु में तैयारी की जाती है। इस तैयारी मे यज्ञ से, पशुओं से और मिथुन अर्थात् जोड़े से युक्त करता है। (उपाध्याय, १९७०) २०६।

तथा न कुर्याद्यथाधर्मं तिरश्चथा चिकीर्षेदेवं तत्तस्मादेतदेवानुपरीयात् [१९] ॥ ३.७.३.१-७॥ (उपाध्याय, १९७०) ४८४-८५।

पशु बलि दिइसकेपछि राक्षसको भागको लागि रक्त दिनुपर्ने, नदिएमा राक्षस त्यही यज्ञमा यज्ञको कुनै भाग पाउनको लागि बसिरहने कुरा उल्लेख छ। यसबाट यज्ञमा पशुबलि दिनुपर्ने र पशुबलि नदिने यज्ञमा पायस पकाउँदा धान कुट्ने र निफन्ने गरिन्छ। निफन्दाको धानको भुस भए पनि राक्षसलाई दिएर राक्षसलाई यज्ञबाट पन्छाउनु पर्ने विधान रहेको देखिन्छ –

ततो देवाः । सर्वं यज्ञꣳसंवृज्याथ यत्पापिष्ठं यज्ञस्य भागधेयमासीत्तेनैनान्निरभजन्नस्ना पशोः फलीकरणैर्हविर्यज्ञात्सुनिर्भक्ता असन्नित्येष वै सुनिर्भक्तो यं भागिनं निर्भजन्त्यथ यमभागं निर्भजन्त्यैव स तावच्छꣳसतऽउत हि वशे लब्ध्वाह किं मा बभक्थेति स यमेवैभ्यो देवा भागमकल्पयंस्तमेवैभ्य एष एतद्भागं करोत्यथ यदधोऽधः कृष्णाजिनमुपास्यत्यनग्ना वेवैभ्य एतदन्धे तमसि प्रवेशयति तथोऽएवासृक्पशो

---

१९. पशु भी और यूप भी। बिना यूप के पशु कभी नहीं मारा जाता। ऐसा इसलिये होता है कि पहले पशुओं ने अन्न अर्थात् खाद्यपदार्थ बनना स्वीकार नहीं किया। क्योंकि जैसा आजकाल मनुष्य दो पैरो पर खड़ा चलता है उसी प्रकार पशु भी दो पैरों पर और खडे खडे चलते थे॥ तव देवों उस वज्र को देखा जिसका नाम यूप है। उन्होंने उस युप को स्थापित किया, और उसके डर से पशु मुकुड गये और अन्न बन गये। जैसा कि अव हो गये हैं, क्योंकि उन्होंने मान लिया है। इसलिये पशु को यूप पर ही मारते हैं बिना यूप पे कभी नहीं मारते॥ पशु को लाकर, अग्नि को मथ कर पशु को यूप से बांधते है। ऐसा क्यों करते है ? पहले पशुओं ने यह बात स्वीकार नहीं की वे हवि बन जायें। जैसे वे अव हवि बन गये है और अग्नि में बलि दिये जाते है। उनको देवों ने वश में किया। इम प्रकार वश में होकर भी वे न माने॥ उन्होंने कहा, 'यह पशु इस नियम (याम) को नहीं जानते कि अग्नि में आहुति दी जाती है और न इस (अग्नि रूपी) प्रतिष्ठा को मानते हैं। पशुओं को लाकर और आग को मथकर अग्नि में अग्नि की आहुति दें। तब यह जान लेंगे कि हवि का नियम यह है और अग्नि की यह प्रतिष्ठा है। अग्नि में ही आहुति दी जाती है। तव वह मान जायेंगे और मारे जाने के लिये तैयार हो जायेंगे॥ तब पशुओं को लाकर, आग की मथवर उन्होंने अग्नि में अग्नि की आहुति दी। तब पशुओं ने जाना कि हवि का यह नियम है, अग्नि की यह प्रविष्ठा है और अग्नि मे ही हवि की आहुति दी जाती है। तब वे पशु मान गये और बलि के लिये तैयार हो गये॥ इसी प्रकार यह भी पशुओं को लाकर, अग्नि को मथकर, अग्नि में अग्नि की आहुति देता है। यह (पशु) जान लेता है कि हवि का नियम क्या है ? अग्नि की प्रतिष्ठा क्या है। अग्नि में ही हवि की आहुति दी जाती है। इसलिये वह मान जाता है और बलि के लिये तैयार हो जाता है। इसीलिये पशु को लाकर और अग्नि को मथकर वह पशु को (यूप से) बांधता है॥ इसके विषय मे कहते हैं कि न तो पशु को लाये और न अग्नि को मथे। केवल रस्सी को लेकर और सीधा जाकर रस्सी को डालकर पशु को बांध ले॥ परन्तु ऐसा न करना चाहिये। यह बात ऐसी ही होगी जैसे कोई चुपके चुपके नियम का उल्लंघन गरे। इसलिये उसको वहाँ जाना ही चाहिये॥ (उपाध्याय, १९७०) ४८४-८५।

Raj Kishore

रक्षसां भागोऽसीत्यनग्नावन्धे तमसि प्रवेशयति तस्मात्पशोस्तेदनी न कुर्वन्ति रक्षसाऽहि स भागः ॥ १।९।२।३५॥ (उपाध्याय, १९७०) १९५।[२०]

हिंसा र अहिंसाको परिभाषा

यज्ञमा दिएको पशुबलि शास्त्रीय दृष्टिकोणले पशुको मुक्ति र स्वर्गगमनको सुन्दर मार्ग हो, हिंसा होइन । यस विषयमा माथि उल्लेखित ऋग्वेद १।१६२।२०। र यजुर्वेद २३।१६ को मन्त्र **"न वा उ एतन्म्रियसे न रिष्यसि देवाँ २॥ इदेषि पथिभिः सुगाभेः ।"** जसको अर्थ हे यज्ञिय घोडा ! तिमीलाई यहाँ बलिको लागि काटिन्छ। काटे पनि तिमी मर्दैनौं (देह मरे पनि, जुन एकदिन सबै मर्ने पर्छ) र तिमी नष्ट पनि हुने छैनौं (मरेपछि देह पञ्चतत्त्वमा मिल्नै पर्छ, मिल्दा नष्ट हुनै पर्छ, तर तिमी यहाँ देवताको लागि समर्पण हुने हुनाले नष्ट भएको मानिँदैन, किनकि दान दिएको वस्तु वा कसैको कामको लागि उत्सर्ग गरेको वस्तु नष्ट भएको मानिँदैन) तिमी तत्काल सुगम देवयानको बाटो भएर देवतासँगै स्वर्गलोकमा जानेछौ ।

हिंसा र अहिंसाबारे विद्वान्हरू जुनसुकै मत राखेतापनि व्यक्तिगत आग्रह-पूर्वाग्रह रूपमा राखेका मतले वेद र वैदिक शास्त्रको भनाइलाई खण्डन गर्न वा तोडमोड गर्न सक्दैन (जस्तो संविधानलाई कानूनले काट्न सक्दैन) । वैदिक शास्त्रलाई वैदिक शास्त्रको आधारमा नै व्याख्या गर्नु पर्ने हुन्छ। हिंसा के हो भन्ने बारे स्वयं ऋग्वेद भन्छ –

त्वं तं देव जिह्वया परि बाधस्व दुष्कृतम् ।

मर्तो यो नो जिघांसति ॥६।१६।३२॥[२१] -सान्तबलेकर, १९४०)३४६।

---

२०. अब देवों ने सब यज्ञ पर स्वत्व कर लिया । जो यज्ञ का बुरा भाग था वह उन असुरों को दे दिया जैसे (यज्ञ के) पशु का रक्त और हविर्येज्ञ के चावल की भूसी । उन्होंने कहा, 'इनको यज्ञ का कोई भाग न मिले' । क्योंकि जिसको यज्ञ या बुरा भाग मिलता है वह न मिलने के ही बराबर हैं, और जिसको कुछ भी नहीं मिलता उसे कुछ आशा होती है और कहता है, 'तुने मुझको कौन सा भाग दिया है'? इसलिये जो भाग देवों ने असुरों के लिये रक्खा था वही भाग वह उन असुरो को देता है। अर्थात् (इस भूसी को) हिरन के चमड़े के नीचे फेंक देता है। इस प्रकार वह इसे अन्धकार में डालता है, जहाँ आग नहीं है। इसी प्रकार पशु का रक्त भी अन्धकार मे डालता है। यह कहकर कि तू राक्षसों का भाग है। इसलिये (यज्ञ में) प्रयुक्त नहीं करते क्योंकि यह राक्षसों का भाग है। (उपाध्याय, १९७०) १९५।

२१. भावार्थ – हे दानशील देव ! तपाईं शत्रुलाई ध्वस्त गर्ने र त्यसमाथि विजय प्राप्त गर्ने देवता हो। जुन मानिस हामीलाई मार्न चाहन्छ त्यस दुष्ट प्रवृत्ति राख्ने पापीलाई तपाईं आफ्नो वाणी वा आज्ञा दिएर अरूबाट भए पनि नष्ट (मृत्यु) गर्नोस् ।

Raj Kishore

यसबाट स्पष्ट हुन्छ वेदले अहिंसाको बाटो लिएतापनि जब कोही अधर्ममा हिंस्रक हुन्छ त्यसलाई हिंसा कै बाटोबाट पन्छाउँछ। हिंसा समय परिस्थिति र कार्यमा भर पर्दछ। यसै सन्दर्भमा सबै ऋषिले सर्वसम्मतिले मानेका मनुको विचारलाई यहाँ पस्कने अनुमति माग्दछु –

गुरुं वा बालवृद्धौ वा ब्राह्मणं वा बहुश्रुतम्।
आततायिनयान्तं हन्यादेवाविचारयन् ॥ मनु० ८।३५०॥

(द्विवेदी ग. , १९१७) ३०५।[२२]

श्रीमद्भागवत महापुराण

वैष्णव धर्ममा सबैभन्दा बढी वाचन गर्ने श्रीमद्भागवत महापुराणमा समेत पशुलाई शास्त्रले भनेको विधिविधान तथा कर्मको लागि गरी (शिकार गर्न चाहने राजाले वनमा गएर) अनिषिद्ध पशु मार्नु र (प्रसादको रूपमा) खानू, व्यर्थ पशु हिंसा नगर्नू। शास्त्रले विधि विधान नगरी पशु हिंसालाई नियन्त्रण गर्दछ –

तीर्थेषु प्रतिदृष्टेषु राजा मेध्यान् पशून् वने।
यावदर्थमलं लुब्धो हन्यादिति नियम्यते ॥४।२६।६॥

(पौराणिक, पं. राममूर्तिशास्त्री, १९९३) ३३७।

आदिशंकाराचार्य

ब्रह्मसूत्र एवं धेरै वेदोपनिषदादिको व्याख्या गर्नु भएका आदिशंकाराचार्यले "अशुद्धमिति चेन्न शब्दात्" को व्याख्याको क्रममा भन्नु भएको कुरालाई हेरौँ–

शास्त्रहेतुत्वाद्धर्माधर्मविज्ञानस्य । ...शास्त्राच्च हिंसानुग्रहात्मको ज्योतिष्टोमो धर्म इत्यवधारित स कथमशुद्ध। ... तस्माद्विशुद्दं वैदिकं कर्म, शिष्टैर नुष्ठीयमानत्वादनिन्द्यमानत्वाच्च ॥३।१।२५। (षट्शास्त्री, १९८२) ६९४।[२३]

२२. भावार्थ – गुरु होस् वा बालकै किन नहोस् वा वृद्ध मानिस वा धेरै श्रुत जान्ने (वेद वेदाङ्ग पारंगत) ब्राह्मण नै किन नहोस् जो कोहि पनि यदि आततायी भएर आउँछ भने त्यसलाई बिना विचार तुरुन्तै मार।

२३. भावार्थ– धर्म अधर्मको निर्णय शास्त्रले गर्ने हो। ज्योतिष्टेम आदि वैदिक यज्ञमा जुन पशुजन्य हवि दिनुपर्ने विधान छ त्यो शास्त्रीय विधान हो। शास्त्रमा भनेका (पशुवलि र पशुवलि पश्चात् ती पशुका अङ्ग हविको रूपमा दिनु) विधिविधान पनि शास्त्रीय नै हुन्। त्यसलाई हिंसाको हेर्नु हुँदैन, हिंसा होइन, धर्म नै हो।

वैष्णव आचार्य रामानुजाचार्य

Raj Kishore

वैष्णव धर्मका अग्रणी गुरु रामानुजाचार्यले भन्नुभएको छ–

अग्नीसोमीयादेः संज्ञपनस्य स्वर्गलोक प्राप्ति हेत्रुतया हिंसात्वाभावः, शब्दात्। पशोर्हि संज्ञपन निमित्तां स्वर्गलोक प्राप्तिवदंतं शब्दमामनंति "हिरण्यशरीर ऊर्ध्वः स्वर्ग लोकमेति" इत्यादिकम्। अतिशयिताभ्युदयसाधनभूतव्यापारोऽल्प दुःखदोऽपि न हिंसा, प्रत्युत् रक्षणमेव। तथा च मंत्रवर्णः–"न वा उ एतस्मिनम्रियसे न रिष्यसि देवान इदेषि पथिभिः सुगेभिः। यत्र यति सुकृतो नापि दुष्कृतस्तत्रत्वा देवः सविता दधातु" इति।[२४] (गोस्वामी, २०३०)पेज ९२२।

स्वामी करपात्री

पशुबलिको विरोधमा लागेर निकै ख्याति कमाएका भारतका धर्मसम्राट् भनिएका हरिहरानन्द सरस्वती ब्रह्मस्वरूप स्वामी करपात्रीजी महाराजले वेदार्थ पारिजात पुस्तकमा गीताप्रेसको महाभारत (षष्ठ खण्ड) मा पृष्ठ ४७१ मा उल्लेखित श्लोकलाई उद्धृत गर्दै अश्वमेध यज्ञ र त्यसमा दिइने बलिबारे लेख्नु भएको सान्दर्भिक हुने देखि यहाँ उद्धृत गर्न अनुमति माग्दछु –

तं वपा धूपगन्धं तु धर्मराजः सहानुजैः। उपाजिध्रद् यथाशास्त्रं सर्वपापापहं तदा॥ (महाभारत आश्वमेधिकपर्व ८९।४)

साधारणाश्ववसामांसादीनामग्नौ दुर्गन्धमसह्यं भवति । परन्तु वैधानिकप्रक्रिययातस्यरक्तादेर्दिव्यत्वेसत्येववपाहोमधूमआघ्रेयः पापनाशकश्च भवति।

अश्वमेध यज्ञ में यद्यपि अश्वका प्रत्यक्ष उपयोग किया जाता है, तथापि

२४. अग्नीसोमीय आदि जो हिंसा की विधि है, वह स्वर्ग लोक की प्राप्ति का हेतु है, इसलिए उसे अहिंसा शब्द से प्रयोग किया गया है। पशु के विधिपूर्वक वध करने पर स्वर्गलोक की प्राप्ति का स्पष्ट उल्लेख, श्रुति में है "हिरण्य (स्वर्णमय) शरीर धारण करके, ऊर्ध्वगामी स्वर्गलोक प्राप्त करता"इत्यादि। अत्यंत अभ्युदय की साधन रूपा क्रिया थोड़ी दुखदायी भी हो तो उसे हिंसा नहीं कहते अपितु वह रक्षण ही है। वैदिकमंत्र में भी जैसे - "हे पशु। इस प्रकार के वध से तुम मरते नहीं, और न हिंसित ही होते हो, तुम सरल रीति से देवमार्ग को प्राप्त हो रहे हो। जहाँ पुण्यवान् हो जाते हैं, पापी नहीं जाते, उस स्थान में सवितादेव तुम्हें पहुँचायें।" इत्यादि। (गोस्वामी, २०३०) पेज ९२२।

Raj Kishore
विशिष्ट विधानों से तथा ओषधियों से उसका कायाकल्प किया जाता है, उस कारण दिव्यता प्राप्त होती है। सभी अश्व, अश्वमेध के योग्य नहीं होते। केवल श्यामकर्ण अश्व ही उस यज्ञ के योग्य रहता है, जो अत्यन्त दुर्लभ है। बृहदारण्यक में प्रजापति और अश्व दोनों में अभेद बुद्धि करके उसकी उपासना भी बताई है। कायाकल्प होने से दिव्यभावापन्न हुए उस अश्व के रक्तादि सभी धातु शुद्ध हो जाते है। उसको वपाका होम करने पर निकलनेवाला वपाधुम गन्ध, पापनाशक माना गया है। साधारण अश्व की वसा, मांस आदि अग्नि में जलने पर अत्यन्त दुर्गन्ध फैलती है, किन्तु वेदोक्त वैधानिक प्रक्रिया से उसके रक्तादि धातुओं में दिव्यता आने के कारण ही वपाहोम धूम, आध्रेय और पापनाशक हो जाता है। उसके शरीर से दूधकी धार प्रवाहित होतो है, उसका शरीर कर्पूरमय हो जाता है, कर्पूर की सुगन्ध सर्वत्र महकने लगती है। उसके शरीर से निकला तेज भगवान् के मुख में प्रविष्ट हो जाता है। जैसे धन्वन्तरी के समान महान् वास्तविक आयुर्वेदवेत्ता वैद्य लोग वृद्धको भी कायाकल्प के द्वारा युवा बना देने की क्षमता रखते हैं, और वृद्ध को युवा बना देते है, उसी तरह वेद विहित विशिष्ट विधानों से भोजनों से, मन्त्रों के द्वारा ऋषिगण अश्व में दिव्यत्व प्राप्त करा देते थे, किन्तु आज कलियुग में "यह सब यथाविधि-विधानका होना संभव न देखकर कलियुग में इस यज्ञ के अनुष्ठान का निषेध कर दिया गया है। जैसे योगी लोक नेति, धौती, वस्त्रवस्ति, वज्रोली, प्राणायाम आदि विविध यौगिक प्रक्रियाओं से अपने देह का शोधन कर अपने शरीर को शुद्ध प्रतिश्यायादिरहित करते हैं।

उसी तरह अश्वमेधीय अश्वका शरीर वेदविहित विविधविधियों से मलरहित शुद्ध किया जाता है। पेज (करपात्री, १९७९)२०८४-८६।

पशुबलिको विरोध गर्नेहरू प्रमुखतया बौद्ध, जैन, वैष्णवहरू हुन्। बौद्ध, जैन, वैष्णव शिक्षाअनुसार उहाँहरूले पशुको मासु माछा खान हुँदैन। मासु माछा नखानेहरूले विरोध गर्नु अस्वाभाविक छैन। तर जो माछा मासु खान्छन् तर पशुबलि दिन हुँदैनन् भन्छन् त्यसमा कुनै खतरनाक स्वार्थ लुकेको हुनसक्छ। बौद्ध धर्म मान्नेहरू मध्ये धेरै व्यक्ति मासु माछा खान्छन् तर सामान्यतया: जैन र वैष्णव धर्मका अनुयायीहरू खाँदैनन् भन्ने विश्वास गरिन्छ। जैन र वैष्णव धर्मका अनुयायीहरूले माछा मासु नखाए पनि वैष्णव शास्त्र एवं पुराणले खान नहुने भनेको छैन। वैष्णव

Raj Kishore

धर्मका प्रमुख पुराणले वेदमा उल्लेख गरिएजस्तै यज्ञमा पशु बलि दिनू र देव कार्यमा बलि दिएका बाहेक अन्य पशु मारेर नखानू भनेको छ। जुन माथि उल्लेखित वेद, श्रीमद्भागवत, ऋषि मनु, आदिशंकाराचार्य लगायतका भनाइले पुष्टि गरेको छ।

बौद्ध धर्मको एक ग्रन्थ धम्मपद गा. १२९ अनुसार मगधका राजा बिम्बसारले अश्वमेध यज्ञ गर्न लागेकोमा बुद्ध भगवान्ले प्राणीको बलि नदिन अनुरोध गरेको थियो।[२५] तर बुद्ध धर्ममा बलि पटक्कै नहुने होइन, हुन्छ। बौद्ध धर्मावलम्बीमाझ श्री करुणामय, पद्मपाणि आर्यावलोकितेश्वर, लोकनाथ आदि नामले पुकारिने र सम्पूर्ण पूजा जात्रामा बौद्धहरूको वर्चस्व भएको श्री मच्छिन्द्रनाथको रथमा पनि बलि दिने चलन अद्यावधि नै छ।

ऐतिहासिक प्रमाण सिन्धुघाटी सभ्यताको हडप्पा र मोहनजोदारोमा बोका बलि

पशुबलिको प्रामाणिक ऐतिहासिक प्रमाण खोज्ने सन्दर्भमा पूर्वीय सभ्यताको एक प्रामाणिक सिन्धुघाटी सभ्यताको हडप्पा र मोहनजोदारो हो। त्यहाँ उत्खनन् हुँदा पाइएका केही छाप (शिल्ड) मध्ये एकमा लामो कपाल भएको नग्न देवता, बीचमा पातको झरना भएको एक जोडी सिङ, वा त्रिशूल, सिङहरू र बाहुलीहरू छन्; रूखको अगाडि एक आधा घुँडा टेकेको उपासक देखिन्छ, साथै लामो कपाल, पाखुरा र सिङहरू जसको पछाडि मानव अनुहार भएको बाख्रा उभिएको छ। जसलाई पुरातत्त्ववेत्ता जोन मार्सलले कपाल भएको नग्न देवतालाई पृथ्वीमाताको आद्यरूप र देवीको रूपमा व्याख्या गर्नुभएको छ। त्यतिबेला मातृदेवको लागि बलि दिने परम्परा बसिसकेको सहज अनुमान गर्न सकिन्छ।[२६]

अश्वमेध यज्ञमा यज्ञको घोडाको वध गरिन्छ। घोडाको बलि दिने प्रमाणको रूपमा ऋग्वेददेखि रामायण, महाभारत र थुप्रै ब्राह्मणग्रन्थ र श्रौतसूत्रलाई लिन सकिन्छ।

---

२५. https://nepalbhasatimes.com/41339, उर्मिला ताम्राकारको लेख बुद्धधर्मय् ला नये ज्यू कि मज्यूमा उल्लेख गरेको।

२६. यस विषयमा थप जानकारीको लागी जीतेन्द्र बनर्जीको त्जभ म्भखभयिऊभलत या ज्ष्लमग क्षअयलयनचबउजथ पेज १६८ पढ्नु हुन अनुरोध।

Raj Kishore

रामायण

रामायणमा राजा दशरथले गरेजस्तै गरी अश्वमेध यज्ञ गर्न वेदव्यास ऋषिले राजा युधिष्ठिरलाई सल्लाह दिए। त्यसको लागि महाभारतको निम्न श्लोकलाई प्रस्तुत गर्न चाहन्छु –

यजस्व वाजिमेधेन विधिवद्दक्षिणावता । बहुकामान्नवित्तेन रामो दाशरथिर्यथा ॥ अश्वमेधपर्व १४।३।९॥ (उल्लेख)छैन, महाभारत (षष्ठ खण्ड) अश्वमेधपर्व, उल्लेख छैन : १८)।

यसबाट बुझ्न सकिन्छ, महाभारतमा भएको यज्ञ रामायणमा दशरथले गरे जस्तै हो। रामायण र महाभारतमा यज्ञ कसरी गरियो भन्नेबारे विस्तृतमा पाइँदैन। यसबारे ब्राह्मणग्रन्थ र श्रौतसूत्रहरूमा विधिसहित उल्लेख छ। उल्लेख भएकामध्ये केही प्रस्तुत गर्ने अनुमति चाहन्छु –

नियुक्तास्तत्र पशवस्तत्तदुद्दिश्य दैवतम्। उरगाः पक्षिणश्चैव यथाशास्त्रं प्रचोदिताः॥ शामित्रे तु हयस्तत्र तथा जलचराश्च ये। ऋत्विग्भिः सर्वमेवैतन्नियुक्तं शास्त्रतस्तदा॥ पशूनां त्रिशतं तत्र यूपेषु नियतं तथा। अश्वरत्नोत्तमं तत्र राज्ञो दशरथस्य च॥ कौसल्या तं हयं तत्र परिचर्य समन्ततः। कृपाणैर्विशशासैनं त्रिभिः परमया मुदा॥ पतत्त्रिणा तदा सार्धं सुस्थितेन च चेतसा। अवसद्रजनीमेकां कौसल्या धर्मकाम्यया॥ होताऽध्वर्युस्तथोद्गाता हयेन समयोजयन्। महिष्या परिवृत्त्या च वावातां च तथा पराम्॥ पतत्त्रिणस्तस्य वपामुद्धृत्य नियतेन्द्रियः। ऋत्विक्पर मसम्पन्नः श्रपयामास शास्त्रतः॥ धूमगन्धं वपायास्तु जिघ्रति स्म नराधिपः। यथाकालं यथान्यायं निर्णुदन्पापमात्मनः॥ हयस्य यानि चाङ्गानि तानि सर्वाणि ब्राह्मणाः। अग्नौ प्रास्यन्ति विधिवत् समन्त्राः षोडशत्विवजः॥ त्र्यहोऽश्वमेधः संख्यातः कल्पसूत्रेण ब्राह्मणैः। चतुष्टोममहस्तस्य प्रथमं परिकल्पितम्॥ उक्थ्यं द्वितीयं संख्यातमतिरात्रं तथोत्तरम्। कारितास्तत्र बहवो विहिताः शास्त्रदर्शनात्॥ ज्योतिष्टोमायुषी चैवमतिरात्रौ च निर्मितौ। अभिजिद्विश्वजिच्चैवमप्तोर्यामो महाक्रतुः ॥१।१४।२८–३६, ३८।४०॥ (शर्मा, १९२७ : ११२–११५)।[२७]

---

२७. भाव – शास्त्रमा जुन विधि बताएको छ त्यस्तै तरिकाले जुन देवताको लागि जुन जुन पशु चाहिएको हो सोही पशुलाई तोकिएको यूपमा बाँधियो। विधि विधान अनुसारका कर्म गर्न चाहिने अरू पशु, पक्षी पनि यज्ञशालामा ल्याएर यथास्थानमा राखियो। ती घोडा लगायत पशु, पक्षी, सर्प, कछुवा आदि यज्ञको लागि हविस्वरूप

RajKishore

रामायणको माथि उल्लेखित [illegible]मध्ये अश्वमेध यज्ञ गर्दा सँगसँगै गर्नु पर्ने अन्य यज्ञ मध्ये केही यज्ञमा के कस्तो विधि अपनाउँछ, त्यसमा बलिप्रथा कस्तो हुन्छ के कस्तो पशु बलि चढाउँछ आदिको पनि तल सन्दर्भ आउँदा र शब्दार्थमा छोटकरीमा प्रस्तुत गरिने छ।

महाभारत

महाभारतमा अश्वमेध यज्ञमा घोडाको बलि महर्षि धौम्यको आज्ञा पश्चात् भगवान् श्रीकृष्णको रोहवरमा भीमसेनले गरे। विधिविधान र भावले गर्दा घोडाको अङ्ग कपूरमा परिणत भयो; तत्क्षण नै घोडाको आत्मा अर्थात् तेज भगवान् श्रीकृष्णको मुखमा प्रवेश गर्यो। घोडाको अङ्ग अर्थात् कपूर यज्ञमा होम गरे। स्वयं इन्द्रदेवले ती होमलाई अक्षय तृप्ति नहुञ्जेल ग्रहण गरे। यी विवरण उल्लेख भएको महाभारतको ६४ औँ अध्यायको निम्न केही श्लोक उद्धृत गर्न अनुमति चाहन्छु।

> धौम्य उवाच ॥ भीम खड्गं समादाय तिष्ठ त्वं निश्चलः क्षणम् ॥
> यावत् परीक्षां कुर्वेऽहं वाजिनोऽस्य महामते। ततो धौम्यो हयस्याशु वामकर्णं

आहुति गर्न ऋत्विज्हरूले शास्त्रले निर्देश गरे बमोजिम यथास्थानमा बाँधे। ती यूपमा शास्त्रानुसार तीन सय संख्यामा पशु बाँधियो र (थप, अश्वमेध यज्ञको लागि एक वर्ष अगाडि देशदेशावरमा घुमेर आएको विशेष) घोडालाई स्वयं महाराज दशरथले बाँध्नु भयो। महारानी कौशल्याले अश्वमेध यज्ञको घोडालाई विधिविधान अनुसार गर्नुपर्ने पूजा अति प्रसन्न भएर गर्नु भयो। तत्पश्चात तीन वटा तलवार प्रयोग गरेर त्यस घोडालाई टुक्रा गरे। त्यसपछि धर्मसिद्धिको कामना गर्दै महारानी कौशल्याले त्यस मृत घोडालाई रक्षा गर्न त्यही घोडासँग बिना घृणा (लाससँग घृणा नमानी) र डर नमानी मनमा चाहना राखेर (त्यस यज्ञ राजा दशरथको सन्तान नभएकोले पुत्र पैदा गर्ने हेतुले गरेको थियो। यस कुरा यसै श्लोकको ४१ मा यसको कारण स्वकुलवर्धन भनि लेखिएको छ। त्यसैले यहाँ चाहनाले त्यही कुरालाई सम्बोधन गर्छ। महारानी घोडासँग सुतेपछि अध्वर्युले घोडा र महारानीलाई नदेखिने गरी कपडाले छोप्नु पर्ने विधान पनि छ। त्यस भित्र गर्ने विधान अश्लील हुन्छ।) त्यही एक रात बिताउन सुलु भयो। त्यसपछि होता, अध्वर्यु, उद्गाताहरूले महाराज दशरथका अन्य वैश्य, शुद्र रानीहरूलाई पनि महारानी कौशल्याका साथ उही कार्य गर्न गराउन भयो। जितेन्द्रीय ऋत्विज्हरूले त्यस घोडाको बोसो निकालेर विधिअनुरूप अग्नि चढायो र पकायो पनि। यज्ञको अग्निमा चढाएको अर्थात् आहुति दिएको त्यस बोसोको गन्ध र कालोकालो रंगको धुवाँ महाराज दशरथले शास्त्रविधि अनुसार आनन्दमनले सुँघेर आफ्ना सबै पापलाई पखाले। त्यस यज्ञमा सम्मिलित प्रमुख सोह्र ऋत्विज्हरूले यज्ञमा बलि दिएका घोडाको थरीथरीका अङ्ग काटेर विधिवत् अग्निमा हवन गरिरहे। कल्पसूत्र र ब्राह्मणग्रन्थ (ऋग्वेदको ऐतरेय-ब्राह्मण र यजुर्वेदको शतपथ-ब्राह्मण) अनुसार अश्वमेधयज्ञमा अनुरूप तीन दिन सवन्क्रिया गर्नुपर्ने विधिविधान रहेको छ। त्यसमध्ये पहिलो दिन अग्निष्टेम यज्ञ गर्ने, दोस्रो दिन उक्थ्यः, तेस्रो दिन अतिरात्री हो। ती यज्ञ र शास्त्र विधिमा बताएअनुसारका अन्य थुप्रै विधिविधान अनुरूप ऋत्विज्हरूले कार्य सम्पन्न गर्नु पर्ने बताएको छ। (शास्त्रले भने अनुसारका ती) ज्योतिष्टेम, आयुष्टेम, अतिरात्री, अभिजित, विश्वजित, आप्तोर्याम महायज्ञ पनि सँगसँगै गरे।

Raj Kishore

न्यपीडयत्॥ तावत् क्षीरस्य धारा तु निर्गता जनमेजय। विस्मिताः सकला लोकाः शोणितं नैव दृश्यते॥ धौम्योऽब्रवीद् भीमसेनं छिन्धि कं बाजिनोऽधुना। यथा तुष्येज्जगन्नाथः पुराणपुरुषोत्तमः॥ वादित्रनादे महति प्रवर्त्तिते भीमोऽलुनात् तस्य हयस्य शीर्षम्। ऊर्ध्वं गतं तच्च शिरो न चाधः सूर्यं प्रविष्टं किल वह्निरूपम्॥ शुद्धं ज्ञात्वा हृषीकेशस्तुतोदेनमुरःस्थले। हृषीकेशस्तुतोदैनमुरः:स्थले। बैल्वेन कण्टकेनापि भिन्नः कृष्णेन पावनः॥ निर्गता क्षीरधारा तु तुरगस्य कलेवरात्। धारां विनिर्गतां वीक्ष्य ऋषयो धर्ममब्रुवन्॥ एवंविधो न कस्यापि शुद्धः पूर्वं तुरङ्गमः। शुद्धं ज्ञात्वा हृषीकेशो धर्मपुत्रं तु सोऽब्रवीत्॥ तथाब्रुवंस्ते ऋषयो दृष्ट्वा शुद्धं तुरङ्गमम्। दिष्ट्या ते सफलो यज्ञो जायतेऽद्य युधिष्ठिर॥ तेषां संवदतामेवं तुरङ्गमकलेवरात्। निर्गतं सुमहत्तेजः प्रविष्टं केशवानने॥ पश्चाच्छरीरं पतितं भूत्वा कर्पूरमेव तत्। विभूतिरिव रुद्रस्य च्युता गात्रादशोभत॥ विस्मिता मुनयस्तं तु कर्पूरं वीक्ष्य तेऽभवन्। कर्पूरं जुहुवुस्ते तु होमकुण्डे तु तत्क्षणात्॥ यत्रोपविष्टो राजासौ सपत्नीकः समाधवः। व्यासो गृहीत्वा कर्पूरं स्रुवेणेदमथाब्रवीत्॥ व्यास उवाच॥ गृहाणेन्द्र महायज्ञे घनसाराहुतिं विभो। एहि राज्ञार्पितामेनां दुर्लभामग्रतः कलौ॥ शक्रः समागतः साक्षात् प्रत्युवाच महामुनिम्। देहि पावकवक्त्रेण यावत्तृप्तिर्ममाक्षया॥ यां वीक्ष्य तृप्तिं प्राप्तोऽस्मि भुक्त्वा शं च भविष्यति।१८.५–३२.५॥ (शर्मा ज., उल्लेख छैन) ३९४–३९५।[२८]

---

२८. भाव – उस समय धौम्यजीने कहा– महाबुद्धिमान् भीमसेन ! जबतक मैं इस घोडे की परीक्षा करता हूँ। उतनी देर तक तुम तलवार लेकर चुपचाप खडे रहो॥ जनमेजय ! तत्पश्चात् जब धौम्य ऋषिने उस घोडे के बायें कानको दबाया, तब उसमेंसे दूध की धारा निकलने लगी। यह देखकर सभी लोग आश्चर्यचकित होकर कहने लगे कि इसके शरीरमें रुधिर तो नहीं दीख रहा है॥ तदनन्तर महर्षि धौम्यने भीमसेनसे कहा—भीम ! अब तुम इस घोडेका सिर काट दो, जिससे पुराणपुरुषोत्तम भगवान् जगदीश्वर प्रसन्न हो जायँ॥ उस समय बाजोंका महान् गम्भीर शब्द हो रहा थाः उसी बीच भीमसेनने उस अश्वके मस्तकको काट दिया। वह कटा हुआ सिर नीचे न जाकर ऊपर आकाशमें उछ्ला और अग्निरूप होकर सूर्य में प्रविष्ट हो गया॥ उस घोडेको शुद्ध जानकर भगवान् श्रीकृष्णने बेलके काँटेसे उसकी छातीमें छेद कर दिया। श्रीकृष्णद्वारा विदीर्ण किये जानेपर भी वह अश्व पावन हो गया॥ उस समय उस घोडेके शरीरसे दूधकी धारा बह चली। तब उस बहती हुई दुग्धधाराको देखकर ऋषियोंने धर्मराज युधिष्ठिरसे कहा—'राजन् ! अबसे पहले किसीका भी अश्व इस प्रकार शुद्ध नहीं देखा गया था'॥ उसे शुद्ध जानकर भगवान् श्रीकृष्ण धर्मनन्दन युरहे युधिष्ठिरसे कहने लगे– 'महाराज युधिष्ठिर ! बडे सौभाग्य की बात है कि आपके घोडे को इस प्रकार शुद्ध हुआ देखकर ये ऋषिगण वैसी बातें कह रहे हैं, इससे अब आपका यश सफल हो गया'॥ वे लोग यों बातें कर ही रहे थे तबतक घोडेके शरीरसे अत्यन्त महान् तेजःपुञ्ज निकला और वह श्रीकृष्णके मुखमें प्रवेश कर गया॥ तत्पश्चात् उस अश्वका शरीर कपूर होकर पृथ्वीपर बिखर गयां। उस समय वह भगवान् रुद्रके शरीरसे झरकर गरी हुई विभूतिके समान

Raj Kishore

माथि उल्लेखित उद्धरण जैमिनीय (व्यासका एक शिष्य) महाभारतको भयो। जैमिनीयमा जस्तो व्यासकृत महाभारतमा विस्तृत रूपमा छैन, तापनि भएका केही यहाँ उल्लेख गर्न चाहन्छु। जसमा स्पष्ट रूपमा घोडालाई बलि दिएर घोडा सहित अन्य पशु विधिपूर्वक यज्ञमा आहुति गरे। घोडाको बोसो निकालेर यज्ञमा आहुति गर्दा निस्केको कालो धुवाँ धर्मराज युधिष्ठिरसहित पाँच पाण्डवले शास्त्रको आज्ञा अनुसार सुँघेर आआफ्ना सबै पाप पखाले।

वैशम्पायन उवाच। श्रपयित्वा पशूनन्यान्विधिवद्द्विजसत्तमाः। तं तुरङ्गं यथाशास्त्रमालभन्त द्विजातयः॥ ततः संश्रप्य तुरगं विधिवद्याजकास्तदा। उपसंवेशयन् राजंस्ततस्तां द्रुपदात्मजाम्। कलाभिस्तिसृभी राजन् यथाविधि मनस्विनीम्॥ उद्धृत्य तु वपां तस्य यथाशास्त्रं द्विजातयः। श्रपयामासुरव्यग्रा विधिवद् भरतर्षभ॥ तं वपाधूमगन्धं तु धर्मराजः सहानुजैः। उपाजिघ्रद् यथाशास्त्रं सर्वपापापहं तदा॥ शिष्टान्यङ्गानि यान्यासंस्तस्याश्वस्य नराधिप। तान्यग्नौ जुहुवुर्धीराः समस्ताः षोडशर्त्विजः[२५] ॥१४।८९।१-४॥ (उल्लेख)छैन, महाभारत (षष्ठ खण्ड) अश्वमेधपर्व, उल्लेख छैन) ४७०।

रामायण र महाभारतमा उल्लेख भएका माथि दिइएका केही प्रतिनिधि

शोभा पाने लगा॥ उस अश्वको कपूर हुआ देखकर उन मुनियोंको महान् विस्मय हुआ। फिर तो वे उसी क्षण हवनकुण्डमें उस कपूरकी आहुतियाँ देने लगे॥ तदनन्तर जहाँ पत्नीसहित महाराज युधिष्ठिर श्रीकृष्णके साथ बैठे हुए थे, वहीं व्यासजी स्रुवासे उस कपूरको उठाकर यों बोले॥ व्यासजी ने कहा – 'इन्द्र! इस महान् यज्ञमें पधारिये और राजाद्वारा अर्पित की गयी इस कपूरकी आहुतिको ग्रहण कीजिये। विभो! आगे चलकर कलियुगमें ऐसी आहुति दुर्लभ हो जायगी'॥ तब साक्षात् इन्द्र वहाँ आये और महामुनि व्यासजीसे कहने लगे– 'मुने! अग्निरूपी मुखके द्वारा मुझे इतनी आहुतियाँ प्रदान कीजिये, जिससे मुझे अक्षय तृप्ति प्राप्त हो जाय; क्योंकि मैं जिस तृप्तिकी आशासे यहाँ आया हूँ तदनुकूल भोजन करनेपर ही मुझे शान्ति प्राप्त होगी'॥१८-३२॥ (शर्मा ज., उल्लेख छैन) ३९४-३९५।

२५. वैशम्पायनजी कहते हैं— जनमेजय! उन श्रेष्ठ ब्राह्मणोंने अन्यान्य पशुओंका विधिपूर्वक श्रपण (वैदिक कोष अनुसार श्रपणको अर्थ यज्ञमा विधिपूर्वक बलि दिएका पशुको खानेकुरा पकाउने, यहाँ अग्निमा होम गरेको। कात्यायन श्रौतसूत्र अनुसार श्रपणको अर्थ एक आपसमा मिलाउने, हविसँग मिलाउने हुनुपर्छ – प्रस्तोता) करके उस अश्वका भी शास्त्रीय विधिके अनुसार आलभन किया॥ राजन्! तत्पश्चात् याजकोंने विधिपूर्वक अश्वका श्रपण करके उसके समीप मन्त्र, द्रव्य और श्रद्धा- इन तीन कलाओंसे युक्त मनस्विनी द्रौपदीको शास्त्रोक्त विधिके अनुसार बैठाया॥ भरतश्रेष्ठ! इसके बाद ब्राह्मणोंने शान्तचित्त होकर उस अश्वकी चर्बी निकाली और उसका विधिपूर्वक श्रपण करना आरम्भ किया॥ भाइयोंसहित धर्मराज युधिष्ठिरने शास्त्रकी आज्ञाके अनुसार उस चर्बीके धूमकी गन्ध सूँघी, जो समस्त पापोंका नाश करनेवाली थी॥ नरेश्वर! उस अश्वके जो शेष अंग थे, उनको धीर स्वभाववाले समस्त सोलह ऋत्विजोंने अग्निमें होम कर दिया॥१४।८९।१-४॥ (उल्लेख)छैन, महाभारत (षष्ठ खण्ड) अश्वमेधपर्व, उल्लेख छैन) ४७०।

श्लोकले अश्वमेध यज्ञमा बलि दिइन्छ; त्यस बलिको बोसो सहित अन्य अङ्गप्रत्यङ्ग पनि होम गरिन्छ; बलि दिएका पशुको अङ्ग भगवान् इन्द्र लगायतका देवताले अक्षय तृप्तिको लागि ग्रहण गर्छन् र घोडाको अङ्ग अग्नि, सूर्य र स्वयं कृष्ण समेतले कुनै न कुनै रूपमा लिएको वा ग्रहण गरेको वा आफुसँग समाहित गरेको स्पष्ट हुन्छ।

केही अन्य यज्ञहरू र त्यसमा दिने पशुबलि

पुरूषमेध

पुरूषमेध यज्ञ काम्य यज्ञ हो। उत्कृष्ट पदको कामनासहित पुरूषमेध यज्ञ गरिन्छ। यसमा तेइस दीक्षा, बाह्र उपसदा र पाँच सुत्याको लागि कर्म हुन्छ। यसमा यूपको सङ्ख्या ११ हुन्छ र अग्निषोमीय पशुको बलि हुन्छ।

यसका पाँच सुत्याहरू १. अग्निष्टोम, २. उक्थ्य, ३. अतिरात्र, ४ उक्थ्य र ५ अग्निष्टोम हो।

अग्निष्टोमयज्ञ

यजुर्जेदको चौथो अध्यायदेखि आठौं अध्यायको ३२ औं मन्त्रसम्म अग्निष्टोम यज्ञबारे भनिएको छ। छैठौं अध्यायको चौथो मन्त्रदेखि नवौं मन्त्र यज्ञमा पशुबलि दिनपर्ने भनि त्यसका विधि र बलि दिइसकेपछिका कार्य, पशुबलि दिंदा यजमान र यज्ञकर्ताहरू (अध्वर्यु सहित) लाई हुने फल आदिबारे स्पष्ट गरेको छ –

> अपां तेरुरस्यापो देवीः स्वदन्तु स्वात्तं चित्सद्देवहविः । सं ते प्राणो वातेन गच्छता७समङ्गानि यजत्रैः सं यज्ञपतिराशिषा ॥१०॥ घृतेनाक्तौ पशू७स्त्रायेथा७रेवति यजमाने प्रियं धा आविश । उरोरन्तरिक्षात्सजूर्देवेन वातेनास्य हविषस्त्मना यज समस्य तन्वा भव। वर्षो वर्षीयसि यज्ञे यज्ञपतिं धाः स्वाहा देवेभ्यो देवेभ्यः स्वाहा ॥११॥ माहिर्भूर्मा पृदाकुर्नमस्त आतानानर्वा प्रेहि। धृतस्य कुल्या उप ऋतस्य पथ्या अनु ॥१२॥रक्षसा भागोऽसि निरस्त रक्ष इदमह रक्षोऽभितिष्ठामदमह रक्षोऽवबाध इदमह रक्षोऽधमं तमो नयामि। घृतेन द्यावापृथिवी प्रोर्णुवाथां वायो वेस्तोकानामग्निराज्यस्य वेतु स्वाहा स्वाहाकृते ऊर्ध्वनभसं मारुतं गच्छतम् ॥१६॥[३०] यजु० ६।१० (शास्त्री र., शुक्लयजुर्जेदीय

३०. भाव – हे पशो ! तुम जल को पीने वाले हो (पशु के निम्न उदरादि भाग को प्रोक्षण करना)। हे पशो ! तुम्हें

संहिता, २००७) पेज ११५-१८। Raj Kishore

अग्निष्टोम यज्ञमा जुन दिन सोमरस निकालिन्छ सोहि दिन बलिको लागि पशुको व्यवस्था गरिसकेको हुन्छ। यसमा उपरवको कार्य सकिनासाथ अग्नि र सोमको लागि एउटा पशुबलि दिनुपर्छ। यो बलि निरूढपशुबन्धमा भनिएको विधि अनुसार गरिन्छ। सवनीय पशुको आहुतिअन्तर्गत उक्थ्य यज्ञमा इन्द्र र अग्निको लागि दोस्रो बलि (बोका) दिन्छ। षोडशी यज्ञमा तेस्रो पशु बलि दिइन्छ।[३१] अतिरात्र यज्ञमा सरस्वतीको लागि बोका बलि दिइन्छ।

आपो देवी आस्वाद्य (पवित्र) बनावें - क्योंकि पवित्रीकृत हो स्वादिष्ट पशु मांस ही देवहविः होता है। (मंत्र पढकर पशु के ऊपर सर्वत्र जल छिडकना)। हे पशो ! तुम्हारा प्राण बाह्य प्राण से संगत होवे और तुम्हारे विविध अङ्ग-प्रत्यङ्ग यथाविधान उस उस यजनीय देव से संगत होवें और यह यज्ञ का स्वामी यजमान अभीष्ट स्वर्गादि आशी से संगत होवे ॥१०॥ (पशु को मारने के लिए नियुक्त शमिता व्यक्ति के हाथ से मारने की असि तथा स्वरु को हाथ में लेकर और उन दोनों को घृत से आलिप्त करके-) हे असे-स्वरो ! घृत से आप्लुत तुम दोनों इस वध्य पशु की रक्षा करो। हे धन की कामना से युक्त स्तुति वाणी ! तुम यजमान में प्रिय धनादि धारित करो। तुम इस यजमान में प्रवेश करो। हे स्तुते ! वायुदेव के साथ सम्प्रीति को प्राप्त होकर तुम इस वध्य पशु की विस्तीर्ण अन्तरिक्ष में विद्यमान राक्षसादि से रक्षा करो। तुम स्वयं ही इस पशुहवि के द्वारा देवों का यजन करो और इस वन्य पशु के शरीर के साथ एक रूप होओ। हे वर्षा से उत्पन्न तृण ! तुम इस यज्ञ के स्वामी यजमान को फलयुक्त यश में निहित करो। (मंत्र पढकर पशु के नीचे भूमि पर तृण रखना) ! देवों के लिए यह पशुहवि है- देवों के लिए यह पशुहविः है ॥११॥ (पशु की चर्बी को पृथक् करने की दो लकडी विशेष के द्वारा पशु को बांधने की रस्सी को भूमि पर फेंकते हुए-) हे रज्जो ! तुम सर्प के आकार वाली मत बनो और अजगर के आकारवाली भी मत होओ। हाथ मुंह धोने के जल के घडे को हाथ में लेकर चलने वाली यजमान की पत्नी को (पशु के निकट ले जाते हुए उससे प्रतिप्रस्थाता यह मंत्र बुलवाए। यजमान की पत्नी-) हे विस्तार को प्राप्त होने वाले यज्ञ ! तुम्हें नमस्कार है। तुम शत्रुरहित होकर समाप्ति को प्राप्त होओ। यज्ञ के मार्ग में प्राप्त आहुत घृत की धाराओं को उद्देश्य करके तुम प्रवर्तमान होओ ॥१२॥ (होमीय पशु की त्वचा की उधेडने के पूर्व जो दर्भतृण पशु की छाती पर रखा गया था और तलवार से पशु की त्वचा काटते हुए जिसके दो भाग हो गये थे। उन दो भागों में से अग्रभाग को बाएँ हाथ में तथा मूलभाग को दाहिने हाथ में लेकर अध्वर्यु उन दोनों तृणों को पशु के खून में भिगोवे। अध्वर्यु-) हे रक्तरंजित तृष्ण ! तुम राक्षसों का भाग हो। (मंत्र पंढ कर दोनों तृणों को मिट्टी के ढेर पर फेंक देवे)। यह राक्षसवर्ग यज्ञस्थान से निःसृत किया गया। (यजमान-) यह मैं राक्षसवर्ग को पदाक्रान्त करता हूँ। (तृणों पर पैर धरना) यह मैं राक्षसवर्ग को अववान्धित (पीडित) करता हूँ। (तृणों को पैर से दबाना) यह मैं राक्षसवर्ग को अत्यन्त अन्धकारपूर्ण (रसातल में ले जाता हूँ। पशु के उदर से निकाली गई मेद को मेद निकालने वाली दोनों लकडीयों में आलिप्त करे। अध्वर्य-) हे द्यावापृथिवी ! तुम दोनों स्वयं को जल से प्राच्छादित करो। हे वायो ! तुम वसा के विन्दुओं को जानो। आहवनीयाग्नि घृताहुति को जाने। अग्नि के लिए यह आहुति है। तृणविशेषों को उठाकर आहवनीयाग्नि से होम कर दे। (चर्वी निकालने की दोनों लकडीयों को भी आहवनीयाग्नि में होम करते हुए अध्वर्यु-) हे वपाश्रपणी ! अग्नि में आहुत तुम दोनों ऊर्ध्व अन्तरिक्ष में विद्यमान पवन को सम्प्राप्त होओ ॥१६॥ यजु० ६।१० (शास्त्री र., शुक्लयजुर्जेदीय संहिता, २००७) पेज ११५-१८।

३१. थप जानकारीको हेर्नुहोस् - आपस्तम्बश्रौतसूत्र ५।३।४।,१२।१८।१३। कात्यायनश्रौतसूत्र ८।९।७।

Raj Kishore

सोमयज्ञ

सोमयज्ञमा १. अग्निष्टोम, २. अन्त्यग्निष्टोम ३. उक्थ्य, ४. षोडशी, ५. वाजपेय, ६. अतिरात्र तथा ७. अप्तोर्याम यज्ञहरू गर्नु पर्छ ।[३२] यसमध्ये अग्निष्टोमयज्ञमा बोकाको साथै बाख्री (पोथी) पनि बलि दिनुपर्ने भनेको छ ।[३३] षोडशीयज्ञमा इन्द्रको लागि भेँडा बलि दिने विधि रहेको छ ।[३४] अन्त्यग्निष्टोमयज्ञमा अग्निष्टोमयज्ञका विधि अनुसारका सबै बलि र कार्यको अतिरिक्त इन्द्रको लागि थप एक पशु बलि दिनुपर्ने बताइएको छ। वाजपेययज्ञमा प्रजापतिको लागि १७, अग्नि, इन्द्र, इन्द्राग्निको लागि एक एक बोका पशु र सरस्वतीको लागि एक भेँडा बलि दिने विधि बताएको छ ।[३५]

सौत्रामणियज्ञ

त्यस्तै सौत्रांमणि नामक यज्ञ सोमयज्ञ नभएतापनि यसमा पनि पशुबलिको व्यवस्था छ। तीन वटा पशु (बोका वा अन्य) र बृहस्पतिको लागि एक बलि दिने विधिविधान रहेको छ ।[३६]

शब्दार्थ र व्याख्या

१. **मेध –**

मेधको अर्थ स्वयं ऐतरेयब्राह्मणले परिभाषित गरेको छ –

पशुर्वैमेधोयजमानोमेधपतिर्यजमानमेवतत्स्वेनमेधेनसमर्धयति[३७]॥२।६।६।४॥

(उमेशप्रसादसिंहः, २०१६) पेज २६२।

जुनसुकै यज्ञ होस् त्यसमा भगवान्लाई सोमरस चढाउनु पर्छ । सोमरस सोमलतालाई कुटेर निकालिन्छ । सोमलता के हो अहिले भन्न सकिने

३२. थप जानकारीको हेर्नुहोस् – आपस्तम्बश्रौतसूत्र ६।११।१। कात्यायनश्रौतसूत्र १०।९।२७।
३३. थप जानकारीको हेर्नुहोस् –आपस्तम्बश्रौतसूत्र १४।१। आश्वलाईनश्रौतसूत्र ६।१।१–३। शतपथब्राह्मण ९।७।
३४. थप जानकारीको हेर्नुहोस् – आपस्तम्बश्रौतसूत्र १४।२।३। आश्वलाईनश्रौतसूत्र ६।२–३।
३५. थप जानकारीको हेर्नुहोस् – आपस्तम्बश्रौतसूत्र १८।२।१२–१३ कात्यायनश्रौतसूत्र १४।२।११–१३।
३६. थप जानकारीको हेर्नुहोस् – आपस्तम्बश्रौतसूत्र १९।२।१–२। शतपथब्राह्मण १२।७।२।१०।
३७.. (अब मेध शब्द और मेधपति शब्दका व्याख्यान कर रहे है) पशुर्वै मेधः पशु ही मेध है और यजमानः मेधपतिः यजमान मेध का स्वामी है। इस प्रकार होता यजमानमेव यजन करने वाले को ही स्वेन मेधेन उसी के अपने मेध से समर्धयति समृद्ध करता है। (उमेशप्रसादसिंहः, २०१६) पेज २६२।

Raj Kishore

अवस्था रहेन। अहिले यो वनस्पति पाइँदैन। त्यसको सट्टामा राखेको भाव गरेर वेद मन्त्र पढिन्छ र भगवान्लाई उक्त भावनाको रस पिउन आमन्त्रण गरिन्छ। सोमरस एक किसिमको अति उपयोगी वनस्पतिको रूपमा वेद र वैदिक साहित्यमा वर्णन गरिएको पाइन्छ। यस वनस्पतिबाट प्रशस्त मात्रामा बल र आनन्द प्राप्त हुने कुरा उल्लेख छ। ऋग्वेदमा यस सोमरसमा अलौकिक गुण भएको भनी यसको धेरै बयान गरिएको छ। ऋग्वेद १०।३४।१ अनुसार यो वनस्पति मूजवान् पहाडमा पाइन्छ। उक्त पहाड कहाँ हो यसबारे भन्न सकिने अवस्था रहेन। वास्तवमा सोम अन्य वनस्पतिमा पनि धेरै वा थोरै पाइन्छ भन्ने कथन छ। यज्ञमा होम गर्ने हवि (घिउ, चामल, गहुँ, मास, जौ, प्रियङ्गु आदि) आफै पनि सोमको कुनै भाग सम्पन्न हो। त्यसैले 'हविः सोम' भनिन्छ।

सोम सबै यज्ञमा अनिवार्य रूपमा हुन्छ। तर पशु सबै यज्ञमा अनिवार्य रूपमा बलि वा होम वा उत्सर्ग गरिँदैन। कुनै यज्ञमा 'हविः सोम' पर्याप्त हुन्छ भने कुनै यज्ञमा 'वाजसोम' र कुनैमा 'ग्रहसोम'। त्यस्तै कुनैमा 'पशुवपागत सोम'। यज्ञको उद्देश्य र त्यसका विधिविधान अनुरूप सोम वा हवि निर्धारण हुन्छ।

पशुबन्ध यज्ञमा 'पशुवपागत सोम'को आहुति अनिवार्य हुन्छ। यसको लागि पशुको वपा (बलि दिएको पशुको छाला वा झिल्ली वा आन्द्रा वा भिसेराका भागहरू, हड्डी वा मासु, मज्जा, बोसोको श्लेष्म वा ग्लुटिनस स्राव[३८]) जसलाई मेध पनि भनिन्छ, आहुति गर्नु पर्दछ। यस्तो किन गरिन्छ भन्ने प्रश्न उठ्न सक्छ। यजमानले भगवान् वा यज्ञमा अग्निदेव मार्फत् अभीष्ट पूरा गराउने तत्तत् देवतासँग आफ्नो अङ्गप्रत्यङ्ग मिलाउनको लागि गर्ने गरिन्छ।

वैदिककालमा पशु लगायत नरलाई पनि पशु बनाएर बलि दिइन्थ्यो।[३९]

३८. नेवारहरूले तान्त्रिक पूजा अनुष्ठान गर्दा पशुबलि दिनु पर्नेमा पशुलाई बलि दिइसकेपछि पशुको आठ किसिमको थरिथरिका मासु जसमा रगत, पानी आन्द्रा, फोक्सोको टुक्रा, मुटुको टुक्रा, गर्धनको एक घेरा, गाँठोसहितको चार खुर, पुच्छरको टुक्रा र सिंगो टाउको अर्पण गर्नु पर्दछ।

३९. अश्वमेध यज्ञमा नर पनि बलि दिनुपर्ने प्रावधान रहेको छ, त्यसलाई विद्वानहरूको परिभाषाअनुसार यज्ञ गर्नु अगाडि नै घोडा छोड्छ र बाटोमा कसैले रोके त्यहाँ युद्ध हुन्छ। युद्ध हुँदा कुनै मानिसको मृत्यु भएमा त्यस मानिस

Raj Kishore

पछि यसमा केही सुधार गरियो। नरबलिलाई वर्जित गर्न कोशिस भए, यो क्रम प्रामाणिक रूपमा आदि शंकराचार्यको पालासम्म पनि चलिरह्यो। स्वयं शंकराचार्य आफैँ बलि चढ्न तयार भए, स्वीकृति दिए। तर उहाँका सहयोगीले यसो हुन दिएनन् र बलि दिन चाहने कापलिकलाई नै बलि दिएर शंकराचार्यलाई बचाए। वैदिक युगमा बलिको रूपमा मानव, घोडा, गाइ, भेँडा, बोका दिइन्थ्यो। पछि त्यसको अनुकल्पमा अन्न दिन थालियो। अन्नलाई हविको रूपमा बदलियो। यही श्लोकले भनेको छ बोका बलि दिँदा चीरकालसम्म रह्यो। यो चीरकाल भित्रका मानवले अहिलेसम्म आफ्नो इलाकामा पाइने र पालन गर्ने भेँडा र बोका जस्ता पशुलाई बलिको रूपमा प्रयोग गरिरहेका छन्। यस बारेको ऐतरेय ब्राह्मणका केही श्लोक[४०] अध्ययन गरौँ –

> पुरुषं वै देवाः पशुमालभन्त तस्मादालब्धान्मेध उदक्रामत्, सोऽश्वं प्राविशत् तस्मादश्वो मेध्योऽभवदथैनमुत्क्रान्तमेधमत्यार्जन्त स किम्पुरुषोऽभवत् ॥ तेऽश्वमालभन्त, सोऽश्वादालब्धादुदक्रामत् स गां प्राविशत् तस्माद गौर्मेध्योऽभवदथैनमुत्क्रान्तमेधमत्यार्जन्त स गौरमृगोऽभवत् ॥ ते गामालभन्त, स गोरालब्धादुदक्रामत् सोऽविं प्राविशत् तस्मादविर्मेध्योऽभवदथैनमुत्क्रान्तमेधमत्यार्जन्त, स गवयोऽभवत्, तेऽविमालभन्त सोऽवेरालब्धादुदक्रामत् सोऽजं प्राविशत्, तस्मादजो मेध्योऽभवदथैनमुत्क्रान्तमेधमत्यार्जन्त, स उष्ट्रोऽभवत् ॥ सोऽजे ज्योक्तमामिवारमत तस्मादेष एतेषां पशूनां प्रयुक्ततमो यदजः ॥ तेऽजमालभन्त सोऽजादालब्धादुदक्रामत्, स इमां प्राविशत्, तस्मादियं मेध्याऽभवदथैनमुत्क्रान्तमेधमत्यार्जन्त, स शरभोऽभवत् ॥ ... तमस्यामन्वगच्छन् सोऽनुगतो व्रीहिरभवत्, तद्यत्पशौ पुरोडाशमनुनिर्वपन्ति समेधेन नः पशुनेष्टमसत्, केवलेन नः पशुनेष्टमसदिति ॥ समेधेन हास्य पशुनेष्टं भवतिय एवं वेद ॥ २।८।१-५,

---

नै यज्ञको लागि बलि दिएको सम्झने र त्यसैको टाउको ल्याएर यज्ञमा राख्ने चलन रहेको भनिन्छ।

४०. शतपथब्राह्मण, दर्शपूर्णमासनिरूपणम् (१।२।३।६-७) मा यस्तै श्लोक पाइन्छ। त्यसमा नरबलिको कुरा उल्लेख छैन र अन्य पनि केही फरक छ।

६-८॥[४१] (उमेशप्रसादसिंहः, २०१६)२८०-२८३।

Raj Kishore

२. **आलम्भन, आलभन, आलम्भ**- आलम्भ वा आलम्भः को अर्थ मार्नु वा छप्काउनु हो भने आलभको अर्थ बलिको लागि मार्नु हो, बलि दिनु हो । साथै आलभको अर्थ बलिको लागि लिनु छुनु, समाउनु पनि हो । यज्ञमा पशुलाई छप्काउने गरिन्न, त्यहाँ विधिविधान पूर्वक बलि दिइन्छ । कतिपय देवीदेवता स्थानमा छप्काउने पनि गरिन्छ । बलि दिनु अगाडि पशुलाई विधिपूर्वक पूजा गरी पशु गायत्री मन्त्र सुनाएर दीक्षित गरिन्छ ।

---

४१. भावार्थ - देवताओं ने पुरुष को ही पशुरूप बनाकर (उस पुरुष का ही यज्ञ करने लिए) आलभन किया। उस आलम्भित (पुरुषरूप पशु) से मेध (यज्ञ के योग्य हविर्भाग) निकल कर (अन्यत्र) चला गया। वह (हविर्भाग) अश्व में प्रवेश कर गया। इसी कारण अश्व यज्ञ की हविष के योग्य हो गया। इसके बाद निकल गये हविर्भाग वाले इस (पुरुषरूप पशु) को (देवताओं ने) अत्यधिक तिरस्कृत कर दिया। वह (तिरस्कृत पुरुषपशु) किन्नर हो गया ।

(अब द्वितीय पर्याय को कह रहे हैं -) उन (देवताओं) ने अश्व का आलभन किया। वह (यज्ञ के योग्य हविर्भाग) आलभन किये गये अश्व से उदक्रामत् निकल कर अन्यत्र चला गया। वह (हविर्भाग) गाय में प्रविष्ट हो गया। इसी कारण गाय यज्ञ के (हविष् के) योग्य हो गयी। अथ इसके बाद निकल गये (हविर्भाग) वाले इस (अश्व पशु) को (देवताओं ने) तिरस्कृत कर दिया। वह (तिरस्कृत अश्व) नीलगाय हो गया।

(तृतीय पर्याय को कह रहे हैं -) उन (देवताओं) ने गाय का आलभन किया। वह (यज्ञ के योग्य हविर्भाग) आलभन की गयी गाय से उदक्रामत् निकल कर अन्यत्र चला गया। वह (हविर्भाग) भेड में प्रवेश कर गया। इसी कारण भेड यज्ञ के योग्य पशु हो गया। अथ इसके बाद निकल गये (हविर्भाग) वाली इस गाय (पशु) को (देवताओं) ने तिरस्कृत कर दिया। वह (तिरस्कृत गो) बैल हो गया। (तव) उन (देवताओं) ने भेड का आलभन किया। वह (हविर्भाग) आलभन की गयी उस (भेड) से उत्क्रामत् निकल कर अन्यत्र चला गया। वह (हविर्भाग) बकरे में प्रविष्ट हो गया। इसी कारण बकरा यज्ञ के योग्य हो गया। अथ तब निकल गये (हविर्भाग) वाले इस (बकरे) को (देवताओं ने) तिरस्कृत कर दिया। वह (तिस्कृत बकरा) ऊँट हो गया।

(अज की पुनः प्रशंसा कर रहे हैं -) सः वह (हविर्भाग) अजे बकरे में अत्यधिक चिरकाल तक निवास किया। इसी कारण जो बकरा है यह (बकरा) इन (पूर्वोक्त गवादि) पशुओं में अत्यधिक प्रयुक्त हुआ।

(पञ्चम पर्याय को कह रहे हैं -) उन (देवताओं) ने बकरे का आलभन किया। वह (हविर्भाग) आलभन किये गये उस (बकरे) से निकलकर अन्यत्र चला गया। वह (हविर्भाग) इस (पृथिवी) में प्रवेश कर गया। इसी कारण यह (पृथिवी) यज्ञ के योग्य हो गयी। तब निकल गये (हविर्भाग) वाले इस (बकरे) को (देवताओं ने) तिरस्कृत कर दिया। वह (तिरस्कृत बकरा) शरभ (सिंह को हिंसित करने वाला पशुविशेष) हो गया।

(अब पुरोडाश का विधान कर रहे हैं -) इस (पृथिवी) में (प्रवेश किये) उस (हविर्भाग) को (देवताओं ने) अनुगमन किया। (देवताओं द्वारा) अनुगमन किया जाता हुआ वह (हविर्भाग) धान हो गया। तो जो पशु (के आलभन के) पश्चात् पुरोडाश का निर्वाण करते हैं, हमारे लिए यज्ञ योग्य (हविर्भाग) वाले पशु ही अभीष्ट होता है। इस प्रकार हम लोगों को (अन्य साधन की निरपेक्षा से) केवल- (मेघपूर्ण) पशु ही अभीष्ट होना चाहिए।

(इस ज्ञान की प्रशंसा कर रहे हैं -) जो इस प्रकार जानता है, इसका मेघ (हविर्भाग) से युक्त पशु से (याग करना) इष्ट होता है और इस यजन करने वाले का अन्य साधन की निरपेक्षा से केवल (मेध पूर्ण) पशु ही इष्ट होता है। (उमेशप्रसादसिंहः, २०१६)२८०-२८३।

Raj Kishore

देवतालाई समर्पण गरिन्छ। समर्पित देवताले स्वीकारेपछि पर्सिन्छ भन्ने मान्यता रहिआएको छ। पर्सिएपछि मात्र बलि दिने विशेष व्यक्ति (वैदिक भाषामा शामित्र) लाई पशु सुम्पिन्छ र पूजा गरेको हतियारले बलिलाई रेट्न लगाइन्छ।

कतिपय बलि विरोधी विद्वान्हरूले आलम्भन, आलभन, आलम्भ शब्दलाई तोडमोड गरी "बलिको लागि छुनु" भनेकोलाई केही शब्दलाई छोडेर "छुनु" मात्र भनेर अर्थको अनर्थ गर्न प्रयास गरेका छन् ।[४२] छोएर मात्र बलि दिएका घोडा लगायत अन्य पशुको कसरी बोसो वा मेध निकाल्न सकिन्छ ? बोसो ननिकालि कसरी होम गर्न सकिन्छ ? होम नगरी कसरी यज्ञ पूरा हुन्छ ?

सनातन धर्ममा गोमेध, नरमेध, पितृमेध आदि पनि नभएका होइनन्। बलि विरोधी विद्वान्हरूले यसलाई प्रयोग गरेर गाई, मानिस र मरिसकेका पितृलाई अघि सार्दै आफ्ना कुरालाई बिकाउन प्रयास नगरेका होइनन्। शतपथब्राह्मण (४।३।४।२५) मा गौलाई अन्नमा लिन सकिने कुरा **"प्राणो हि गौरन्न गौरन्न हि प्राणस्ता रुद्राय होत्रे ददात्"** उल्लेख गरेर गोमेधमा अन्न होम गर्ने निर्देश गरेको पाइन्छ। सो श्लोकलाई सायणले आफ्नो भाष्यमा भन्नु भएको छ – **"प्राणो हि गौः। अन्न हि गौः। अन्नं हि प्राणः तां रुद्राय होत्रे ददात्॥"** (उपाध्याय, १९७०) ६१३।

अझ स्पष्ट हुन वैदिककोशको निम्न शब्दार्थ प्रस्तुत गर्दछु –

आलम्भन *Alambhana* n. act of tying an animal for killing it; of slaughtering it; of touching an object. (Sen, 2001) 47.

३. **वपा** – पशुबलि दिनुपर्ने सबैजसो यज्ञमा विभिन्न पशुको साथमा अज अर्थात् बोकाबलिको कुरा आउँछ। बलि दिइसकेपछि देवतालाई चढाउनु पर्ने केही पशुअङ्ग मध्ये एक मेध वा वपा हो। यज्ञमा पशु बलि दिने वा त्यसको विकल्प रूप अन्न दिने भन्ने कुरा यज्ञको प्रकृति अनुसार भर पर्ने कुरा भयो। शतपथब्राह्मण ग्रन्थका अनुवादक मोतिलाल शास्त्रीका अनुसार यज्ञको प्रतिकृति अनुसार नै पशुबलि दिनुपर्छ। दर्शपूर्णमासजस्ता यज्ञ, जुन

४२. यस विषयमा व्यापक जानकारीको लागि मोनियर विलियम्स र एच एच विल्सनका संस्कृत शब्दकोष हेर्नु हुन अनुरोध।

भूमिण्ड यज्ञ हो त्यस्ता यज्ञमा पशुको विकल्पको रूपमा अन्न पनि व्रीहिको रूपमा काम चलाउन सकिन्छ ।[४३]

Raj Kishore

शतपथ ब्राह्मण लगायत अन्य ब्राह्मणग्रन्थमा उल्लेख भए अनुसार वपा हृदयस्थानमा रहने एक सेतो भिल्ली आकारको शरीरका लागि अति आवश्यकीय सोममय धातु हो ।[४४]

छाला वा भिल्लीको ठूलो भूमिका भएका आन्द्रा वा भिसेराका भागहरू, कउल (अत्यन्त पातलो भिल्लि जसले मासु र मासुको बीचमा रहन्छ) र वा आन्द्राभूँडीलाई छोपेर राख्ने पातलो बोसो सहितको भिल्ली ।[४५]

४. **अज** – वैदिक ग्रन्थहरूमा देवतालांई हविको रूपमा अज दिनुपर्ने कुरा धेरै ठाउँमा (खासतया यज्ञमा) देखिन्छ । अज शब्दको क्षेत्र प्रमुखतया बोका हुन्छ भने त्यसबाहेक अजन्मा, अनादि, विष्णु, शिव, ब्रह्मा, आत्मा, जीव, चन्द्रमा आदि पनि हुन्छ ।[४६] जब यज्ञमा हविको अर्पण गर्नु पर्ने हुन्छ

---

४३. 'ह्ण्मेदस्तु वपा वसा' के अनुसार हृदयस्थान में एक श्वेत भिल्ली के आकार का सर्वशरीर-प्रतिष्ठारूप जो सोममय स्निग्ध धातु है, वही 'वपा' नाम से प्रसिद्ध है। यही 'मेद' कहलाता है। इसीके द्वारा यज्ञकर्त्ता यजमान स्व-आत्मप्राण को दिव्य देवता के साथ मिलाने में समर्थ होता है। अतएव 'मेघृ सङ्गगमने' के अनुसार इसे 'मेध' कहा जाता है। 'मेध' एक प्रकार की चर्वी (घृत) है। यही तत्तत् पशु का प्राणायतन है। इसी अभिप्राय से श्रुति कहती है–

१– 'मेदो वै मेघः' (श० ३८।४।६); २– 'पशुर्वै मेघः' (ऐ० ब्रा० २।६); ३– 'मेधो वा आज्यम्' (तै० ब्रा० ३/९/१२/१)

सर्वत्र पशुमेध ही अपेक्षित हो, यह बात नहीं है। मेघ-ग्रहण-व्यवस्था यज्ञस्वरूप पर ही निर्भर है। जैसा यज्ञ होगा, तदनुरूप ही मेध अपेक्षित होगा। उदाहरणार्थ चयनयज्ञ द्यावापृथिव्य यज्ञ है। अतः यहाँ द्यावापृथिव्य, पूर्वप्रतिपादित पाँचों पशु अपेक्षित रहते हैं। सोमयज्ञ सम्वत्सरयज्ञ है। उस की प्रतिकृति अजपशु है। अतः त्रहाँ इसी की प्रधानता रहती है। प्रकृत दर्शपूर्णमासयज्ञ का केवल भूपिण्ड के साथ सम्बन्ध है। अतः यहाँ पार्थिव मेधरूप व्रीहि यव से ही काम चल जाता है। भूपिण्ड सत्र यज्ञों की प्रतिष्ठा है। इस पर उत्पन्न होने वाले व्रीहि यव में आशंकिरूप से उक्त पाँचों पशुओं का मेघभाग विद्यमान है। पुरुषपशु का मेध भाग अश्व का उपादान है, ...। (शास्त्री, दँ मदु) पेज ७६५ ।

४४. (शास्त्री, दँ मदु) पेज ७६५ ।

४५. वपा the Skin or membrane investing the intestines or parts of the viscera, the caul or omentum, the mucous or glutinous secretion of the bones or flesh, marrow, fat. (Williams, 1899) _ ९१९ ।

वपा Vapā f. omentum, about 4 fingers below the navel of a victim, shorn of flesh, cut off the immolated animal by the Adhvaryu; the narrowest part is pricked with an one–pronged spit for roasting, by the Pratiprasthātṛ on the āhavanīya fire, held out by the sāmitṛ till the offering vapāhoma. (Sen, 2001) १०४ ।

४६. हेर्नुहोस् – शिवराम आप्टेको शब्दकोष (आप्टे, १९६६) १२।

Raj Kishore

त्यसबखत अजको अर्थ स्वतः बोका नै हुन्छ, अन्य हुन सक्दैन। कतिपय विद्वान्हरू अजको अर्थ **"न जायत इत्यजः"** भन्ने वाक्यको आधारमा अजन्मा (जुन अन्नको बीउ लाग्दैन त्यसलाई) भन्ने गर्छन्। यो सरासर शब्दको अर्थमाथि हिंसा नै हो। जन्म नहुने शब्दलाई अर्थ्याउन वायुपुराण वा मत्स्यपुराण वा पञ्चतन्त्र जस्ता निकै पछाडिका र गैर धार्मिक ग्रन्थको समेत सहारा लिएको देखिन्छ। भन्नुहुन्छ – जुन अन्नमा उत्पादन क्षमता हुँदैन अर्थात् बीउ नलाग्ने भएपछि त्यस अन्नको होम बलि दिने हो, भन्छन्। यो कुरा आफैँमा अव्यवहारिक हो। किनकि अजन्माको प्रामाणिकताको लागि अन्नको उत्पादन क्षमता कहिलेसम्म छ भन्ने जाँचेर उत्पादन नभएमा वा नहुने नै ठोकुवा भएमा मात्र होममा प्रयोग गर्नुपर्ने हुन्छ, जुन कसैले कहीँ गरेको प्रमाण छैन र यो सम्भव हुँदैन पनि।

अश्वमेध यज्ञमा अज मात्र होइन अन्य जंगली पशु तथा जलचर समेत उल्लेख गरेको पाइन्छ। त्यसमा भने अजको जस्तै गलत अर्थ्याउन सकेका छैनन्। बढी बलि दिने बोकाको पछि मात्र लागेका देखिन्छन्।

कुनै यज्ञ विशेषमा दिनु पर्ने पशुबलिको विकल्पमा अन्न पनि दिन सकिने, यज्ञमा पशुको ठाउँमा अन्न दिन सकिने कुरा माथि उल्लेख भइसकेको छ। विकल्प भएको ठाउँमा मूल वस्तु हुन्छ नै मूल वस्तु कुनै कारणले प्राप्त गर्न नसकेको अवस्थामा मात्र विकल्पको सामान प्रयोग गर्ने हो, जस्तो सोम। सोम नामको वैदिक युगमा मात्र प्राप्त वनस्पति त्यस पछाडि प्राप्त नभएर विकल्पको रूपमा अन्य वनस्पति प्रयोग गरेको पाइन्छ। तर बोका, भेँडा लगायतका बलि दिने भनी तोकिएका पशु संसारभर जतिपनि पाइन्छ। सजिलै पाइने सर्वसुलभ कुराको विकल्प हुन सक्दैन।

पशुलाई बलि नदिई यदी अन्नलाई नै हविको रूपमा दिए पनि त्यस अन्नलाई पशुको रूपमा नै दिनु पर्छ। अन्नका विभिन्न रूप वा आवरण अर्थात् अन्नको भूस, आख्ला, चामलमा टाँसिने खैरो पातलो भूस आदिलाई पशुको माथि वर्णन गरेभैँका भिसेरा[४७], छाला, रगत, बोसो, मासी आदि हुन्

४७. The soft internal organs of the body, including the lungs, the heart, and the organs of the digestive, excretory, and reproductive systems. https://www.cancer.gov/publications/dictionaries/cancer-terms/def/viscera

भन्ने मानेर नै होम गरिन्छ । यससम्बन्धमा पनि ऐतरेयब्राह्मणमा उल्लेख भएको निम्न श्लोक प्रस्तुत गर्दछु –

> स वा एष पशुरेवाऽऽलभ्यते यत्पुरोडाशः ॥ तस्य यानि किंशारूणि तानि रोमाणि, ये तुषाः सा त्वग्ये फलीकरणास्तदसृग्यत्पिष्टं किक्नसास्तन्मांसं यत्किंचित्कं सारं तदस्थि ॥ सर्वेषां वा एष पशूनां मेधेन यजते यः पुरोडाशेन यजते ॥२.९.१–३॥ (उमेशप्रसादसिंहः, २०१६) २८५–८६।[४८]

वैदिक ग्रन्थमा उल्लेख भएका अजको परिभाषा वैदिक कोशमा हेर्नु पर्ने हुन्छ। वैदिक कोश अनुसार अजको अर्थ छाग छगल अर्थात् बोका नै हो ।[४९]

५. **बलिको मासु प्रसाद** – केही ब्रह्मवादीहरू उहिले अर्थात् ब्राह्मणग्रन्थको युगमा समेत यज्ञमा पशुबलि दिने तर बलि दिएको मासु खान हुने नहुने बारे थरीथरीका विचार राख्दथे । यज्ञमा दिएको पशुबलिको मासु खान नहुने भन्ने विचारको डटेर विरोध गर्दै खानु पर्ने पक्षमा ऐतरेयब्राह्मण उभिएको निम्न श्लोकले पुष्टि गर्दछ –

> तदाहुर्द्विरूपोऽग्नीषोमीयः कर्तव्यो द्विदेवत्यो होति, तत्तन्नाऽऽदृत्यं, पीव इव कर्तव्यः, पीवोरूपा वै पशवः कृशित इव खलु वै यजमानो भवति तद्यत् पीवा पशुर्भवति यजमानमेव तत्स्वेन मेधेन समर्धयति ॥

---

४८. भाव – (विहित पुरोडाशदि की प्रशंसा करके अब वपादि याज्या को कहने की इच्छा से पहले उसको प्रशंसा कर रहे है--) जो यह पुरोडाश है वह यह ही (पशुशरीर की समानता के कारण) पशु का ही आलम्भन होता है ।
(पुरोडाश और पश्चालम्भन के सदृशता का विस्तार कर रहे हैं) उस (धान) के जो पुवाल हैं वे (पशु के) रोमरूप है,जो (प्रथम कूटने से निकली) भूसी है वह (पशु का) चर्म रूप है, जो फलीकरण (चावल को साफ करने के लिए कूटने से निकला हुआ शेषांश) है; वह (पशु का) रक्त रूप है, जो (पीसने से बना) आटा और कण है, वह पशु का मांस रूप है और जो कुछ अवशिष्ट (धान का) कठोर भाग है वह (पशु का) अस्थिरूप है।
जो पुरोडाश से यजन करता है मानो वह सभी पशुओं के (मांसरूप हवि) से यजन करता है। (उमेशप्रसादसिंहः, २०१६) २८५–८६।

४९. अज, अजा – ऋग्वेद (१०.१६.४; १.१६२. २, ४) अथर्ववेद (९.३.१) और वाजसनेयि संहिता (२१.९) आदि में अज शब्द और ऋग्वेद (८.७०.१५), अथर्ववेद (६.७१.१) वाजसनेयि संहिता (२३.५६) आदि में अजा शब्द का प्रयोग मिलता है। उसे बस्त, छाग और छगल भी कहते हैं। अज और अवि का उल्लेख एक साथ भी (अजावयः) आता है (ऋ० १०.९०.१०; अवे, ८.७.२५; वासं, ३.४३ आदि) (सूर्यकान्त, १९६३) पेज ८ ।
अज Aja m. goat, whose flesh is cooked with barley grains, and eaten........(Sen, 2001)३५ ।

Rajkishore

Raj Kishore

तदाहुर्नाग्नीषोमीयस्य पशोरश्नीयात् पुरुषस्य वा एषोऽश्नाति योऽग्नीषोमीयस्य पशोरश्नाति यजमानो ह्येतेनात्मानं निष्क्रीणीत इति ॥ तत्तन्नाऽऽदृत्यं वार्त्रघ्नं वा एतद्धविर्यदग्नीषोमीयोऽग्नीषोमाभ्यां वा इन्द्रो वृत्रमहंस्तावेनमब्रूतामावाभ्यां वै वृत्रमवधीर्वरं ते वृणावहै इति वृणाथामिति तावेतमेव वरमवृणातां श्वः सुत्यायां पशुं स एनयोरेषोऽच्युतो वरवृतो ह्येनयोस्तस्मात्तस्याशितव्यं चैव लीप्सितव्यं च ॥२।३॥[५०] (उमेशप्रसादसिंहः, २०१६) पेज २४७।

६. **पशु** – वेद अथवा अन्य शास्त्रमा उल्लेख भएका पशुको अर्थ चार खुट्टे बोका, भैंडा लगायतका पशु नै हुन्। जुन जुन यज्ञमा पशुबलि दिने प्रावधान वैदिक ग्रन्थहरूमा छन्, त्यसको लागि पशु भन्नाले तिनै चार खुट्टे पशु नै हो। ती पशु प्रायः पालिएका हुन्छन् भने केही जंगली पनि। पालिएका पशुलाई यज्ञमा अध्वर्युले लिने वेदवाक्य पश्चात शामित्रले बलि दिन्छ र पाक पश्चात् हवि दिनु पर्ने भएमा शामित्रले त्यस पशुको अङ्गप्रत्यङ्ग पकाउने कार्य गरिसकेपछि अध्वर्युले यज्ञमा हविको रूपमा होम गर्ने गर्दछ।

---

५०. भाव – (अब पूर्वपक्ष और उत्तरपक्ष के द्वारा पशुरारीर के रूपविशेष का निर्धारण कर रहे हैं--) (पूर्वपक्ष) इस विषय में (कुछ ब्रह्मवादी) कहते हैं-- अग्नि और सोम से सम्बन्धित पशु को दो रूप वाला (सफेद और काला) होना चाहिए क्योंकि (वह पशु) दो देवताओं से सम्बन्धित होता है। (समाधान) यह (कथन) आदर करने योग्य (मानते योग्य) नहीं है। वस्तुतः स्थूल (शरीर वाले पशु) का (आलभन) करना चाहिए क्योंकि पशु स्थूल (शरीर वाले) ही होते है और यजन करने वाला (व्यक्ति) (याग के दिन थोडा दूध लेने के कारण) कृश (दुवले शरीर) के समान होता है। तो जो (अग्नीषोमीय) पशु स्थूल शरीर वाला होता है, वह अपने (यज्ञ के साधनभूत) मेध से यजन करने वाले व्यक्ति को ही समृद्ध करता है।

(पुनः पूर्वपक्ष और उत्तरपक्ष द्वारा पशुरूप हवि के शेषभाग के भक्षण को उपादित करने को लिए पूर्वपक्ष को कह रहे है--) उस (पशुरूप हवि के शेषभाग के विषय में कुछ ब्रह्मवादी) कहते है-- अग्नीषोमीय पशु के (अवशिष्ट मांसरूप हवि को) नहीं खाना चाहिए। जो अग्नीसोम से सम्बन्धित पशु की (अवशिष्ट हवि) का भक्षण करता है, यह पुरुषरूप (अवशिष्ट हवि) का ही भक्षण करता है क्योंकि यजमानः हि यजन करने वाला (पशु) के बदले ही अपने को (देवताओं से) खरीदता है।

उस पूर्वपक्ष का निराकरण करके सिद्धान्त को कहते है-- (ब्रह्मवादियोंका) वह (कथन) आदरयोग्य नहीं है, क्योंकि जो अग्नि और सोम से सम्बन्धित पशु है, यह वृत्र को मारने वाले (इन्द्र) से सम्बन्धित है। अग्नि और सोम की सहायता से ही इन्द्र ने वृत्र को मारा था। उन दोनों (अग्नि और सोम) ने इस (इन्द्र) ने कहा कि हम दोनों की सहायता से ही तुमने वृत्र को मारा है अतः तुम से हम दोनों वर माँगते हैं (तब इन्द्र ने कहा कि) तुम दोनों वर माँगो। उन दोनों (अग्नि और सोम) ने अगले दिन पशु को वर रूप में माँगा। वह यह पशु इन दोनों द्वारा निश्चित रूप से वर में माँगा गया है। इसी कारण इस (पशु) का मांस भक्षण करना चाहिए और (अधिक भक्षण करने के लिए) लिप्साःकरना चाहिए। (उमेशप्रसादसिंहः, २०१६) -२४८।

Raj Kishore

पशुबलि दिन र त्यसका अङ्ग होम गर्ने विधिबारे मुख्यतया ब्राह्मणग्रन्थ र श्रौतसूत्रहरूमा उल्लेख भएका छन्।

वैदिक कोषमा लेखिए अनुसार पशु भनेको –

पशु Pasu (pl) m. animal sacrifices, 29 or 30 in number, if *agnişomiya* p° is reckoned. The animal sacrifice, one of the *haviryajña*, is differentiated as *iṣṭavidha* and *somavidha*; the former differing from the latter in respect of certain acts and offerings. preparation of (*praṇītā*) waters and carrying it, making *visṇu* steps, offering certain limbs of the victim etc. There are however 2 types the independent animal sacrifice generally known as *Niruḍhapaśubandha*, which is called *nirmita* (made) and explained as *svatantra*, and the animal sacrifices belonging to Soma sacrifice *Agnişomiya, Savaniya* and *Anubandhya* (and therefore angas of Soma).

But *Nirudha* is considered as a modification of the *Agnişomiya*. Many sutras however put forward the paradigms of both. The *Nirudha* is the model of all other animal sacrifices. (Sen, 2001) ८४।

७. **पशुबन्ध वा निरूढपशुबन्ध** – पशुबलि दिनुपर्ने कुनै पनि यज्ञमा त्यस यज्ञको एक भागको रूपमा पशुबन्ध अर्थात् निरूढपशुबन्ध यज्ञ गर्नुपर्छ। यो एक स्वतन्त्र यज्ञ हो। यो यज्ञ सामान्यतयाः दुई दिनको हुन्छ, वेदिका निर्माण समेतको लागि। पूर्व तयारी भए दुई दिनको काम एकै दिनमा पनि गर्ने गरेको पाइन्छ। यस यज्ञमा एक वेदी मात्र हुन्छ, एकदेखि लिएर धेरै यूप गाड्नु पर्छ (आवश्यकता र अन्य यज्ञसँग सम्बन्धित भएमा सोही अनुसार पशु बाँध्न)। जति पशुबलिको लागि बाँधिएको हुन्छ त्यति नै मेखला पनि हुन्छ। स्वतन्त्र रूपमा गरेको निरूढपशुबन्ध यज्ञमा मुख्य पशुको रूपमा बोका हुन्छ। कात्यायनश्रौतसूत्रमा निरूढपशुबन्धको लागि नै छैठौँ अध्याय छुट्याएको छ। सोहि श्रौतसूत्र अनुसार बोका बलि इन्द्र–अग्नि, सूर्य वा प्रजापतिको लागि गरिन्छ। पशुबलि दिइसकेपछि अध्वर्यु पशुका विभिन्न

Raj Kishore

अङ्ग छुट्याउनु हुन्छ र यजमानकी पत्नी बलि दिएको पशुको मुख, नाक, कान, आँखा, जिब्रो, नाभि, लिङ्ग, खुर आदि मन्त्रका साथ स्वच्छ गर्नु हुन्छ।

यस विषयमा अन्य श्रौतसूत्रहरूजस्तो आपस्तम्ब, जैमिनीले पनि यस्तै वा यससँग मिल्दोजुल्दो वा केही फरक विवरण दिएका छन् । सबै श्रौतसूत्रहरूले पशुबलिबारे उल्लेख गरेका छन् ।

निरूढपशुबन्ध m. sacrifice of a disembowelled animal, reconstructed by the Sūtrakāras as an independent rite from the animal sacrifice prescribed in the *Brāhmaṇas (cf. agniṣomiya, kratupaśu)* which is a model for animal sacrifice. -Sen, 2001) ७७।

उपसंहार

श्रेयान् स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात् ।
स्वभावनियतं कर्म कुर्वन्नाप्नोति किल्विषम् ॥

महाभारत ६।४२।४७।। गीता ३।३५।। (सरस्वती, स्वा. समर्पणानन्द, २०१८) ९७।

राम्रोसँग सम्पन्न गरिएको अर्काको कर्म वा व्यवसायलाई अपनाउनुभन्दा त्रुटिपूर्ण तरिकाले गरिएको भएपनि आफ्नै कर्ममा लाग्नु राम्रो हुन्छ । आफ्नो स्वभावअनुसार निर्देशित कर्म कहिल्यै पनि पापबाट प्रभावित हुँदैन ।

मानिसले आफ्नो कर्म अनुरूप भगवान्को सेवा गरिरहनु पर्छ, त्यो क्षत्रिय होस्, वैश्य होस् वा शुद्र केही फरक पर्दैन । ब्राह्मणहरूले पनि विभिन्न प्रकारका यज्ञहरू गर्ने क्रममा यज्ञको कर्म वा विधिविधान अनुसार पशुलाई बलि दिनु दिलाउनु पर्ने हुन्छ। जसरी एउटा क्षत्रियले राज्यको लागि आफ्नो क्षत्रियोचित कर्म गर्ने क्रममा राज्यका शत्रु (मानिस) लाई मारे ऊ पापको भागी हुँदैन । महाभारतमा स्वयं श्रीकृष्णले अर्जुनलाई स्वजनलाई हत्या गर्न लगाउन गीता उपदेश दिए । केका लागि ? क्षत्रिय धर्म निर्वाहको लागि । त्यसरी नै यज्ञकर्ता वा ब्राह्मणहरू पनि आफ्नो कर्म अनुरूप यज्ञमा दिन लगाएको बलिको लागि दोषको भागी हुँदैन, त्यो कर्मले भगवान्को सेवा गरिरहेको हुन्छ।

हामीले सिन्धुघाटीको सभ्यतादेखि वा सोभन्दा अगाडिदेखि पशुबलि दिइ

आएका छौं। पशुबलि दिएका अनगिन्ति वैदिक शास्त्रीय प्रमाणमध्ये माथि प्रस्तुत केही प्रतिनिधि प्रमाण मात्र हुन्। वेद, थुप्रै ब्राह्मणग्रन्थ, श्रौतसूत्र, स्मृति, गृह्यसूत्र, तन्त्रादिमा पशुबलिबारे अनगिन्ति प्रमाण छन्। यहाँ अश्वमेध यज्ञसँग सम्बन्धित केही प्रमाण मात्र प्रस्तुत गरिएको छ। अन्य यज्ञबारे नगण्य मात्र प्रस्तुत गरिएको छ। वेद, ब्राह्मणग्रन्थ, श्रौतसूत्र, महाभारत र रामायणमा केही बाहेक अन्य प्रमाण पनि यहाँ स्थानाभावको कारणले प्रस्तुत गरिएको छैन जसमा पशुबलि बारे थुप्रै चर्चा र प्रमाण समेटिएका छन्। यहाँ तन्त्र र तन्त्रका शास्त्रमा दिने बलि बारे कुनै चर्चा गरिएको छैन। त्यसमा कुनै पनि पूजा यज्ञादि कर्ममा बलिको प्रधानता रहन्छ। जुन अद्यावधि व्यवहारमा भइरहेका छन्। बलिको निरन्तरता बुद्ध र जैन जन्मनुभन्दा हजारौँ वर्ष अगाडि देखिका हुन्। ऋग्वेद लगायत तीनवटै वेदले यज्ञकर्ममा भगवान्को लागि पशुबलि देउ भनेका छन्। स्वयं भगवान् इन्द्रले पशुबलि दिनु भएको थियो। वेदका अन्य सहयोगी ग्रन्थहरू ब्राह्मणग्रन्थ र श्रौतसूत्रहरूले विधिविधान बनाएर नियमन गरेको छ। सबै ऋषिगणले एकमतले मानेको मनुस्मृतिले पनि यज्ञको प्रयोजनको लागि बलि देऊ नै भनेर तोकेर भनेको छ। रामायण र महाभारत जस्ता धार्मिक ग्रन्थमा धेरै ठाउँमा यज्ञ बाहेकका अन्य हिंसा नगर भनेतापनि स्वयं कौशल्या र भीमसेनले अश्वमेध यज्ञमा घोडाको बलि दिएका छन्, त्यही घोडाको प्राण वा तेज त्यस समय उपस्थित श्रीकृष्ण भगवान्ले आफ्नो शरीरमा प्रवेश गराउनु भएको छ। यज्ञमा पशुबलि दिइसकेपछि बलिका प्रसादको रूपमा यज्ञकर्ता यजमान र ऋत्विज् हरूले पशुका तोकिएको अङ्ग लिने प्रावधान छ, लिनुपर्छ। यसबाट सबैले पशुको प्रसाद भोजन गर्छ भन्ने बुझ्न सकिन्छ। यी सबै तथ्य प्रमाणले मानव मात्रलाई निर्देशन गरेको छ– मानव मात्रको भलाईको लागि परम्परादेखि गरि आएका कर्म तथा भगवान्को पुनीत कार्य गर; त्यसमा भगवान्लाई प्रिय पशुबलिको हवि होम गर, चढाऊ; पशुबलिको प्रसाद मानव विकास, स्वस्थ्यता र हितको लागि प्रयोग गर; यजमान (ऋत्विज्सहित) ले खाऊ, सुखी होऊ, स्वस्थ्य होऊ, वंश वृद्धि गर, सय वर्ष बाँच, चिरञ्जीवी होऊ।

सन्दर्भ सामग्री

Sen, C. (2001). A Dictionary Of The Vedic Rituals. New Delhi: Concept Publishing Company.

Raj Kishore

Raj Kishore

Williams, M. (1899). A Sanskrit–English Dictionary. London: Oxford.

आप्टे, व. श. (१९६६). संस्कृत-हिन्दी कोश. दिल्लीः मोतीलाल बनारसीदास.

उपाध्याय, ग. (१९७०). शतपथब्राह्मणम् (Vol. ३). नई दिल्लीः प्राचीन वैज्ञानिकाध्ययन अनुसंधान संस्थानम्.

उमेशप्रसादसिंहः. (२०१६). ऐतरेयब्राह्मणम् (Vol. १). (जमुनापाठकः, Ed.) वाराणसीः चौखम्बा विद्याभवन.

उल्लेख छैन. (उल्लेख छैन). महाभारत (षष्ठ खण्ड) (Vol. ६). गोरखपुरः गीताप्रेस.

उल्लेख छैन. (उल्लेख छैन). महाभारत (षष्ठ खण्ड) अश्वमेधपर्व. गोरखपुरः गीताप्रेस.

उल्लेख नभएको (Ed.). (१९५७). अथर्ववेदसंहिता. अजमेरः वैदिक यन्त्रालये.

करपात्री. (१९७९). वेदार्थपारिजातः. कलकत्ताः श्रीराधाकुष्ण धानुका प्रकाशन संस्थान.

गोयन्दका, ह. (२००९). वेदान्त-दर्शन ब्रह्मसूत्र. गोरखपुरः घनश्यामदासजालान.

गोस्वामी, ल. (२०३०). श्रीभाष्य (रामानुज). प्रयागः श्री निम्बार्काचार्य पीठ.

त्रिपाठी, र. ह. (२००३). वाराह श्रौत-सूत्रका परिशीलन. इलाहावादः मङ्गलम् प्रकाशन.

त्रिवेदी, क. (१९९३). गोपथ-ब्राह्मण-भाष्यम्. दिल्लीः चौखम्बा संस्कृत प्रतिष्ठान.

द्विवेदी, क. (२०००). वैदिक साहित्य एवं संस्कृति. वाराणसीः विश्वविद्यालय प्रकाशन वाराणसी.

द्विवेदी, ग. (१९१७). मनुस्मृति. लखनउः नवल किशोर विद्यालय.

पाण्डेय शास्त्री, प. र. (n.d.). महाभारत, ६. गोरखपुरः हनुमानप्राद पोद्दार.

पौराणिक, पं. राममूर्तिशास्त्री. (१९९३). श्रीमद्भागवत-महापुराणम् (२ Ed., Vol. १). वाराणसीः चौखम्बा विद्याभवन.

महीधर, उ. (१९२९). शुक्लयजुर्वेदसंहिता (२ Ed.). मुम्बाइः पाण्डुरङ्ग जावजीश्रेष्ठिना.

शर्मा, ज. (उल्लेख छैन). श्रीजैमिनीयाश्वमेधपर्व. गोरखपुरः गीताप्रेस.

शर्मा, डा. गंगा सहाय. (२०१५). अथर्ववेद. नई दिल्लीः संस्कृत साहित्य प्रकाशन.

शर्मा, द. च. (१९२७). श्रीमद्वाल्मीकि रामायण बालकाण्ड . इलाहाबादः रामनारायण लाल पब्लिशर और बुकसेलर.

शास्त्री, म. (दँ मदु). शतपथब्राह्मण (Vol. २). जयपुरः राजस्थानवैदिकतत्त्वशोधसंस्थान.

शास्त्री, र. (२००७). शुक्लयजुर्जेदीय संहिता. वाराणसीः चौखम्बा विद्या भवन.

शास्त्री, र. (२००७). शुक्लयजुर्वेदसंहिता. वाराणसीः चौखम्बा विद्या भवन.

शास्त्री, व. ल. (१९२९). शुक्लयजुर्वेदीय संहिता. बम्बेः पाण्डुरंग जावजी.

षट्शास्त्री, ह. (१९८२). ब्रह्मसूत्रशाङ्करभाष्यम् (३ ed.). वाराणसीः चौखम्बा विद्याभवन.

सरस्वती, स्वा. समर्पणानन्द. (२०१८). श्रीमद्भगवद्गीता. दिल्लीः विजयकुमार गोविन्द राम हासानन्द.

सान्तबलेकर, श. द. (१९४०). ऋग्वेद-संहिता (२ ed.). औन्-नगरः स्वाध्यायमण्डल.

सूर्यकान्त. (१९६३). वैदिककोश. बनारसः बनारस हिन्दू यूनिवर्सिटी.

Raj Kishore

छिन्नमस्ता – बलिरूपा, बलिदात्री र बलिग्रहणकारिणी[1]

– आभास धरानन्द राजोपाध्याय
श्रीचाँगुनारायणका पूजारी

लेखसार

स्वशिरच्छेदनबाट उत्पत्ति हुनुभएकी देवी छिन्नमस्तालाई काठमाडौं उपत्यकामा हिन्दु र बौद्ध दुवै मतावलम्बीहरूले उत्तिकै पुज्दछन्। छिन्नमस्ताका मन्दिरहरू धेरै ठाउँमा पाइन्छन्, यस लेखमा चाँगुनारायणस्थित छिन्नमस्ता मन्दिरसँग सम्बन्धित बलिप्रथालाई मानवशास्त्रीय ढङ्गले अध्ययन गरिएको छ। शिरच्छेदन गर्नुभएकोले उनी आफै बलिरूपा हुनुहुन्छ, आफैले आफ्नो शिर काट्नुभएकोले उनी आफै बलिदात्री पनि हुनुहुन्छ र आफैले बलि ग्रहण पनि गर्ने भएकोले उनी बलिग्रहणकारिणी पनि हुनुहुन्छ भन्ने यस लेखमा व्याख्या गरिएको छ। स्कन्दपुराणान्तर्गत मानिने नेपाल माहात्म्यम् तथा वंशावलीहरूमा वर्णित चाँगुनारायणको उत्पत्तिको कथामा पनि मस्तक छिन्न गरिएको प्रसङ्ग आउँछ, यसर्थ चाँगुनारायण र छिन्नमस्ता एकै हुन् भन्ने भाव ती कथाहरू र त्यहाँ मनाइने जात्रापर्वहरूमा झल्किन्छ। छिन्नमस्ताको (र उपत्यकाकै) तन्त्राभ्यासमा पशुबलिको परम्परामा तसर्थ फगत् स्वादका लागि नभएर देवीमै एक हुने, साधक वा अभ्यासकर्ता (पुजारी तथा अन्य सहभागी/गुठीयारहरू) आफैले देवीतत्त्व प्राप्त गरी देवीझैँ बलिदात्री हुने र उनै देवीरूपमा बलिप्रसाद ग्रहण गरी देवीको अनुग्रह प्राप्त गर्ने दार्शनिक चिन्तन पनि पाइन्छ।

---

१. तान्त्रिक विधानअनुसार सर्वप्रथम गुरु पं.चक्रधरानन्द राजोपाध्याय (चाँगुनारायण पुजारी) र गुरुआमा अरूणा राजोपाध्यायलाई हार्दिक नमन गर्दै श्रीगरुडनारायण र देवी छिन्नमस्ताको वन्दना गर्दछु। यस लेखका लागि सन्दर्भ सामग्रीका रूपमा प्रयोग गरिएका ग्रन्थ प्रकाश पार्नुहुने अग्रज लेखकहरूप्रति साधुवाद छ। आदरणीय विद्वत् पाठकवृन्दबाट यस लेखमा थपेर, सच्याएर अगाडि बढ्ने प्रेरणा दिनहुन सविनय अनुरोध छ।

Raj Kishore

शब्दकुञ्जिका – चाँगुनारायण, छिन्नमस्ता, स्वशिरच्छेदन, जात्रापर्व, बलिप्रथा, तन्त्र, बलिरूपा, बलिदात्री, बलि ग्रहणकारिणी, अव्यक्तावस्था ।

छिन्नमस्ता – बलिरूपा, बलिदात्री र बलिग्रहणकारिणी

पूर्व युगमा कश्यपरिषिको सन्तान सुरदैत्यले नवलिङ्गको तप गरी त्रैलोक्यमा जय हुने बरपाई सकल लोक देवता जिति देवताहरूलाई बडो दुःख दिंदा ओं श्री बिश्णुको शरण गै देवताहरूले स्तुति गर्दा बिश्णु गरूढ चढी आफ्नु हतियार सवै लिई सकल देवतासाथ भै अघोर लडाईं गरे पछि गरूडसंग लड्दा पखेटा काटिदिए फेरि विश्णुसंग लडाईं गर्दा आकाश बाणी भए ओं श्री शिवजीबाट भो बिश्णु अघि मैले देव असुर कसैको हातबाट नमरून भनी वर दिएकाले अहिले तिमी न लड त्यो सुरलाई मार्ने मेरी पियारी श्री माहादेवी छ भनी बाणि हुँदा त्यही पर्बत भित्र ओं श्री बिश्णु लुकिरहेका थिए त्यही सुर दैत्य आई सो पर्बत समेत हातले उचाली दोलाही हिल्यायो त्यसैबखत शिबजी आई किलोभ्रैँ भै हिलाउन भयन र किलेश्वर भए सो किलेश्वरबाट आज्ञा भोकी भो बिश्णु अहिले देवी आह्वान गरि पूजा गर देवी देखी जय होला भने मुताविक ओं श्री विश्णुले देवी जगदम्बीका आह्वान गरी जगतको रक्षा गर्न खातिर आफ्नु खड्गले आफ्नु शिर कटल गरी रगतको धारा बगाई रहेका बखत सुरदैत्य आई देखदा सोहिं ओं श्री विश्णुका अँघदेखी जगदम्बीका महादेवी प्रकट भै सुरदैत्य भस्म गरिदिए ताहाँपछि मात्रिकागणहरू पनि विराजमान भइन् ताहाँ उप्रान्त ओं श्री विश्णु तहि अल्प भै रहनु भएको थियो दोला जस्तो हिल्याएकाले दोलाद्री भन्ने नाउ भयो ॥[२] (देवमाला वंशावली, २०१३, पृ.२२)

शिरच्छेदनका कथाहरू काठमाडौँ उपत्यकाका प्रशस्त किंवदन्तीहरूमा आउँछन् । श्रीकृष्णद्वारा यलम्बरको शिरच्छेदनपश्चात् काठमाडौँको इन्द्रचोकमा स्थापित आकाशभैरवको कथा, ब्रह्माको पाँचौ शिर छेदन गर्ने कालभैरव (हनुमानढोका दरबार परिसर)को कथा, विश्वनाथ भैरवको शिरोभाग नेपालमै रहेको कथालगायत

---

२. योगी नरहरिनाथद्वारा सङ्कलित यस देवमाला वंशावलीमा पृ.२२–२३ मा क्रम सङ्ख्या ८ मा चाँगुनारायण (दोलाद्री पर्वत)को उत्पत्तिबारे वर्णन पाइन्छ। काठमाडौँका लगन टेल निवासी डी. भैरवबहादुर अधिकारीका सौजन्यबाट प्राप्त यस वंशावलीलाई योगी नरहरिनाथले वि.सं. १९९० को माघको महाभूकम्पपछि लेखिएको मानेका छन् (पृ. क,ख) । वंशावलीको ऐतिहासिक तथ्यमा विद्वान्हरूले प्रश्न उठाएकै छन्, तापनि यसको सामाजिक–राजनीतिक तथा भाषागत पक्ष अध्ययनार्थ महत्त्वपूर्ण हुनाले दुरुस्तै (अशुद्धिसहित) र विस्तृत रूपमा यहाँ उद्धृत गरेको छु।

मस्तक छिन्न भएका लोककथा प्रचलनमा पाइन्छ। यस्तै दोलागिरिस्थित भगवान् चाँगुनारायणको पनि शिरच्छेदनबाटै प्रादुर्भाव हुनुभएको कथा स्कन्दपुराणान्तर्गत हिमवत्खण्डको नेपाल माहात्म्यम् (द्वितीयोऽध्याय, श्लोक १३-१६)मा वर्णन पाइन्छ (हेर्नुहोस् – शर्मा, २०३३, पृ.८-१६)। यसै कथालाई विभिन्न वंशावलीहरूले पनि प्रस्तुत गरेका छन् (**भाषा वंशावली**, २०२०, पृ.१२-१३; **राजभोगमाला**, २०२६, पृ.६-७; **नेपाल देशको इतिहास संग्रह**, २०२७, पृ.१४) र एउटा उदाहरण माथि **देवमाला वंशावली** (२०१३, पृ.२२)बाट उद्धृत गरी प्रस्तुत गरिएको छ।

शिरच्छेदन अर्थात् छिन्नमस्तकबाट प्रादुर्भाव हुनुभएको चाँगुनारायण तथा माथि उद्धृत जगदम्बिका अर्थात् छिन्नमस्ताबीचको समानता कथाहरूबाटै प्रष्ट छ र चाँगु क्षेत्रको तन्त्र परम्परामा यो समानता त झन् विभिन्न जात्रामात्रा, पर्वपूजादिमा झल्किन्छ। लोकहितका लागि देवता स्वयंले आफ्नो शिर छेदन गर्नुभएको प्रसङ्गलाई जोड्दै यहाँका तन्त्राभ्याससम्बद्ध बलिप्रथालाई यस लेखमा केलाउन खोजेको छु। बलिको प्रचार गर्ने वा विरोध गर्ने यस लेखको ध्येय होइन, तर यस लेखमा बलिप्रथा कसरी धार्मिक-सांस्कृतिक जीवन र आस्थासँग जोडिएको छ भनी मानवशास्त्रीय दृष्टिबाट केलाउन खोज्नेछु। यस अनुसन्धानात्मक प्रयोजनका लागि मैले चाँगुनारायणस्थित श्री छिन्नमस्ता माईमा अध्ययन केन्द्रित गर्नेछु र तत्सम्बन्धी पर्व, पूजा, जात्रा, मान्यता, परम्परा, बलिप्रथा, सामाजिक धारणा, धार्मिक आस्था र सांस्कृतिक सम्बन्धलाई केलाउन खोज्नेछु।

छिन्नमस्ता देवी

यज्ञरूपं यज्ञदात्रीं यज्ञग्रहणाकारिणिम्।

मोक्षदां सर्वसत्त्वेभ्यश्छिन्नमस्तां नमाम्यहम्॥

भावार्थ – (छिन्नमस्ता) आफै यज्ञ (=बलि) हुन्, उनी बलिदात्री हुन् र उनी आफै बलि ग्रहणकारिणी पनि हुन्। सबैलाई मोक्ष दिने देवी छिन्नमस्तालाई म नमन गर्छु।[३]

छिन्नमस्तालाई हिन्दु मतानुसार दशमहाविद्यामध्येकी पाँचौं देवी मानिन्छ।

---

३. बनार्ड (२०५१, पृ.ण)ले छिन्नमस्ताको यो स्तोत्र उल्लेख गरेकी छिन्। यसै स्तोत्रको अनुवादमा केही थप गरी यहाँ भावार्थ प्रस्तुत गरेको छु।

Raj Kishore

मस्तक छिन्न भएका कारण यी देवीलाई छिन्नमस्ता भनिने कुरा नामबाटै स्पष्ट छ। देवी भगवतीकै रूपमा यिनको पूजा प्रचलित छ र पौराणिक कथानुसार पनि यिनी देवीकै रूप हुन्। यिनको स्वरूपको वर्णन छिन्नमस्ता तन्त्रको ध्यानश्लोकमा यसरी पाइन्छ (हेर्नुहोस् – शाक्तप्रमोद, २०५३, पृ.२२१) –

प्रत्यालीढपदां सदैव दधतीञ्छिन्नं शिरः कर्तृकान्
दिग्वस्त्रां स्वकबन्धशोणितसुधाधाराम्पिबन्तीम्मुदा।
नागबद्धशिरोमणिन्त्रिनयनां हृद्युत्पलालङ्कृतां
रत्यासक्तमनोभवोपरिदृढान्ध्यायेञ्जपासन्निभाम्॥ १॥
दक्षे चातिसिताविमुक्तचिकुराकर्त्रीन्तथा खप्परं
हस्ताभ्यान्दधती रजोगुणभवा नाम्नापि सा वर्णिनी।
देव्याश्छिन्नकबन्धतः पतदसृग्धाराम्पिबन्ती मुदा
नागाबद्धशिरोमणिर्म्मनुविदा ध्येया सदा सा सुरैः॥ २॥
(वामे कृष्णतनूस्तथैव दधती खड्गन्तथा खर्प्परं)
प्रत्यालीढपदा कबन्धविगलद्रक्ताम्पिबन्ती मुदा
सैषा या प्रलये समस्तभुवनं भोक्तुं क्षमा तामसी।
शक्तिः सापि परात्परा भगवती नाम्ना परा डाकिनी
ध्येया ध्यानपरैः सदा सविनयं भक्तेष्टभूतिप्रदा॥ ३॥

भावार्थ – प्रत्यालीढ (बायाँ खुट्टा अघि सारेकी) मुद्रा, सधैँ आफ्नो छिन्न शिर र कर्त्तृका हातमा लिएकी, नग्न, आफ्नो शिरहीन शरीरबाट बगेको अमृतसमान रक्तधारा आफैले पान गरेकी, नागबद्ध मणि शिरमा लिएकी, तीन आँखा भएकी, हृदय उत्पल पुष्पले अलङ्कृत भएकी, आशक्त रतिमाथि उभिएकी, उज्यालो रातो वर्णकी देवीको रूपमा ध्यान (म गर्दछु)॥ १॥

देवीको दायाँ श्वेत वर्णकी, केश खुला छोडेकी, हातमा कर्त्तृ र खप्पर लिएकी, रजो गुणले युक्त वर्णिनी नाम गरेकी (योगिनी छिन्), जो देवीको शिरहीन शरीरबाट बगेको रक्तधारा पान गरिरहेकी छिन्, उनको शिरमा नागबद्ध मणि छ, उनी मनुको ज्ञान राख्छिन् र देवताहरूले उनको ध्यान गर्छन्॥ २॥

Raj Kishore

(देवीको बायाँपट्टि कृष्ण वर्णकी, हातमा खड्ग र खप्पर बोकेकी) प्रत्यालीढ मुद्रामा (बायाँ खुट्टा अघि सारेकी) देवीको शिरहीन शरीरबाट रक्तधारा पान गरिरहेकी, जो प्रलयकालमा समस्त लोक नै निल्न सक्छिन्, तम गुणले युक्त, उनी शक्तिरूपा भगवती परात्परा देवी डाकिनी नाम गरेकी हुन् ॥ ३ ॥

चित्र १ – छिन्नमस्ता देवी

(स्रोत – शाक्तप्रमोद, २०५३, पृ.२२१)

छिन्नमस्ता दुवै हिन्दु र बौद्ध मतावलम्बीहरूमा उत्तिकै पूजित छिन्, बौद्ध मतावलम्बीहरू पनि यिनलाई छिन्नमुण्डा (वज्रवाराही/वज्रयोगिनी) मानी पूजा

Raj Kishore

गर्छन् । यस लेखको प्रयोजनका लागि मैले हिन्दु परम्परालाई मात्र अध्ययनमा समावेश गरेको छु। हुन त छिन्नमुण्डाको अध्ययनमा वज्रयानी पक्ष आवश्यक हुन्छ, यसबारे बनार्ड (२०५१)ले पुस्तकाकारको अध्ययन नै गरेकी छिन् । यस लेखमा वर्णित पक्ष छिन्नमुण्डासँग पनि केही हदसम्म मिल्न सक्ला (वा नसक्ला), यो कुरा चाहिँ मैले भविष्यका अनुसन्धानका लागि थाती राखेको छु।

हिन्दु परम्परामा दशमहाविद्यालाई भगवान् विष्णुका दशावतारसँग जोड्ने चलन पनि छ । यसअनुसार देवी छिन्नमस्तालाई भारतीय परम्परामा भगवान् विष्णुको चौथो अवतार नृसिंहसँग जोडेको पाइन्छ (हेर्नुहोस् – यशपालजी, २०६५, पृ.६) । छिन्नमस्ता र नृसिंह दुवै उग्ररूपका देवताहरू हुन् । नृसिंहको कथामा दैत्यराज हिरण्यकश्यपुलाई ब्रह्माजीबाट वर[४] प्रदान हुन्छ, जसअनुसार दैत्यराजलाई न मनुष्यले न जनावरले, न घरभित्र न घरबाहिर, न भूमिमा न आकाशमा, न दिनमा न रातमा, न अस्त्रशस्त्रले, कसैबाट पनि उनको मृत्यु सक्दैन । यस्तो वरको सीमाभित्र रही भगवान्ले मनुष्यको शरीर र सिंहको मुख लिएर (न मनुष्य न जनावर), ढोकाको सँघारमा (न घरभित्र न घरबाहिर), आफ्नै काखमा (न भूमि न आकाश), गोधूलिमा (न दिन न रात), आफ्नै नङ्ले (बिना अस्त्रशस्त्र) दैत्यसंहार गर्नुहुन्छ । यस्तो 'न यो, न त्यो' को अवधारणा देवी छिन्नमस्तामा पनि पाइन्छ – शिर छिन्न भएकीले उनी पूर्णतः जीवित होइनन् (श्वास–प्रश्वास गर्दिनन्) तर त्यो

४. दैत्यराज हिरण्यकश्यपुले ब्रह्माजीसँग वरयाचन गरेको प्रसङ्ग श्रीमद्भागवत महापुराण (७.३.३५–३८)मा यसरी वर्णन गरिएको पाइन्छ (अनुवादका लागि सहयोग लिइएको ग्रन्थ – श्रीमद्भागवतम् सप्तम स्कन्ध, १९९८, पृ.१९६–२०२; श्रीमद्भागवतमहापुराण, मिति नभएको, पृ.३८९)–

यदि दास्यस्यभिमतान् वरान् मे वरदोत्तम । भूतेभ्यस्त्वद्विसृष्टेभ्यो मृत्युर्मा भून्मम प्रभो ॥ ३५ ॥
भावार्थ – प्रभु ! तपाईं सबै वरदातामध्ये उत्तम हुनुहुन्छ। यदि तपाईं मलाई अभीष्ट वर दिन चाहनुहुन्छ भने तपाईंले सृष्टि गर्नुभएको कुनै पनि प्राणीबाट मेरो मृत्यु नहोस्।

नान्तर्बहिर्दिवा नक्तमन्यस्मादपि चायुधैः । न भूमौ नाम्बरे मृत्युर्न नरैर्न मृगैरपि ॥ ३६ ॥
भावार्थ – न भित्र न बाहिर, न दिनमा न रात्रिमा, न तपाईंले सृष्टि गर्नु भएको प्राणीले न अरू जीवले, न कुनै आयुधले, न भूमिमा न आकाशमा, न मानिसले न कुनै जनावरले, कसैबाट पनि मेरो मृत्यु नहोस्।

व्यसुभिर्वासुमद्भिर्वा सुरासुरमहोरगैः । अप्रतिद्वन्द्वतां युद्धे ऐकपत्यं च देहिनाम् ॥ ३७ ॥
भावार्थ – न निर्जीव न सजीवबाट, न देवता न असुरबाट, न नागहरूबाट, (कसैबाट पनि मेरो मृत्यु नहोस्।) युद्धमा कोही प्रतिद्वन्द्वी नहोस् र म प्राणीमध्ये एकछत्र सम्राट हुन पाऊँ ।

सर्वेषां लोकपालानां महिमानं यथात्मनः । तपोयोगप्रभावाणां यन्न रिष्यति कर्हिचित् ॥ ३८ ॥
भावार्थ – सबै लोकपालहरूमा जस्तो तपाईंको कीर्ति छ, त्यस्तै मेरो पनि होस्। तपस्वी र योगीहरूको अक्षय शक्ति मलाई पनि प्राप्त होस्।

Raj Kishore

अवस्थामा उनी मृत पनि होइनन् (बनार्ड, २०५१, पृ.६)। उनी यसरी जन्म र मृत्युको सँघारमा भएर मृत्यु (काल)लाई नै छल्न सक्ने देवी पनि हुन् र भगवान् नृसिंहझैँ कुनै निश्चित जीवित-मृत वर्गीकरणमा अटाउँदैनन्, बरु त्यस्ता वर्गीकरणभन्दा माथि छन् दुवै भगवान् नृसिंह र देवी छिन्नमस्ता।

नेपाली परम्परानुसार भने छिन्नमस्तालाई भगवान् विष्णुको छैठौँ अवतार परशुरामसँग जोडिएको पाइन्छ (हेर्नुहोस् – **श्री दशमहाविद्या परिचय पुस्तिका**, २०७६, पृ.१३)।[५] यो परम्परा मुण्डमालातन्त्रानुसारको भनी बनार्ड (२०५१)ले उल्लेख गरेकी छिन्। परशुरामको कथासँग पनि देवी छिन्नमस्ताको समानता देखिन्छ, भगवान् परशुरामले आफ्नी आमा रेणुकाको शिरच्छेदन गर्नुभएको कथा यहाँ प्रासङ्गिक छ (हेर्नुहोस् – महाभारत, वनपर्वान्र्गत तीर्थयात्रापर्व, ११६ अध्याय, ५-१९, पृ.१२८९) –

जहीमां मातरं पापां मा च पुत्र व्यथां कृथाः।

तत आदाय परशुं रामो मातुः शिरो हरत्॥ १४॥

भावार्थ – (परशुरामका पिता जमदग्नि भन्नुहुन्छ –) "पुत्र ! आफ्नी यस पापिनी माताको अहिले नै हत्या गरिदेऊ र यसका लागि मनमा कुनै पनि प्रकारको खेद नमान।" तब परशुरामले आफ्नो परशु लिएर त्यसै क्षण आफ्नी माताको शिर छिन्न गरिदिनुहुन्छ।

छिन्नमस्ता र भृगुकुल परशुरामको कथामा शिरच्छेदनको कथा समान छ, तर दुवैमा शिरछेदन गर्ने चाहिँ फरक-फरक छन्। देवी छिन्नमस्ताले आफैले आफ्नो शिर छेदन गर्नुहुन्छ भने यहाँ भगवान् परशुरामले आफ्नी आमा रेणुकाको। छिन्नमस्ताको दुई रूपमध्ये एउटा प्रचण्डचण्डिका र अर्को रूपलाई रेणुका शबरी भनिनु तथा छिन्नमस्ताका सहस्रनाममा जमदग्निस्वरूपा पनि आउनुले दुवैबीच पनि ऐक्यता सिद्ध गर्दछ।

चाँगुनारायणस्थित छिन्नमस्ता मन्दिर

चाँगुनारायण मन्दिरको दक्षिणपूर्व (आग्नेय) कुनामा छिन्नमस्ता देवीको

---

५. नेपाली र भारतीय परम्परामा दशमहाविद्या र भगवान् विष्णुको दशावतारबीचको सम्बन्धबारे तुलनाका लागि हेर्नुहोस् – राजोपाध्याय, आभास धरानन्द (२०७९, पृ.२२८-२४४)।

Raj Kishore

मन्दिर रहेको छ। यस मन्दिरलाई मातृका मन्दिर पनि भनिन्छ, कारण यहाँ छिन्नमस्ता देवीसँगै अन्य मातृका देवीहरू पनि विराजमान छन् । इतिहासकार मोहनप्रसाद खनाल (२०४०)ले यस मन्दिरलाई 'यताजुको मन्दिर' भनेका छन् (पृ.९२), कारण – ने.सं. ६१८ को एक सन्धिपत्रमा 'यता भट्टारिका' शब्द परेको छ (ऐ., पृ.९३)। यसलाई अझै पनि स्थानीयहरूले यता अजिमा पनि भन्छन्।

एक तल्लाको यस मन्दिरको छाना स्वर्णलेपित छ र मन्दिरमाथि पाँचवटा गजुर राखिएका छन्। मन्दिरभित्र उमामहेश्वर, गणेश, कुमारलगायत मातृकाहरूको मूर्ति रहेका छन्। यहाँ मातृकाहरू क्रमानुसार राखिएको पाइँदैन र अझ इन्द्रायणी (इन्द्राणी वा ऐन्द्रीको स्थानीय रूपमा प्रचलित अपभ्रंश) देवीको मूर्ति यहाँ छैन। यसर्थ, यस मन्दिरलाई सप्तमातृका मन्दिर भनिएको पनि पाइन्छ (उदाहरणका लागि बनार्ड, २०५१, पृ.१४७)। काठमाडौँ उपत्यकामा अष्टमातृकाको परम्परा प्रचलित छ, तर यस मन्दिरमा भने इन्द्राणी देवी पाइँदैन। यहाँको इन्द्राणी मनोहरापारि काठमाडौँ जिल्लामा रहेको मानिन्छ र पर्वपूजामा (मार्गशीर्ष महिनामा मनाइने महास्नानको पूजामा) उतै गई पूजा गर्नुपर्ने प्रचलन छ (हेर्नुहोस् – तलको तालिका २)।



चित्र २ – छिन्नमस्ता मन्दिरभित्र विराजमान देवीदेवताहरूको नमूना चित्र

६. सङ्क्यलाई स्थानीयले महालक्ष्मी भनी पुज्ने गरिएको पनि पाइन्छ। यसरी इन्द्राणीबाहेक यहाँ अष्टमातृकाका मूर्ति पाइन्छ। सङ्क्य भनिएको यो मूर्तिलाई ध्यानपूर्वक नियाल्दा यो देवी महिषासुरमर्दिनी भनी स्पष्ट देखिन्छ। पुरातत्त्व विभागले यसलाई महिषासुरमर्दिनी अथवा चण्डी भनी सूचीकरण गरेको छ र यसलाई इसाको दोस्रो शताब्दीको भनी अनुमान गरेको छ (हेर्नुहोस् – चाँगुनारायण मन्दिर परिसरका मूर्तिहरू, मिति उल्लेख नभएको, पृ.१९)।

७. भैरव मात्र भनिने यस मूर्तिमा दुईवटा निराकार ढुङ्गा रहेको छ। यसलाई अष्टभैरव नै मान्ने पनि गरिन्छ वा देवी छिन्नमस्तासँग सम्बन्धित कबन्ध भैरव मान्ने पनि गरिन्छ। विचारणीय छ, चाँगुनारायण आफैं पनि कबन्ध रूपका छन् र छिन्नमस्तालाई यिनकै शक्ति पनि मानिन्छ।

Raj Kishore

यस मन्दिरको छिन्नमस्ता देवीलाई नै चामुण्डा र प्रचण्डचण्डिकाको रूप मानिन्छ तथा कीलेश्वर ज्योतिर्लिङ्गसँग सम्बन्धित कपालिनी योगिनी पनि भनिएको पाइन्छ। यस छिन्नमस्ताको मूर्ति ढाकिएको कारण मूर्ति कस्तो छ भनी सर्वसाधारणले सजिलै देख्न पाउँदैनन्, त्यस्तै बनार्डले गैर–हिन्दु भएका कारण यस मूर्ति हेर्न नपाएको र यसबारे अरूलाई सोधेर लेख्नुपरेको जनाएकी छिन् (बनार्ड, २०५१, पृ.१४७)। यहाँको छिन्नमस्ताको देवी मूर्ति भने निकै पुरानो भएकोले हाल ठ्याक्कै यस्तो छ भन्न गाह्रै छ। एक त यो मूर्तिलाई इसाको दोस्रो शताब्दीको भनिएको छ (हेर्नुहोस् – चाँगुनारायण मन्दिर परिसरका मूर्तिहरू, मिति उल्लेख नभएको, पृ.१७), त्यसैले पनि यसको रूप धेरै खिइसकेको छ भने अर्कोतर्फ यो सधैँ ढाकेर राखिन्छ। पुरातत्त्व विभागले यस मूर्तिबारे यस्तो उल्लेख गरेको छ (ऐ.) –

> यस मूर्तिको कला हेर्दा मथुराशैलीमा निर्मित कुषाणकालीन मानिएको हौगलबहालको मूर्तिसँग सामीप्यता रहेको मानिन्छ। बसेको अवस्थामा देखिन्छ। टाउको नभएको र देब्रे हात भूमिमा टेकेको अवस्थामा देखिन्छ। दाहिने हात वरद मुद्रामा जस्तो देखिन्छ।

कलाशैलीबारे लेख्ने क्रममा विभागले पनि 'जस्तो देखिन्छ' मात्र भन्न सकेको छ, यसको हालको अवस्थाबारे उपरोक्त ग्रन्थमा थप यस्तो उल्लेख गरेको छ (ऐ., अशुद्धि हटाइएको) –

> यस मूर्तिको हालको अवस्था राम्रो देखिँदैन। यसका शारीरिक अङ्गहरू अस्पष्ट छन्। हातका आयुधहरू बुझिने अवस्थामा नहुनाका साथै, हात–खुट्टाका औँलाहरू पनि नबुझिने अवस्थामा छ। मन्दिरको सरसफाइको अभाव र मूर्तिमा चढाइने पूजासामग्री, बलि चढाइएको रगतले प्रत्यक्ष असर परेको छ।

दशमहाविद्याको प्रचलन धेरै पछिल्लो कालमा मात्र आएको मानिन्छ। चाँगुनारायणमा पनि छिन्नमस्ताको परम्परा के पछि नै आएको हो त ? त्यसो हो भने पुरानो रूप के हो त ? यताजु, चामुण्डा, प्रचण्डचण्डिका वा योगिन्यादि रूप नै पुरानो रूप हो ? यी अनुत्तरित प्रश्नहरूलाई पनि मैले सम्बन्धित धर्मशास्त्र इतिहास वा मानवशास्त्र इतिहासका विद्वज्जनकै अध्ययनार्थ थाती राखेँ।

चाँगु–छिन्नमस्ताका जात्रापर्वहरू

नित्य पूजाबाहेक चाँगुनारायणमा वर्षभरि विभिन्न जात्रा, पर्वपूजा, मेलालगायत मनाइन्छ। यी सबै नैमित्तिक पूजादिलाई छोटकारीमा यहाँ प्रस्तुत गर्दछु। चाँगुनारायण, कीलेश्वर महादेव, छिन्नमस्ता देवी र कान्ति भैरवसम्बन्धी जात्राहरूको सूची र तत्सम्बन्धी छोटो विवरण निम्न तालिकामा प्रस्तुत गरेको छु। यहाँ सक्दो छिन्नमस्ता देवीसम्बन्धी परम्परालाई जोड दिन खोजे पनि तन्त्र परम्परानुसार यहाँका सबै देवी–देवताको अद्वैतताका कारण अन्य जात्रापर्व, मेला आदि पनि थप हुन पुगेको छ –

<table>
<tr><th>क्र. सं.</th><th colspan="2">तिथि</th><th>जात्रापर्वको नाम</th><th>विवरण</th></tr>
<tr><td rowspan="5">१.</td><td rowspan="5">वैशाख कृष्ण त्रयोदशीदेखि वैशाख शुक्ल चतुर्थीसम्म</td><td colspan="3">चाँगुनारायण मूलजात्रा</td></tr>
<tr><td>आँशीको दुई दिनअघि</td><td>जात्रारम्भ निमन्त्रणा पूजा</td><td>✍ मनोहरापारि काठमाडौँको कान्ति भैरवस्थानमा बाजागाजाका साथ बलिसहित निमन्त्रणा पूजा
✍ निमन्त्रणा पूजाको प्रसाद पुजारीलगायतलाई दिइने</td></tr>
<tr><td>आँशीको एक दिनअघि</td><td>न्हिपूजा जाद्यः जात्रा</td><td>✍ भैरव मूर्ति छिन्नमस्ताबाट कान्तिभैरवमा लगिने, त्यहाँ न्हि पूजा गरिने
✍ भातको देवता बनाई पूजा, कान्तिभैरवमा लगिने
✍ छिन्नमस्ता पुजारीद्वारा बलिसहित तान्त्रिक होम
✍ चाँगुको कोतघरमा बलिसहित पूजा</td></tr>
<tr><td>वैशाख कृष्ण आँशी</td><td>चाँगुनारायण, छिन्नमस्ता, कीलेश्वर मूल खटजात्रा</td><td>✍ भैरवलाई चाँगुमा फिर्ता ल्याउने, छिन्नमस्ताबाट कालीलाई कुँछें टेलमा लगिने, कुँछें टेलमा भैरव-कालीको बलिसहित पूजा
✍ नारायण, कीलेश्वर र भैरव–कालीको खटलाई नारायणस्थान र नगर परिक्रमा गराइने, भैरव-कालीमा स्थानीयद्वारा बलि पूजा
✍ भैरव–कालीलाई नजिकैका गाउँहरूमा लगिने</td></tr>
<tr><td>आँशीको भोलिपल्ट</td><td>भुज्या राजारानी जात्रा
मत (दीप) जात्रा</td><td>✍ भैरव–काली चाँगुको बलम्पुमा फिर्ता
✍ राजारानी (प्रतिनिधि)द्वारा बाजागाजासहित नारायणस्थान र नगर परिक्रमा
✍ राजारानी यजमानका रूपमा नारायण र कीलेश्वरमा पूजा, भैरव–कालीलाई बलिसहित पूजा
✍ दीप बालेर बाजागाजासहित नारायणस्थानको र नगर परिक्रमा</td></tr>
</table>

Raj Kishore

	परसिपल्ट	जात्रा मनोहरा पारि लाने	✍ बेलम्पु टेलमा स्थानीयहरूद्वारा पूजा ✍ बेलुकी भैरव–कालीको खट मनोहरापारि लाने
	निपर्सिपल्ट	पारिबाट जात्रा फर्काउने	✍ आसपासका गाउँहरूमा पनि खट जात्रा, भैरव–कालीलाई गाउँहरूबाट बिदाइ ✍ मनोहरापारिबाट भैरव–कालीको खट चाँगु फिर्ता
	आँशीको चौथो दिनमा	विचाः पूजा	✍ भैरव–कालीलाई लसकुस गरी द्यःछैंमा फर्काउने ✍ नारायण र कीलेश्वरमा जात्रा समापन पूजा, छिन्नमस्तामा बलिसहित पूजा
२.	वैशाख शुक्ल पञ्चमी	पर्दा फेर्ने पर्व पूजा	✍ नारायणलाई नयाँ पर्दा र पञ्चामृतसहित पूजा ✍ छिन्नमस्तामा बलिसहित पूजा, भोज
३.	वैशाख शुक्ल सप्तमी	वैशाख ध्वजा पर्व	✍ होमसहितको वर्षबर्द्धन पूजा ✍ छिन्नमस्तामा बोका बलि ✍ भैरव, नाट्येश्वर र आगममा हाँसबलि
४.	वैशाख शुक्ल द्वादशी	विश्वम्भरा पर्व	✍ चाँगुबाट साँखुभन्दा माथि विश्वम्भरा नारायणमा होमसहितको पूजा पठाउने ✍ गणेश आदि गणहरूलाई बोकाबलि
५.	आषाढ शुक्ल अष्टमी	चम्पकारोहण पर्व	✍ नारायणलाई चाँपको फूल चढाउने, छिन्नमस्तामा बलिसहित पूजा
६.	आषाढ शुक्ल एकादशी	हरिशयनी एकादशी मेला	✍ नारायणस्थानमा मेला
७.	आषाढ शुक्ल द्वादशी	पवित्रारोहण पर्व	✍ होमसहित पुकाः (धागोको माला) नारायणस्थानभित्र सबै देवीदेवताहरूलाई चढाउने ✍ भोलिपल्ट माला निकाल्ने, चौघेरा सत्तल बन्द गरी नारायण पुजारीद्वारा विशेष पूजा, विसर्जन

तालिका १ – चाँगुनारायणमा मनाइने चाडपर्वहरू (वैशाख–आषाढ, उत्तरायण 'ख')[८]

चाँगुनारायणमा वैशाखमा मूल खट जात्रा मनाइन्छ र यो जात्रामा चाँगु

---

८. चाँगुनारायण मन्दिरका पुजारी मेरा गुरु पं.चक्रधरानन्द राजोपाध्याय (जन्म – वि.सं. २०१०)सँग कुराकानी र उहाँको लेख (राजोपाध्याय, चक्रधरानन्द, २०७९, पृ.१५९-१६२), छिन्नमस्ता मन्दिरका पुजारी प्रचण्डमान कर्माचार्य (जन्म – वि.सं. २०२२)सँगको कुराकानी, खनाल (२०४०, पृ.१०९-१३२) लगायतबाट सहयोग लिई तथा आफै सम्मिलित भई पर्वपूजा चलाउँदाका विवरणहरूलाई समेटेर यो तालिका बनाएको छु। यस लेखको प्रयोजनका लागि मात्र तालिका प्रस्तुत गरेको हुँदा यसमा सबै जात्रापर्वहरूबारे पूर्ण विवरण प्रस्तुत गरिएको छैन।
तालिकाबारे व्याख्या गर्न सहज होस् र तालिका लामो भई पढ्न अप्ठेरो नहोस् भनी यसलाई टुक्र्याएर यहाँ व्याख्यासहित प्रस्तुत गरेको छु।

Raj Kishore

नारायण, कीलेश्वर महादेव, छिन्नमस्ता माई र कान्ति भैरवको जात्रा हुन्छ। यसै क्रममा मातृ औँशी (वैशाख कृष्ण औँशी)को एक दिनअघि जाद्यः जात्रा भनी भातका देवताहरू बनाई तन्त्रोक्त विधिविधानले पूजा गरी मनोहरा नदीपारि कान्ति भैरवमा लगिन्छ। रात्रिमा त्यहाँ छिन्नमस्ताका पुजारी (कर्माचार्य)द्वारा तान्त्रिक होमसहित पूजा गरिन्छ। त्यस्तै, चाँगुनारायणमा पनि मूल जात्राका क्रममा नगरभर, आसपासका गाउँ, बस्तीहरूबाट र मनोहरापारि लगेपछि त्यहाँ पनि भैरव–कालीलाई बोका वा कुखुरा (वा अन्य पशुपन्छी) बलिसहित पूजा गरिन्छ। यस मूलजात्राको विचाः पूजा भनी अन्तिम दिनको पूजामा पनि छिन्नमस्ता मन्दिरमा बलिसहित पूजा हुन्छ। चाँगुनारायणका प्रायः प्रत्येक ठुल्ठूला पर्वपूजामा छिन्नमस्तामा छाग बलिसहित पूजा गरिन्छ। नारायणस्थानमा मेलाका क्रममा भने देवी छिन्नमस्तामा अलग्गै पूजा नभए पनि भक्तजनले दर्शन र सामान्य पूजा मात्र गर्दछन्। चम्पकारोहण र पवित्रारोहण पर्व पनि तन्त्रोक्त विधानबाटै हुन्छ। पवित्रारोहणमा नारायणसँगै शिवपूजा र चण्डपूजा तन्त्रोक्त विधिविधानले गर्ने र छिन्नमस्तामा बलिसहित पूजा गर्नुपर्ने चलन यहाँ रहेको छ।

क्र. सं.	तिथि	जात्रापर्वको नाम	विवरण
८.	श्रावण सङ्क्रान्ति	लुतो फाल्ने	बलि दिई शिर पूर्वपट्टि फाली लुतो फाल्ने
९.	श्रावण शुक्ल पञ्चमी	नाग पञ्चमी मेला	शङ्खदहमा स्नान गरी नारायण (र छिन्नमस्ता, कीलेश्वर) दर्शन गर्ने
१०.	श्रावण शुक्ल द्वादशी	कलश यात्रा	• कर्कलोको पायस बनाई नारायणलाई चढाउने • नारायण, लक्ष्मी र सरस्वतीको कलश पूजा र हनुमानढकोकासम्म पैदल यात्रा, राष्ट्राध्यक्षद्वारा छायाँ दर्शन र प्रसाद ग्रहण
११.	भाद्र कृष्ण अष्टमी	कृष्णाष्टमी मेला	• दिनभर मेला, रात्रिमा जाग्राम बसी कृष्णपूजा • छिन्नमस्तामा बलिसहित पूजा • भोलिपल्ट श्रीकृष्णको जात्रा
१२.	भाद्र शुक्ल द्वादशी	इन्द्रध्वजोत्थान	इन्द्रध्वज स्थापना

१३.	शारदीय नवरात्र (दशैं) – छिन्नमस्ता र कोतघरमा			
	आश्विन शुक्ल पक्ष	प्रतिपदा	घटस्थापना	घटस्थापना, जमरा रोप्ने, चण्डी पाठपूजा
		सप्तमी	फूलपाती	फूलपाती डाँडामा बोका बलि, बाजागाजासहित जमराघरमा फूलपाती भित्र्याउने
		अष्टमी	महाष्टमी, कालरात्रि	छिन्नमस्तामा कालरात्रि पूजा
		नवमी	महानवमी	• छिन्नमस्तामा पञ्चबलि • भक्तजनद्वारा बलिसहित पूजा
		दशमी	विजया दशमी	दशैंको विसर्जन, महाप्रसाद जमरा र टीका वितरण
१४.	आश्विन शुक्ल पूर्णिमा		आकाशदीप बाल्ने	कार्तिक महिनाभर आकाशदीप बत्ती बाल्ने
१५.	कात्तिक शुक्ल अष्टमी		शङ्ख, चक्र वर्षवर्द्धन पूजा	नारायण मन्दिरअगाडि स्थापित शङ्ख, चक्रको वर्षबन्धन पूजा (होमसहित)
१६.	कात्तिक शुक्ल नवमी		कुष्माण्ड नवमी, (सत्य) युगादि नवमी	नारायणस्थानमा मेला
१७.	कात्तिक शुक्ल एकादशी		हरिबोधिनी एकादशी मेला	नारायणस्थानमा मेला, दीपावली
१८.	कात्तिक शुक्ल द्वादशी		अखण्ड दीप दर्शन	• नारायणस्थानमा होमसहित पञ्चामृत स्नान पूजा • नारायण मन्दिरअगाडि अखण्ड दीप रातभर बाल्ने, भोलिपल्ट विसर्जन
१९.	कात्तिक शुक्ल पूर्णिमा		सकिमना पूर्णिमा मेला, गरुड पूजा	• गरुडलाई तेल लगाई विशेष पूजा • भजनमण्डलीले भजन गाउने • भुटेको गेडागुडीले हलिमण्डः बनाई प्रसाद खाने

Raj Kishore

२०.	मार्गशीर्ष शुक्ल एकादशीदेखि पौष कृष्ण प्रतिपदासम्म	महास्नान पर्व		
		एक रातअघि	निमन्त्रणा पूजा	• दीक्षित ब्राह्मणहरूद्वारा महास्नानको निमन्त्रणा पूजा • कुँछेंको भैरवको वर्षबन्धन र निमन्त्रणा पूजा
		मार्गशीर्ष शुक्ल द्वादशी	महास्नान	• गणेश पूजा, कान्तिभैरवमा बलिसहित पूजा, शङ्ख चक्र गणेशस्थानमा बलि • छिन्नमस्तामा त्रिबलि (हाँस, बोका र राँगो) पूजा • होमपछि पञ्चामृतका १० घडाद्वारा नारायणलाई स्नानपूजा, ध्वजारोहण • धान तथा गेडागुडीको महाभोग चढाउने • महादीप बाल्ने
		भोलिपल्ट	भैरव पूजा	शङ्खदहमा भैरवलाई बलिसहित पूजा, भँडेल भोज
		पूर्णिमा	महास्नान चतुर्थी पूजा	नारायण र कीलेश्वरमा पूजा, छिन्नमस्तामा बलिसहित
		पौष कृष्ण प्रतिपदा	महास्नान बिदा पूजा	नारायण र कीलेश्वर पर्व समापनको पूजा, छिन्नमस्तामा बलिसहित पूजा
२१.	पौष शुक्ल चतुर्दशी		मिलासिं होम	• छिन्नमस्तामा बलि • बेलुकी छिन्नमस्ताअगाडि नारायण पुजारीद्वारा होम
२२.	पौष शुक्ल पूर्णिमा		कलश यात्रा	• सिस्नुको पायस बनाई नारायणलाई चढाउने • नारायण, लक्ष्मी र सरस्वतीको कलश पूजा र हनुमानढकोकासम्म पैदल यात्रा, राष्ट्रध्यक्षद्वारा छायाँ दर्शन र प्रसाद ग्रहण • माघस्नान आरम्भ

तालिका २ – चाँगुनारायणमा मनाइने चाडपर्वहरू (श्रावण–पौष, दक्षिणायन)

कृष्णाष्टमी पर्वबारे यहाँ केही थप कुरा यहाँ प्रस्तुत गर्दछु। भगवान् विष्णुका आठौँ अवतारका रूपमा भगवान् श्रीकृष्ण देवकीको गर्भबाट जन्मनुभएको रात श्रीकृष्णजन्माष्टमी भनी भव्यताका साथ मनाइन्छ । नारायणकै मन्दिरमा यसरी श्रीकृष्णको जन्मपर्व मनाउनु कुनै नौलो कुरा होइन, तर चाँगुनारायण (र काठमाडौँ उपत्यकाका अन्य केही नारायण मन्दिरहरू) सामान्य रूपमा नारायण मात्रका मन्दिर होइनन्। तन्त्रविधिको प्रचुर अभ्यास पाइने चाँगुनारायणमा विशेषतः श्रीकृष्णजन्माष्टमीका दिन योगमाया भगवतीको जन्मपर्व मनाइन्छ (थप जानकारीका लागि हेर्नुहोस् – राजोपाध्याय, आभास धरानन्द, २०७९, पृ.२२८–२४४) ।

Raj Kishore

योगमाया नै पछि विन्ध्याचल पर्वतमा गई विन्ध्यावासिनीको रूपमा विराजमान हुनुभएको मानिन्छ र उनै भगवतीरूप मानी छिन्नमस्तामा बलिसहित पूजा गरी रातभर दीप प्रज्ज्वलन गरिन्छ। सो दिन षष्ठीयागार्चन गरी अदुवा, ज्वानो, चाकुसँगै नून चढाई प्रसादका रूपमा वितरण गरिन्छ।

कात्तिक शुक्ल पूर्णिमाका दिन गरुड पूजा गर्दा तन्त्रोक्त विधिले पूजा गरी भूतोपचारका रूपमा भात छरिन्छ। मार्गशीर्ष शुक्लमा मनाइने महास्नान पूजामा छिन्नमस्तामा बलिपूजा, कुँछें टोलस्थित बलिघरमा पूजा र छिन्नमस्ता मन्दिरका अष्टमातृकामध्येकी मानिने इन्द्राणी (मनोहरापारि काठमाडौँमा) कालो भैंडासहित पूजा गरिन्छ। त्यस्तै, यहाँ विष्णु क्षेत्रपालमा धान, मुखाकृतियुक्त कुभण्डिो, सुन र काँचो गेडागुडी राखी षट्पान पूजापश्चात् नारायणलाई अर्पण गरिन्छ। महास्नानको भोलिपल्टका दिन शङ्खदहस्थित भूतखेलमा कालो भैंडासहित पूजा गरी भँडेलहरूले प्रसादसहित भोज गर्छन्।

क्र. सं.	तिथि	जात्रापर्वको नाम	विवरण
२३.	माघ १ गते	घृत छापन	• चाँगुनारायण, लक्ष्मी, सरस्वती र गरुडलाई रातो घ्यूले छोप्ने • देवताहरूको नाभीमा घ्यू चढाउने • भोलिपल्ट घ्यू निकाल्ने, सन्तान प्राप्तिका लागि ग्रहण गर्ने मान्यता
२४.	माघ शुक्ल दशमी	माघध्वजा	• होमसहितको पूजा, छिन्नमस्तामा बोका बलि
२५.	माघ शुक्ल एकादशी–द्वादशी	माधवनारायणको परदेश यात्रा चाँगुनारायणमा	• एक रातअघि माघ शुक्ल एकादशीमा चाँगु आगमन • शङ्खदहमा माधवनारायण व्रत र मेला • भक्तपुरको माधवनारायण चाँगु आगमन
२६.	फाल्गुण कृष्ण चतुर्दशी	महाशिवरात्रि	कीलेश्वर मन्दिरमा मेला

Raj Kishore

२७.	फाल्गुण शुक्ल पूर्णिमा	वंशगोपाल जात्रा	• वंशगोपाल (कृष्ण), राधा र रुक्मिणीको पूजा र शोभायात्रासँगै अभीरको होली • बलम्बु र तखाछें टोलमा जात्रा गरिने • छिन्नमस्तामा बलिसहित पूजा • भोलिपल्ट मन्दिरमा ल्याई विसर्जन
२८.	चैत्र शुक्ल अष्टमी	चैते दशैं (वासन्तिक)	छिन्नमस्तामा बलिसहित पर्वपूजा
२९.	चैत्र शुक्ल नवमी	रामनवमी मेला	नारायणस्थानमा मेला
३०.	चैत्र शुक्ल द्वादशी	दमनारोहण	• नारायणलाई दमन पुष्प चढाउने • छिन्नमस्तामा बोका बलिसहित पूजा • कान्ति भैरव, नाट्येश्वर र आगमघरमा हाँसबलि
३१.	चैत्र शुक्ल पूर्णिमा	लक्ष्मीनारायण जात्रा	• लक्ष्मीनारायण (अर्धनारीश्वर)को पूजा, देवताको पछाडि बसेर पूजा गर्ने • बाजागाजासहित यात्रा इन्बाहा टोलसम्म • देवतालाई चढाएको किभुको चामल भण्डार/ भकारीमा राखे अन्नको दुःख नहुने मान्यता

तालिका ३ – चाँगुनारायणमा मनाइने चाडपर्वहरू (माघ–चैत्र, उत्तरायण 'कु)

माघे सङ्क्रान्तिका दिन सामान्यतः घ्यू–चाकु आदि खाने भनी मनाइने भएता पनि यहाँ यस्तो तान्त्रिक विधान छ (राजोपाध्याय, चक्रधरानन्द, २०७९, पृ.१६१) –

मकर सङ्क्रान्तिका दिन चाँगुनारायणमा मूर्तिहरूलाई मुखाकृतिबाहेक घिउले छोप्ने कार्य गरिन्छ। सो कार्यका अवसरमा गुठी संस्थानबाट ल्याइने तीन धार्नी तथा ठिमीबाट ल्याइने एक पाथी चामल बराबरको घिउ काँसको ठूलो थालमा गोजा (तल फुकेको माथि चुच्चो भएको) आकार बनाई टुप्पोमा रातो घिउ र त्यसमाथि चाँदीका स–साना फूलहरू घुसारेर आकर्षक बनाई बाजागाजाका साथ चाँगु पुऱ्याउँछन्। नारायण घृतछापन गर्दै गर्दा सँगै आएका कर्माचार्यले छिन्नमस्तामा तन्त्रोक्त पूजा गर्छन्। प्रसाद ग्रहणपश्चात् फर्कँदा रातो घिउलाई तन्त्रोक्त विधानबाट लक्ष्मी, सरस्वती, नारायणको नाभिमा राखिन्छ। भोलिपल्ट सो घिउ र मूर्तिमा राखिएको सम्पूर्ण घिउ मूर्तिबाट निकाली पुजारी, भँडेल नाइकेलगायतलाई बाँडिन्छ। सो घिउ विधिपूर्वक

Raj Kishore

> शोधन गरी विवाहित निःसन्तान महिलालाई चार दिनसम्म व्रत राखी प्राशन गराइन्छ। पुरुषले पनि चार दिन व्रत बसी जलसेवन गर्नुपर्दछ।

तन्त्रोक्त विधानसहित घृतछापन गरी यस प्रसादलाई सेवन गरी सन्तानप्राप्ति हुने प्रसङ्ग यहाँ व्याख्या गर्नु प्रासङ्गिक छ । चाँगुनारायण (छिन्नमस्ता)को सृष्टिकारिणी शक्तिलाई यस विधिले स्पष्ट झल्काउँछ, तसर्थ छिन्नमस्ता शिरछेदन गर्ने संहाररूप मात्र नभई सृष्टि र स्थिति (सृष्टिपालक भगवान् नारायण)रूप पनि हुन्। त्यस्तै, फागु पूर्णिमा दिन वंशगोपालरूपमा कृष्णपूजा र जात्रा गरी मनाउनु पनि गोकुललोकमा सृष्टि, स्थिति र संहाररूपमै कृष्णकाली (राधा-रुक्मिणी पनि तन्त्रपरम्परामा देवीरूप हुन्) पूजा गर्ने चलन हो। सो अवसरमा पनि छिन्नमस्तामा बलिसहित पूजा गरिन्छ।

वासन्तिक नवरात्रको अन्तमा चैते दशैंमा पनि छिन्नमस्तामा बलिसहित पूजा हुन्छ। त्यस्तै, दमनारोहण पर्वमा पनि यहाँ छागबलि तथा कान्ति भैरव, नाट्येश्वर र आगमघरमा हंसबलिसहित पूजा गरिन्छ। चैत्र पूर्णिमा दिन अर्धनारीश्वरका रूपमा गरिने लक्ष्मीनारायणको पूजा साँखुको वज्रयोगिनीसँग जोडिएको छ, जुन आफै पनि काठमाडौं उपत्यकाकै शक्तिशालीमध्येकी तान्त्रिक देवी हुन् । यिनका कथाहरू पनि वंशावलीहरूमा प्रशस्तै पाइन्छन् (हेर्नुहोस् – **भाषा वंशावली**, २०२०, पृ.३; **राजभोगमाला**, २०२६ पृ.१६ ; **देवमालावंशावली**, २०१३, पृ.१७-१८ ; **नेपाल देशको इतिहास संग्रह**, २०२७, पृ.२१)। यस लक्ष्मीनारायण जात्राका सन्दर्भमा चाँगुनारायण (छिन्नमस्ता) र साँखुको वज्रयोगिनीबीचको सम्बन्धबारे चाँगुनारायण पुजारी तथा मेरा गुरु चक्रधरानन्द राजोपाध्याय (२०७९, पृ.१६२) यस्तो लेख्नुहुन्छ –

> ... (यस जात्राका लागि) साँखु वज्रयोगिनी मन्दिरबाट वज्रयोगिनीको प्रतीक ल्याइन्छ। वज्रयोगिनी र चाँगुनारायणको सम्बन्ध भएकाले अगाडि बसी पूजा गर्दा दुवै देवदेवीबीच व्यवधान हुन्छ भनी पछाडिबाट पूजा गरिएको हो भनिन्छ। यसप्रकार चाँगुनारायण(बाट) तन्त्रोक्त विधिविधानसँग प्रत्यक्ष तथा परोक्ष रूपमा सम्बद्ध देवस्थल देखिन्छ।

Raj Kishore

बलिप्रथाको विश्लेषण – बलिरूपा, बलिदात्री र बलिग्रहणकारिणी

सिद्धान्ततः बलि सबैको हितका लागि दिइन्छ, धार्मिक आस्थानुसार बलि दिइएन भने देवी वा देवता क्रुद्ध हुनुभई अनिष्ट हुन्छ र यसको ठीक विपरीत बलि दिँदा देवी खुशी हुनुभई सबैलाई रक्षा गर्नुहुन्छ। यस अध्ययनमा शाक्तमतावलम्बी भक्तजनको यस्तो विश्वास प्रायः सबैमा पाइएको छ। बलिको विवेचना गर्दै विद्वान् विद्यानाथ उपाध्याय भट्ट (२०६२, पृ.३२३) भन्नुहुन्छ –

> ... यज्ञमा, जहाँ पशुबलिदानको विधान छ, त्यहाँ विधिपूर्वक पशुको वध वास्तविक वध होइन। देवताको खुसीका लागि र पशु स्वयंको पनि पशुत्व (पशुयोनि)को निवृत्तिका लागि हो भन्ने शास्त्रीय वचन पाइन्छ।

माथि उल्लिखित छिन्नमस्ताको कथानुसार नै पनि देवीले स्वशिरच्छेदन गर्नुको पछाडि कारण कुनै चमत्कार देखाउन नभई डाकिनी र वर्णिनीलाई (वा जया र विजया) भोक लागेको शान्त गराउनका लागि बताइन्छ। अर्थात्, देवीले आफैलाई स्वशिर बलि दिँदै लोकको भोक मेटाउनु भएको भाव यस कथामा पाइन्छ। चाँगुनारायणस्थित छिन्नमस्ताको उत्पत्तिको किंवदन्तीले पनि लोकहितकै भाव अर्थात् सबैका लागि आहारा बन्दोबस्त मिलाउने प्रयोजनलाई नै झल्काएको पाइन्छ।

त्यस्तै, स्कन्दपुराणान्र्गत **हिमवत्खण्डको नेपाल माहात्म्यम्** २.१३-१६, **भाषा वंशावली** (२०२०, पृ.१२-१३) लगायतले व्याख्या गरेको चाँगुनारायणको उत्पत्तिको कथामा नारायणको शिरच्छेदन पनि नारायणलाई ब्रह्महत्याको पापबाट मुक्त गर्नका लागि भएको वर्णन पाइन्छ। देवासुर सङ्ग्राममा असुर पक्षका गुरु सुमति नामका ब्राह्मणको हत्या गर्नुपरेको पापबाट मुक्त हुनका लागि र लोकको रक्षार्थ दोलागिरिमा विराजमान हुनका लागि शिरच्छेदन भएको भाव यस कथाबाट पाउन सकिन्छ। यस लेखको सुरुमा वर्णित **देवमाला वंशावली** (२०१३, पृ.२२)को कथा र **राजभोगमाला** (२०२६, पृ.६-७) अनुसार नारायणको शिरच्छेदनबाट भगवती जगदम्बिकाको उदय भएको वर्णन पाइन्छ र तिनै महादेवीले दैत्यको वध गर्नुभई मातृकागणसाथ दोलागिरिमा विराजमान हुनुभएको प्रसङ्गले पनि लोकहितकै भावलाई पछ्याएको पाइन्छ। यसरी लोकमा दैत्यको नाश गरी लोकहितार्थ भगवान्

Raj Kishore

स्वयं धर्तीमा आउनुभएको र भक्तजनले उनै भगवान्को भक्तिसाथ धर्तीलोकमै देवीदेवतासँग साक्षात्कार गर्न पाएको कुरा स्थानीय जनजीवन र आस्था प्रणालीसँग गाँसिएको छ।

आफ्नो शिर आफैले छेदन गर्ने छिन्नमस्ता देवी यसर्थ आफै बलिरूपा हुन्। अझ छिन्नमस्ता आफै बलिप्रदाता पनि हुन् र आफै बलिग्रहणकर्ता पनि। छिन्नमस्ताले कसको बलि दिनुहुन्छ ? आफ्नै ! कसले बलि दिनुहुन्छ ? आफैले ! बलि कसले लिनुहुन्छ ? आफैले !

आफ्नै बलि	**बलिरूपा**
आफैले बलि दिने	**बलिदात्री**
आफैले (पनि) बलि ग्रहण गर्ने	**बलिग्रहणकारिणी**

चित्र ३ – छिन्नमस्ता – बलिरूपा, बलिदात्री, बलिग्रहणकारिणी

बलि पनि उनै, बलिदिने पनि उनै र बलि ग्रहण गर्ने पनि उनै ! छिन्नमस्ताको 'बलिरूपा'को व्यांख्यामा दुईवटा पक्षलाई मैले यहाँ व्याख्या गर्न चाहें। पहिलो – मस्तक छिन्न भएपछि सामान्यतः जीवलाई मृत मानिन्छ तर छिन्नमस्ता देवी मृत हैनन्; मस्तक छिन्न भएर पनि देवी जीवित हुनुहुन्छ, स्वरक्तपान गर्नुहुन्छ। माथि छिन्नमस्ता–नृसिंहको प्रसङ्गमा वर्णन गरिएकोझैं 'न यो, न त्यो' अर्थात् बीचको 'अव्यक्तावस्था'को उदाहरण यहाँ सान्दर्भिक हुन्छ। छिन्नमस्ता न मृत छिन्, न जीवितझैँ शिरसहित छिन् – उनको अवस्था जीवन र मृत्युको सँघारको अव्यक्तावस्थाको छ।

यस्तो अवस्था जनाउने नेपाली (संस्कृत) शब्द अनेक छन् र प्रत्येकले फरक–फरक अर्थ राख्दछन्; अङ्ग्रेजी भाषामा भने 'लिमिनल' भन्ने शब्दले यसरी सँघारको अवस्थालाई जनाउँछ र यसरी 'लिमिनालिटी'बारे प्रशस्त सिद्धान्त र मानवशास्त्रीय अध्ययनहरू पाइन्छन्। यस अवधारणाबारे २० औँ शताब्दीको सुरुताका मानवशास्त्री आर्नोल्ड भान गेन्नेपले पूर्वाङ्ग (बिछोड), अव्यक्तावस्था (अन्तरिम) र उत्तराङ्ग (पुनर्मिलन)मार्फत् यस्तो 'लिमिनल' अवस्थाबाट केही 'नयाँ' पहिचान प्राप्त हुने भनी व्याख्या गरेका छन् (हेर्नुहोस् – भान गेन्नेप, २०३४)। अर्का प्रसिद्ध मानवशास्त्री भिक्टर टर्नर (२०२३, पृ.९४) यस 'लिमिनल' अवस्थाबारे लेख्छन् –

Raj Kishore

> यस अन्तरिम "लिमिनल" अवस्थामा विधिकर्ताको गुणहरू अस्पष्ट हुन्छन्; उनी यस्तो सांस्कृतिक अवस्थामा प्रवेश गर्छन् जहाँ उनको पुरानो वा पछि आउने अवस्थाका कुनै थोरै वा कुनै पनि गुण हुँदैन।

माथि वर्णित नृसिंहका कथामा जस्तो परस्परविरोधी द्वैत वर्गलाई यस 'लिमिनल'को अवधारणाले काट्छ, अर्थात् यस्ता परस्पर विरोधी ध्रुवलाई एक ठाउँमा ल्याउँछ। विधिअघिको 'पूर्वावस्था'को अज्ञान, अभक्तिलाई विधिपश्चात्को 'पश्चावस्था'को ज्ञान, भक्तिसम्म पुऱ्याउनका लागि बीचका अन्तरिम अवस्था हो, विधिविधान वा संस्कार। यस विधिविधान वा संस्कारको अवस्थामा भने कर्तासँग न पूर्वावस्थाको गुण पूर्णतः बाँकी हुन्छ, न ऊ पश्चावस्थामा पूर्णतः पुगिसकेको हुन्छ। यो बीचको अन्तरिम अवस्थालाई मैले अन्य सटीक शब्दको अज्ञानतामा 'अव्यक्तावस्था' भनेको छु। यही नै संस्कार तथा विधिविधानको शक्ति हो, जसले पश्चावस्थामा साधकलाई अनुग्रहित बनाउँदछ कारण उसले संस्कारको त्यस अन्तरिम 'अव्यक्तावस्था'मा आफै देवीभाव बोकी देवीको सान्निध्यमा देवीशक्ति प्राप्त गरेको हुन्छ। यस्तो 'अव्यक्तावस्था'को सारभूत महत्त्व के हो भने यसले दुई ध्रुवलाई एक ठाउँमा ल्याउँछ, जस्तै – जीवन र मृत्युजस्तो मिल्नै नसक्ने पक्षलाई यो 'अव्यक्तावस्था'ले एक बनाउँछ। कुनै व्यक्ति (वा जीव) एउटा निश्चित समयमा कि त जीवित हुन्छ, कि मृत हुन्छ; तर छिन्नमस्ता देवी जीवन र मृत्युको सँघारमा छिन्, उनी पूर्ण जीवितझैँ शिरसहित छैनन् – उनको शिर उनकै हातमा छ र उनी मृत पनि छैनन् – उनी आफै आफ्नो रक्तपान गरिरहेकी छिन्।

'बलिरूपा' छिन्नमस्ताबारे यही अवधारणा तन्त्राभ्यासको बलि परम्परामा पनि लागु हुन्छ। बलि दिनका लागि ल्याइएको पशु, पन्छी (वा अन्य) विशेष संस्कार[९]बाट त्यस्तो 'अव्यक्तावस्था'मा पुग्छ। बलिको अभीष्टबारे विद्वान् विद्यानाथ उपाध्याय भट्ट (२०६२, पृ.३२३) लेख्नुहुन्छ –

---

९. तन्त्र परम्पराको एउटा महत्त्वपूर्ण पक्ष गोपनीयता पनि हो, तसर्थ यी कुलायन संस्कारहरूको गोपनीयताको सम्मान गर्दै यसबारे विस्तृत यहाँ उल्लेख गर्न असमर्थ छु। अझ आफै चाँगुनारायणको पुजारी र तन्त्रदीक्षित पनि भएकोले यसबारे प्रकाशयोग्य कुरालाई मात्र यहाँ प्रस्तुत गरेको छु। यो विवशता तन्त्रमर्मज्ञ विद्वान् पाठकहरूले बुझ्नुहुनेछ भन्ने आशा राख्दछु। तर पनि ती संस्कारहरूबारे सैद्धान्तिक र दार्शनिक पक्षलाई भने यहाँ प्रसङ्ग सुहाउँदो हिसाबले व्याख्या गर्ने प्रयास गरेको छु।

... पशुबलिदान गर्दा पशुको पूजा गरेर, उसको कानमा पशुगायत्री मन्त्रको उच्चारण गरीकन 'तिमीलाई यज्ञका निमित्त सृष्टि गरेको हुन् विधाताले, त्यसैले देवताको तृप्तिका लागि म तिम्रो वध गर्दछु' भन्ने वाक्य सुनाएर मात्र वध गरिन्छ र उसको रगत र मासु देवतालाई समर्पित गरिन्छ। यसबाट देवता तृप्त भएर असल फल प्रदान गर्दछन् भन्ने शास्त्रोक्ति छ।

Raj Kishore

बलि दिनुअघिको संस्कारले उक्त पशुलाई देवीसँग एक गर्नका लागि तयार गरिन्छ, शुद्ध गरिन्छ, मन्त्र सुनाइन्छ र देवी आफै उक्त पशुमा (वा पन्छीमा) प्रविष्ट हुनुभएपछि उनै देवीमै लीन भएका साधकले देवीलाई नै बलि दिने दर्शन छिन्नमस्ताको बलि संस्कारहरूमा देखिन्छ। सो 'अव्यक्तावस्था'मा पुगेपछि पशुमा बलिरूपा देवी आफै प्रविष्ट गर्नुहुन्छ र छिन्नमस्ताको कथा पुनः दोहोरिन्छ। यस हिसाबले हेर्दा बलि दिनु भनेको छिन्नमस्ताको कथा नै मञ्चन गर्नु हो, त्यही कथा दोहोऱ्याउनु हो।

चाँगुको छिन्नमस्तामा (र काठमाडौँ उपत्यकामा) प्रायः शिर छिन्न गरी घाँटी रेटेर नै बलि दिनुपर्ने चलन छ। यसरी शिर छिन्न गरी बलि दिइएको बलिभाग पनि देवता नै मानिन्छ र यत्तिकै मिल्काइँदैन, अर्थात् उचित सम्मानकै साथ बलि दिइएको पशुपन्छीलाई सफा गरिन्छ, संस्कार गरिन्छ। देवी छिन्नमस्ता आफै यहाँ बलिरूपा भई आउनुहुन्छ, उनी आफैले बलि दिनुहुन्छ र बलिपश्चात् रक्तधारा पिउनुहुन्छ। देवीलाई रक्तधारा छ्याप्नु छिन्नमस्ताले आफ्नै रक्तपान गर्नुको प्रदर्शनी हो। उक्त बलिको प्रसाद खाने भक्त साधक (तन्त्र दीक्षित होस् वा नहोस्, तर नेवाः समुदायमा यस्तो तन्त्राभ्यास सधैँ चल्छ) पनि देवीरूपा भई प्रसाद ग्रहण गर्छन्।

'बलिरूपा'कै व्याख्या गर्दा बनार्ड (२०५१, पृ.९९)ले एउटा बुँदा उठाएकी छिन् – छिन्न मस्तक पुनः जोडिनुपर्छ भन्ने मान्यता छ। उनी लेख्छिन् –

शिरच्छेदनको प्रतीकात्मक कार्यले आत्मा अरू भन्दा फरक होइन, बरु परमात्माको एक भाग हो भन्ने अनुभूति गराउँछ। तर शिरच्छेदन नै अन्तिम विन्दु होइन, किनकि बलि पूर्ण गर्नका लागि छेदन गरिएको शिरलाई जोड्न सक्नुपर्छ, जसले अमरत्व प्रदान गर्छ।

Raj Kishore

प्रवर्ग्य बलिको उदाहरण दिँदै उनले यसरी अन्तिममा शिर जोडिनुपर्ने अवधारणालाई अगाडि सारेकी छिन्। तर तन्त्राभ्यासमा बलि त दिइसक्छ, छेदन गरिएको शिर कसरी पुनः जोड्ने ? यस्तो रीतिरिवाज त जादु गर्न सक्नेले वा कुनै परम् सिद्धिप्राप्त गरेकाले मात्र गर्न सक्छन्, तर बलिपूजा गर्ने साधक सबै त्यस्ता छैनन्। अब प्रश्न आउँछ – के त्यसरी शिर जोड्न नसक्ने साधकको पूजा अपूरो नै रह्यो त ? होइन ! रीतिरिवाजको प्रकार्य यत्ति सजिलोसँग प्रत्यक्ष रूपमा हुँदैन, मानवशास्त्रीय अध्ययनले त यस्ता विधिहरूको प्रतीकात्मक अन्तर्क्रियाबारे प्रशस्तै उल्लेख गरेका छन्। यसको थप व्याख्यातिर म जाँदिनँ, तर यसको आधारभूत अवधारणा चाहिँ मानिसहरूको अन्तरक्रिया प्रतीकात्मक र त्यसले दिने अर्थसँग सम्बन्धित हुन्छ, अर्थात् सांस्कृतिक अन्तर्क्रिया पनि तिनै प्रतीकहरू र त्यसको साझा अर्थमा आधारित हुन्छ। माथिकै शिर जोड्ने प्रश्नलाई यही अवधारणाबाट हेरौँ – छिन्नमस्ताको शिरच्छेदन हुनु भनेको एकबाट अनेक हुनु हो, र अब शिर जोड्नुपर्छ भन्ने मान्यता यसको ठीक उल्टो अर्थात् अनेकबाट एक हुनु हो। त्यसैले शिर जोडिनुपर्छ भन्ने कुरालाई अनेकबाट 'एकु बनाउनुपर्छ भन्न सकिन्छ। अब 'एकु कोसँग गराउने भन्दा रीतिरिवाजमा उनै देवीसँग 'एकु गरिन्छ। तन्त्रपूजाको सुरुमा देवी 'एकुबाट छुट्टिएर अनेक भई बसेको पशु बलिपूजाको अन्तमा उनै देवीसँग एक हुन्छ र यसरी बलिप्रथामा तान्त्रिक परम्परामार्फत् बलिरूपा देवीमा नै सो बलिलाई एक बनाइन्छ।

अब अर्को पक्षको कुरा गरौँ – बलिदात्रीको। कथाहरूमा देवी आफैले आफ्नो शिर छेदन गर्नुभएको उल्लेख छ, ध्यानमै 'स्वकबन्ध' (श्लोक १, पाउ २) भन्ने शब्द परेको छ, जसबाट देवीले आफैले शिरच्छेदन गर्नुभएको प्रष्ट छ। यस अर्थमा उनी आफै बलिदात्री पनि हुन्, अर्थात् चाँगुको जात्रापर्वमा निहित तन्त्राभ्यासमा हेर्दा छिन्नमस्ता मन्दिरमा बलि दिने बेलामा होस् वा खटजात्रामा भैरव-कालीलाई बलि दिने बेलामा (हेर्नुहोस् – माथिको तालिका १,२ र ३), त्यहाँ बलि दिने आफै देवीरूप हुन्। तान्त्रिक पूजामा साधक आफै 'भैरव' वा 'भैरवी' हुने अवधारणा प्रचलित छ, त्यसै अर्थमा त्यहाँ तान्त्रिक पूजामा बलि दिने कर्माचार्य पुजारी पनि (कम्तीमा उक्त पूजा अवधिका लागि 'अव्यक्तावस्था'मा पुगेझैँ) आफै छिन्नमस्ता रूप हुन्। यसबारे थप व्याख्या पछिका अनुच्छेदमा प्रस्तुत गर्नेछु।

बलि कसका लागि दिइन्छ ? छिन्नमस्ता देवीलाई ! उनले नै बलि ग्रहण गर्छिन्, आफ्नै बलि रूपको आफैले रक्तपान पनि गर्छिन्। बलि ग्रहण गर्ने देवी पनि उनी आफै हुन्, उनका साथ योगिनीद्वय डाकिनी र वर्णिनी (हेर्नुहोस् – माथिका ध्यान मन्त्रका श्लोक २ र ३) पनि उनै देवी हुन्। दुवैले देवी छिन्नमस्ताकै लक्षणहरू सकारेका छन्, जस्तै – देवी छिन्नमस्ताझैं दुवैले रक्तधारा पान गरिरहेकी छिन्, शिरमा नागबद्ध मणि, हातमा खप्पर धारण गरेकी छिन्, डाकिनी प्रत्यालीढ मुद्रामा छिन्। बलि संस्कारमा पनि पहिलो बलि ग्रहण गर्ने देवी नै हुन्छिन्, त्यसपछि अन्य साधकहरू इत्यादिले बलि ग्रहण गर्ने प्रचलन छ। 'सि कायूगु भ्वय्' (सिका भ्वय्, शिरभोजन) भनी नेवाः परम्परामा ज्येष्ठताका आधारमा शिरको भाग ग्रहण गर्ने चलन छ, जुन बलिप्रसादका रूपमा शिरभाग नै ग्रहण गर्ने भोजन संस्कार हो। जुजु र श्रेष्ठ (२०४२, पृ.६३)ले यसलाई मांसाहुति होम नै मानेका छन्, जसमा शरीररूपी अग्निकुण्डमा मांस आहुति गरिन्छ। यस हिसाबले पनि तान्त्रिक अभ्यासको एउटा महत्त्वपूर्ण परम्परा नै हो । 'सि कायूगु भ्वय्'को क्रमबारे बारेमा समाजशास्त्री विद्वान् गोपालसिंह नेपाली (२०४५, पृ.३९५)ले पनि उल्लेख गरेका छन् –

सिका भू नेवारहरूको मौलिक परम्परा हो। यसमा बलि दिइएको बोकाको शिरको भाग आठजनाको ज्येष्ठ समूहबीच विभाजन गरिन्छ । शिरलाई पहिला पकाइन्छ र यसको भाग निम्नानुसार बाँडिन्छ –

पुजारी	–	नाक
थकाली	–	दायाँ आँखा
नोकुली	–	बायाँ आँखा
सोकुली	–	दायाँ कान
पेकुली	–	बायाँ कान
न्याकुली	–	दायाँ बङ्गारा
खकुली	–	बायाँ बङ्गारा
न्हेकुली	–	जिब्रो

Raj Kishore

उनीहरूले आफ्नो भाग त्यहीँ ग्रहण गर्छन्, प्रशस्त मात्रामा रक्सी र थों (जाँड) सहित। यो प्रसाद ग्रहण विधान अरूले हेर्न हुँदैन भनिन्छ।

माथिको सूचीमा केही भिन्नता भए तापनि यसमा अरूले हेर्न नहुने भन्ने मान्यता छ, यो कुरा तन्त्रसाधनासँगै सम्बन्धित भनी झन् प्रष्ट छ। साधकले यसरी बलिप्रसाद ग्रहण गर्नु ('सि कायगु भ्वय्' यसको एउटा उदाहरण मात्र हो) आफै नै साधनाको अङ्ग हो, जहाँ अझै पनि साधक देवीकै रूपमा (यहाँ छिन्नमस्ताकै रूपमा) बलि ग्रहण गर्छन्। यस व्याख्यालाई र अघिका कुरालाई थप प्रकाश पार्न तन्त्रको केही सैद्धान्तिक मर्मबारे व्याख्या गर्न आवश्यक ठान्दछु। यसका लागि तन्त्रको शाब्दिक अर्थ यहाँ उल्लेख गर्नु प्रासङ्गिक हुन्छ। संस्कृतमा 'तनु' धातुको अर्थ तन्किनु वा विस्तार गर्नु हो। के विस्तार गर्ने वा के चाहिँ विस्तार हुने भन्नेबारे भने विभिन्न विद्वान्हरूको विभिन्न किसिमका भनाइ छन्। कामिकागमः (पूर्वभागः तन्त्रावतारपटलः, श्लोक २९)मा यस्तो उल्लेख गरेका पाइन्छ –

तनोति विपुलानर्थांस्तत्त्वमन्त्रसमाश्रितान्।

त्राणञ्च कुरुते यस्मात्तन्त्रमित्यभिधीयते॥

भावार्थ – जसले तत्त्व र मन्त्रको मिश्रणबाट विशाल ज्ञानभण्डारलाई विस्तार गर्छ र त्यसरी विस्तृत ज्ञानबाट साधकको रक्षा गर्छ, त्यसलाई तन्त्र भनिन्छ।

विद्वान् ग्याभिन लड (२०६३, पृ.९-१२)ले यस अर्थमा तन्त्रको ध्येय साधकको 'आत्म' तत्त्वको विस्तार गर्नु हो भनी उल्लेख गरेका छन् – यहाँ साधकको मनुष्यरूपी 'आत्म' तत्त्व विस्तार भई 'शिव' तत्त्वसँग एकाकार हुन्छ र साधक आफै देवीरूपा हुन्छन्, अनि बलिग्रहणकारिणी पनि भई प्रसाद भोजन गर्छन्। यसर्थमा चाँगुको छिन्नमस्तामा दिइने बलिविधानमा साधक त केवल 'साधन' मात्र हो, साध्य त उनै देवी नै हुन्। उनै साध्यसँग तान्त्रिक पूजाका दौरान बलि र साधकको एकाकार हुने तन्त्रको मूलभूत दार्शनिक मान्यता र यसरी देवीको अनुग्रह प्राप्त गर्ने प्रबल सांस्कृतिक आस्थाले नै यस बलिप्रथालाई समाजमा स्वीकार्य र अझ उत्सवमय बनाएको देखिन्छ।

Raj Kishore

सन्दर्भसामग्री

उपाध्याय भट्ट, विद्यानाथ. (२०६२). **तन्त्रविद्यालोक**. काठमाडौं : अन्नपूर्णा उपाध्याय भट्ट.

कामिकागमः (पूर्वभागः). (२०३२ [सन् १९७५]). श्री स्वामीनाथशिवाचार्य. (अनु.). मदरास : दक्षिण भारतीय अर्चक संघ.

खनाल, मोहनप्रसाद. (२०४०). **चाँगुनारायणका ऐतिहासिक सामग्री**. काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय.

चाँगुनारायण मन्दिर परिसरका मूर्तिहरू. (मिति उल्लेख नभएको). काठमाडौं : पुरातत्त्व विभाग, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल सरकार.

जुजु, बलदेव र श्रेष्ठ, सुरेन्द्रमान. (२०४२ [ने.सं. ११०५]). **नेपाः या तान्त्रिक द्यः व तान्त्रिक पूजा** [नेपालका तान्त्रिक देवता र तान्त्रिक पूजा]. काठमाडौं : बलदेव जुजु र सुरेन्द्रमान श्रेष्ठ.

टर्नर, भिक्टर. (२०२३ [सन् १९६६]). **द रिचुअल प्रोसेस : स्ट्रक्चर एन्ड एन्टिस्ट्रक्चर** [विधि प्रक्रिया : संरचना र प्रतिसंरचना]. न्युयोर्क : कर्नेल युनिभर्सिटी प्रेस.

नरहरिनाथ, योगी. (२०१३). **देवमाला वंशावली**. काठमाडौं, मृगस्थली : श्रीपीरमहन्त क्षिप्रानाथ योगीराज [गोरक्षग्रन्थमालायामष्ट्यशीतितम पुष्पम् ८८].

नेपाल देशको इतिहास संग्रह. (२०२७ [श्रावण, सन् १९७० जुलाइ]). थापा, रमेशजङ्ग. (सं.). **प्राचीन नेपाल**, १२. पृ.१–२७.

नेपाली, गोपालसिंह. (२०४५ [सन् १९८८, पुनर्मुद्रण संस्करण, प्रथम सं. १९६५]). **द नेवार्स : एन इथ्नो-सोसलोजिकल स्टडी अफ अ हिमालयन कम्युनिटी** [नेवार – हिमाली समुदायको जातीय-सामाजिक अध्ययन]. बम्बई : एसियन पब्लिसर्स.

पौडेल, नयनाथ. (२०२०). **भाषा वंशावली भाग १**. काठमाडौं : नेपाल राष्ट्रिय पुस्तकालय, पुरातत्त्व विभाग, श्री ५ को सरकार.

लड, ग्याभिन. (२०६३ [सन् २००६]). **द तान्त्रिक बडी : द सिक्रेट अफ द हिन्दु रिलिजन** [तान्त्रिक देह : हिन्दु धर्मका रहस्य]. लन्डन : आई बी टैरिस.

बनार्ड, एलिजाबेथ एने. (२०५१ [सन् १९९४]). **छिन्नमस्ता : द अफुल बुद्धिस्ट एन्ड हिन्दु तान्त्रिक गदेस** [छिन्नमस्ता : भयङ्कर बौद्ध र तान्त्रिक देवी]. नयाँ दिल्ली : मोतीलाल बनारसीदास पब्लिसर्स [बुद्धिस्ट ट्रेडिसन सिरिज २२].

भान गेन्नेप, आर्नोल्ड. (२०३४ [सन् १९७७]). **द राइट्स अफ प्यासेज** [पारण हुने संस्कार]. (अनु.). राउटलेज र केगन पाल.

महाभारत (द्वितीय खण्ड – वनपर्व और विराटपर्व) [श्रीमन्महर्षि वेदव्यासप्रणीत – सचित्र, सरल हिन्दी अनुवादसहित]). (मिति उल्लेख नभएको). पाण्डेय, रामनारायणदत्त शास्त्री. (अनु.). गोरखपुर : गीता प्रेस.

यशपालजी, योगराज. (२०६५ [सन् २००८]). **दश महाविद्या : तन्त्रसार**. हरिद्वार : रणधीर प्रकाशन.

राजभोगमाला. (२०२६ [वैशाख, सन्१९६९ अप्रिल]). थापा, रमेशजङ्ग. (सं.). **प्राचीन नेपाल**, ७. पृ.१–२४.

Raj Kishore

राजोपाध्याय, आभास धरानन्द. (२०७९). कृष्णकाली : शास्त्र र परम्परा. सापकोटा, सन्दीप. (सं.). नेपालमा तन्त्र. काठमाडौँ : एकेडेमी अफ तन्त्र एण्ड स्यामनिक स्टडिज. पृ.२२८–२४४.

राजोपाध्याय, चक्रधरानन्द. (२०७९). चाँगुनारायणमा तन्त्र. सापकोटा, सन्दीप. (सं.). तन्त्र चर्चा. काठमाडौँ : भोलानाथ बास्तोला. पृ.१५९–१६२.

लिङ्की, जेफ. (२०५३ [सन् १९९६]). विश्वरूप मन्दिर : अ स्टडी अफ चाँगु नारायण, नेपालस् मस्ट एन्सियन्ट टेम्पल [विश्वरूप मन्दिर : नेपालको सबैभन्दा प्राचीन मन्दिर चाँगु नारायणको अध्ययन]. नयाँ दिल्ली : निराला पब्लिकेसन्स्.

शर्मा, केदारनाथ. (२०३३ [सन् १९७६]). [स्कन्दपुराणान्तर्गतं नेपालमाहात्म्यम्] [सपरिशिष्ट 'पार्वती' हिन्दीव्याख्योपेतम्]. वाराणसी : चौखम्बा अमरभारती प्रकाशन [चौखम्बा अमरभारती ग्रन्थमाला १०].

शाक्तप्रमोद [काल्यादिदशमहाविद्यातन्त्रात्मकः कुमार्यादिपञ्चायतनदेवतानां तन्त्रैश्च समलङ्कृतः]. (२०५३ [सन् १९९७]). सिंह-बहादुर, श्रीराजदेवनन्दन. (सङ्कलक). बम्बई : खेमराज श्रीकृष्णदास प्रकाशन.

श्री दशमहाविद्या परिचय पुस्तिका. (२०७६). ललितपुर : श्री दशमहाविद्या परिक्रमा पूजा मूल समारोह समिति.

श्रीमद्भागवतम् सप्तम स्कन्ध [संस्कृत मूलसहित अङ्ग्रेजी अनुवाद]. (२०५५ [सन् १९९८]). स्वामी प्रभुपाद (अनु.). क्यालिफर्निया : भक्तिवेदान्त बुक ट्रस्ट इन्टरनेसनल.

श्रीमद्भागवतमहापुराण [हिन्दी संस्करण]. (मिति नभएको). वेद पुराण डट नेट. vedpuran.files. wordpress.com/ 2011/10/bhagwat-puran.pdf मा हेरिएको.

Raj Kishore

बलि : शास्त्रीय विवेचन

– सन्दीप सापकोटा
तन्त्रचर्चा परिवार

पृष्ठभूमि

देशको संविधानले निर्दिष्ट गरेको र विश्व परिवेशमा अभ्यास भएको वाक् र वैचारिक स्वतन्त्रतालाई अनुसरण गरेर बलिविरूद्ध व्यक्तिगत विचार अभिव्यक्त गर्न खुलेआम पाइन्छ, आफ्नो खुशीले आफूले बलि नदिन पनि पाइन्छ र दिल खोलेर भावनात्मक चर्चा परिचर्चा गर्न पनि पाइन्छ। तर संवैधानिक स्वतन्त्रताको आधारमा शास्त्रमा भएको प्रमाणलाई एकतर्फीय रूपमा प्रस्तुत गरेर "शास्त्रमा बलि दिनै हुँदैन भनेको छ" भनी निराधार अपव्याख्या गर्न पाइदैंन, त्यो संवैधानिक अधिकारको दुरूपयोग हो । यो कृत्य एक किसिमको अपराध नै हो किनभने सनातनदेखि चलिआएको एवं परम्पराका रूपमा स्थापित रहेको धार्मिक आस्थामा यसप्रकारका गतिविधिले गम्भीर असर पार्दछ, शास्त्रको स्थापित मूल्यमान्यतामा गम्भीर चोट पुऱ्याउँछ र समाजमा सनातनदेखि चल्दै आएको अक्षुण्ण परम्पराको मौलिकता माथि प्रहार गर्दछ ।

बलि दिनै हुन्न, बलि भनेको मानव सभ्यताको सबैभन्दा ठूलो कलङ्क हो भनेर प्रचारप्रसार गर्नेहरू शास्त्रप्रति एककोणीय दृष्टि राख्ने र समाजमा सनातनको मूल्यमान्यतालाई विकृत चित्रण गरी प्रगतिशील टोपलिनेहरू हुन्, पूर्वाग्रह राख्नेहरू हुन्। यो वर्तमान समयमा स्वभाविक पनि हो, श्रीमद्भागवत महापुराणको द्वादश स्कन्धको तेश्रो अध्यायको ३२ औं श्लोकमा भनिएको छ – **दस्यूत्कृष्टा जनपदा वेदाः पाखण्डदूषिताः**। अर्थात् कलियुगमा पाखण्डीहरूले मनोमानी रूपमा वेदको अपव्याख्या गर्दछन्।

विषयप्रस्थान

सनातनीय पूजा, अनुष्ठान, मंगलोत्सव लगायतका देवकार्य, पितृकार्य

Raj Kishore

आदिमा निष्काम वा सकाम भावले प्रत्यक्ष जीव बलि वा प्रतीकात्मक अनुकल्पीय बलि चढाउने दस्तुर शास्त्रीय पद्धति र मर्यादा हो। शास्त्रले बलिलाई पूर्णरूपेण स्वीकार गरेको छ अर्थात् कहीँ कतै शास्त्रमा बलि दिन हुन्न भनेर लेखिएको छैन। केवल सिमीत ध्येय भएका र शास्त्रको वास्तविकताप्रति अनभिज्ञ रहेपनि आफैँले आफैँलाई शास्त्रज्ञको बिल्ला भिराएर सुसंस्कृत बन्ने मान्छेहरूले पशुबलि विरोधका नाममा शास्त्रलाई अनेकानेक रूपले बढाईचढाई प्रचारप्रसार गरिरहेको अवस्था छ। कसैका सङ्कलनमा रहेका केही थान संस्कृतका वाक्यहरू टिपेर शास्त्रले त बलिलाई कदापि स्वीकार गरेको छैन भन्नु सङ्कीर्ण चिन्तनको उपज हो, धराशायी बौद्धिकताको संकेत हो।

यहाँ विचारणीय पक्ष के छ भने – आजकल बलिविरुद्ध क्रियाशील अभियन्ताहरूबाट शास्त्रले सर्वथा स्वीकार गरेको बलिलाई हेयात्मक दृष्टिले प्रचारबाजी गरेको पाइन्छ र देवार्पण बिनाको मासु भक्षण गर्नु महाअपराध हो भन्ने शास्त्र वचनलाई मात्र केन्द्रीकृत गरी व्यापक रूपमा प्रचारबाजी गर्ने गरिएको पाइन्छ। यो किसिमबाट भएको प्रचारलाई पङ्क्तिकारका दृष्टिमा केही सकारात्मक मान्न सकिन्छ, किनभने शास्त्रमा भएको यर्थाथतालाई यसले आंशिक रूपमा भएपनि चित्रण गरेको छ। तर पशुबलिका विरोधीहरूको अर्को जमात यस्तो पनि छ – जसले धर्मका नाममा मासु नखाऊ, आफ्नो मनोखुशीले पशुवध गरेर मासु खाऊ र भौतिक सुख प्राप्त गर भन्दछ। यो त निकृष्ट चेत भएको संस्कार विरोधी कृत्य हो। यो दर्जाका विरोधीहरू सनातनलाई जरैबाट सिध्याउने रणनीतिका पृष्ठपोषक हुन्। यहाँ प्रकृतिको सार्वभौमिक नियम मिचेर बोकालाई नपुंसक बनाएर खसीको मासु शुद्ध भन्दै खाने एकथरि महापण्डितहरूको जमात पनि छ। हरेक श्वासप्रश्वासमा असंख्य जीवाणुहरूलाई मान्छेले ग्रहण गरिरहेको हुन्छ, दूधलाई दही बनाउन जीवाणुको प्रयोग हुन्छ। त्यसलाई चाहिँ स्वादिष्ट र बिना जीववधको सात्त्विक आहार मानेर भक्षण गर्दै जीव हिंसा नगरौँ भन्ने अर्को प्रखर जमात पनि छ। के त्यो चाहिँ हिंसा भएन र ?

देवयाग वा पितृयागमा बलि अर्पण गरिएको पशुको प्रसादस्वरूप मासु ग्रहण गर्नलाई शास्त्रले ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र कतै कसैलाई वर्जित गरेको छैन। बरु आत्मतुष्टि र उदरपोषणको मनसुवाले गरिने पशुवधलाई शास्त्रले सख्त निषेध

RajKishore

गरेको छ। तर आज आएर पशुबलिको विरोध गर्ने अभियन्ताहरूले आफ्नै तरिकाले विभिन्न आधुनिक सिद्धान्तको प्रतिपादन गरेका छन्। आधुनिक सिद्धान्तलाई अलि प्रष्ट पार्न यहाँ केही संकेतार्थ उदाहरण प्रस्तुत गरिन्छ। जगदम्बिकाको अगाडि आफ्नै सन्तानको बलि दिने ? आफ्नै आमाको अगाडि छोरालाई काट्ने ? यो कहाँसम्मको मानवता हो ? यसप्रकारका नवीन सिद्धान्तहरूको विकास भइरहेका छन्। पशुबलि विरोधीहरूका त्यस्तै कुरालाई प्रत्युत्तर दिने हो भने– राक्षस पनि त जगदम्बिकाकै सन्तान हुन्। राक्षसलाई किन मार्ने ? मार्दै नमारे हुने थियो, मानवताको उद्धार गर्दै नगरे हुने थियो। नवीन सिद्धान्त यसर्थकी यसलाई समर्थन गर्ने शास्त्रीय प्रमाण कहीँ कतै उल्लेख भएको पङ्क्तिकारले भेटेको छैन र अभियन्ताहरूको आह्वानपत्र, लेख आदिमा तरल मनोभावना बाहेक केही ठोस शास्त्रीय चिन्तन र प्रमाण प्राप्त गर्न पनि सकेको छैन। शास्त्रमा मात्र होइन, न त व्यवहारिक कुराको सन्दर्भ चर्चा नै छ। यसर्थः पशुबलिको विरोध भनेको शास्त्रविरुद्ध विषयवस्तुको आधुनिक बजारीकरण मात्र हो, पूर्वीय संस्कृतिलाई धराशायी बनाउने षड्यन्त्र मात्र हो। यसको बहुपक्षीय कोणबाट परिशीलन हुनुपर्दछ।

बलिलाई सनातन शास्त्रहरूले सर्वस्वीकार्य रूपमा अंगीकार गरेको छ। शास्त्रकारहरूले पनि बलिलाई कहीँ कतै विरोध गरेका छैनन्। बादरायण व्यास, आद्यजगद्गुरु श्रीशंकराचार्य, भाष्कराचार्य, रामानुजाचार्य, निम्बार्काचार्य, श्रीकण्ठाचार्य इत्यादि सबैले वेदविहित हिंसामा कुनै दोष नहुने हुनाले वेदविहित यज्ञमा पशुलाई बलि अर्पण गरेर अनिष्ट हुँदैन, स्वर्गप्राप्ति नै हुन्छ भनेका छन्। आजकल धर्मलाई भिक्षापात्र बनाएर मागी खाने नानाभाँतिका सम्प्रदायका कथित गुरु भनाउँदाहरू र संस्कार कृत्यहरूलाई तडकभडकतर्फ आर्थिक मोलाई गर्ने पाखण्डवृत्तिमा लागेकाहरूले पूर्वोक्त आचार्यहरूको मार्गनिर्देशनलाई समेत विकृत गरेका छन्, विभिन्न शाखाप्रशाखा बनाएर मनोखुशीका सिद्धान्तहरूलाई जबर जस्ती लाद्न खोजेका छन्। यति मात्र होइन यस्ता पाखण्डीहरूको शब्दजालमा अल्झिएका, शास्त्रको केही पनि ज्ञान नभएकाहरू आत्मरतिमा रमाएर बलिको विप्रतिपत्तिमा आफ्नो निरर्थक शब्द खेर फाल्दछन्।

नित्य, नैमित्तिक र काम्य पूजानुष्ठानमा बलि अभिन्न उपचार हो, भुक्तिमुक्ति दिने सरलतम मार्ग र पुरुषार्थ चतुष्टय प्राप्त गर्ने सुगम विधि हो।

Raj Kishore

बलिले केवल कल्याण गर्दछ, पशुलाई पशुयोनीबाट मुक्त गराएर मोक्षको द्वारसम्म पुऱ्याइदिन्छ। तर यहाँ उल्लेख गर्दैमा बलिले वास्तवमा नै यसो गर्दछ त ! यसको आधार के त ? यस्तो विषय कुन शास्त्रमा लेखिएको छ त ? यो आमपाठकको मनमा उठ्ने स्वभाविक प्रकृतिको प्रारम्भिक प्रश्न हो र बलिविरुद्ध लागेका एवं टिप्पणीकर्ताहरूको प्रहार विन्दु पनि यही नै हो। यस लेखमा पशुबलि र मांस भक्षण सम्बन्धमा विविध पक्षहरूलाई उठान गरी शास्त्रीय कोणबाट केलाउने र चिन्तन गर्ने प्रयत्न गरिएको छ। यस लेखबाट आम जनमानसमा सिर्जित गरिएको बलि विषयको भ्रमको निराकरण गर्नका लागि उपयोगी सिद्ध हुने मान्यता पङ्क्तिकारले लिएको छ।

वेदमा पशुवध र बलिका प्रमाण

, पशुबलि वेदमा छँदै छैन, वेदले कहिले पनि रगत चुहाएर बलि दिनलाई प्रोत्साहन गरेकै छैन भनेर अहिले विभिन्न चर्चा परिचर्चा गरिएको पाइन्छ। हाम्रा पशुहरूलाई नमार, हाम्रो पशुधनको रक्षा गर लगायतकाका चतुर्वेदका कतिपय ऋचाहरू उद्धृत गरेर वेदले बलिलाई कहिले पनि समर्थन गरेन भनेर लेखहरू मार्फत भव्यताका साथ प्रचारित गरिएको पाइन्छ। त्यो त वास्तविक सत्यमाथि पर्दा लगाएर अमुक ध्येयले शास्त्रको वास्तविकता प्रति गरिएको निर्मम प्रहार हो। यथार्थमाथि पर्दा राखेर समाजलाई दिग्भ्रमित गराउन पाइन्छ ? हरेक वस्तुको क्रम हुन्छ। त्यसलाई क्रमशः बुझ्दै जानु पर्दछ। सबै कुरालाई एकै ठाउँमा मिसाएर सर्वज्ञताको पहिचान दिन खोज्नु हास्यास्पद हुन्छ र त्यसबाट प्राप्त हुने नतिजाले कुनै प्रकारको ठोस निष्कर्ष एवं समाधान दिन कदापि सक्दैन।

वैदिक बलि विधि र हिंसा आकाशजमिनको अन्तर रहेको बेग्लाबेग्लै विषयवस्तुहरू हुन्। वास्तविकता के हो भने– वेदले कहिले पनि हिंसाको पक्ष लिएकै छैन, मूल तात्पर्य अहिंसा परमोधर्म नै हो तर वेदले बलिको पूर्ण समर्थन गरेको छ। वेदमा वर्णन गरिएको बलि र हिंसाको परिभाषा फरक छ। लेखिएकै छ – **'वैदिकी हिंसा हिंसा न भवति।'** वेदमा लेखिएको हाम्रा पशुहरूलाई नमार, हाम्रो पशुधनलाई रक्षा गर आदि भावार्थका ऋचाहरूमा बलि प्रयोजनको लागि र सामाजिक–आर्थिक उन्नयनका लागि पालिएको पशुधनको रक्षार्थ देवताहरूलाई याचना गरिएको हो। अपौरुषयेय वेदमा नै विभिन्न प्रजातिका पशुहरूलाई बलि

Raj Kishore

दिइएको र प्रसादस्वरूप मांसभक्षण गरिएको प्रसङ्ग उल्लेख छ। घोडा, हात्ती, साँढे, बोका लगायतका पशुहरूलाई वेदसम्मत बलि दिंदा न त पशुको मृत्यु नै हुन्छ न त पशुमाथि हिंसा नै हुन्छ भन्ने वेदवचन छ। त्यसरी वैदिक विधिपूर्वक दिइएको बलिले पशुलाई देवताहरूको साथमा पुऱ्याइदिन्छ र त्यसका साथै वैदिक सनातनलाई पछ्याई बलि दिने यजमानको आध्यात्मिक, आधिभौतिक र आधिदैविक त्रिविधताप नाश भई मनोवाञ्छित फल प्राप्त हुन्छ। अबका हरफमा विश्वको सबै भन्दा प्राचीनतम ग्रन्थ र सनातन धर्मको प्रमुख आंभार स्तम्भको रूपमा रहेका चतुर्वेदका केही ऋचाहरू मार्फत् सनातन कालदेखि नै बलिप्रथा प्रचलनमा रहेको र रहँदै आएको प्रमाण पेश गरिन्छ। यथा–

एषच्छागः पुरो अश्वेन वाजिन पूष्णो भागो नीयते विश्वदेव्यः।

अभिप्रियं यत्पुरोडाशमर्वता त्वष्टेदेनं सौश्रवयास जिन्वति॥

–ऋग्वेद १ मण्डल १६२ सूक्त ३ ऋचा

– यजुर्वेद २५ अध्याय २६ ऋचा

भावार्थ– समस्त देवताको लागि उपयोगी, तर पूषाको अंश यो बोका शीघ्र गतिशाली घोडाको समान ल्याइन्छ। घोडाको साथ यो बोकाको प्रयोग गरेर त्वष्धा देवको लागि स्वादिष्ट भोजनरूप पुरोडाश बनाइन्छ। पुरोडाश सबैलाई प्रिय लाग्दछ र त्यसको उत्तम भाग यज्ञमा दिएर यश प्राप्त हुन्छ।

यद्धविष्यमृतुशो देवयानं त्रिर्मानुषाः पर्यश्वं नयन्ति।

अत्रा पूष्णः प्रथमो भाग एति यज्ञं देवेभ्यः प्रतिवेदयन्नजः॥

–ऋग्वेद १ मण्डल १६२ सूक्त ४ ऋचा

भावार्थ– जब ऋत्विज् योग्य हवि देवतालाई अर्पण गर्न खातिर हवि पात्र र घोडालाई समय समयमा तीनतीन पटक गरेर यज्ञाग्निको चारैतिर डुलाइन्छ, तब पूषाको भागरूप पहिलो बोकाले म्याँ म्याँ शब्दले देवयज्ञको प्रचार गर्दछ। त्यो आवाजले वैदिक देवताहरू हवि ग्रहण गर्नका लागि खिचिएर आउँछन्।

मा त्वा तपत्प्रिय आत्मापियन्तं मा स्वधितिस्तन्व१ आ तिष्ठिपत्ते।

मा ते गृध्नुरविशस्तातिहाय छिद्रा गात्राण्यसिना मिथू कः॥

–ऋग्वेद १ मण्डल १६२ सूक्त २० ऋचा

Raj Kishore

भावार्थ : हे घोडा ! तिमी देवताहरूको समीप जाने समयमा तिम्रो प्रिय शरीरले तिमीलाई दुःखी नबनाओस् । बलि दिंदा आयुध (छुरी) तिम्रो अंगमा नरोकियोस् । मांस ग्रहण गर्नको लागि इच्छुक र अंगछेच्दनमा अकुशल काट्नेले भिन्नभिन्न अंगको अतिरिक्त छुरीले शरीरलाई तेर्सो नकाटोस् ।

न वा उ एतन्म्रियसे न रिष्यसि देवाँ इदेषि पथिभिः सुगेभिः ।

हरी ते युञ्जा पृषती अभूतामुपास्थाद्वाजी धुरि रासभस्य ॥

– ऋग्वेद १ मण्डल १६२ सूक्त २१ ऋचा

–यजुर्वेद २५ अध्याय ४४ ऋचा

भावार्थ– हे अश्व ! यसप्रकारसँग बलि दिए पछि न त तिमी मर्छौ नै न बलि दिइने व्यक्तिद्वारा हिंसित नै हुन्छौ । तिमी उत्तम मार्गद्वारा देवताहरूको समीपमा पुग्दछौ । इन्द्रको हरि नामक घोडा, मरुत्को वाहन हरिणहरू एवं अश्विनीकुमारको रथमा जोतिने गधाहरू तिम्रो रथमा जोतिनेछन् ।

सप्तास्यासन् परिधयस्त्रिः सप्त समिधः कृताः ।

देवा यद्यज्ञं तन्वाना अबध्नन् पुरुषं पशुम् ॥

–यजुर्वेद ३१ अध्याय १५ ऋचा

भावार्थ : देवताहरूले जुन् यज्ञको विस्तार गरे, त्यही यज्ञमा परमपुरुषलाई नै हविको पशु रूपमा बाँधे । त्यस यज्ञमा सात परिधिहरू र एक्काइस समिधाहरू थिए ।

यद्धविष्यमृतुशो देवयानं त्रिर्मानुषाः पर्यश्वं नयन्ति ।

अत्रा पूष्णः प्रथमो भाग एति यज्ञं देवेभ्यः प्रतिवेदयन्नजः ॥

–यजुर्वेद २५ अध्याय २७ ऋचा

भावार्थ– जब यजमानले हविलाई तीन देवमार्गबाट चारैतिर घोडाजस्तै ल्याउँछन्, तब यहाँ यो अज(बोका) पोषणको प्रथम भाग पाएर देवताको लागि यज्ञको प्रतिवेदन गर्दछ ।

पीवानं मेषमपचन्त वीराः ।

– ऋग्वेद संहिता १० मण्डल २७ सूक्त १७ ऋचा

Raj Kishore

भावार्थ : प्रजापतिको पुत्र अंगीरा आदि ऋषिहरूले मोटो बोकालाई पकाए।

यदश्वस्य क्रविषो मक्षिकाश यद्वा स्वरौ स्वधितौ रिप्तमस्ति।

यद्धस्तयोः शमितुर्यन्नखेषु सर्वा ता ते अपि देवेष्वस्तु॥

– ऋग्वेद १ मण्डल १६२ सूक्त ९ ऋचा

–यजुर्वेद २५ अध्याय ३२ ऋचा

भावार्थ : घोडाको काँचो मासु जो माखाहरू खान्छन् र घोडालाई यज्ञमा बलि दिँदा जुन छुरीमा लाग्दछ वा त्यसलाई काट्दाका बखतमा जुन हातमा लाग्दछ, त्यो मांस पनि देवताहरूलाई प्राप्त होओस्।

ये वाजिनं परिपश्यन्ति पक्वं य ईमाहुः सुरभिर्निर्हरेति।

ये चार्वतो मांसभिक्षामुपासत उतो तेषामभिगूर्तिर्न इन्वतु॥

–ऋग्वेद १ मण्डल १६२ सूक्त १२ ऋचा

–यजुर्वेद २५ अध्याय ३५ ऋचा

भावार्थ : जो व्यक्तिले घोडाको अवयवलाई पकाएको चारैतिरबाट देख्दछन्। र यसप्रकार भन्दछन् की– मांस वडो सुगन्धित छ, थोरै हामीलाई पनि देऊ। जो मान्छेले घोडाको मासुको भीख माग्दछ, तिनीहरूको अभिलाषा पनि हामीलाई प्राप्त होओस्।

तवेमे पञ्च पशवो विभक्ता गावो अश्वाः पुरुषा अजावयः।

–अथर्ववेद ११।२।९

भावार्थ : हे पशुपति देवता ! तपाईंका लागि गाई, घोडा, पुरुष, बोका र भेडा यी पाँच पशु नियत छन्।

अतः यहाँ उल्लेख गरिएका प्रमाणहरूलाई हेर्दा स्पष्ट देखिन्छ की वेदमा कहीँ कतै पशुबलि दिनुहुन्न भनेको प्रमाण भेटिँदैन। पशुलाई यज्ञार्थ प्रयोजनका बाहेक अन्य प्रयोजनका लागि र आत्मतोषका लागि वध गर्नेहरू वेदोक्त संस्कार मार्गबाट विमुख भएकाहरू हुन्। बलि दिनै पर्दछ, यो सृष्टिको अनिवार्य र कसैले रोकेर रोक्न सकिने सार्वभौम नियम हो। कालग्रास बनेर हरेक जीव पनि परमपुरुषका समीपमा बलि चढ्नै पर्दछ। अपौरुषयेय वेदलाई वृथा मानेर पूर्वीय सनातन संस्कार बाह्य आचरण गर्नेहरूलाई कसैले पनि केही भन्न सक्दैन, केही

Raj Kishore
गर्न सक्दैन किनभने त्यो व्यक्तिगत कुरा हो। यहाँ अर्को विचारणीय पक्ष पनि के छ भने- पशुबलिलाई त आचरण विमुख भएका परिभ्रष्टहरूले रोक्लान् तर के सृष्टिको बलिविधानलाई रोक्न सक्छन् ? के वेदवचनलाई काट्न र तोड्मरोड गर्न सक्छन् ?

वेदका आधारमा निर्माण भएका र सानुरूप नै प्रचलनमा रहेका आपस्तम्ब धर्मसूत्र (कृष्णयजुर्वेद) (२।२७।४, २।७।१६-२५, २१।१६।२५, ८।१८), गोभिल गृह्यसूत्र (सामवेद) (३३ ।१० ।१६), खाादिर गृह्यसूत्र (सामवेद) (३,४), कालायन श्रौतसूत्र (२२।११, ३-८), पराशर धर्मसूत्र (६२, २७, २८, २९, ३०), पारस्कर गृह्यसूत्र (शुक्लयजुर्वेद) (२६ र ३१७), अश्वालायन गृह्यसूत्र (ऋग्वेद) (४। १०, ६।३।३, ३।९), बौधायन गृह्यसूत्र (कृष्णयजुर्वेद) (१। १२।४-८), गौतमधर्मसूत्र (२। ८। २७- ३८) लगायतका महत्त्वपूर्ण वैदिक ग्रन्थहरूमा पनि पूर्ण रूपमा पशुबलिको समर्थन र स्वीकार्यता रहेको छ। यसर्थः वेदमार्गमा लागेका, स्व-स्वशाखाध्यायी र सनातनीहरूले प्रत्यक्ष वा अनुकल्पीय स्वरूपको पशुबलि दिनैपर्दछ। यो नै शास्त्रको सच्चा अनुशरण हो र प्रवृत्ति मार्गमा लागेका सनातनीहरूको परम कर्तव्य पनि हो ।

बलिको पौराणिक सर्वस्वीकार्यता

पौराणिक चिन्तन र विचारधारामा पनि बलि प्रथाको सर्वस्वीकार्यतालाई आत्मसात् गरिएको पाइन्छ। यद्यपि एकपुराणले अर्को पुराणको मत र चिन्तनपक्षसँग विरोधाभास राख्दछ तर बलिको विषयमा पूर्वीय शास्त्रको अनेकन धाराहरूमा निर्विकल्प र प्रमाणिक एकै मत पाइन्छ। बलिको विरोध कहीँकतै गरिएको छैन, आफ्नो तृप्ति र भोग प्रयोजनका लागि मासु खानु लौकिक अपराध पनि हो र शास्त्र अनुसार महापातक पनि हो। वेदमन्त्रद्वारा बलि दिइएको पशु र अभिमन्त्रित गरिएको मासु देवदुर्लभ महाप्रसाद हो, त्यो ग्रहण गर्न कुनै आपत्ति छैन, त्यसबाट कुनै हानी नोक्सानी पनि हुँदैन (थप पुण्यफल पाउने) र त्यसबाट पापभागी पनि भईंदैन । अब यस खण्डमा महर्षि वेदव्यास प्रणीत अष्ट्यदशपुराण मध्ये केही पुराणहरूलाई बलिका सन्दर्भमा चर्चा गर्ने प्रयास गरिएको छ।

गरुडपुराणको चतुर्थ अध्यायको २० औं श्लोकमा वैदिक यज्ञमा दिइएको

Raj Kishore

पशुबलिको मासुलाई प्रसाद स्वरूप सेवनका गर्नु बाहेक आफ्नो आत्मतुष्टिका लागि ब्रह्मकर्मबाट परिभ्रष्ट भएर पशुहत्या र मांस भक्षण गर्न वर्जित गरिएको छ। यथा–

वेदोक्तयज्ञादन्यत्र स्वात्मार्थपशुमारकः ॥ २० ॥

ब्रह्मकर्मपरिभ्रष्टो मांसभोक्ता च मद्यपः । ॥२१॥

– सारोद्धार गरुडपुराण ४ । २०

यसै सिलसिलामा कूर्ममहापुराणको उत्तरभागको १७ औँ अध्यायको एउटा श्लोक प्रासाङ्गिक हुने देखिन्छ।

आमन्त्रितस्तु यः श्राद्धे देवे वा मांसमुत्सृजेत् ।

यावन्ति पशुरोमाणि तावतो नरकान् व्रजेत् ॥ ४० ॥

–कूर्मपुराण २ । १७ । ४०

भावार्थ– श्राद्धरूप पितृकर्म वा कुनै पनि देवानुष्ठानमा आमन्त्रित गरिएको मनुष्यले प्रसाद स्वरूप दिइएको मांसको त्याग गर्दछ भने त्यही पशुको रौँको संख्या बराबर वर्ष नरकभागी हुनुपर्दछ।

परब्रह्मात्मिकालाई समर्पण गरिएको मासु त्याग गर्दा शास्त्रानुसार दण्डभागी हुनुपर्दछ । यो शास्त्रको मात्र कुरा होइन लौकिक सामाञ्जस्यता र सामाजिक सद्व्यवहारको पनि कुरा हो । एकजना महानुभावले एउटा समारोहमा बोलेका थिए – अहिलेको समाजमा ड्रिंक्स गर्नु त सोसल हो। जसले पनि गर्छ। सोसल र नन् सोसललाई ख्याल राख्ने हाम्रो आधुनिक समाजले पुस्तान्तरबाट प्राप्त भएको बलिजस्तो सुदीर्घ परम्परागत संस्कृतिलाई किन धानेर राख्न बाध्यताका रूपमा लिँदै छ ? के समाज उत्तर आधुनिकवादको परिभ्रष्टतातिर त प्रवेश गर्दै गरेका छैन ? फेरि अर्कातिर महासज्जनको एउटा जमात छ, संस्कारको तिरस्कार गर्ने, अरूको संस्कृतिको कदर नगर्ने । पङ्क्तिकारको अनुभूत गरेकै विषय हो – यी आजकलका महापण्डितहरू सकल विश्वकी जननी गुह्येश्वरीमा माँको स्पर्श त के मन्दिरभित्र प्रवेशसम्म पनि गर्दैनन्, माँको जलग्रहण गर्ने त कुरा नै पर जाओस् । जाँडरक्सी चढाएको हुन्छ ! हामी माछामासु खाँदैनौ, जाँडरक्सी छुँदैनौँ । त्यो त घृणितवस्तु हो, त्यस्तो चढाएर पनि पूजा गर्ने हो भनेर तर्किन्छ, घृणा भाव राख्छन्,

Raj Kishore

जल र प्रसादको तिरस्कारै गर्छन्। साक्षात् ईश्वरीले मांस र मद्य ग्रहण गर्नुहुन्छ भने आद्याशक्तिभन्दा पनि के तिनीहरू बलशाली छन् त ? अब श्राद्धमा पनि मासु प्रयोग अर्थात् पितृहरूलाई पनि मासु चढाउन मिल्ने कुरालाई यहाँ जोडौँ। विष्णुपुराणमा श्राद्धमा मांस प्रयोग गरेर पितृलाई तृप्त बनाउन मिल्ने तथ्यलाई जोड दिइएको छ। तृतीय अंशको सोह्रौँ अध्यायको १-३ श्लोकलाई यहाँ प्रस्तुत गर्न उपयुक्त देखिन्छ।

हविष्यमत्स्यमांसैस्तु शशस्य नकुलस्य च।

सौकरच्छागलैणेयरौरवैर्गवयेन च ॥ १ ॥

औरभ्रगव्यैश्च तथा मासवृद्ध्या पितामहाः।

प्रयान्ति तृप्तिं मांसैस्तु नित्यं वार्ध्रीणसामिषैः ॥ २ ॥

खड्गमांसमतीवात्र कालशाकं तथा मधु।

शस्तानि कर्मण्यत्यन्ततृप्तिदानि नरेश्वर ॥ ३ ॥ – विष्णुपुराण ३।१६।१-३

भावार्थ : हवि, मत्स्य, खरायो, न्याउरी मुसा, सुँगुर, बोका, कस्तुरी मृग, कृष्ण मृग, नीलगाई र भेडाको मासुले तथा गव्यबाट पितृगण क्रमशः एकएक महिनासम्म अधिक तृप्तिलाभ गर्छन् र वार्ध्रीणस (ऐ. ग्रन्थको भाषा टीकामा पक्षी भनिएको तर कतै कतै गैँडाको एक प्रजाति पनि हो भनिएको) को मासुबाट सदा तृप्ति मिल्दछ। हे नरेश्वर ! श्राद्धकर्ममा गैँडाको मासु, कालशाक र मह अत्यन्त महत्त्वपूर्ण र तृप्तिदायक मानिन्छ।

वैष्णवहरूका आराध्य विष्णुको पुराणमा बलि दिएर पितृहरूको आराधना गर्ने विषयलाई खुलस्तरूपमा नै लेखिएको छ। यस मानेमा वैष्णवजनहरूले पनि पितृलाई मासु चढाएरै श्राद्ध गर्ने र त्यो मासु प्रसादस्वरूप ग्रहण गर्नै पर्ने देखियो। विष्णुपुराणको उपयुक्त वचन नमान्ने र त्यसमाथि नै प्रश्न उठाउनेहरू वैष्णव होइनन्। आवरण कायम गरेका विदेशीका पाल्तु हुन्।

मार्कण्डेय पुराणको देवी महात्म्य (दुर्गा सप्तशतीमा बाह्रौँ अध्यायको बीसौँ श्लोकमा) मा पशु (बलि) चढाएर देवीको उपासना गर्ने प्रसङ्गको वर्णन पाइन्छ। यथा–

पशुपुष्पार्घ्यधूपैश्च गन्धदीपैस्तथोत्तमैः ॥

– दुर्गासप्तशती १२। २०

Raj Kishore

प्राणात्यये क्रतौ श्राद्धे भेषजे विप्रकाम्यया ॥

अलौल्यमित्थं पललम्भक्षयन्नैव दोषभाक् ॥ १७ ॥

मखार्थम्ब्रह्मणा सृष्टाः पशुद्रुममृगौषधीः ॥

निघ्नन्नहिंसको विप्रस्तासामपि शुभा गतिः ॥ १९ ॥

– स्कन्दपुराण काशी खण्ड ४० अध्याय

अर्थ– प्राणसंकट, यज्ञ, श्राद्ध र औषधी प्रयोगका लागि ब्राह्मणको इच्छा भएमा र लोभ रहित भएर मांसभक्षण गर्दा दोष भागी हुनुपर्दैन। ब्रह्माजीले यज्ञको लागि पशु, वृक्ष, मृग र औषधीहरूको सिर्जना गरेका हुन् त्यसैले यज्ञादिको लागि बलि दिने ब्राह्मण अहिंसक हो, उसको शुभगति हुन्छ।

यसैगरी स्कन्द पुराणको नागरखण्डको एक श्लोकलाई यहाँ प्रस्तुत गर्न उपयुक्त देखिन्छ। यथा-

तथा मांसं विचित्रञ्च लवणाद्यैः सुसंस्कृतम् ।

अथाऽसौ बुभुजे विप्रः क्षुत्क्षामस्त्वरयान्वितः ॥

अविदितरसास्वादो बृहद्ग्रासैर्मुदान्वितः ।

अथ तृप्तेन मांसस्य ज्ञानं तेन द्विजोत्तमाः ॥

– स्कन्दपुराण नागर खण्ड ४९। १२-१३

भावार्थ– त्यसपछि नुन आदि भलिभाँती मोलेर बनाएको विचित्रको मासुलाई त्यो मान्छेले दुब्लो र स्वाद जान्ने शीघ्रताले र प्रसन्नता संयुक्त भएको ब्राह्मणलाई दियो ।

त्यस्तै श्रीमद्भागवत महापुराणको चतुर्थस्कन्धमा वीरभद्रकृत दक्षयज्ञविध्वंस र दक्ष वधको प्रसङ्गको वर्णन गरिएको छ । उपरोक्त यज्ञमा दक्षप्रजापतिले यज्ञपतिलाई याज्ञिक पशुहरूको बलि अर्पण गरेको प्रमाण भेटिन्छ। यथा-

दृष्ट्वा संज्ञपनं योगं पशूनां स पतिर्मखे।

यजमानपशोः कस्य कायात्तेनाहरच्छिरः ॥२४॥

– श्रीमद्भागवत महापुराण ४ । ५। २४

भावार्थ– दक्षप्रजापतिले त्यही यज्ञमण्डपमा यज्ञपशुहरूलाई जसरी मारेका

थिए, त्यसरी नै वीरभद्रले दक्षरूप यजमानको शीर्ष छेदन गरिदिए।

यस विवेचनबाट के पुष्टि हुन्छ भने पौराणिक चिन्तनमा बलिको विरोध भएको पाइदैंन। तर्क उपतर्कका आधारमा अर्थ तानेर बलिलाई शास्त्रमा नभएको कर्मका रूपमा प्रस्तुत गरिएको मात्र हो।

पञ्चमवेद महाभारत र रामायणमा बलि सन्दर्भ

माथि उल्लेख गरिएका पौराणिक र स्मृतिका प्रमाणहरूका आधारमा बलिप्रथालाई शास्त्रोक्त मानियो, अब यस खण्डमा यहाँ महाभारत र रामायणका आधारमा बलि प्रथालाई शास्त्रीय पुष्टि गर्न वाञ्छनीय देखिन्छ।

स तूत्कृष्ट मृतानां वै मांसानि मुनिसत्तमः ॥ ११ ॥
जुहाव धृतराष्ट्रस्य राष्ट्रं नरपतेः पुरा।
अवाकीर्णे सरस्वत्यास्तीर्थे प्रज्वाल्य पावकम् ॥ १२ ॥
वको दाल्भ्यो महाराज नियमं परमं स्थितः।
सतैरेव जुहावास्य राष्ट्रं मांसैर्महातपाः ॥ १३ ॥

– शल्यपर्व ४१ अध्याय

भावार्थ– ती मुनिश्रेष्ठले मरेका पशुहरूलाई नै काटेर, त्यही काटिएको मासुले राजा धृतराष्ट्रको राज्यको आहुति दिन लागे। सरस्वती नदीको अवाकीर्ण तीर्थमा अग्नि प्रज्वलित गरेर महातपस्वी दल्भपुत्र बकले मृतपशुको मांसहरूबाट उनको राष्ट्रलाई नै आहुति दिन लागे।

गव्येन दत्तं श्राद्धे तु संवत्सरमिहोच्यते।

– अनुशासन पर्व ८८।५

भावार्थ– गाईको मासुले श्राद्ध गर्दा अर्थात् चढाउँदा पितृहरू एक वर्षको लागि तृप्ति लाभ गर्दछन्।

राज्ञो महानसे पूर्वं रन्तिदेवस्य वै द्विज।
द्वे सहस्रे तु वध्येते पशूनामन्वहं तदा ॥
अहन्यहनि वध्येते द्वे सहस्रे गवां तथा।
अतुला कीर्तिरभवन्नृपस्य द्विजसत्तम ॥

– वनपर्व २०८।८, १०

Raj Kishore

भावार्थ— राजा रंतिदेवको भान्साको लागि दुई हजार पशु दिनहुँ काटिन्थ्यो। मासु सहित अन्न दान गरेका कारण राजा रंतिदेवले अतुलनीय कीर्ति प्राप्त गरे।

श्रीमद्वाल्मीकिय रामायणमा पनि मांसभक्षण र बलिसँग सम्बन्ध भएका थुप्रै प्रमाणहरू प्राप्त गर्न सकिन्छ।

वाप्यो मैरेयपूर्णाश्च मृष्टमांसचयैर्वृताः।

प्रतप्तपिठशैश्चापि मार्गमयूरकौक्कुटैः ॥७०॥

–श्रीमद्वाल्मीकीय रामायण अयोध्याकाण्ड ९१

भावार्थ— भरत सेनामा आएका निषाद आदि गरिएका वर्गका मान्छेका तृप्तिका लागि महले भरिएको घैंटो, अग्निकुण्डमा पकाइएको मृगको मासु, मयूर र कुखुराको स्वच्छ मासु राखियो।

यहाँ सिताहरण गर्नका लागि छद्म ब्राह्मणभेष धारण गरि आएको रावणलाई सिताले आफ्नो परिचय दिँदै भन्दछिन्। यथा –

रुरून् गोधान् वराहांश्च हत्वा दायामिषं बहु।

स त्वं नाम च गोत्रं च कुलमाचक्ष्व तत्त्वत्तः॥

एकश्च दण्डकारण्ये किमर्थं चरसि द्विज॥

–श्रीमद्वाल्मीकीय रामायण अरण्यकाण्ड ४७। २३–२४

भावार्थ— रुरुमृग, गोही र बदैंल आदि हिंस्रक जनावरहरूको शिकार गरी मेरा तपस्वी जनहरू आफ्नो उपभोगका लागि फलफूल सहित छिट्टै फर्किनेछन्। र फर्किए पछि तपाईंको विशेष सत्कार गर्ने छन्। हे ब्राह्मण! अब तपाईं आफ्नो गोत्र र कुलको परिचय दिनुहोस् र यो जंगलमा किन आउनुभएको हो ? त्यो मलाई बताउनुहोस्।

श्रीराम जब गंगा पार गरेर समृद्धशाली वत्सदेश प्रयागमा पुगे, तब त्यहाँ रामलक्ष्मण दुई भाई मिलेर चार महामृगहरूको शिकार गरे। यथा –

तौ तत्र हत्वा चतुरो महामृगान्

वराहमृश्यं पृषतं महारुरुम्।

आदाय मेध्यं त्वरितं बुभुक्षितौ

Raj Kishore

वासाय काले ययतुर्वनस्पतिम् ॥ १०३ ॥

– श्रीमद्वाल्मीकीय रामायण अयोध्याकाण्ड ५२

भावार्थ– त्यहाँ ती रामलक्ष्मण दुई भाईले वराह, ऋष्य, पृषत् र महारुरु- यी चार प्रकारका मृगहरूको सिकार गरे । त्यसपछि भोक लागेपछि कन्दमूल आदि लिएर साँझतिर बस्नको लागि सिता भएको ठाउँमा आए ।

त्यस्तै मर्यादा पुरुषोत्तम भगवान श्रीरामले पनि दशानन रावणलाई वध गरेको ब्रह्महत्याको दोषलाई हटाउन अश्वमेध यज्ञ गरेर सो महानुष्ठानमा वेदोक्त विधिले अश्वबलिका साथ अन्य याज्ञिक पशुहरूको बलि यज्ञपति देवताहरूलाई समर्पण गरेका थिए । त्यो अवर्णनीय महायज्ञको वर्णन श्रीमद्वाल्मीकिय रामायणको बालकाण्ड १४–१, २, ३०–३८ सम्म वर्णन पाइन्छ ।

महाभारत र रामायण कालमा वैदिक यज्ञहरूको सञ्चालन गर्ने यजमान क्षेत्रीय राजाहरू हुन्थे भने ऋत्विक् होताहरू वैदिक आचरणमा बसेका ब्रह्मनिष्ठ ब्राह्मण एवं ऋषिमुनिहरूद्वारा यज्ञ सम्पादन गरिन्थ्यो । त्यसप्रकारका यज्ञहरूमा यज्ञीय पशुहरूको जीवबलि दिइन्थ्यो र सोलाई नै कल्याणको स्वरूपमा लिने परम्परा थियो । वैदिक सदाचारमा बसेका ब्रह्मनिष्ठ ब्राह्मणहरूले सो कुराको सर्वथा समर्थन गरे, शास्त्रको मूल्य र मान्यताको कदापि विरोध गरेनन् । शासन सञ्चालन गर्ने क्षेत्रीयहरूले पनि सोही मार्गमा प्रवृत्त भई सदैव त्यसलाई नै आत्मसात् गरे ।

मनुस्मृतिमा बलिको स्वीकार्यता

सनातन धर्मलाई व्याख्या गर्ने विभिन्न स्मृतिहरू मध्ये नेपालमा प्रचलनमा रहेका सनातन आचारहरू बढी मात्रामा मनुस्मृतिबाट निर्देशित छ । मनुस्मृतिलाई प्राचीनतम स्मृति एवं प्रमाणभूत शास्त्रको रूपमा लिइन्छ जसलाई दक्षिण एसियाली भूखण्ड र आसपासका क्षेत्रका मानिसहरूले अमूल्य निधि र व्यवहारगत पक्ष, वैयक्तिक आचारण र समाजिक सद्भावको निर्णायक सूत्रको रूपमा लिने गर्दछन् । मनुस्मृतिमा बलिलाई धार्मिक अनुष्ठान र संस्कारविधिको महत्त्वपूर्ण विषयका रूपमा चर्चा गरिएको छ । विधिपूर्वक दिइएको बलि र मासु भक्षण गर्नलाई मनुस्मृतिले मार्ग प्रशस्त गरिदिएको छ तर बलिका प्रयोजन बाहेक पशुवध गर्ने र आत्मतुष्टिका लागि गरिने मांसभक्षणले मानिसलाई नरकगामी बनाउने तथ्य यसमा

Raj Kishore
उल्लेख गरिएको छ। यस खण्डमा मनुस्मृतिलाई आधार मानेर बलि विषयमा चर्चा गरिएको छ र यसैको सिलसिलामा उपरोक्त ग्रन्थको ३। ८७ -८९ सम्मको श्लोकलाई यहाँ प्रस्तुत गर्न प्रासङ्गिक देखिन्छ । यथा–

एवं सम्यग्घविर्हुत्वा सर्वदिक्षु प्रदक्षिणम्।

इन्द्रान्तकाप्पतीन्दुभ्यः सानुगेभ्यो बलिं हरेत्॥ ८७॥

मरुद्भ्य इति तु द्वारि क्षिपेदप्स्वद्भ्य इत्यपि।

वनस्पतिभ्य इत्येवं मुसलोलूखले हरेत्॥ ८८॥

उच्छीर्षके श्रियै कुर्याद् भद्रकाल्यै च पादतः।

ब्रह्मवास्तोष्पतिभ्यां तु वास्तुमध्ये बलिं हरेत्॥८९॥

भावार्थ– असलविधिले होम गरेर सम्पूर्ण दिशाको प्रदक्षिणा गर्नू। इन्द्र, यम, वरुण, चन्द्र र यिनका अनुचरहरूलाई बलि दिनू। घरको द्वारमा मरुत्‌लाई बलि दिनू, जल, मुसल, ओखल र वनस्पतिलाई पनि बलि दिनू। वास्तुपुरुषको शिर अर्थात् घरको ईशान कोणमा बलि श्रीयै नमः भनेर बलि दिनू, वास्तु पुरुषको चरण नैऋत्य कोणमा भद्रकाल्यै नमः भनेर बलि दिनू र घरको मध्यमा ब्रह्मवास्तोष्पतिभ्यां भनेर बलिदान गर्नू।

त्यस्तै श्राद्धमा पितृंपूजन गर्दा मांसको प्रयोग गर्न मिल्ने व्यवस्था पनि मनुस्मृतिले गरिदिएको छ। यद्यपि वर्तमानकालमा प्रत्यक्ष मासुको प्रयोग नै नभए पनि मासुको अनुकल्प स्वरूपमा मासको दाल, अदुवा लगायतका वस्तुहरूको फुरौला लगायतका परिकारहरू बनाई पितृकार्यमा प्रयोग गर्ने गरिन्छ। नेवार परम्परा अनुसारको श्राद्ध हुँदा अहिले पनि प्रत्यक्ष रूपमा मासुको प्रयोग हुने गरेको पाइन्छ। यस विषयका सन्दर्भमा नेवारहरूमा एउटा उखान व्यापक छ - श्राद्धमा मासु छुन पनि हुँदैन र दुई धार्नी मासु नभई पनि हुँदैन। यसको अर्थ यहाँ पनि सबैले श्राद्धमा प्रत्यक्ष मासु नै प्रयोग गर्नुपर्छ भन्ने चाहिँ कदापि होइन। आफ्नो आफ्नो कुल परम्परा अनुसारको यसप्रकारका कर्म सम्पादन गर्नु पर्दछ। पङ्क्तिकार त्यसप्रति हार्दिकता पूर्वक उच्चसम्मानं पनि प्रकट गर्दछ। केवल सन्दर्भका क्रममा यो प्रसङ्गलाई यहाँ उल्लेख गरिएको हो। मनुस्मृति अध्याय ३।२६८– २७२ सम्म पितृहरूलाई अर्पणीय मांसको वर्णन गरिएको छ। यथा–

Raj Kishore

द्वौ मासौ मत्स्यमांसेन त्रीन्मासान् हारिणेन तु।

औरभ्रेणाऽथ चतुरः शाकुनेनाऽथ पञ्च वै॥ २६८॥

षण्मासांश्छागमांसेन पार्षतेन च सप्त वै।

अष्टावेणस्य मांसेन रौरवेण नवैव तु॥ २६९॥

दशमासांस्तु तृप्यन्ति वराहमहिषामिषैः।

शशकूर्मयोस्तु मांसेन मासानेकादशैव तु॥ २७०॥

संवत्सरं तु गव्येन पयसा पायसेन च।

वार्ध्रीणसस्य मांसेन तृप्तिर्द्वादशवार्षिकी॥ २७१॥

कालशाकं महाशल्काः खड्गलोहामिषं मधु।

आनन्त्यायैव कल्प्यन्ते मुन्यन्नानि च सर्वशः॥ २७२॥

भावार्थ– माछा र मासुले दुई महिनासम्म, हरिणको मासुले तीन महिनासम्म, भेडाको मासुले चार महिनासम्म, भक्षण योग्य पक्षीको मासुले पाँच महिनासम्म पितृले तृप्ति प्राप्त गर्दछन्। बोकाको मासुले छ महिनासम्म, चित्रमृगको मासुले सात महिनासम्म, मृगको मासुले आठ महिना र रुरु मृगको मासुले नौ महिनासम्म तृप्ति दिन्छन्। सुँगुर र राँगाको मासुले दशमहिनासम्म, खरायो र कछुवाको मासुले एघार महिनासम्म तृप्ति दिने हुन्छ। गाईको दुध वा खीरले सालभरि र लामो कान एवं नाक भएको बोकाको मासुले १२ वर्षसम्म तृप्ति दिन्छ। कालाशाक, महाशल्का (माछाको एकप्रकार), गैँडा, रातो बोका, मह र सबैप्रकारका मुनि अन्नबाट पितृहरू अनन्त वर्षसम्म तृप्त हुन्छन्।

अथर्ववेदमा पशुहरूलाई बलि दिएर गरिने पितृयागको वर्णन पाइन्छ। पितृको श्राद्धमा उच्चकुलका (राजकुल आदि) सदस्यहरूले पितृतृप्तिका लागि गैँडाको बलि दिएर त्यसको रक्त र मांसले श्राद्ध सम्पन्न गर्ने परम्परा, सर्वसाधारणको श्राद्धमा प्राप्त भएसम्म गैँडाको मासु खोज्ने परम्परा र त्यो उपलब्ध नभएमा गैँडाको छाला, सिङ्ग वा हाडबाट बनेको खगौतोबाट पितृहरूलाई तर्पण गर्ने गरिने दस्तुर सबैको कर्णगोचर भएको नै विषय हो। यो परम्परा आजपर्यन्त सनातन सामाजिक संस्कारमा जीवन्त छ। सनातन धर्मको अमूर्त संस्कृतिको यो अति महत्त्वपूर्ण पक्ष हो। अब मनुस्मृतिमा उल्लेख भएको बलि र मांस भक्षणको विषयमा चर्चा गर्न

Raj Kishore
उपयुक्त देखिन्छ। मनुस्मृतिको पाँचौं अध्यायका देहायका श्लोकहरूलाई प्रस्तुत गरिएको छ। यथा-

प्रोक्षितं भक्षयेन्मांसं ब्राह्मणानां च काम्यया।

यथाविधि नियुक्तस्तु प्राणानामेव चात्यये॥ २७॥

भावार्थ— यज्ञमा वेदमन्त्रद्वारा प्रोक्षण गरिएको मासु खानू र यही ब्राह्मणको इच्छा (कामना) भयो भने खानू। देवकार्यमा र पितृकार्यमा निमन्त्रणा हुँदा र प्राण जाने भयले मांस भक्षण गर्न उचित हुन्छ। त्यसमा दोष लाग्दैन।

वैदिक विधिपूर्वक सम्पादन गरिएको देवकार्य तथा पितृकार्यमा दिइएको पशुबलि शास्त्रसम्मत हो। त्यसप्रकारका पूजानुष्ठानमा बलि दिइएको पशुको मासुलाई वेदमन्त्रहरूद्वारा शुद्ध गरिएको हुन्छ। त्यस्तो मांस प्रसादलाई ग्रहण गर्ने कामना वेदाचारमा बसेका सत्‌निष्ठ ब्राह्मणलाई पनि भएमा ग्रहण गर्न मिल्ने आज्ञा मनुस्मृतिले दिएको छ। यथा -

नात्ता दुष्यत्यदन्नाद्यान्प्राणिनोऽहन्यहन्यपि।

धात्रैव सृष्टा ह्याद्याश्च प्राणिनोऽत्तार एव च॥ ३०॥

यज्ञाय जग्धिर्मांसस्येत्येष दैवो विधिः स्मृतः।

अतोऽन्यथा प्रवृत्तिस्तु राक्षसो विधिरुच्यते॥ ३१॥

भावार्थ— जो भक्षण योग्य प्राणी छ, त्यसको मासुलाई प्रतिदिन खाँदा, खाने मान्छे दोषभागी हुँदैन। किनभने भक्षण गर्न योग्य प्राणी र भक्षक दुवैलाई स्वयं परमात्माले रचना गरेका हुन्। यज्ञको लागि गरिएको मांस भक्षण दैवी विधि हो भने देवार्पण बिना मासु खानु राक्षस विधि हो।

मासुलाई देवपूजा र पितृकर्ममा अर्पण गरेर ग्रहण गर्नु दैवी विधि हो तर आफ्नो मनोखुशीले जथाभावी पशुवध गरेर मासु खानु राक्षस विधि हो। यो कुरालाई आमसमाजमा दिग्भ्रमित गरेर चर्चा हुने गरेको पाइन्छ। आजकल सात्त्विक, राजस र तामस विधि भनेर एकापसमा सर्वोच्चताको लागि तर्कवितर्क हुन्छन्। मेरो सम्प्रदायले अमुकलाई मान्दछ त्यसैले सात्त्विक, मेरो सम्प्रदायले अमुक पद्धतिलाई मान्दछ - त्यसैले सर्वोच्च, म मांसाहार गर्दिन - म सात्त्विक हुँ, मासु खाने र बलि दिने तामसिक हुन्! के को आधारमा यसरी खुट्याइएको हो ? दालभात

साग सब्जी मात्रै खाने सात्त्विक भए, ती मध्ये कतिपय भ्रष्टाचारमा लिप्त छन्, जातिगत सङ्कीर्णतामा लिप्त छन्, त्यो विषय गौण छ। मैले यस्तो भोजन गर्छु त्यसैले सात्त्विक हुँ –त्यसैले अरू भन्दा केही उत्कृष्ट छु भनेर अहम्ताले चुरचुर भई बस्तछन्। कोही नौलो मान्छेदेखि हालेपनि आफ्नो रहनसहन र व्यवहारको बारेमा केन्द्रीत भई कुरा गर्न थाल्दछन्। बाह्यवस्तुमा नै केन्द्रीभूत भएका नै हुन् त सात्त्विक ? के सात्त्विकको परिभाषा यही नै हो त ? आफ्नो अन्तःकरणलाई चिन्तनशील बनाउन नसकेसम्म के सात्त्विक, के राजसिक, के तामसिक ? त्यस्तो कार्यकलापले त उल्टै तामसभाव पो सिर्जना गर्दछ। म सात्त्विक भनेर आफ्नो नै बखान गरिरहँदा भित्र त अहम्ताको विकास हुन्छ। अनि आध्यात्मिक जगत्मा यस्तो अहम्ताको स्थान कहाँ छ ? समभाव राख्नु पर्दछ, सबैको सम्मान गर्नुपर्दछ। यसले कसैलाई चोट पुग्न गएको रहेछ भने माफ़ गर्नुहोला ! यो विषय यहाँ उल्लेख गर्न खोजेको थिइँन तर केही मित्रहरूसँगको संगतले गर्दा कतिपयलाई गरिएको व्यङ्ग्य प्रहारले पङ्क्तिकार प्रत्यक्ष अनुभूत गरेकै कुरा यहाँ राख्न बाध्य भयो।

यज्ञार्थं पशवः सृष्टाः स्वयमेव स्वयम्भुवा।

यज्ञस्य भूत्यै सर्वस्य तस्माद्यज्ञे वधोऽवधः ॥ ३९ ॥

भावार्थ– ब्रह्माजीले स्वयं नै यज्ञको लागि पशुको सृष्टि गर्नुभएको हो। यज्ञ सम्पूर्ण जगत्को कल्याणको लागि हो। त्यसैले यज्ञमा हुने पशुवध वास्तवमा वध (हिंसा) होइन।

सनातन धर्ममा सृष्टिको रचना पितामह ब्रह्माजीले गरेको मानिन्छ। प्रकृतिलाई सन्तुलित राख्न बलि अत्यन्त आवश्यक छ। खाद्यसन्तुलनलाई व्यवस्थित पारेर सृष्टिको नियमलाई र एकप्राणीसँग अर्को प्राणीको तादात्म्यलाई बलि परम्पराले परोक्षरूपमा सहयोग गर्दछ। यहाँ कल्याणको अर्थ नै यही हो। कल्याण मानवको मात्र होइन, अन्य प्राणीको पनि हो। यो कल्याण भौतिक आँखाले देख्न सक्दैन। काम, क्रोध, लोभ, मोह, मद र मात्सर्य रूपी षड्विकारमा अल्झेको मानवले रुनुलाई रोएकै देख्दछ, हाँसेकोलाई हाँसेकै देख्दछ। तर त्यहाँ भित्रको गौणतालाई चाहिँ देख्दैन, देख्ने सामर्थ्य राख्दैन। यहाँ चर्चा गरिएको बलिप्रथा सनातन धर्मसँग नै सम्बन्धित छ। सनातन धर्मले ८४ लाख पुनर्जन्मको अवधारणालाई मान्दछ। एक पशुयोनीबाट अर्को पशुयोनीमा जीव सर्दै सर्दै जान्छ र मोक्षसम्मको लागि

Raj Kishore

प्रयत्न गर्दछ। एवंरीतले अन्ततोगत्वा मोक्षलाई नै प्राप्त गर्दछ। तर असंख्य तिर्यक योनीमा रहेका जीवहरूको कल्याण र सहजताका साथ मोक्ष दिलाउनका लागि बलिको उद्‌भव परमेश्वरद्वारा भएको हो। विधिपूर्वक दिइएको बलिले पशुलाई मोक्षसम्म नै पुर्याउँछ, लौकिक जञ्जालबाट छिनालेर परम चेतनमा मिलाउँछ। तर भौतिकवादले यसलाई मान्दैन, भौतिकवाद पूर्वीय सनातनीहरूको चिन्तन प्रणाली पनि होइन। अतः बलि कदापि हिंसा होइन। बलि र हिंसा दुई फरक फरक पाटो हो। यहाँ मनुको एक उक्तिलाई गाम्भीर्यताका साथ विचार गरौँ। यथा–

> **एष्वर्थेषु पशून् हिंसन् वेदतत्त्वार्थविद् द्विजः।**
> **आत्मानं च पशुं चैव गमयत्युत्तमां गतिम्॥ ४२॥**
> **गृहे गुरावरण्ये वा निवसन्नात्मवान् द्विजः।**
> **नाऽवेदविहितां हिंसामापद्यपि समाचरेत्॥ ४३॥**

भावार्थ– वेदविशारद द्विजले मधुपर्क, श्राद्ध, यज्ञयज्ञादिमा पशुवध गरेर आफ्नो आत्ममा एवं पशुलाई उत्तम गतिमा पुर्याउँछ। गृहस्थ, ब्रह्मचर्य र वानप्रस्थ आश्रममा रहेर द्विजले कहिल्यै पनि हिंसा गर्नुहुँदैन। यस जगत्मा जो वेदानुसार हिंसा नियत हुन्छन्, त्यसलाई कदापि हिंसा मान्नु हुँदैन।

वेदमार्गमा लागेर बलि दिनु कदापि हिंसा होइन। पशुबलि दिएकोलाई हिंसा देख्नेहरूले समाजमा व्याप्त रहेका अन्य मानवीय विकृति र हिंसालाई अलि कम महत्त्व दिएको देखिन्छ। महिला तथा बालबालिका हिंसा, बलात्कार, बालश्रम, जातीय छूवाछुत लगायतका विषयहरू प्रसङ्ग बाहिर परेको भान पर्दछन्। सनातन धर्मलाई नै अक्षुण्ण रूपमा निर्मम प्रहार भइरहनु भनेको संक्रमित मानसिकताको भ्रष्ट दाउपेच हो, धार्मिक आस्था र विश्वासमा गरिएको कुठाराघात हो। लक्षित तानाबानाबाट ग्रसित भएको मानसिकतालाई शास्त्र र परम्पराको कुरा ग्राह्य हुँदैन, केवल यन्त्रमानवको चालनको लागि जडान गरिएको कृत्रिम प्रोगामिङ्ग प्रणालीझैँ बन्न पुगिन्छ। सनातनको अमूर्त परिचय गुमाएर आधुनिकीकरणको बाहिरी आवरणमा सजिएपछि न त इहलोक न त परलोकमा नै सुख प्राप्त हुन्छ। एउटा उखान छ नि– न त हाँसको चाल न त कुखुराको चाल। त्यही हविगतमा पुग्दछ। त्यसकारणले आफ्नो संस्कृतिको बारेमा हरेकलाई मूल्यबोध हुनु जरुरी छ।

Raj Kishore

पञ्च सूना गृहस्थस्य चुल्ली पेषण्युपस्करः ।

कण्डनी चोदकुम्भश्च बध्यते यास्तु वाहयन् ॥ ६८ ॥

– भावार्थ : गृहस्थ जीवनमा नित्य प्रयोग हुने गरेका पाँच वधस्थलहरू – चुलो, पीठो पिन्ने जाँतो, कुचो, ओखल र पानीको घैंटो हुन् ।

यस श्लोकको भावार्थबाट केवल पशुमात्र बलि होइन, हामीले खाने अन्न पूर्ण बलि हो, प्रयोग गर्ने औजार आदि सबै बलिदान दिइने वधशाला हुन् भनेर बुझ्नु पर्दछ र यस निर्देशलाई हामीले गम्भीरताका साथ चिन्तन गर्नु पर्दछ । हिंडडुल गर्ने जीवजन्तुमा जस्तै कहीँकतै नसर्ने स्थिरासनमा बसेको झारपात, रुख आदिमा पनि त प्राण छ । केवल चेतनाको स्तरमात्र फरक त हो नि । त्यसलाई छिनाल्दा त्यसको पनि त प्राणन्त भयो त्यसलाई चाहिँ अभियन्ताहरूले किन सम्बोधन नगर्ने? जीवबलिको विरोध भनेको केवल मनगढन्ते र क़पोलकल्पित तर्कनाको प्रस्तुतीकरण गरेर शास्त्रवर्जित विषयवस्तुहरूलाई आधुनिक सिद्धान्तको रूपमा प्रतिपादन गरी गरिएको विकृत बजारीकरण हो । अतः यहाँ मनुस्मृतिलाई आधार मानेर प्रस्तुत गरिएको चर्चाले पशुबलि गरिनै पर्ने महत्त्वपूर्ण संस्कार हो भन्ने दर्शाउँछ।

तन्त्रमा बलि र मांसभक्षण

सनातनीय मूल्यमान्यताका सबैभन्दा प्रबल र प्रमाणिक आधार नै निगमागम शास्त्रहरू हुन् । माथि बलिको विषयमा उल्लेख गरिएको नैगमिक विचारधाराको सङ्क्षिप्त चर्चा गरियो । अब यस खण्डमा आगमिक चिन्तनमा बलिको विषयमा उल्लेख गरिएका प्रमाणहरूलाई अगााडि सार्ने प्रयत्न गरिन्छ । यद्यपि आगमका गुह्यतालाई भङ्ग गर्नु महाअपराध हो । नेपाली समाजमा विभिन्न लक्षले प्रेरित विकृत मनसायका व्यक्तिहरूले सनातन संस्कृतिको अभिन्न अंगको रूपमा स्थापित रहेको अत्यन्त महत्त्वपूर्ण बलि परम्परा माथि गरेको प्रहारले पङ्क्तिकारलाई ठूलो घत परेको छ । बलिका विषयमा मलाई एकजना महानुभावले भन्नुभएको कुरालाई पनि यहाँ उल्लेख गर्छु । उहाँ कै शब्दमा – सनातनीले बलि दिन्छ, क्रिश्चियनले बलि दिन्छ, मुसलमानले बलि दिन्छ। अनि बलि नदिने को त ? यो पक्कै पनि विचारणीय पक्ष र कटु सत्य हो । अब शक्तिमाताको श्रीचरणमा कोटिकोटि क्षमायाचना गर्दै

Raj Kishore
केही आगमिक ग्रन्थका श्लोकहरूलाई यहाँ प्रस्तुत गर्ने चेष्टा गर्दछु ।

पितृदैवतयज्ञेषु वैधहिंसा विधीयते।

आत्मार्थं प्राणिनां हिंसा कदाचिन्नोदिता प्रिये॥

– कुलार्णव तन्त्र ५।४५

भावार्थ– पितृ एवं देवताको यज्ञमा गरिने हिंसालाई वैध मानिन्छ। तर आत्मार्थ तर्पणका लागि कुनै पनि प्राणीको हिंसा गर्नुहुँदैन।

मद्यस्पर्शादिदोषस्य प्रायश्चित्तविधिः स्मृतः।

अविधानेन यो हन्यादात्मार्थं प्राणिनः प्रिये॥ १३०॥

निवसेन्नरके घोरे दिनानि पशुरोमभिः।

स मृतोऽपि दुराचारस्तिर्यग्योनिषु जायते॥ १३१॥

– कुलार्णव तन्त्र ३ उल्लास

भावार्थ : भगवान शिव आज्ञा गर्नुहुन्छ– हे प्रिय पार्वती ! बिना विधि आफ्नो आस्वादनको लागि र उदरपूर्तिको उद्देश्यले जो प्राणीको वध गर्दछ, त्यो पुरुष पशुको शरीरमा भएको रोमको संख्या बराबर वर्ष नरकमा निवास गर्नको लागि बाध्य हुन्छ। मरेपछि पनि तिर्यक योनीमा जन्म लिनुपर्दछ।

अनिमित्तं तृणं वापि छेदयेन्न कदाचन।

देवतार्थं द्विजार्थं वा हत्वा पापैर्न लिप्यते॥ – कुलार्णव तन्त्र ५। ४६

भावार्थ– बिना कारण सामान्य ढंगबाट उम्रिएको झारलाई पनि उखेल्नू अनुचित हो। तर, देवतालाई तृप्त गर्ने उद्देश्यले वा द्विजन्मा संस्कार सम्पन्न गर्न ब्रह्मधर्म अनुसरण गर्न ब्राह्मणको तृप्तिको लागि हिंसा गर्दा हिंसक पापबाट प्रभावित हुँदैन।

हन्यान्मन्त्रेण चानेन त्वभिमन्त्र्य पशुं प्रिये।

गन्धपुष्पाक्षतैः पूज्यश्चान्यथा नरकं व्रजेत्॥ ५०॥

– कुलार्णव तन्त्र ५ उल्लास

भावार्थ– भगवान् शंकर भन्नुहुन्छ– हे पार्वती ! यज्ञमा बलि दिनुपर्ने जब आवश्यकता हुन्छ तब यज्ञीय पशुलाई यत्तिकै बलि नदिनू। सर्वप्रथम त्यस पशुको

Raj Kishore

अभिमन्त्रणा गर्नुपर्दछ। अभिमन्त्रण गरेपछि बलिपशुको पूजा गरिनु पर्दछ र यस पूजाबाट पशुमा हुने बलिदानको योग्यता उत्पन्न हुन्छ। यस पूजाको विशेषद्रव्यको रूपमा गन्ध, पुष्प र अक्षता रहन्छन्। जो यज्ञकर्ताबाट यो विधि सम्पादन हुँदैन, त्यो अवश्य नै नरकगामी हुन्छ।

शिवोत्कृत्तमिदं पिण्डमतस्त्वं शिवतां गतः।

तद् बुध्यस्व पशो त्वं हि मा शिवस्त्वं शिवो हि सः ॥ ५१ ॥

– कुलार्णव तन्त्र ५ उल्लास

पशुलाई मन्त्रद्वारा यसरी अभिमन्त्रित गरिन्छ – हे बलिपशु ! तिमी साँच्चै नै भाग्यशाली छौ। तिम्रो जीवन शिवको लागि अर्पित गरिएको छ। तिम्रो यो शरीर आराध्यको लागि अर्पित गरिने भएकाले तिम्रो शरीर काटेर प्राणबाट वियुक्त बनाइँदै छ। अब तिमी स्वयं शिवत्वमा उपलब्ध भएको छौ। तिम्रो बोध जागृत भएको छ। अहिलेसम्म तिमी शिव थिएनौ, अब तिमी साक्षात् शिव भएका छौ।

ब्रह्मा स्यात् पलले विष्णुर्गन्धे रुद्रश्च तद्रसे।

परमात्मा तदानन्दे तस्मात् सेव्यमिदं प्रिये ॥ ५२ ॥

– कुलार्णव तन्त्र ५ उल्लास

भावार्थ– तिम्रो मांसमा ब्रह्माको शक्ति उल्लास होओस् , मांसको गन्धमा विष्णुशक्ति तत्त्वको व्यापकता उल्लास होओस् र रसतत्वमा रुद्रतत्त्व स्फुरित होओस्। तिम्रो मासुमा जुन् आनन्दको उत्साह पाइन्छ, त्यसमा परमात्माको परमानन्द उल्लसित होओस्।

तृप्त्यर्थं पितृदेवानां ब्रह्मध्यानस्थिराय च।

सेवेत मधुमांसानि तृष्णया चेत् स पातकी ॥ ८६ ॥

– कुलार्णव तन्त्र ५ उल्लास

भावार्थ– पितृ एवं देवताको तृप्तिको लागि र ब्रह्मको साधनाको समयमा ध्यानलाई स्थिर बनाउनको लागि मधु (सुरा) र मांस भक्षण सेवन गर्नु पर्दछ। यसबाट कुनै दोष लाग्दैन तर तृष्णाले वशीभूत भएर सुरापान र मांस भक्षण गर्ने महापातकी हो।

साधकेच्छा बलवती देये वस्तुनि दैवते।

Raj Kishor

यद्यदात्मप्रियं द्रव्यं तत्तदिष्टाय कल्पयेत्॥ ५॥

–महानिर्वाणतन्त्र उल्लास ६

भावार्थ– देवतालाई मासु वा कुनैपनि वस्तु अर्पण गर्नुमा साधकको इच्छा नै वलिष्ठ हुन्छ। जोजो वस्तु आफूलाई प्रिय लाग्छ त्यही त्यही वस्तु देवतालाई अर्पण गर्नु सर्वथा उचित हुन्छ।

बलिदानविधौ देवि विहितः पुरुषः पशुः।

स्त्रीपशुर्न च हन्तव्यस्तत्र शाम्भवशासनात्॥ ६॥

–महानिर्वाणतन्त्र उल्लास ६

भावार्थ– हे देवि ! बलिदानको समय पुरुषपशु नै चाहिने शास्त्रमा उल्लेख गरिएको छ। स्त्री पशुलाई कहिले पनि बलिदान नदिनू भन्ने महादेवको आदेश छ।

शास्त्रमा वर्णित बलिका प्रकार

यस खण्डमा शास्त्रमा उल्लेख गरिएका बलिका प्रकारान्तर भेदको बारेमा सङ्क्षिप्त चर्चा गरिन्छ।

विधिस्तु द्विविधः प्रोक्तः श्रौत आगमस्तथा।

श्रौतः श्रुत्युक्तमन्त्रेणाऽऽगमस्तन्त्रमन्त्रकैः॥ १७२४॥

श्रौतोऽपि स्वस्वगृह्योक्तविधिना सम्प्रदीयते।

तान्त्रिकी मन्त्ररीतिस्तु एकैव वरवर्णिनि॥ १७२५॥

–महाकाल संहिता गुह्यकाली खण्ड द्वादश पटल

भावार्थ– बलिविधि दुई प्रकारको हुन्छ– वैदिक तथा तान्त्रिक । श्रौत बलि वेदोक्त मन्त्रले र तान्त्रिक बलि तन्त्रोक्त मन्त्रले दिइन्छ। श्रौत बलि आफ्नो आफ्नो परम्परा र स्वशाखाका गृह्यसूत्रमा कथित विधिले दिइन्छ। तर तान्त्रिक विधि एकै हुन्छ।

महाकाल संहिताको गुह्यकाली संहितामा बलिको दुई प्रकार हुने कुरालाई जनाइएको भने मेरु तन्त्रमा बलि ३ प्रकारका हुने कुरालाई प्रकाशित गरिएको छ।

बलिस्तु त्रिविधः प्रोक्तस्तान्त्रिकः स्मार्त एव च।

वैदिकश्चेति तत्रादौ तान्त्रिकोष्ठविधः स्मृतः ॥४०१॥ –मेरु तन्त्र दशम प्रकाश

भावार्थ– बलि प्रकारान्तर भेदले तीन किसिमका छन्। पहिलो वैदिक बलि, दोश्रो स्मार्त बलि र तेश्रो तान्त्रिक बलि ।

माथि मेरु तन्त्रबाट उद्धृत गरिएको श्लोकका आधारमा अब यहाँ केही बलिका प्रकारमा विवेचना गरिएको छ। वैदिक बलि अर्थात् वेदमार्गमा रहेका व्यक्तिहरूले स्वस्व शाखाका आचरण र अनुशासनका आधारमा दिइने बलिलाई बुझिन्छ। वेदमा पशुबलि पनि दिइएको प्रमाण माथि नै उल्लेख गरिसकिएको छ। तर स्वकर्मनिष्ठ वैदिक ब्राह्मणले विभिन्न अन्न, फलफूल, पक्वान्न आदिका बलि दिने गर्दछन्। मेरुतन्त्रको दशम प्रकाशको ४१८ औँ श्लोकमा भनिएको छ। यथा– **वैदिकं तु बलिं दद्यात् ओदनं स्विन्नमाषवत्।** अर्थात् वैदिक बलिमा भात, माषको दाल आदिको बलि दिइन्छ। खीरबलि, दहीच्यूराको बलि, खिचडीको बलि, मालपूआको बलिलाई पनि वैदिकबलिको रूपमा स्वीकार गरिएको छ। सर्वमंगल प्राप्तिका लागि वर्तमानमा यी बलि प्रचलनमा ल्याइएको हो। यी पक्वान्न, मिष्ठान्नहरू पकाउँदा पनि अन्नको प्राणान्त हुन्छ, जीवाणु नाश भएको हुन्छ र अर्पणीय पदार्थ नै जीवबलि बन्न पुग्दछ। त्यस्तै स्मार्त बलिमा पशुबलिको अनुकल्पको रूपमा विभिन्न फलफूल, मूला, नरिवल, उखु, कुभिण्डोलाई बलि दिइन्छ। यथा–

कुष्माण्डं नारिकेलञ्च श्रीफलं चेक्षुमेव च।

वस्त्रसंवेष्टितं कृत्वा छेदयेच्छुरिकादिभिः ॥४१५॥

एष स्मार्तो बलिः प्रोक्तो धर्मशास्त्रानुगामिभिः ॥४१६॥

– मेरु तन्त्र दशम प्रकाश

भावार्थ– कुभिण्डो, नरिवल, बेल, उखु आदि स्मार्त बंलि हुन्। यिनलाई छुरा प्रहार गरेर स्मार्त बलिदान गरिन्छ।

वैदिक बलि विधि र स्मार्त बलिविधिको साथै अब तान्त्रिक बलिविधि पनि सनातन संस्कारमा चलिआएको अति व्यापक विधि हो।

नेपालका प्रायशः शक्ति पीठहरूमा शाक्त तन्त्रोक्त विधिले नै बलि अर्पण

Raj Kishore

गरिन्छ, त्यसैले पनि यो विधिलाई सनातनीहरूले विशेष महत्त्वका साथ लिने गरेका छन्। ब्रह्मयामल तन्त्रको पूर्वभागको बलिको वर्णन गर्दै भनिएको छ –

यथालाभो पशुं छित्वा तथालाभो फलं लभेत्।
तत्पशुं जीवनमुक्तन्तु सद्यः सायुज्यमाप्नुयात्॥
पशुरोमेषु कल्पं वा स्वर्गलोके महीयते।
सर्वरोमसमाप्तेषु पश्चात् सायुज्यमाप्नुयात्॥
कृतेषु गजमेवोक्तं त्रेतायामजमुच्यते।
द्वापरे उष्ट्रमेवोक्तं कलौ महिषमेव च॥ –ब्रह्मयामल पूर्वखण्ड

भावार्थ– भेट्टिए अनुसार बलिमा जे जुर्यो त्यसलाई नै चढाउनु पर्दछ। शास्त्रोल्लेखित उत्तम बलि चढाएमा अधिक पुण्यलाभ हुन्छ। त्यहाँ चढाएको बलिको पशुपनि जीवन्मुक्त भएर सद्गत हुन्छ र देवत्व नै प्राप्त गर्दछ। बलि पशुको शरीरमा जति रौँहरू छन् त्यति नै कल्पसम्म स्वर्गमा वास प्राप्त गर्दछ। त्यो रौँको संख्याको पूरा भोग स्वर्गमा एकएक वटा रौँको एक़एक कल्पका हिसाबले पशुबलिदान गर्ने साधकले स्वर्गसुख भोग गर्न पाउँदछ। रौँको संख्या अनुसारको स्वर्ग भोग गरेपछि देवत्व नै प्राप्त गर्दछ। सत्ययुगमा हात्तीको बलिदान दिइन्छ। त्रेतायुगमा बोकालाई, द्वापर युगमा उँटलाई र कलियुगमा राँगाको बलि नै चढाउनु पर्दछ।

बलिदाने बलिं छित्वा खड्गैस्ते रुधिरैः सकैः।
सर्वैवश्यं न मन्त्रेण ललाटे तिलकं न्यसेद्॥
अहन्यहनि यो दुर्गां पूजयेद् रुधिरादिभिः।
कुलानां शतमुद्धृत्य ब्रह्मलोके महीयते॥
रुधिरेण त्रिधारेण तर्पिता विधिवन्धुवैः।
महिषेण शतं वीरं तृप्ता भवति चण्डिका॥ – वशिष्ठ स्मृति

भावार्थ– बलि दिँदा पशुको टाउको खड्गले छिनाल्नै पर्दछ। रगत भगवतीलाई अर्पण गरी शिर भागको रगतको रातो टिका साधकले मन्त्र पढ्दै आफ्नो निधारमा लगाउनै पर्दछ। अरू दिनमा पनि यसरी पूजा गरियो, रगतको तीन

Raj Kishore

धारा बगाई दुर्गालाई एक सयवटा राँगाको बलि अर्पण गरियो भने देवी तृप्त एवं प्रसन्न हुन्छिन्।

तर बलिको लागि आवश्यक पर्ने जीव वा पशु उपलब्ध हुन नसकेको खण्डमा एउटा अण्डा मात्र भएपनि फोरेर बलि दिनु अपरिहार्य छ। यसरी अभाव पनि दिइएको अण्डाको बलिदानले ब्रह्माण्डको उत्तम दानको फल प्राप्त गराउँदछ। यथा–

तस्याभावे बलिं चैव अण्डं विष्फोटयेत्तदा।

तस्मादण्डप्रदानेन ब्रह्माण्डं दानमुत्तमम्॥ – रुद्रयामल पूर्वखण्ड

शक्तिपूजामा पञ्चमकारको प्रयोग अत्यन्त महत्त्वपूर्ण मानिन्छ। यसको महत्त्वलाई दर्शाउँदै महानिर्वाणतन्त्रको पाँचौं उल्लासमा यसरी व्यक्त गरिएको छ। यथा–

मद्यं मांसं तथा मत्स्यं मुद्रा मैथुनमेव च।

शक्तिपूजा विधावाद्ये पञ्चतत्त्वं प्रकीर्तितम्॥ २२॥

पञ्चतत्त्वं विना पूजामभिचाराय कल्पते।

नष्टा सिद्धिः साधकस्य प्रत्यूहाश्च पदे पदे॥ २३॥

–महानिर्वाणतन्त्र पञ्चम उल्लास

भावार्थ– शक्तिपूजा प्रकरणमा मद्य, मांस, मत्स्य, मुद्रा र मैथुन यी पाँच तत्त्वहरू साधनको रूपमा जानिन्छन्। बिना पाँचतत्त्वको पूजा प्राणनाशकारिणी मानिन्छ। यसले साधकलाई अभीष्ट सिद्ध हुन त परैको कुरा हो पाइला पाइलामा विघ्न सिर्जना गराउँछ।

पशुबलिको महत्ता माथि प्रकाश पार्दै रुद्रयामल तन्त्रमा यसरी चित्रण गरिएको छ। यथा–

बलिभिर्वर्द्धते ह्यायुर्बलिभिस्साम्यते पूजा।

जपात्परानिं बलिभिः बलिभिः प्राप्यते धनम्॥

बलिभिः सिद्धिमाप्नोति बलिभिस्त्रिदिवं व्रजेत्।

निष्कामतां बलिदत्ते प्राप्य मोक्षेऽपि यज्ञवत्॥

Raj Kishore

बलिदानं विना देवि ! पूजने नास्ति वै फलम् ।

पूजासारं महादेवि ! बलिदानं यथाविधम् ॥

बलिदानं भवेद् भावं पूजने ज्ञानवान् सुधीः ।

अत एव महादेवी ! बलि दद्यात् प्रयत्नतः ॥

बलिदानविधानेन किं न सिद्ध्यन्ति भूतले ।

देवोद्देश्यं विना भद्रे ! हिंसां सर्वत्र वर्जयेत् ।

कृतायां वैधहिंसायां नरः पापैर्न लिप्यते ॥

देव्योद्देश्ये घातनञ्च नास्ति पातकमम्बिके !

अन्यथा घातनाद्देवि! रौरवं नरकं व्रजेत् ॥

पितृदेवं यज्ञेषु वेदेहिंसा विधीयते ।

आत्मार्थं प्राणिनां हिंसा कदाचिन्नोदिता प्रिये !

अनिमित्तं तृणावापि छेदयेन्न कदाचन ।

बलिदानविधौ देवि! विहीतः पुरुषः पशुः ।

स्त्रीपशुर्न हन्तव्यो यत्र शाम्भवशासनात् ॥

महावाक्येन चोत्सृज्य कृताञ्जलिपुटो वदेत् ॥

यथोक्तेन विधानेन तुभ्यमस्तु समर्पितम् ॥

इत्थं निवेद्य पशुं भूमिं संस्थां तु कारयेत् ॥

देवीभावो परो भूत्वा हन्यात्तीव्रं प्रहारतः ॥

बलिं चैव विना देवि पूजां किं करोति यः ।

तस्य पूजाफलं चैव नश्यते च न शंसय ।

तत्राप्युभौ प्रशस्येते महीषश्छाग एव च ॥ – रुद्रयामल हरगौरी संवाद

भावार्थ– बलि चढाउनाले आयु बढ्दछ र पूजा समेत पूर्ण बन्दछ। यसद्वारा नै बल, धन र सिद्धि प्राप्त हुन्छ। बलि जपभन्दा पनि ठूलो छ। बलिबाट नै अभीष्ट प्राप्ति हुन्छ र निष्काम भावले बलि चढाउनाले मोक्ष नै प्राप्त हुन्छ। बलिविना हरेकपूजा निष्फल छ र विधिपूर्वक अर्पण गरिएको बलिबाट ज्ञान प्राप्त हुन्छ।

Raj Kishore

पूजाको सार भनेकै बलि अर्पण गर्नु हो। त्यसैले हे महादेवी ! जसरी पनि बलि चढाएर पूजा गर्नुपर्दछ। देवार्चनमा बाहेक अन्यत्र हिंसा वर्जित छ। विधिपूर्वक दिइनेमा पाप भागी हुनु पर्दैन। अरू हिंसामा भने पापीभागी हुनुपर्दछ, रौरव नरकै भोग्नुपर्छ। देवता र पितृका निम्ति बलि अनिवार्य छ। यज्ञमा चढाइने बलिको बारेमा वेदमा पनि उल्लेख पाइन्छ। आफ्नो स्वादका लागि कहिल्यै पनि हिंसा गर्नुहुँदैन। बेकारमा सानो घाँस पनि उखाल्नु हुन्न। बलिमा अनिवार्य भाले पशुनै चढाउनू, पोथीलाई कहिल्यै बलि नदिनू। महावाक्य पढेर मात्र बलि अर्पण गर्नू। देवी भावमा अपर व्याप्त भएर मात्र पशुबलि चढाउनू। यसप्रकार दिइएको बलिपूजा विधि बाहेक दिइएको बलि व्यर्थ हुन्छ। पशुबलिको लागि दुई पशु उत्तम मानिन्छ : राँगो र बोका।

उपसंहार

बलि सनातन धर्म र संस्कृतिको अत्यन्त महत्त्वपूर्ण पक्ष हो । शास्त्रले बलिको खण्डन गरेको छ र बलि दिन सर्वथा विरोध गरेको छ भन्नु पाखण्डपन र अल्पज्ञता हो। बलिको विषयमा शास्त्रमा कहीँकतै विरोध गरिएको छैन र कहीँकतै विरोध गरेको पाइदैंन पनि। तर यस लेखको उद्देश्य बाध्यकारी रूपमा सबैले बलि दिनै पर्दछ भन्ने कदापि होइन। यहाँ श्रीमद्भगवत गीतामा श्रीकृष्णबाट आज्ञा भएको एक प्रसङ्गलाई जोडिन्छ। यथा –

श्रेयान्स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात्।

स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः ॥गीता ३।३५

भावार्थ : मनुष्यले स्वधर्म को पालन गर्दा नै कल्याण हुन्छ, परधर्मको सेवन र निषिद्ध कर्मको आचरण गर्दा सबै प्रकारबाट हानी हुन्छ।

समष्टिमा यहाँ एउटा निष्कर्ष के देखिन्छ भने –सनातन निगमागमभन्दा बाहिर रहेका नेपाली मौलिक परम्पराभन्दा बाहिरका विभिन्न सम्प्रदाय उपसम्प्रदायका अनुयायीहरूले नेपाली समाजमा बलिका विरुद्धमा शास्त्रको स्थापित मूल्य र मान्यताप्रति गम्भीर घात हुने एककोणीय चित्रण गरेर दिग्भ्रमित गरेको पाइन्छ। त्यसैले सनातनीहरूले यस्तो पाखण्डपूर्ण रोइकराईलाई सुन्दै नसुनी आफ्नो मौलिकता तर्फ नै ध्यानाकृष्ट गर्नुपर्दछ। म दुईकर जोडी सम्पूर्ण सनातनीहरूमा निवेदन गर्दछु

– बलि वेद र तन्त्रले स्वीकार गरेको र हाम्रा पितापुर्खाले मानेको शास्त्रोक्त विधि एवं अक्षुण्ण चल्दै आएको सुदीर्घ परम्परा हो । सनातन धर्मले सकारेको बलि स्वधर्म हो र यसको विरोध गरेर प्रचार गर्नु परकीय धर्म हो, त्यसबाट कल्याण हुँदैन । आफूले बलि दिइँदैन भने समाजमा चलिरहेको बलिको त विरोध नगरौँ । अझ अरूका सङ्कलनमा रहेका केही शब्दहरू टिपेर बिना शास्त्राध्ययन शास्त्रले विरोध गरेको छ भनेर त कदापि नभनौँ । शास्त्रको मर्म छ, संस्कृतिको मर्म छ। उसै त हाम्रो राष्ट्र, हामी नेपाली र हाम्रो मौलिकता अरूको कब्जामा पर्दै गइरहेको छ। त्यसरी बलिरहेका आगोमा हामी आफ्नो सनातन संस्कारलाई घृताहुति गर्दै गइरहेका छौँ । हामी आफ्नो मौलिकता र परिचयलाई बिर्सिदैँ छौँ । संस्कृति नै हाम्रो चिनारी हो । जय देश ! जय सनातन संस्कृति !

यति भन्दै शक्तिमाँको श्रीचरणमा शिर झुकाई यहीँ शब्दबिराम गर्दछु । जयति शक्त्यम्बिके !

सन्दर्भ सामग्रीहरू

ऋग्वेद, गंगा सहाय शर्मा, नयाँ दिल्ली, संस्कृत साहित्य प्रकाशन, सन् २०१६

अथर्ववेद, गंगा सहाय शर्मा, नयाँ दिल्ली, संस्कृत साहित्य प्रकाशन, सन् २०१५

यजुर्वेद, रेखा व्यास, नयाँ दिल्ली, संस्कृत साहित्य प्रकाशन, सन् २०१५

मेरुतन्त्र, रघुनाथ शास्त्री, खेमराज कृष्णदास, सन् २००९

महानिर्वाणतन्त्र, बलदेवप्रसाद मिश्र (संस्कृत टीकाकार), खेमराज कृष्णदास, सन् १९५२

मनुस्मृति, गिरिजाप्रसाद द्विवेदी, बाबू मनोहरलाल भार्गव, सन् १९१७

महाभारत (खण्ड १–६), पं. रामनारायण दत्त शास्त्री पाण्डेय राम, गीताप्रेस

श्रीमद्‌भागवत महापुराण, गीताप्रेस

श्रीमद्‌भागवत गीता, गीताप्रेस

श्रीमद्वाल्मीकिय रामायण, गीताप्रेस

कूर्मपुराण, गीताप्रेस

गरुड पुराण, गीताप्रेस

स्कन्दपुराण, गीताप्रेस

श्रीमद्देवी भागवत, गीताप्रेस

देवी महात्म्य, सप्तशती चण्डी, गीताप्रेस

Raj Kishore

गोविल गृह्यसूत्र, खाादिर गृह्यसूत्र, आपस्तम्ब धर्मसूत्र, पराशर धर्मसूत्र, पारस्कर गृह्यसूत्र, आश्वालायन गृह्यसूत्र,

तन्त्रमा नेवार, मृगेन्द्रराज सुवेदी, सोसाइटी फर नेवार स्टडिज, काठमाडौँ, संवत् २०७१

लशुन–प्याज नखाने र मासु खाने नेपालि ब्राह्मणहरूका परम्पराको सङ्क्षिप्त शास्त्रीय विवेचना, आमोदवर्धन कौण्डिन्यायन, स्वाद्ध्यायशाला, संवत् २०६४

संकलनमा रहेको विभिन्न पत्रपत्रिका, टीकाहरू।

Raj Kishore

Raj Kishore

यज्ञमा संज्ञपन गरिएको अर्थात् विधिपूर्वक श्वासनिरोध गरेर प्राणवियोजन गरिएको पशु पशुयोनिबाट मुक्त भएर देवत्वमा पुग्दछ भनेर **शुक्लयजुर्वेदका मन्त्रसंहितामा** भनिएको छ–

न वा उ एतन् म्रियसे न रिष्यसि देवाँ इदेषि पथिभिः सुगेभिः ।
यत्राऽऽसते सुकृतो यत्र ते ययुस् तत्र त्वा देवः सविता दधातु ॥२३।१६॥

अर्थात्– हे अश्व, तिमी मर्दा पनि मर्दैनौ र नष्ट पनि हुँदैनौ । तिमी देवताहरूका श्रेष्ठ मार्गबाट देवता भएका ठाउँमा पुग्दछौ । जुन लोकमा पुण्यात्माहरू गएका छन् र जुन लोकमा पुण्यकर्ता बस्दछन्, त्यस लोकमा सविता देवताले तिमीलाई राखून् । (**द्रष्टव्य :** ऋग्वेद १।१६२।२१, शुक्लयजुर्वेदसंहिता २५।४४, तैत्तिरीयसंहिता ४।६।९।४ र तैत्तिरीयब्राह्मण ३।७।७।१४)

– प्रा.डा. आमोदवर्धन कौण्डिन्न्यायन, शुक्लयजुर्वेदाचार्य

पश्चिमा संसारले राम्रो भनेको कुरालाई राम्रो र नराम्रो भनेको कुरालाई नराम्रो भन्ने परम्परा बस्न गयो । यसको असर सामान्य जनजीवनमा मात्र होइन, धर्मकर्ममा पनि पर्न गयो । पश्चिमाहरूको शक्तिशाली र एकोहोरो प्रचारले गर्दा हाम्रो यहाँ परम्परादेखि चलिआएका चालचलन र रीतभाँत खराब हुन् भन्ने कुरा सर्वसाधारणले ठान्दै गए ।

– डा. महेशराज पन्त, इतिहासविद्

सनातन धर्म मास्नलाई सनातनी बन्दोबस्त र विश्वासलाई नै भत्काउनुपर्छ भनेर लागिपर्ने केही तत्त्वहरूले पुराणदेखि लिएर अद्यावधि अभ्यासमा बाँचेको बलिपूजासम्मैलाई विकृत भयो भन्दै त्यसको विरोधमा लाग्न थालेका छन् । पौराणिक आदर्शहरूलाई भत्काउन मूल ग्रन्थको यथारूपलाई नै विकृत गर्ने, अनुवादमा अनेकानेक विपरीतार्थी शब्दहरू पेश गर्ने र शास्त्रको प्रमाणप्रमेय भनी प्रस्तुत गर्ने आदि कुचक्रमा ती तत्त्वहरू लागिपरेका छन् ।

– मृगेन्द्रराज सुवेदी, तन्त्रविद्

तन्त्रचर्चा परिवार
काठमाडौं, नेपाल
9 789937 146005
Rs. 350.00